मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना त्रैमासिक पत्रिका

अङ्क १०८, वैशाख, २०८१

निर्वाचन व्यवस्थापनसम्बन्धी कानुन र सुधारका पक्षहरू

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेक पुस्तकालयको प्रयोग गरौं।

मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना त्रैमासिक पत्रिका

वर्ष २६, अङ्क १०८, वैशाख, २०८१

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
डा. कुन्दन अर्याल
अध्यक्ष, इन्सेक
विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

सम्पादक
मदन पौडेल

व्यवस्थापक
शैलेश शर्मा

मुद्रक
भेराइटी प्रिन्टर्स
काठमाडौं

आवरण फोटो
२०७४ सालमा भएको निर्वाचनमा मतदान गर्दै काभ्रेकी मतदाता

- यथावत २
- सम्पादकीय ३
- जहाँ महिलालाई मताधिकार छैन ५
- आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य ९
- सञ्चार र आचार/डा. कुन्दन अर्याल १३
- राजनीतिक समस्याको निकास.../सूर्यप्रसाद श्रेष्ठ ३९
- चुनौतीका चाङ पन्छाउँदै.../भोजराज पोखरेल ४३
- राजनीतिक सुझबुझ ..../डा. अयोधिप्रसाद यादव ४७
- निर्वाचन र महिला.../इला शर्मा ५५
- पञ्चायतकालीन निर्वाचन.../नवराज सुवेदी ५७
- स्रोत र साधनमाथि.../कृष्णमुरारी भण्डारी ६२
- स्वच्छ निर्वाचनका लागि.../सुशील प्याकुरेल ६८
- नेपालमा निर्वाचन पर्यवेक्षण.../सुबोधराज प्याकुरेल ७१
- निर्वाचन पर्यवेक्षण.../विजयराज गौतम ७४
- नेपालमा निर्वाचनको इतिहास.../गणेश भण्डारी ८०
- निर्वाचन व्यवस्थापन.../यज्ञप्रसाद भट्टराई ८९
- निर्वाचन, बालबालिका.../तारक धिताल १०६
- निर्वाचन, नयाँ दल.../नरेन्द्रजंग पिटर ११६
- निर्वाचन र सोसल मिडिया/ऋषिकेश दाहाल १२३
- निर्वाचनमा अपाङ्गता.../गजेन्द्रसिंह बुढाथोकी १३०
- निर्वाचन : खर्चका आयाम.../राजाराम बर्तौला १३५
- नेपालको वर्तमान निर्वाचन.../डा. विकल श्रेष्ठ १३९
- महिला मताधिकारका लागि.../बसन्ती देवी भा१४५
- तथ्याङ्कमा निर्वाचन १४८
- राजनीतिक दलको सुशासन.../दिनेश थपलिया १४९

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

यथावत

निर्वाचन सम्पन्न भइसकेपछि सरकार, सरकारका प्रतिनिधि र राजनीतिक दलका नेताहरू सरकारले निर्वाचन बडो सफलतापूर्वक सम्पन्न गऱ्यो भनेर भन्छन् र अभिलेख गरिन्छ। संविधानले नै निर्वाचन गराउने काम निर्वाचन आयोगले गर्छ भनेको छ। त्यसैले निर्वाचन आयोगले सफलतापूर्वक निर्वाचन सम्पन्न गऱ्यो भन्नु आवश्यक छ।

दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त

जुन चुनावले प्रभावकारी जनप्रतिनिधित्व प्रणाली स्थापित गर्दैन, नागरिकको स्वतन्त्र विवेकमा हस्तक्षेपकारी भूमिका हुन थाल्छ, उसको सार्वभौम अधिकारमा हस्तक्षेप गर्न थाल्छ, प्रभाव पार्न थालिन्छ, त्यतिबेला त्यो चुनावको परिणाम स्वस्थ हुँदैन। जनताको निमित्त निर्वाचित प्रतिनिधि स्वीकार्य हुँदैन।

सूर्यप्रसाद श्रेष्ठ
पूर्व प्रमुख निर्वाचन आयुक्त



२०६४ सालको निर्वाचन मुलुकलाई रूपान्तरण गर्ने, नयाँ संविधान दिने, गणतन्त्र ल्याउने, लोकतन्त्रलाई दिगो बनाउने, समावेशीतालाई मुलधारमा ल्याउने, बन्दुक बिसाउने, सङ्घीयता ल्याउनेलगायतका कामको प्रस्थान बिन्दु थियो।

भोजराज पोखरेल
पूर्व प्रमुख निर्वाचन आयुक्त

कार्टून

साभार : मकालु खबर

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

आवधिक निर्वाचनको महत्त्व

नेपालको संविधानको धारा–२ ले नेपालको सार्वभौमसत्ता, राजकीय सत्ता नेपाली जनतामा निहित रहने व्यवस्था गरेको छ। नेपाली जनताले शासन सञ्चालनका लागि आवधिक निर्वाचनमार्फत आफ्ना प्रतिनिधिहरूको चयन गर्छन्। निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको वैधानिकता पुष्टि गर्ने एक सशक्त माध्यम हो। लोकतन्त्रमा हुने निर्वाचनमा स्वतन्त्रता, स्वच्छता र विश्वसनीयतामा जोड दिने गरिन्छ। लोकतन्त्र संस्थागत गर्न, जनउत्तरदायी शासन व्यवस्था स्थापना गर्न, सचेत र जागरुक नागरिक समाजको निर्माण गर्न तथा विधिको शासनका लागि आवधिक निर्वाचनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ।

बालिग मताधिकारका आधारमा आवधिकरूपमा सम्पन्न हुने मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित जनप्रतिनिधिहरूको संलग्नतामा हाम्रो समग्र शासकीय स्वरूप सञ्चालन हुने कुरालाई संविधानले व्यवस्थित गरेको छ। २०४८ सालदेखि हालसम्म सम्पन्न हुँदै आएका सबै प्रकारका निर्वाचनमा आममतदाताले उल्लेख्यरूपमा आफ्नो सहभागिता जनाउँदै आएका छन्। स्वतन्त्र र स्वच्छताको दृष्टिकोणबाट पनि एकपछि अर्को निर्वाचनमा उल्लेख सुधार भएको देखिन्छ। स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रणालीको सञ्चालनका लागि बलियो संस्थागत संरचना निर्माण हुँदै आइरहेको छ। आवधिक निर्वाचन गोप्य मतदानका आधारमा सम्पन्न हुने भएका कारण मतदाताले आफ्नो विवेकको प्रयोग गरी उपलब्ध भएका राजनीतिक दल र उम्मेदवारहरूमध्येका योग्य, असल र अनुभवले खारिएका व्यक्ति र दललाई मतदान गर्ने हो भने निर्वाचनले सार्थकता पाउने छ।

निर्वाचनलाई सामान्यतया सत्ता प्राप्ती वा परिवर्तनसँग मात्र जोडिए पनि मूलभूत रूपमा निर्धारित समयमा हुने निर्वाचनले देशमा देखा पर्नसक्ने अस्थिरता, अन्यौलता र अनिश्चयको अन्त्य गर्न मद्दत गर्दछ। साथमा आमनागरिकमा लोकतान्त्रिक शासन पद्दतिमाथि भरोसा बढ्दै जान्छ भने जननिर्वाचित सरकारको विश्वसनीयतामा समेत वृद्धि गर्दछ। निर्वाचनलाई सत्ता प्राप्ती र सरकार सञ्चालनको साधनका रूपमा मात्र हेरिनुलाई

राजनीतिक शक्तिहरूमा विद्यमान अल्पकालीन सोच प्रतिबिम्वित भएको ठान्नुपर्छ। समष्टिगत रूपमा निर्वाचनलाई देशमा सुशासन, जवाफदेहीपन र जिम्मेवारीपन बढाउने माध्यमका रूपमा लिनुपर्छ भने राष्ट्र निर्माणको अभियानमा आमनागरिकको चाहनालाई समावेश गर्ने प्रक्रियाका रूपमा बुझ्नुपर्ने हुन्छ। विशेषगरी राष्ट्र निर्माण प्रक्रियाका लागि आवश्यक हुने जनादेश, रणनीति निर्माणका लागि राजनीतिक दृष्टिकोणको निर्माण र यसको कार्यान्वयनका लागि विश्वसनीय आधारहरू निर्वाचनबाट प्राप्त हुने गर्दछ। तर्सथ, लोकतान्त्रिक पद्दतिमा राष्ट्र निर्माण प्रक्रियालाई कार्ययोजनामा उतार्न र व्यवहारमा कार्यान्वयन गर्नका लागि निर्वाचनको महत्त्वपूर्ण योगदान रहने गर्दछ।

लोकतन्त्रमा निर्वाचनले नयाँ सरकार मात्र नभई जिम्मेवारी पनि हस्तान्तरण गर्दछ। निर्वाचनले एकातिर आम नागरिकलाई उनीहरूका अभिमत जाहेर गर्ने अवसर प्रदान गर्दछ भने अर्कोतिर मुलुकको नेतृत्वकर्ता राजनीतिक दल वा व्यक्तिको क्षमता, प्रतिबद्धता र कार्ययोजनालाई अनुमोदन पनि गर्दछ। हाम्रो सन्दर्भमा हालै सम्पन्न निर्वाचनले एकातिर संविधानको कार्यान्वयनका सवालमा थप फड्को मारेको छ भने अर्कोतिर सङ्घीयताको संस्थागत विकासका लागि मजबुत आधारहरू निर्माण गरेको छ।

आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो। जित्ने दलले/उम्मेदवारले जनइच्छाअनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति बनाउने गर्दछन्। लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ। आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ। निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ। त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधै सम्मान गर्न जान्नु पर्छ। लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ। निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्त्वपूर्ण कसी हो। लोकतन्त्रको आधारस्तम्भ हो। त्यसैले निर्वाचन सधै निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ।

जहाँ महिलालाई मताधिकार छैन

- लेखनाथ भण्डारी

नेपाली महिलाले पुरुष सरह मानव अधिकार प्राप्त गरेको आधा शताब्दीपछि पनि देशका केही गाउँहरूमा आजसम्म पनि महिलाहरूले उक्त अधिकार प्रयोग गर्न सकिरहेका छैनन्। राजनीतिमा महिला सहभागिता, प्रजातन्त्रका मौलिकता होस् वा राजनीतिमा महिला सहभागिता आजको अपरिहार्य आवश्यकता जस्ता नारासहित देशव्यापी अभियान चलिरहेकै भए पनि महोत्तरी जिल्लाको गैडा भेटपुर र पर्सा देवाङका महिलाहरूका लागि त्यसको कुनै अर्थ रहेको देखिन्न। वि.सं. २०१५ सालपछि देशको राजनीतिमा धेरै उतार चढावका घटनाहरू दोहोरिसकेका छन्। २०४६ सालका ऐतिहासिक जनआन्दोलनपछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले पनि लैङ्गिक असमानताको पूर्ण अन्त्य गर्दै लैङ्गिक समानताको व्यवस्था गरेका छ। तर यी दुवै गाविसका सम्पूर्ण महिलाहरू २०१५ सालदेखि २०४६ सालसम्म मात्र हैन २०४६ सालपछि चार वटा चुनाव सम्पन्न भइसक्दा पनि आफ्ना सहभागिता जनाउन पाएका छैनन्।

प्रजातन्त्रको पुनर्स्थापना पछि नेपालको इतिहासमा नै स्थानीय निर्वाचन (२०५४) मा पहिना पटक देश भरिमा करीव ४० हजार महिलाहरू स्थानीय निकायमा निर्वाचित पनि भए। तर विडम्बना त्यसरी नै निर्वाचिन हुने महोत्तरी जिल्लाका गैडा भेटपुर र पर्सा देवाडका १८ जना महिला जनप्रतिनिधिहरूले समेत आफ्ना मत पनि प्रयोग गर्न भने सकेनन्। त्यस्तै गरी आनिवार्य गाविस महिला सदस्यका लागि उम्मेदवारी दिएका महिलाहरूले पनि आफ्नो मत समेत प्रयोग गर्न नपाई पराजित हुनुपर्‍यो।

२०४६ सालपछि पटक पटक निर्वाचन भइसक्दा पनि आफ्ना अमूल्य मतदान गर्न नपाएका यी दुवै गाविसका महिलाहरूले यस पटकको निर्वाचनमा भने निक्कै उत्साहित भएर मतदानमा भाग लिन पाइने सोचेका थिए। यस अघिसम्म मतदान गर्नु न कता हो कता तर यसपटक हरेक वडामा २-३ जनासम्म महिलाहरू नै उमेदवार बनेको देखेपछि उनीहरूले फेरि पनि आफ्नो अधिकार प्रयोग गर्न पाइदैन भनेर त सोचेकै थिएनन्। अन्तत स्वयम् उमेदवारी दिने महिला समेत पनि मतदान गर्न जानबाट वन्चित गराइने निर्णय गाउँका भद्रभलादमीहरूको बैठकले गर्‍यो। तब ती सबै मतदानमा सहभागी हुने चाहने महिलाहरूको चाहाना माथि तुसारापात भइदियो।

"यी गाविसमा औरतहरूले भोट नदिएको अहिले मात्र हैन। जहिले देखिन भोट भयो त्यसैबेलादेखि औरतहरूले कहाँ भोट दिएको छ?" गैडा भेटपुर गाविस-१ का ७० वर्षीय लक्ष्मीकान्त झा आफ्नो तर्क त्यसैगरी अगाडि राख्छन्- औरतले भोट नदिएर के भयो त? मर्दले जहाँ दिन्छ औरतले पनि त्यही न दिहाल्छ।

यसै गाविसका ४५ वर्षीय महाकाली झा र ४० वर्षीय शान्ति झा भन्छन्- "भोट दिन त मन छ तर सबैले भोट दिए खराव मान्छ त्यसैले दिँदैन।" यी दुवै महिलाहरू औरतलाई भोट नदिलाउने गाउँका पञ्च भलादमी भएका बनाउँछन्।

गैडा भरपुर गाविस-१ को अनिवार्य महिला सदस्यको उम्मदवारी दिएकी ६५

वर्षीया श्रीमती पवित्री देवा झा अहिलेसम्म आफूले मतदान नगरेको बताउँछिन्। नेकपा एमालेको तर्फबाट उम्मेदवारी दिएकी झा आफै भोट दिन नगएपछि कसले भोट दिन्छ भनेर प्रश्न गर्छिन्। झाका नाति सञ्जय कुमार प्ररायुसंघ महोत्तरीका जिल्ला सदस्य पनि हुन। उनी भन्छन्- "यहाँको चलन नै यस्तै छ। हामीहरूले भनेर त के हुन्छ।"

सोही ठाउँका ४९ वर्षीय सत्य नारायण झा पनि भोट भएदेखि अहिलेसम्म महिलाले भोट दिएको थाहा छैन भन्छन्। यसै गाविसका पूर्व प्रधानपञ्च ६५ वर्षीय खैरू मण्डल महिलाले मतदान गर्नै पर्दैन भन्ने कुरामा जोड दिन्छन्। उनको भनाइ छ- मर्द ले जहाँ भोट खसाल्छ, औरतले त्यहीँ खसाल्छ।

गैडा भेटपुर- १ का ६४ वर्षीय मुगल किशार झा त्यस क्षेत्रका शिक्षित भलाद्मीका रूपमा चिनिन्छन्। झा ले १२ वर्ष भन्दा बढी उपप्रधानपञ्च, केही वर्ष गाविसको सचिव, भूमि प्रशासन तथा मालपोत र शिक्षा कार्यालयमा मुखिया भएर काम गरिसकेका छन्। उनी भन्छन- २०-२२ सालमा चुनावमा मारकाट भयो। त्यसवेला कुञ्ज बिहारी यादवले जिन्नु भयो। त्यसै समयदेखि यहाँका औरतलाई भोट हाल्नु दिएकै छन्। "तर उनका कुरालाई ३५ वर्षीय राम सेवक मण्डल मान्न तयार छैनन्। उनको मत छ- अहिलेसम्म यी गाविसमा महिलाले मतदान गरेकै छैन।

यस गाविसमा महिलाले मतदान गर्न नचाहेको हो वा उनीहरूलाई मनदान गर्नै नदिएएको हो तर गत स्थानीय चुनावमा एउटा महिला पनि मतदानको लाइनमा नभएको गेंडा भेटपुर प्रहरी चौकीका प्रहरी अरुणकुमार पाण्डे बताउँछन्। उनी स्थानीय चुनावमा पर्सा बुथमा खटिएको र मतदानमा एउटा महिला पनि नआएको देख्दा आफू आश्चर्यमा परेको पनि बताउँछन्। उनका अनुसार मतदानमा महिलाले भाग लिनु भनेको त्यहाँको सामाजिक चलनलाई तोड्नु पनि हो र त्यसरी तोड्नु एउटा ठूला चुनौति हो र त्यो चुनौति सामना गर्न कोही तयार छैनन्।

यस गाविसमा महिलाले मतदान नगर्ने प्रचलनलाई कसैले तोड्न चाहेर पनि त्यति सहज देखिँदैन। गैंडा भेटपुर- १ का ४८ वर्षीय मधुकान्त झा र उनकी श्रीमती सीता झाले महिलालाई मतदानको अधिकार दिलाउन निक्कै प्रयास गरे। तर त्यही कारणले मधुकान्त झाले आफ्नो गाविस उपाध्यक्ष पदका उम्मेदवारीमा समेत राम्रो जनसमर्थन तथा अन्य भद्र भलाद्मीको सहयोग पाउन सकेनन् बरु उनी र उनकी श्रीमतीलाई समेत "भोट गिराए, मारेर फालिदिन्छु" भन्ने धम्की दिइयो। सीता झाले स्थानीय मतदान केन्द्रमा महिलाले भोट हान्न पाउनुपर्छ भनि निर्वाचन अधिकृत समक्ष अनुरोध त गरिन् तर स्थानीय समाजका सामु निर्वाचन अधिकृतले पनि उनका अधिकार दिलाउन सकेनन्। त्यस्तै पिडा सोही ठाउँकी २७ वर्षीया रेखा झाको छ। जनकपुरमा कक्षा- १० सम्मको अध्ययन गरेकी रेखा विवाह पछि गैंडा भेटपुर पुगेकी हुन्। माइतिघरको राजनीतिक वातावरणमा हुर्केकी रेखा झा नेका कार्यकर्ता भूषण झाकी छोरी हुन्। उनले महिला सदस्यमा उम्मेदवारी दिएर महिला विरुद्धको वन्धन तोड्ने अठोट त गरिन् तर अन्ततः उनलाई आफ्नो प्रचार गर्न र मतदान गर्न रोक लगाएरै छोडियो।

गैंडा भेटपुर गाविसका नव निर्वाचित अध्यक्ष ३७ वर्षीय विजय कुमार यादव नेपाली काँग्रेसको तर्फबाट ३८३ मत प्राप्त गरेर विजयी हुनुभएको हो। करीव २७०० मतदाता रहेको यस गाविसमा १२४० मत खसेको थियो भने कुनै पनि महिलाले आफूलाई मतदान नगरेको कुरा अध्यक्ष यादव सहर्ष स्विकार्नु हुन्छ। महिला मतदाता संख्या १३५०

भन्दा बढी रहेको यस गाविसमा किन कुनै महिलाले मतदान गरेनन त भन्ने प्रश्नमा अध्यक्ष यादव भन्नु हुन्छ- "मतदान गर्न कसैले कसैलाई रोकको त छैन। तर यहाँ नेता र नेतृत्वको नै कमजारी छ भने शिक्षाको पनि अभाव छ।" आखिर महिलाले मतदान गर्न पाउनु पर्छ भन्ने तपाईको पनि धारणा छ भने किन तपाईले पहल गर्नु भएन न भन्दा उहाँको भनाई छ "महिलाले भोट नदिए पनि पुरुषकै भोटले फैसला जे गर्छ सबै महिलाले त्यसैलाई मानकै छ।" उहाँका अनुसार ०४८ को निर्वाचनमा भने ३-४ जना महिलाले भोट दिएका थिए।

गणेश यादव र ब्रम्हदेव राय सोही गाविसका नेपाली काँग्रेसका बुथ कमिटीका सदस्य र सचिव पनि हुन। उनीहरू भन्छन्- "यो आजको कुरा हैन। जहिलेदेखि मान्छे भोट खसाल्न थाले त्यहीबेला देखि अहिलेसम्म महिलाले भाट खसालेकै छैन्।" मतदान गर्न कसैले रोकेको त छैन तर पुरुषकै भोटले रिजल्ट होस् भन्ने चाहना भएको उनीहरू बनाउँछन्। यस पटक महिलाले भोट खसाल्नु पर्छ भन्दा महिलाले नै भोट खसाल्न नचाहेको कुरा पनि यादव र राय बताउँछन्।

यसै गाविस स्थित बसमिरी बसन्तपुर माविका शिक्षक ४० वर्षीय महेन्द्र प्रसाद यादव महिलाले भोट नहाल्ने परम्परा बसेको र बुढापाकाहरूले महिलाहरू भोट खसाल्न गए हो-हल्ला अशान्ति हुन्छ भनेर पनि नदिएको बताउनु हुन्छ। उहाँ मात्र हैन, सबै व्यक्तिहरू आफूले नै आफ्नो परिवारका महिला सदस्यलाई भोट हाल्न दिन चाहेको तर गाउँ समाजको दवावले भोट हाल्न पठाउन नसकेको बताउँछन्। त्यही कुरा गाविस अध्यक्ष यादव मात्र हैन, पर्सा देवङ गाविसका अध्यक्ष शेख कादिम मन्जर बताउनु हुन्छ।

आफ्नो मत आफै नहाले पनि गाविस सदस्य हुने अवसर पाएकी गैडा भेटपुर गाविस-६ की ४५ वर्षीय धनेश्वरी यादव अहिलेसम्म भोट नदिएको बताउनु हुन्छ। उहाँ भन्नु हुन्छ- "भोट दिन मन त नभएको होइन तर नियम नै त्यही छ। उहाँ सबैले भोट दिए भोट दिन जाने बताउनु छ। त्यस्तै वार्ड नं ५ को महिला सदस्य ३५ वर्षीय राम कला पण्डित आफ्नो मत नदिएर पनि जनप्रतिनिधि निर्वाचिन हुनु भएको छ। उहाँहरू दुवै जना आफूले भन्दा पनि गाउँलेहरूले नै उठाएको र जिताएको बताउनु हुन्छ।

महिलाहरूले मनदान नगर्ने यसै जिल्लाको अर्को गाविस पर्सा देवाड पनि हो। यस गाविस- ५ का नवनिर्वाचित वडा अध्यक्ष ४० वर्षीय शेख लियास बताउनु हुन्छ- "श्रीमानले जहाँ भोट दिन्छ, श्रीमतीले पनि न त्यहीं दिन्छ। त्यही भनेर समाजका सबै मिलेर चुनावको ३-४ दिन पहिले बैठक बसेर महिलाले भोट नदिने सहमति नै भएको हो। "यसै कुरालाई साथ दिँदै अर्का सोही गाउँका एक व्यक्ति बिचमा भन्छन् "म जहाँ भोट दिन्छु, हमार विवी त्यही देगी, हमार विपक्षको भी उनका विवी दूसराको नही देगी, तव त मर्द के भोट से हार जित होगा।"

लामो समय देखि ०४६ साल सम्ममा सो गाविसमा उप-प्रधानपञ्च रहेका ४५ वर्षीय विश्वेश्वर चौधरी महिलाले भोट नदिने कुरामा सबैको मेल मिलाप छ त्यसैले वाहिरिया मान्छे आएर कुरा गरेर के हुन्छ भन्ने प्रश्न गर्नु हुन्छ। पुरुषले जता दिन्छ, महिलाले त्यतै दिन्छ मर्दको भोट दिएर काम फर्साहा हाल्छ भन्ने किन महिलाले भोट हालेर हो-हल्ला र अशान्ति गर्ने ? चौधरी पुन: अर्को प्रश्न गर्नु हुन्छ। महिलाले भोट हाल्नु के जरूरी छ र भन्दै उहा भन्नु हुन्छ- "महिलाले भोट हाल्न थाल्यो भने गाउँमा चुनाव नै हुँदैन। त्यसैले पञ्च भलाद्मी बसेर महिलाले भोट नहाल्ने सल्लाह गरेको हो।"

यसै गाविस वार्ड नं. ५ को महिला सदस्य गाउँमा महिलाले भोट नदिएको

बताउँदै भन्नु हन्छ- "हामीले भोट नदिएर के भो र? मर्द सबको भोट दिएर मिलाएकै छ।" यी दुवै गाविसको महिला जनप्रतिनिधिहरू पनि आफूले भोट दिनु पर्ने हो या होइन भन्ने मात्र हैन, आफू कुन पार्टीबाट कति मत ल्याएर विजयी भयो भन्ने कुरा पनि थाहा नभएको बताउँछन्।

पर्सा देवाङ गाविसका अध्यक्ष ४६ वर्षीय शेख कादिम मञ्जर ९७१ मत प्राप्त गरेर नेकाको तर्फबाट विजयी हुनु भएको हो। कूल ४५०० मतदाता रहको यस गाविसमा १८६० मत खसेको थियो भने २००० भन्दा बढी महिला मतदाताहरू मध्ये कसैले पनि मतदानमा भाग नलिएको कुरा अध्यक्ष मञ्जर स्वीकार्नु हुन्छ।

गाविस अध्यक्ष मज्जर २०१६ साल भन्दा पहिलेदेखि यस गाविसमा महिलाहरूले मतदान नगरेको बनाउँदै मतदान गर्न वा नगर्न कसैलाई भनेको छैन। तर महिलाले मत दिने कुरामा सबै उम्मेदवारहरूको सहमति भएको बताउनु हुन्छ। उहाँ मर्दबाटै रिजल्ट क्लिएर गरौँ भनेर महिलालाई फिल्डमा नलगिएको र महिला फिल्डमा गए हिंसा होहल्ला हुने पनि बताउनु हुन्छ। महिलाहरूलाई प्रतिबन्द लगाएको हैन तर महिलाहरू पनि त्यसैमा खुस छ भन्दै अध्यक्ष मञ्जर आउने संसदको चुनावमा महिलालाई मत दिलाउने बताउनु हुन्छ।

जहिलेदेखि यो गाविसमा महिलाले मतदानमा भाग नलिएको भए पनि र जसले जे भने पनि यहाँका महिलाहरू पनि चुप लागेर भने बसेका छैनन्। गैडा भेटपुकी ३२ वर्षीया रितादेवी झा महिलालाई जबरजस्ति भोट हाल्न रोक लगाएको बताउँदै पटक पटक मतदान गर्न चाहेको बताउनु हुन्छ। यसै कुरालाई सोही ठाउँका पशुपति झा, मधुकान्त झा लगायतका पुरुषहरूले पनि साथ दिएका छन्। तर चुनावका अन्तिममा आएर पञ्च भलादमीहरूले महिलालाई भोट हाल्न नदिन निर्णय गरेर संविधानले दिएको महिलाको अधिकार कुण्ठित गरेको उनीहरूको गुनासो छ। उनीहरूका अनुसार गत चुनावमा मतदान केन्द्रमा महिला प्रवेश गरेका कारण गोली समेत चलाइएको थियो।

भारतीय सिमानासँग जोडिएका यी गाविसहरूमा महिला र पुरुषको जनसङ्ख्या बराबर नै छ। २०४८ को जनगणना अनुसार गैडा भेटपुरमा ३८७० कूल जनसङ्ख्या मध्ये १९९१ पुरुष र १९७९ महिला छन्। त्यस्तै पर्सा देवाङको कूल जनसङ्ख्या ६७७७ रहेको छ। जसमध्ये ३३५७ पुरुष र ३४२२ महिला छन्। यस गाविसमा पुरुष भन्दा महिलाको जनसङ्ख्या बढी छ।

यस गाविसका करीव ५०० महिलाहरूले आफ्नो मताधिकारको सुरक्षाका लागि यस पटक श्री ५ को सरकारलाई एक निवदन मार्फत अनुरोध पनि गरे। उनीहरूले नेपाल अधिराज्यको संविधानले नेपाली महिलालाई दिएको अधिकार यस गाविसका केही राजनीतिक कार्यकर्ताहरूले बलजबरजस्ती दुरूपयोग गरी रहेकोले हामीलाई प्रजातान्त्रिक अभ्यासबाट बन्चित गर्नबाट रोके र शान्ति सुरक्षाको विशेष व्यवस्था गरियोस् भनि माग गरेका छन्। उनीहरूको निवेदनमा जिल्ला स्थित निर्वाचन अधिकृतको कार्यालय मार्फत स्थानीय मतदान अधिकृत समक्ष अनुरोध गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी, गृह मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय तथा अन्य महिला सङ्घ संगठनमा पनि बोधार्थ दिइएको छ। अब हेरौँ यो क्षेत्रका महिलाहरूले कहिलेसम्ममा संविधानले दिएको अधिकार प्रयोग गर्न पाउने हुन् ?

(साभार: प्राची, २०५५ माघ, पृ. २५-२६)

आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य

प्रजातन्त्र भनेको के हो ?

जनताले गोप्य मतदानद्वारा चुनेका प्रतिनिधिहरू मध्येबाट बहुमत ल्याउने राजनीतिक दलले देशमा शासन गर्ने व्यवस्था नै प्रजातन्त्र हो।

नेपालमा प्रजातन्त्र कुन मूल्यमा कसरी आयो ?

२०१७ साल पौष १ गते संसदीय व्यवस्थाको सँगसँगै पछि थोपरिएको निरंकुश पञ्चायती शासनको कारणले मुलुक र जनता झन झन गरीब हुँदै गएको, जनताले स्वतन्त्रता नपाएको, देशमा भ्रष्टाचार, तस्करी र दमन दिनानुदिन बढ्दै गएको कारणबाट जनता पञ्चायती शासनको विरूद्ध आफैं जुरमुराउँदै सङ्घर्षमा उत्रे। यस आन्दोलनमा सयौं मानिसहरू शहीद भए, हजारौं घाइते भए। तर पञ्चायती सरकारका सबै प्रकारका दमन कार्यहरू जनशक्तिका सामु पराजित भई नेपालको राजनीतिक इतिहासमा फेरि एक पटक जनता नै निर्णायक शक्ति भई प्रजातन्त्रको पुनर्स्थापन भएको हो।

नेपालको संविधानमा जन अधिकारको व्यवस्था

प्रजातन्त्रको पुनर्स्थापना पछि आएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ३ ले नेपालको सार्वभौमसत्ता जनतामा निहित रहेको र यसको प्रस्तावनाले नेपालको राज्यशक्तिको श्रोत नेपाली जनता हुन् भन्ने तथ्य स्वीकार गरेको छ। नेपालको बहुदलीय शासन पद्धतिको स्वरूप संविधानले किटान गरिसकेकोले कस्तो योग्यता र कुन विचारधाराका जनप्रतिनिधिहरूको छनोट गरी शासन सञ्चालन गर्ने भन्ने निर्णय नेपाली जनताले नै गर्नुपरेको छ। संविधानमा समेत संशोधन गर्न सक्ने संसदको प्रतिनिधि सभा जस्तो महत्त्वपूर्ण निकायमा प्रतिनिधि पठाउने अधिकार संविधानले १८ वर्ष उमेर पुगेका प्रत्येक नेपाली नागरिकलाई दिएको छ।

कानूनी दृष्टिकोणले प्रत्येक नेपाली नागरिक बराबर हुनेछन् र धर्म, वर्ण, लिङ्ग, जातजाति, आस्थाको आधारमा कसैलाई भेदभाव गरिने छैन। सबैलाई शान्तिपूर्ण तरिकाले भेला हुन, विचार प्रकट गर्न, संघसंस्था र दलहरू खोल्न, आवतजावत र बसोबास गर्न काम र उद्योग व्यापार गर्न, पेशा अपनाउन निर्वाध रूपले स्वतन्त्रता



(आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य : ग्रामीण मतदाता सचेतना कार्यक्रम २०४८ - इन्सेक)

हुनेछ। तर विचार प्रकट गर्दा मुलुक टुक्रिने. जातजाति र सम्प्रदाय बीच दुश्मनी बढाउने, सामाजिक अपराध हुने कुरा पनि कानून विपरित मानिने छ र दण्डनीय हुनेछ।

स्वतन्त्र निर्वाचन र यसको आवश्यकता किन ?

प्रजातन्त्रमा शासनको अदलाबदली भइरहन्छ। एउटै व्यक्ति सधैं शासक भई जनताप्रति उत्तरदायी भएन भने ऊ निरङ्कुश भइहाल्छ। प्रजातन्त्रमा बाबुले छोडेपछि या मरेपछि छोरा शासक हुन सक्दैन। हुनु परे पनि जनताले त्यो कुरा मान्नु पर्छ र चुनावमा उसलाई जिताउनु पर्छ। त्यसैले जनतासित शासकले सधैं तालमेल राख्नु पर्छ। चुनावले शासकलाई उत्तरदायी बनाउँछ। चुनावले सबै कुराको छलफल गराउँछ। त्यसैले जनताले सबैको कुरा बुझेर मात्र भोट हाल्नु पर्छ। भाषा, धर्म, जातपात, क्षेत्रीयता आदिका भरमा भोट हाल्न मिल्दैन र हाल्नु हुँदैन। त्यसो गर्दा प्रजातन्त्रको हत्या हुन्छ।

जनताले आफ्नो विवेक अनुसार चुनावमा विजयी गराएको राजनीतिक नेतृत्वले देशको, मुलुकको शासन चलाउने छ। यस राजनीतिक नेतृत्त्वले मुलुकमा इमान्दारीका साथ काम गर्न सकेन भने जनताले पाँच वर्षपछि त्यस राजनीतिक नेतृत्वलाई हराई वैकल्पिक राजनीतिक नेतृत्वलाई जिताउने छ। यसरी प्रत्येक पाँच वर्षमा कस्तो प्रकारको सरकार बनाउने हो त्यसको अन्तिम निर्णय गर्ने अधिकार निर्वाचनको माध्यमबाट जनतामा रहने छ।

राजनीतिक दल भनेको के हो ?

राजनीतिक दल भनेको जनताको प्रतिनिधि छान्ने प्रक्रियालाई सघाउ पुऱ्याउने यन्त्र हो। हिजो आज दलले सबै पक्षका मानिसलाई आ-आफ्नो दल भित्र समावेश गराई प्रजातन्त्रको पाठ सिकाउँदै राष्ट्र निर्माण गर्नुपर्छ। दल जहिले पनि राम्रो आचरण भएको हुनु पर्छ नत्र जनता रिसाई अर्कै दललाई आफ्नो भोट दिन सक्दछन्।

मत दिँदा ध्यानमा राख्नु पर्ने कुरा

चुनाव हुनु अघि जाँड रक्सी ख्वाउने, भोज भतेर गर्ने, पैसाको लोभ लालच देखाउने नराम्रा कुराहरू पनि हुने गर्दछन्। यस प्रकारको भ्रममा मतदाता पर्नु हुँदैन। गोप्य मतदान हुने हुँदा मतदाताले कसैको डर, त्रास, धम्की, प्रलोभनमा नपरी आफ्नो स्वतन्त्र विवेकले प्रतिनिधिको लागि मतदान दिनुपर्छ किनभने लोभ, त्रास, प्रलोभनबाट प्रेरित भई खसालेको मत आफ्नो स्वतन्त्र अधिकारको दुरूपयोग हो।

यस सन्दर्भमा कुराकानी, भाषण, गोष्ठी, आदिबाट शान्तपूर्ण वातावरणमा सबैको कुरा र विचार सुन्नु पर्छ र किताब, बुलेटिन, पुस्तिका आदि पढ्नु पर्छ। तर मतदान गर्दा भने केवल आफ्नो विवेकले मतदान गर्नु पर्दछ। कसैको झुठो आश्वासन र प्रलोभनमा फँस्नु हुँदैन, कसैको धम्की र त्रासबाट पनि डराउनु हुँदैन। परिस्थितिवश कुनै विवशता परे पनि मत खसाल्दा भने आफ्नो विवेकको प्रयोग गर्नु पर्छ किनभने मतपत्रबाट कसले कसलाई मत दियो भन्ने कहिल्यै थाहा हुन सक्दैन। तसर्थ लोभलालचा, प्रलोभन, डर, त्रास, धम्की, नातासम्बन्ध, जातपात, धर्म, भाषा, सम्प्रदाय आदि कुनै पनि कुराको भ्रममा नपरी आफ्नो दिमागले विचार गरी विवेकपूर्ण तरिकाले आफ्नो मत दिने अधिकारको सदुपयोग गर्नु पर्दछ।

कस्ता व्यक्ति र दललाई मत दिने ?

मानिस असल वा खराब हुन्छ। जातपात, भाषा, धर्मले कुनै मानिस असल वा

खराब हुँदैन। जो व्यक्ति लायक छ, त्यागी छ, आफ्नो नातागोता भन्दैन र गाउँको, समाजको, मुलुकको हितको निम्ति सबैसित मिलिजुली, सबैसित सहयोग लिई निस्वार्थ रूपले काम गर्न सक्दछ, विभिन्न जातजाति, धर्म र सम्प्रदाय बीच द्वेष, ईर्ष्या, घृणा, मनोमालिन्य र वैमनष्यको भावना फैलाउँदैन उनीहरू सबैमा सदभाव र एकता कायम गरी काम गर्न सक्दछ जो सबैको दु:ख सुखमा सरीक हुन सक्दछ, मर्दापर्दा गाउँ समाजको लागि काम लाग्दछ, जो कसैको डर, त्रास, धम्की र लोभलालचामा पर्दैन त्यस्ता व्यक्ति वा त्यस्ता व्यक्तिहरूबाट बनेको राजनीतिक दललाई मत दिई निर्वाचनमा विजयी गराउनु पर्दछ।

चुनावको बेला कस्ता धाँधलीहरू हुन सक्दछन् ?

चुनावको बेला निर्वाचन केन्द्रबाट मतपेटिका खोस्ने, मतपत्र खोस्ने, जाली मत खसाल्ने, निर्वाचन कर्मचारीलाई धम्की दिने, शान्तिपूर्ण मतदान कार्यमा कुनै प्रकारले वाधा पुऱ्याउने, मतदान केन्द्र कब्जामा लिने, कुनै दल वा उम्मेदवारका पक्षधरहरूलाई मात्र मत खसाल्न दिने, अरूलाई रोक लगाउने, मतदान केन्द्रमा निश्चित समयमा पुग्नको लागि मतदातालाई वाधा गर्ने वा रोक्ने, मतगणनाको कार्यमा वाधा पुऱ्याउने आदि कार्य हुन सक्दछन्। कहिले काहीं कुनै उम्मेदवार वा दललाई जिताउने सम्भावना बढाउने गरी कुनै सरकारी कर्मचारीले निजको पक्षमा मतदातालाई सम्पर्क राख्ने काम पनि हुन सक्दछन्। तसर्थ मतदाताले मत दिँदा यस्ता सबै कुराहरूलाई पनि ध्यानमा राख्नु पर्दछ।

मतदान गर्न नगए के हुन्छ ?

आफ्नो मताधिकार प्रयोग नगर्नु नागरिकको तहबाट वञ्चित पार्नु हो। त्यसैले वयस्क नेपालीले मतदान गर्नबाट बंचित हुनु हुँदैन। आफ्नो मताधिकार प्रयोग गर्न मतदाताहरू चुनाव बुथमा नपुगेमा आफ्नो नाममा अरूहरूले नै मतदान गर्न सक्ने पनि हुन्छ। त्यसकारण मत दिन नगएमा आफूले नचाहेको उम्मेदवारले जित्न पनि सक्दछ किनभने हारजीतको निर्णय एक मतले पनि हुन जान्छ।

मतदाता हुने योग्यता

स्थाई बसोबास गरेको वा आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रमा २०४७ साल आश्विन मसान्तसम्म १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले मतदान गर्न पाउनेछ।

मतदान गर्ने तरिका

- मतदाताले मतपत्रमा गोप्य रूपले छाप लगाई मतपत्र त्यहाँ राखिएको बाकसमा खसाल्नु पर्दछ।
- मतपत्रमा उम्मेदवारहरू सबैको आ-आफ्नो निर्वाचन चिन्हहरू मध्ये आफूले रोज्ने उम्मेदवारको चिन्हमा छाप लगाउनु पर्दछ।
- अरूको नाममा कसैले पनि मतदान गर्न खोज्नु ठूलो अपराध हो र यस्तो कुनै हालतमा पनि गर्न दिनु हुँदैन।
- मतपत्र अधिकृतको सही छ, छैन हेरेर मात्र मतदान गर्ने, मतको रक्षा गर्न मत पेटिकाको शीलबन्दी ठीक छ छैन ख्याल राख्ने।

निष्कर्ष

अब आउने महानिर्वाचनमा १८ वर्षको उमेर पुगेका प्रत्येक नेपालीले आ-आफ्नो चुनाव क्षेत्रबाट चुनेका प्रतिनिधिहरू मध्ये जुन राजनीतिक दलको संसदमा बहुमत हुन्छ त्यसै दलले मुलुकमा पाँच वर्षसम्म

शासन गर्नेछ। आफूले चुनेको प्रतिनिधि मार्फत मुलुकको शासन चलाउन लगाउनु नेपाली जनताको ठूलो अधिकार भएकोले यस अधिकारको सदुपयोग गर्नु सबै मतदाता नेपालीको कर्तव्य हुन आउँछ। एकपल्टको निर्वाचनमा चुक्नु भनेको पाँच वर्षको लागि चुक्नु हो। १-२ घण्टा लाइनमा बसेर भोट खसाल्न अल्छी मान्दा पाँच पाँच वर्षसम्म दु:ख पाइनेछ। मदतानको सदुपयोगद्वारा लायक प्रतिनिधिको निर्वाचन गरेपछि बन्ने सरकार जनताको दु:ख कष्ट हटाई विकासपथमा अग्रसर हुनेछ। विभिन्न जातजाति, भाषा, धर्म, तथा क्षेत्रका मानिसहरूसित मेलजोल, सद्भाव कायम राखी डर, त्रास, धम्की र लोभलालचामा नफसी नि:स्वार्थ रूपले गाउँ, समाज र मुलुकको विकासको लागि सक्रिय र इमान्दारीका साथ काम गर्ने व्यक्तिहरूले मतदानबाट बहुमत नपाएमा सम्पूर्ण समाजले नै पछि दु:ख पाउनेछ र विकासको सट्टा विनाश नै विनाश हुन जानेछ। तसर्थ प्रत्येक नेपाली नागरिकले आफ्नो मत दिने अधिकारको उपयोग गरी मत दिंदा विचार पुऱ्याएर आफ्नो विवेक प्रयोग गरी मत दिनुपर्दछ।

(साभार: आम निर्वाचनमा मतदाताको अधिकार र कर्तव्य : ग्रामीण मतदाता सचेतना कार्यक्रम २०४८ - इन्सेक)



वि.सं. २०४८ सालको निर्वाचनको लागि इन्सेकले प्रकाशित गरेको ग्रामीण मतदाता सचेतन कार्यक्रम सम्बन्धी पोस्टर

सञ्चार र आचार

नेपाली आम सञ्चार माध्यमहरू केही वर्षदेखि लोकतन्त्रको मूल्यमान्यता अभिवृद्धि गर्न सहायक सिद्ध भएका छन्। नेपाली सञ्चार माध्यमले मुलुकमा लोकतन्त्रको सुसञ्चालनका निम्ति निर्णायक भूमिका निर्वाह गरिरहेको छ। सामान्यतया, संविधान सभा सदस्य निर्वाचन २०७० का क्रममा नेपाली आमसञ्चार माध्यमले विविधतालाई प्रतिध्वनित गर्नुका साथै बहुलवादलाई प्रबर्द्धन गरेका थिए। सञ्चार माध्यमहरूमा विभिन्न किसिमका विचारहरू र दृष्टिकोणहरू प्रकट भएका थिए। त्यसर्थ, संक्षेपमा व्यापक तहमा नेपाली सञ्चार माध्यमले संविधान सभा सदस्य निर्वाचन २०७० का क्रममा सकारात्मक एवं रचनात्मक भूमिका निर्वाह गरेको ठहर गर्न सकिन्छ। तथापि, सूक्ष्म तहमा पत्रकारिताको पेसागत मापदण्डका सम्बन्धमा कतिपय विषयलाई सम्बोधन गरिनुपर्ने देखिन्छ।



डा. कुन्दन अर्याल

वि.सं. २०४६ पछि नेपाली आम सञ्चार जगतले छोटो अवधिका अतिरिक्त विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई क्रियाशिल तुल्याउन आवश्यक सम्पूर्ण राजनीतिक अधिकार उपभोग गरिरहेको छ। विगत अढाई दशकमा हरेक दिन सञ्चार क्षेत्रको परिदृश्य फराकिलो र व्यापक भइरहेको छ। परिणामस्वरूप, व्यावसायिकरूपमा सञ्चालित व्यवस्थित किसिमका सञ्चार माध्यममा प्रस्तुतिका दृष्टिबाट सार्थक विकास सतहमा आएको देखिन्छ।

नेपालको सञ्चार परिदृश्य विविधताले भरिपूर्ण छ। परम्परागत छापा माध्यमका अलावा नेपालमा रेडियो र टेलिभिजनका साथै न्यू मिडियाजस्ता औपचारिक नयाँ माध्यमको वृद्धि भएको भइरहेको छ । प्रेस काउन्सिल नेपालको विवरण अनुसार दैनिक, साप्ताहिक र पाक्षिक समेतका कूल ३,५८० वटा अखबारहरू यो आर्थिक वर्षसम्ममा दर्ता भइसकेका छन्। (प्रेस काउन्सिल नेपाल, वि.सं.२०७०: ४७ । काउन्सिलका अनुसार सरकारी दर्ता विवरणमा ५८१ वटा दैनिक, ३० वटा अर्ध-साप्ताहिक, २,५८४ वटा साप्ताहिक र ३८५ वटा पाक्षिक रहेको उल्लेख छ। यी माध्यममध्ये साप्ताहिक अखबारहरूको संख्या सबैभन्दा उच्च छ। स्वीकार्य तथ्य के हो भने पत्रकार आचार संहिताको सबैभन्दा बढी उल्लङ्घन गर्नेहरूमा यिनै साप्ताहिक अखबारहरू रहेका छन् चाहे त्यो निर्वाचनको अवधिमा होस् वा निर्वाचन नभएको अवस्थामा। नेपालका अधिकांश साप्ताहिक अखबारहरू कुनै न कुनै दलसँग निकट छन्। तीमध्ये केही अतिवादी छन् भने केहीले आफू आबद्ध राजनीतिक दलको आवाज प्रतिध्वनित गर्दछन्। तर, वि.सं.२०४६ पछि नेपाली साप्ताहिकहरू मूलधारका दैनिक अखबारभन्दा पछि परेका छन्। विभिन्न कोणबाट जानकारी र विचार प्राप्त गर्नका लागि आम पाठकहरू प्राय: यिनै ठूला दैनिकहरूमा निर्भर हुने गरेका छन् । हाल ९ वटा प्रकाशन गृहका करिब १२ वटा ठूला



अखबारहरू नियमित प्रकाशनमा छन्। तीमध्ये चारवटा अंग्रेजी भाषाका दैनिक अखबारहरू छन् : द राइजिङ नेपाल, द काठमाण्डू पोस्ट, द हिमालयन टाइम्स र द रिपब्लिका । यसैगरी, गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, राजधानी, नेपाल समाचारपत्र, नयाँ पत्रिका र हिमालय टाइम्स नेपाली भाषामा प्रकाशन भइरहेका ठूला खबार हुन् । काठमाडौँमा केही दैनिक अखबारहरूले देशका विभिन्न भागबाट विविध संस्करण निकालिरहेका छन् । काठाडमौँबाट निस्कने यी ठूला दैनिकहरूका अतिरिक्त देशका अरु सहररुबाट पनि राम्रोसँग व्यवस्थित गरिएका दैनिकहरू प्रकाशन भइरहेका छन् ।

सूचना तथा सञ्चार मन्त्रालयका अनुसार २०७०/७१ सम्ममा देशभर ३६० वटा एफएम रेडियो स्टेशन मन्त्रालयबाट लाइसेन्स लिई नियमित प्रसारणमा रहेका छन्। मन्त्रालयले देशभित्र स्याटेलाइट, टेरेस्ट्रीयल र केबल प्रविधिमा आधारित ७५ वटा टेलिभिजन प्रसारण संस्थालाई लाइसेन्स दिएको छ। अभिलेख तथा स्वतन्त्र अनलाइन समाचार पोर्टलको संख्यामा निरन्तर वृद्धि भइरहेको छ। अनलाइन पत्रकार संघ नेपालका अनुसार अनौपचारिक अनुमान गर्दा दुवै किसिमका समाचार पोर्टलको संख्या ५० भन्दा बढी पुगिसकेको छ जसले दैनिक पटना र क्रियाकलापहरू कभर गरिरहेका छन् ।

यो उत्साहप्रद परिदृश्य बाहेक सञ्चार माध्यमभित्र पनि कठिनाइहरू छन् जसले पेसागत मापदण्डलाई स्वीकार गर्नेतर्फ बाधा पुऱ्याइरहेको छ। पक्षधर व्यवहार एउटा त्यस्तै अत्यन्त महत्त्वपूर्ण पक्ष हो। यो प्रवृत्तिले विभिन्न राजनीतिक दलहरूप्रति सञ्चार माध्यमबाट असमान व्यवहार उत्पन्न गराइरहेको छ। व्यावसायिक रूपमा सञ्चालित सञ्चार माध्यमहरूले खुलारूपमा पक्षधर स्वार्थ देखाएको पाइन्न र ज्यादातर उनीहरूले आफ्ना प्रस्तुतिमा निष्पक्षता कायम गरेका छन्। तर, कुनै निश्चित राजनीतिक दल र उम्मेदवारको प्रसार साधनको रूपमा धेरै स्थानीय अखबारहरू प्रकाशन भइरहेको भेटिएको छ। रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमलाई संविधान सभा सदस्य निर्वाचन २०७० का अवसरमा प्रचारको साधनका रूपमा प्रयोग गरिएको थियो। केही सञ्चार माध्यमहरूले अन्धरूपमा निर्वाचन आचार संहितालाई बेवास्ता गर्नुका अलावा उनीहरूले कुनै निश्चित राजनीतिक दल वा उम्मेदवारलाई सेवा पुऱ्याउने उद्देश्य राखी

सबै किसिमका पेसागत मान्यता, मूल्य र आचार-व्यवहारलाई विस्थापित गरेका थिए।

नेपालमा अनलाइन मिडिया मूलधारको सञ्चार माध्यम बन्ने प्रक्रियामा रहेको छ। तात्कालिकता र न्यून लागतको प्रविधिले नेपालजस्ता विकासशील मुलुकहरूमा पनि यसले लोकप्रियता आर्जन गर्न सफलता हासिल गरेको छ। तथापि, मानव स्रोत र सामग्रीका सन्दर्भमा न्यू मिडियामा व्यापक सुधार ल्याउनु आवश्यक छ। धेरैजटा अनलाइन समाचार पोर्टलहरूलाई राजनीतिक दलहरूले प्रयोग गरेका छन् र उनीहरूले सबै किसिमका पेसागत मूल्य, मान्यता र पत्रकारिताका मापदण्डलाई बेवास्ता गरेका छन् । अनलाइन पत्रकाहरूले बुझ्नु आवश्यक छ, आमसञ्चार माध्यमको यो कारोबार प्रविधिमा मात्र आधारित छैन, समाजमा रहेको यसको नैतिक उपस्थितिलाई बेवास्ता गरिए प्रचार वा दुष्प्रचार त हुन्छ पत्रकारिता हुँदैन।

पत्रकारिता पेसामा केही विश्वव्यापी मूल्य, मान्यता र मापदण्डहरू छन्। नेपालको सन्दर्भमा, हामीकहाँ पछिल्लो पटक शान्तिपूर्ण राजनीतिक आन्दोलन २०६२-६३ पछि संशोधन गरिएको नयाँ पत्रकार आचार संहिता छ। आचार संहिताको रक्षकको जिम्मेवारी प्रेस काउन्सिल नेपालको मातहतमा रहे पनि त्यसलाई नेपाल पत्रकार महासंघ र सम्पूर्ण सञ्चार जगतले सम्मान र स्वीकार गरेका छन् । नेपालको पत्रकार आचार संहिताको खण्ड (७), (८) र (९) ले नेपाली पत्रकारहरूबाट स्पष्टतया उच्च व्यावसायिक अभ्यास, शिष्ट व्यवहार र गल्ती सच्याउने तत्परताको अपेक्षा गरेको छ। खण्ड ७ मा भनिएको छः पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नु पर्दछ।

खण्ड ८ मा भनिएको छः व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनु पर्दछ। त्यस्तै, पत्रकार आचार संहिताको खण्ड ९ मा भनिएको छः प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चार माध्यमको कर्तव्य हुनेछ।

यसर्थ, संविधान सभा सदस्यको निर्वाचन २०७० का क्रममा पत्रकार आचार संहिताप्रति नेपाली सञ्चार माध्यमले अनुसरण गरेका भए परिस्थितिमा निकै भिन्नता आएको हुन्थ्यो। मुख्यतः, नेपाली सञ्चार माध्यमहरू यस्ता आचार संहिताबाट सुसज्जित भइरहेकै छन्। यसबाहेक, सञ्चार माध्यमका लागि निर्वाचन आचार संहिताले उनीहरूको पेसागत आचरणमा सुधार ल्याउन मद्दत पुग्दछ ।

यथार्थमा, संविधान सभा सदस्यको निर्वाचन २०७० ले नेपाली पत्रकारितामा स्वच्छ व्यवहारको स्चर मापन गर्न एउटा अवसर सिर्जना गरेको थियो । यसर्थ, निर्वाचन आयोग नेपाल, सञ्चारकर्मी, सञ्चार क्षेत्रका अभ्यासकर्ताहरू र सञ्चारसम्बन्धी अध्यापन गराइरहेकाहरूले आम सञ्चार माध्यमको निष्पक्ष कार्यसम्पादनको आदर्शलाई अघि बढाउनेतर्फ अझ जोडतोडले कार्य गर्नु आवश्यक छ । यो विषय विश्वसनीयता र सञ्चार संस्थारुको अर्थशास्त्रसँग सोझै गाँसिएको हुनाले सञ्चार

मानक

पत्रकारिता पेसामा केही विश्वव्यापी मूल्य, मान्यता र मापदण्डहरू छन् । नेपालको सन्दर्भमा, हामीकहाँ पछिल्लो पटक शान्तिपूर्ण राजनीतिक आन्दोलन २०६२-६३ पछि संशोधन गरिएको नयाँ पत्रकार आचार संहिता छ। आचार संहिताको रक्षकको जिम्मेवारी प्रेस काउन्सिल नेपालको मातहतमा रहेपनि त्यसलाई नेपाल पत्रकार महासंघ र सम्पूर्ण सञ्चार जगतले सम्मान र स्वीकार गरेका छन्। नेपालको पत्रकार आचार संहिताको खण्ड (७), (८) र (९) ले नेपाली पत्रकारहरूबाट स्पष्टतया उच्च व्यावसायिक अभ्यास, शिष्ट व्यवहार र गल्ती सच्याउने तत्परताको अपेक्षा गरेको छ। खण्ड ७ मा भनिएको छ। पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिवद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नु पर्दछ।

खण्ड ८ मा भनिएको छ: व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनु पर्दछ। त्यस्तै, पत्रकार आचार संहिताको खण्ड ९ मा भनिएको छ: प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नु पत्रकार तथा सञ्चार माध्यमको कर्तव्य हुनेछ।

व्यवसायीहरूले आफ्नो तटस्थ भूमिकाको महत्त्व बारेमा सचेष्ट हुनु आवश्यक छ।

राजनीतिक दलहरू र उम्मेदवारहरू जस्तै स्थानीय अखबारहरू, अनलाइन समाचार पोर्टलहरू तथा केही टेलिभिजन च्यानलहरू र रेडियोहरूले अधिकांशत: मौन अवधिमा निर्वाचन आचार संहिताको उल्लङ्घन गरेका थिए। उनीहरूले आफ्नो आबद्धता अनुरूप नै सम्बद्ध दलहरूका लागि निर्वाचन अभियानलाई परिपूरण गर्ने प्रयत्न गरेका थिए।

परिचय

निर्वाचनलाई निष्पक्ष, स्वच्छ र स्वतन्त्र किसिमबाट सञ्चालन गर्न शक्तिशाली र सक्षम निर्वाचन आयोगका अतिरिक्त निष्पक्ष र स्वच्छ सञ्चार माध्यम पनि अत्यावश्यक हुन्छ। लोकतान्त्रिक शासन व्यवस्थामा आम सञ्चार माध्यमले विविधतापूर्ण विचार र दृष्टिकोणका लागि मञ्च उपलब्ध गराउने अपेक्षा गरिएको हुन्छ। सार्वजनिक मञ्चहरूमा विभिन्न किसिमका आवाजलाई समान अवसर प्रदान गर्नु आम सञ्चार माध्यमको कर्तव्य पनि हो। सञ्चार माध्यमले सबै दलहरूलाई स्वतन्त्र र स्वच्छ किसिमबाट व्यवहार गर्ने अपेक्षा गरिएको हुन्छ।

पक्षपातले वस्तुनिष्ठतामा अबरोध ल्याउँछ एवं खासगरी विर्वाचनका अवधिमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्ट्रिट (२००१:८०) को दृष्टिमा पूर्वाग्रहले आमजनताले नागरिकको रूपमा कार्य गर्ने, उनीहरूको राजनीतिक निर्णय गर्ने क्षमता तथा त्यसमाथि कार्य गर्ने क्षमतामा अबरोध ल्याउँछ वा बग्याउँछ। खरेल (२०१०: २३०) को विचारमा पत्रकारिताबाट हुने पक्षपातपूर्ण व्यवहार सञ्चार माध्यममा आमजनताको विश्वासका निम्ति विषाक्त हो। यो शत्रुतापूर्ण

निगरानी हो, अनुगमन होइन। उनको थप कथन छ, यसले विचार शक्तिको आवाजलाई दबाउँछ।

रोबर्ट डाहालको १९७१ मा येले युनिभर्सिटी न्यू हृयाभेन, सीटीबाट प्रकाशित पोलिआर्ची, पार्टिसिपेसन एन्ड अपोजिसन कृतिमा आधारित रहँदै डेभिस (२०१०:३) भन्छन्: उत्कृष्ट प्रतिनिधित्व, उदार लोकतन्त्रका आधारभूत मापदण्डहरूमा स्वतन्त्र र स्वच्छ निर्वाचन, मतदानको अधिकार, भेला हुने अधिकार तथा सम्मिलन हुने वा राजनीतिक दल खोल्ने अधिकार, स्वतन्त्र अभिव्यक्ति तथा वैकल्पिक जानकारी प्रदान गर्ने स्वतन्त्र सञ्चार माध्यम पर्दछन् । नेपालमा २०७० मा भएको दोस्रो संविधान सभा सदस्यको निर्वाचन पनि संविधान र सम्बद्ध कानूनी व्यवस्था बमोजिम यी सबै मापदण्डका आधारमा सम्पन्न भएको थियो।

यसबाहेक, संसद्मा प्रतिनिधित्व गर्ने सबै दलको सहमतिमा निर्वाचन गर्ने प्रयोजनका लागि प्रधान न्यायाधीशको नेतृत्वमा अन्तरिम निर्वाचन मन्त्रिपरिषद्, कामचलाउ सरकार, गठन भएको थियो। मन्त्रिपरिषद्का सबै मन्त्रीहरू पूर्व प्रशासकहरू थिए जसको निर्वाचनका क्रममा कुनै प्रत्यक्ष राजनीतिक स्वार्थ थिएन।

आम सञ्चार माध्यमले निर्वाचनको अवधिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने अवस्था थियो र नेपाली सञ्चार माध्यमले पनि २०७० को संविधान सभा सदस्यको निर्वाचनलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेर आफूलाई प्रमाणित गरे। मुख्यत:, यो अध्यायमा २०७० को संविधान सभा सदस्य निर्वाचनको अवधिमा नेपाली सञ्चार माध्यमलाई दुई वटा आयाममा मूल्याङ्कन गरिएको छ। पहिलो, सबै राजनीतिक दलहरूलाई नेपाली सञ्चार माध्यमले समान किसिमबाट सम्मान जनाएका छन् वा छैनन्। अझ भनौं, आमजनताका सामुन्ने सबै राजनीतिक दलहरूलाई आम सञ्चार माध्यमहरूले समान अवसर उपलब्ध गराएका छन् वा छैनन्। यसबाहेक, सञ्चार माध्यमले सबै राजनीतिक दलहरूप्रति स्वच्छ व्यवहार प्रदर्शन गरेका छन् वा छैनन् भन्ने पनि यहाँ विचार गरिनेछ। दोस्रो, संविधान सभा सदस्यको निर्वाचनका क्रममा नेपाली सञ्चार माध्यमहरूले सरकार वा राजनीतिक दलहरूका गलत कार्यहरूको भण्डाफोर गरेका छन् वा छैनन् भनी उनीहरूको भूमिकाको मूल्याङ्कन गर्नु हो। हार्ड न्यूजका सन्दर्भमा यसले आम सञ्चार माध्यमको भूमिकालाई निगरानीका रूपमा र सफ्ट सञ्चार सामग्रीका सन्दर्भमा व्याख्या गर्ने भूमिकाका रूपमा समेटिएको छ।

संविधान सभा सदस्यको दोस्रो निर्वाचन २०७० नेपाली राजनीतिक जीवनका साथै सञ्चार माध्यमका लागि पनि ऐतिहासिक महत्त्वको रहेको प्रमाणित भइसकेको छ। अझ, यसले नयाँ राजनीतिक प्रणालीप्रति जनताको प्रतिबद्धतालाई सङ्केत गरेको छ, खासगरी २०६४ को तत्कालीन संविधान सभाले घोषणा गरेको नेपालको गणतन्त्रका प्रति। यसर्थ, दोस्रो संविधान सभा सदस्यको चुनावले मुलुकको लोकतान्त्रिक अभ्यासलाई थप अनुमोदन गरेको छ एवं त्यस प्रयत्नमा सञ्चार माध्यमले उत्प्रेरकको भूमिका निर्वाह गरेका छन्। बर्टन (२०१०: ११२) विचारमा प्रसारण भएका समाचारका उदाहरणहरूमाथि विचार गर्दा सञ्चार माध्यमले आमजनतासामु विविध राजनीतिक क्रियाकलापहरू र सम्पर्क विन्दुहरू उपलब्ध गराउँछ। निर्वाचनका घटनाक्रम कभर गर्नेक्रममा नेपाली आम सञ्चार माध्यमले

अध्ययन विधि

यो अध्यायमा प्राथमिक रूपमा राजनीतिक पक्षहका सम्बन्धमा नेपाली आमसञ्चार माध्यमले प्रधान गरेको स्थान र समयका बारेमा गुणात्मक विश्लेषण गरिएको छ । विश्लेषणको आधार नेपाल प्रेस इन्स्टिच्युटले निर्वाचनका अवधिमा गरेको आमसञ्चार अनुगमनको निष्कर्ष नै हो ।

अध्ययनका क्रममा मुख्य आकडाहरू संविधान सभा सदस्यको निर्वाचन २०७० का क्रममा सञ्चार अनुगमनसम्बन्धी नेपाल प्रेस इन्स्टिच्यूट (एनपीआई) को अभिलेखबाट लिइएको छ। एनपीआईलाई २०७० मंसिर ४ गते सम्पन्न संविधान सभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोग नेपालबाट जारी भएको आम सञ्चार माध्यमका लागि निर्वाचन आचार संहितासँग सम्बन्धित आम सञ्चार माध्यमको अनुगमनको जिम्मेवारी तोकिएको थियो। देशव्यापीरूपमा अनुगमनको कार्य एक महिना (नोभेम्बर, २०१३) गरिएको थियो। निर्वाचनसँग सम्बन्धित सञ्चारको अनुगमन प्रतिवेदन र विश्लेषण नियमित रूपमा एनपीआईले निर्वाचन आयोगलाई उपलब्ध गराएको थियो।

२०७० को संविधान सभा सदस्यको मतदानको अघि र पछिका दिनहरूमा सञ्चार माध्यमका कार्यहरूका सम्बन्धमा आँकडाहरू सङ्कलन गर्न अन्वेषणात्मक विधि अपनाइएको थियो। संविधान सभा सदस्यको दोस्रो निर्वाचनका अवधिमा नेपाली आम सञ्चार माध्यमको अवस्था मूल्याङ्कन गर्ने क्रममा विभिन्न संस्थाहरूबाट गरिएका विविध स्थलगत प्रतिवेदनहरूको पनि विश्लेषण गरिएको छ।

मतदाता, राजनीतिक दलहरू र उम्मेदवारहरू बीचको संवादलाई व्यापक बनाएका थिए।

तथापि, संविधान सभा सदस्यको दोस्रो निर्वाचनका क्रममा आमरूपमा सबै राजनीतिक दलहरूप्रति समानरूपमा सम्मानजनक व्यवहार गर्ने वा विषय- केन्द्रित आलोचना गर्ने तत्परता सबै किसिमका सञ्चार माध्यममा अपर्याप्त थियो। यो प्रवृत्ति प्रमुख राष्ट्रिय अखबारहरू टेलिभिजन र रेडियोका हकमा मात्र सीमित थिएन। नेपाली आमसञ्चार माध्यमले संविधान सभा निर्वाचनसम्बन्धी सामग्रीलाई स्थान दिने क्रममा राजनीतिक दल, उम्मेद्वार र मतदाताहरू बिचको सम्बादलाई गहन बनाएका थिए।

आमरूपमा, नेपाली सञ्चार माध्यमको परिदृश्य बहुलवाद र अभिव्यक्तिको स्वतन्त्रतालाई बढावा दिनेतर्फ नै अग्रसर छ। मुलुकमा सञ्चार माध्यमको विविधता प्रखररूपमा स्थापित भइरहेको छ। मूल्य-मान्यतामा आधारित वा उत्कृष्ट सञ्चार कार्यसम्पादनलाई परिभाषित गर्ने धेरैवटा सिद्धान्तको विश्लेषण गर्दै वाट्सन (२००४: १०९) भन्छन्: व्यापक तहमा यिनीहरूलाई स्रोतको विविधता एवं सञ्चार माध्यम र सूचनाप्रति सम्पूर्ण जनताको पहुँचको रूपमा पहिचान गर्न सकिन्छ, र यी दुवैले समाजमा विचारको बहुलताप्रति योगदान गरेका हुन्छन्। वाट्सन (२००४: १०९) को विचारमा

विविधताले च्यानलका साथै सामग्री र शैलीलाई पनि समेट्छ, र त्यसको अर्थ च्यानलको विविधताका साथै स्वामित्व र नियन्त्रणको विविधता हो। उनी (वाट्सन, २००४: ११०) अगाडि औल्याउँछन्: ठाडो र तेर्सो दुवै किसिमका विविधताको विश्लेषण

गरिनु पर्दछ, पहिलो, कुनै एक च्यानलबाट उपलब्ध गराइएका विकल्पहरू, र दोस्रो, कुनै निश्चित समयमा विभिन्न च्यानलबाट उपलब्ध गराइएका विकल्पहरू।

क्रेग (२००७: ४) भन्छन्: आम सञ्चार माध्यमहरू त्यस्ता स्थान हुन् जहाँ राजनीति र सार्वजनिक जीवन एकआपसम सम्मिलित हुन्छन्, जहाँ सार्वजनिक जीवनका अर्थहरू सिर्जना गरिन्छन्, बहस गरिन्छन् र मूल्याङ्कन गरिन्छन्। यसको अर्थ, क्रेग (२००७: ४) का अनुसार आधुनिक सार्वजनिक जीवन भन्नु नै मध्यस्थता गरिएको तथ्य हो। नेपालका राजनीतिक दलहरू यो तथ्यका बारेमा जानकार छन् र उनीहरू आफ्ना बारेका सकारात्मक सञ्चार कभरेज निर्माणको रणनीतिमा लागेका हुन्छन्।

बर्टन (२०१०: १११) को भनाइमा राजनीतिक नेताहरू र राजनीतिक दलहरू जनमत सिर्जना गर्ने कार्यमा सञ्चार माध्यम प्रभावशाली हुन्छन् भन्ने कुरामा विश्वास गर्दछन् । उनीहरू आफ्ना भिन्न धारणा प्रबर्द्धन (वा बजारीकरण) गर्ने साधनको रूपमा सञ्चार माध्यममाथि निर्भर रहेका हुन्छन्, र ज्यादातर यो अवस्था राष्ट्रिय र स्थानीय निर्वाचनको समयमा हुने गर्दछ । नेपाली राजनीतिक दलहरू पनि यसतो विश्वव्यापी तथ्यको अपवादका रूपमा छैनन्।

संविधान सभा सस्यको निर्वाचनका क्रममा नेपाली आम सञ्चार माध्यम

वि.सं. २०४६ पछि नेपालमा सञ्चार माध्यमको परिदृश्य सबै किसिमका सञ्चार माध्यमले बनेको छ। यहाँ छापा माध्यमदेखि रेडियो, टेलिभिजन र अनलाइन माध्यमसम्म क्रियाशिल छन्। यी सबै आम सञ्चार साधनहरू निर्वाचनका क्रममा पनि सकृय रहेका थिए।

छापादेखि प्रसारण र अनलाइन समेतका सबै प्रकारका सञ्चार माध्यमहरूले निर्विवाद ढंगले एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई सबैभन्दा बढी महत्त्व दिएका थिए । रेडियो र टेलिभिजनका समाचार वा समाचार मुलक कार्यक्रमका सम्बन्धमा नेपाल प्रेस इन्स्टिच्युटले गरेको अनुगमनका क्रममा पनि यहि तथ्य प्रष्ट देखिएको थियो। अधिकांश उम्मेदवारमध्ये सञ्चार माध्यममा स्पष्ट अग्रता उनले नै कायम राखेका थिए। दाहालले काठमाडौं क्षेत्र नं. १० र सिराहा क्षेत्र नं. ५ बाट उम्मेदवारी दिएका थिए। यद्यपि, सञ्चार माध्यमहरूले अनुमान गरेविपरीत उनले काठमाडौंबाट निर्वाचनमा पराजयको सामना गर्नु पऱ्यो ।

साप्ताहिक पत्रपत्रिका र साना रेडियोहरूको तुलनामा ठूला दैनिकहरूले स्वच्छ ढंगले सामग्री प्रस्तुत गरे को देखिन्थ्यो। त्यति हुँदा हुँदै पनि सबै आमसञ्चार माध्यमहरूको कुनै न कुनै रूपमा खास राजनीतिक दलप्रति झुकाव रहेको देखिन्थ्यो।

निर्वाचनका दौरानमा कुनै राजनीतिक दलप्रति झुकाव राख्ने साप्ताहिक अखबारहरू, साना एफएम रेडियोहरू र अनलाइन समाचार पोर्टलको तुलनामा ठूला दैनिक पत्रपत्रिकाहरूले कुनै राजनीतिक दलका नेताहरूप्रति अतिशय झुकाव राखेको पाइएन। तथापि, मुलुकको राजधानीबाट प्रकाशन भइरहेको ठूलो आकारको दैनिक अखबार राजधानी दैनिकको प्रकाशन गर्दै आइरहेको राजधानी न्यूज पब्लिकेशनका अध्यक्ष एवं प्रबन्ध निर्देशकले नेकपा (एमाले) द्वारा अघिल्लो दिन आयोजना गरिएको समारोहमा पार्टी सदस्यता लिएको समाचार २०७० असोज ४ गते सोही दैनिकमा

छापिएको थियो। केही टेलिभिजन च्यानलहरूले खुलेरै पार्टीगत स्वार्थ प्रदर्शन गरेका थिए। उदाहरणका लागि, उनीहरूले पार्टीको निर्वाचन चिन्ह र कुनै पार्टीका उम्मेदवारको अनुहार टीभी स्क्रिनमा निकै बेरसम्म देखाएका थिए।

निर्वाचन आयोग नेपालले अर्को संविधान सभा सदस्यको निर्वाचन २०७० का क्रममा नेपाली सञ्चार माध्यमबाट निर्वाह गरिएको भूमिका आमरूपमा सहयोगात्मक रहेको ठहर गरेको छ। आयोगको भनाइमा पहिलो संविधान सभा निर्वाचनको तुलनामा दोस्रो संविधान सभा निर्वाचनमा सहभागी मतदाताको प्रतिशतमा उल्लेख्य वृद्धि भएको छ। साथै, दोस्रो संविधान सभा सदस्यको निर्वाचनमा रद्द भएको मतसंख्यामा पनि कमी आएको छ। आयोगले अरू विभिन्न निकायहरू र आफ्ना कर्मचारीका साथै नेपाली सञ्चार माध्यमले निर्वाह गरेको महत्त्वपूर्ण भूमिका एवं निर्वाचनलाई सफल बनाउन निष्पक्षतापूर्वक सूचना प्रवाह गरेकोप्रति प्रशंसा व्यक्त गरेको छ (सम्पादकीय, वि.सं. २०७०:३)। तथापि, सूक्ष्मरूपमा हेर्दा, आयोगले केही सञ्चार माध्यमलाई आफ्ना लेखन वा प्रस्तुतिप्रति जवाफदेही बनाउने क्रममा कतिपय चुनौतीको पनि सामना गर्नु परेको थियो। आयोगबाट अनलाइन समाचार पोर्टल, रेडियो स्टेशन, टेलिभिजन र अखबार समेतका करिब २३ वटा सञ्चार संस्थालाई स्पष्टीकरण सोधिएको वा कानूनी कार्यवाही भोग्न बाध्य हुनुपर्ने भन्दै ध्यानाकर्षण गराइएको थियो (निर्वाचन समिति, वि.सं. २०७०: ३०)।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान (अनुगमन प्रतिवेदन, २०१३: १५५) ले निर्वाचनका क्रममा सबै राजनीतिक दलप्रति सञ्चार माध्यमहरूले स्वच्छ व्यवहार प्रदर्शन गर्नु आवश्यक रहेको सुझाव दिएको छ। अभियानले नेपाली सञ्चार माध्यमहरू पनि निर्वाचन आचार संहिताप्रति जवाफदेही हुनुपर्ने आवश्यकता रहेको औंल्याएको छ।

राजनीतिक दलहरूलाई आफ्ना सन्देश प्रवाह गर्न सञ्चार माध्यमहरूले विविध किसिमका मञ्चहरू उपलब्ध गराएका थिए। आम सञ्चार माध्यमहरूले तीन ठूला राजनीतिक दलसँग सम्बन्धित विषय रिपोर्टिङ गर्नेतर्फ बढी ध्यानकेन्द्रित गरेका भएपनि उनीहरूले साना दलहरूलाई पनि पर्याप्त स्थान दिने प्रयत्न गरेका थिए। स्थानीय तहमा सञ्चालित एफएम रेडियो स्टेसनहरूले आफ्ना कार्यक्रममा उम्मेदवारहरूलाई आफ्नो र आफ्नो दलको सन्देश प्रवाह गर्न अवसर दिएका थिए।

राष्ट्रिय मानव अधिकार आयोगले संविधान सभा सदस्यको निर्वाचन २०७० का अवसरमा आफ्ना प्रमुख क्रियाकलापहरूमा प्रेस वक्तव्य जारी गर्नुका साथै पत्रकार सम्मेलन आयोजना गरेको जनाएको छ। आयोग (राष्ट्रिय मानव अधिकार, वि.सं. २०७१: १६) को भनाइमा त्यस्ता वक्तव्यहरू मार्फत निर्वाचनमा जनताको मताधिकार सुनिश्चित गर्न मद्दत पुगेको छ। आयोगका अनुसार, सञ्चार माध्यमभन्दा पनि अघि बढेर राष्ट्रव्यापी परिस्थिति अनुगमनमा आधारित प्रतिवेदन प्रस्तुत गरिएको थियो। सबै सम्बद्ध निकायहरूलाई जनताको मतदानको अधिकारलाई सम्मान गर्न आयोगले सञ्चार माध्यमहरू मार्फत आग्रह गरेको थियो।

काठमाडौंबाट प्रकाशन भइरहेका ठूला राष्ट्रिय दैनिक अखबारहरूले पनि पक्ष लिएका थिए तर त्यस्ता सामग्रीमा तर्क प्रस्तुत गर्न खोजिएको देखिन्थ्यो वा कारण

खुलाइएको देखिन्थ्यो। २०७० कार्तिक २५ गते द काठमाडौं पोस्टले त्यस्तै शीर्षक राखेको थियो जसमा लेखिएको थियो: 'राप्ती-कर्णाली गढमा माओवादीको स्थिति कमजोर'। यस सन्दर्भमा, केही घटनाहरू, खासगरी पूर्वमा, निर्वाचनको विपक्षमा रहेका दलहरूसँग सम्बन्धित रिपोर्टहरू राष्ट्रियस्तरका सञ्चार माध्यममा अतिरञ्जित गरिएको वा विवरणहरू पर्याप्त किसिमबाट परीक्षण गरेको पाइएन। मतदानको चार दिनअघि अन्नपूर्ण पोष्ट दैनिकले प्रकाशन गरेको समाचारं सामग्रीको शीर्षकले पक्षपातको जनाउ दिन्छ। समाचार शीर्षक भन्छ: कोइराला चितवनमा ढुक्क। यो दैनिक समाचारमा नेपाली कांग्रेसका सभापति सुशील कोइरालालाई प्रस्तुत गरिएको थियो।

२०७० साउन २ गते नागरिक दैनिकले बक्ससहित ४ कोलमको चुनावसम्बन्धी समाचार प्रकाशन गऱ्यो । समाचारको शीर्षक थियो, चुनावपछि कांग्रेस एक नम्बर, एमाले दोस्रो, एकीकृत माओवादीले तेस्रो स्थान पाउने। निर्वाचन आचारसंहिता लागू हुनभन्दा एकसाता अगाडि छापिएको उक्त समाचार एउटा गैरसरकारी संस्थाले गरेको सर्वेक्षणमा आधारित थियो। समाचारमा चुनाव बहिष्कारको अभियान सञ्चालन गरिरहेको माओवादी वैध समूहले तीन प्रतिशत मत ल्याउने भविष्यवाणी गरिएको थियो। आचारसंहिता उल्लंघन भन्न नमिल्ने भए पनि समाचारबाट अखबारको राजनीतिक झुकाव भने झल्किन्थ्यो। आचारसंहिता साउन ७ गतेदेखि लागू भएको थियो।

एक प्रकारका सञ्चार प्रस्तुतिहरू कच्चा किसिमका थिए र उनीहरूले प्रस्तुत गरेका सामग्रीहरू पक्षपातपूर्ण रहेको सहजै पहिचान गर्न सकिन्थ्यो। तर मूलधारका सञ्चार प्रस्तुतिहरू, खासगरी मूलधारका दैनिक अखबारहरूले खुलेआम पक्ष लिएका थिएनन् । बरु, उनीहरूले राजनीतिलाई पेसागत धर्मअनुरूप सुझबुझपूर्ण तरिकाबाट प्याकेज गरेका थिए, र कहिलेकाँहि त्यसभित्र आफ्ना अप्रकट स्वार्थ मिसिएको हुन्थ्यो ।

अन्नपूर्ण पोष्टले कार्तिक २७ गते एउटा समाचार प्रकाशन गरेको थियो जुन नेकपा-माओवादीलाई अपमानित गर्ने किसिमको थियो। समाचारको शीर्षक थियो: निर्दोषमाथि अर्को माओवादी आतङ्क । कार्तिक १६ गते मा द रिपब्लिका दैनिकले अनुमानमा आधारित समाचार शीर्षक राखेको थियो: एमाओवादीले सुदूरपश्चिममा निर्वाचन हार्ने सम्भावना।

निर्वाचनका अवधिमा नेपाली सञ्चार माध्यमले निर्वाह गरेको भूमिकालाई दुई वर्गमा विभाजन गर्न सकिन्छ: निगरानीकर्ताको भूमिका र अभियानकर्ताको भूमिका ।

निगरानीकर्ताको भूमिका

एउटा मधार्थपरक तथ्य नै हो कि अनलाइन रेडियो, टेलिभिजन र छापा समेतका नेपाली सञ्चार माध्यमहरूले निर्वाचनलाई मदत गर्नेगरी पहरेदार (watchdog) को रूपमा भूमिका निर्वाह गरेको थियो। नियोकको अवलोकन प्रतिवेदनमा भनिएको छ: निर्वाचन हुनुअघि, चुनावको दिन र निर्वाचन पछिका दिनहरूमा सञ्चार माध्यमको कभरेजसम्बन्धी समग्र अनुभूति सामान्यतया विश्वासयोग्य रहेको छ। समाचार कथाहरूमा यदाकदा केही बढाइचढाइ गरेपनि ती तथ्यपूर्ण नै थिए, एवं पत्रकारहरू र अखबारहरूले आमरूपमा आफ्नो पेसागत धर्म निर्वाह गर्नुका साथै कभरेजलाई सन्तुलित बनाएका थिए। निओकले आमरूपमा निर्वाचन प्रक्रियामा

सञ्चार माध्यमको भूमिका सकारात्मक रहेको ठहर गरेको थियो ।

बरान र डेभिस (२०००: २५०) का अनुसार ह्यारोल्ड लासवेलले आम सञ्चारका मुख्य कार्यहरूका बारेमा चर्चा गरेका छन् । उहाँका अनुसार, सञ्चार माध्यमका दुईवटा कार्यहरू जस्तै कुनै पनि समाजको राजनीतिक प्रक्रियाका लागि वातावरणको निगरानी एवं त्यस्तो वातावरणको प्रतिक्रियामा समाजका तत्वहरूको सम्बन्ध निकै महत्त्वपूर्ण छन् । वातावरणको निगरानी भन्नाले सञ्चार माध्यमले सूचना सङ्कलन र वितरण गर्नु भन्ने बुझिन्छ। समाजका तत्वहरूको सम्बन्ध भन्नाले सञ्चार माध्यमका व्याख्यात्मक वा विश्लेषणात्मक क्रियाकलापहरू भन्ने जनाउँछ ।

बरान र डेभिस (२०००: २५०) व्याख्या गर्दै भन्छन्, निगरानी भन्नाले हामीले आमरूपमा भनिआएको समाचार तथा सञ्चार माध्यमको सूचना प्रवाहसम्बन्धी भूमिकालाई जनाउँछ। व्याख्याका सम्बन्धमा प्रकाश पार्दै उनीहरू आम सञ्चार माध्यमहरूले केवल तथ्य/तथ्याङ्क मात्र प्रवाह नगर्ने बताउँछन्। उनीहरूले घटनाको सर्वोत्कृष्ट अर्थ र यी घटनाको महत्त्व समेटिएका जानकारी/सूचना पनि उपलब्ध गराउँछन् । उनीहरू (२०००: २५०) को कथन छ, कुनै निश्चित दिन विश्वमा हुने हरेक कुरालाई अखबार वा टीभी वा रेडियो समाचारमा राख्न सकिन्न। सञ्चार संस्थाहरूले तोकिएको समय वा स्थानमा दिनुपर्ने ती घटनाक्रम छनौट गर्दछन् र तिनीहरूलाई कति प्राधान्य दिनुपर्ने हो निर्णय गर्दछन्। उनीहरूका अनुसार, विभिन्न द्वारपालहरू नै समाचार कथाहरूको मूल्याङ्कनमा महत्त्वपूर्ण भूमिकामा हुन्छन् जसले अन्ततः अखबार वा समाचार प्रसारणमा स्थान बनाइरहेका हुन्छन् ।

व्याख्यात्मक कार्यका आम उदाहरणहरू कुनै पनि अखबारका विचार-सम्पादकीय पृष्ठमा प्राप्त गर्न सकिन्छ। सिद्धान्तत, व्याख्या, टिप्पणी र विचारहरू पाठक, श्रोता, दर्शकलाई उपलब्ध गराइएका हुन्छन् ताकि उनीहरूले अरू पृष्ठमा समेटिएका समाचार कथाहरूमाथि थप परिदृश्य प्राप्त गर्न सक्छन् ।

उदाहरणका लागि, मंसिर ३ गते सेतोपाटी डट कमले एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले पैसा समेतका जस्तोसुकै साधन प्रयोग गरी काठमाडौं क्षेत्र नं. १० मा विजयी गराउन आफ्ना कार्यकर्तालाई निर्देशन दिइरहेको गोप्य रेकर्डिङलाई सार्वजनिक गरेको थियो। यसैगरी, कार्तिक २९ मा नेपाल समाचारपत्र दैनिकले एनेकपा (माओवादी) बाट गलत तरिका अपनाई निर्वाचन रणनीति उदाङ्ग पार्नेगरी समाचार दिएको थियो। समाचारको शीर्षकमा भनिएको थियो: कुनै पनि तरिकावाट विजयी हुन एनेकपा (माओवादी) बाट ५ सूत्रको प्रयोग।

संविधान सभा सदस्यको निर्वाचन २०७० का क्रममा नेपाली आम सञ्चार माध्यमबाट निर्वाह गरिएको सर्वाधिक अवलोकनयोग्य भूमिका नै आचार संहिताको सवाल उठान गर्नु हो। राजनीतिक दलहरू, उम्मेदवारहरू र सञ्चार माध्यमहरूबाट निर्वाचन आचार संहिताको अवज्ञा गरेका उदाहरणहरू देखिए पनि देशका विभिन्न स्थानबाट सञ्चालित सञ्चार माध्यमहरूले आचार संहिताको अक्षरशः पालना हुनुपर्ने भन्दै समाचार र टिप्पणी प्रकाशन गर्नेतर्फ उच्च प्राथमिकता दिएका थिए। कार्तिक २५ गते नागरिक दैनिकले प्रकाशन गरेको

समाचारको शीर्षक नै निर्वाचन आयोगले आचान संहिता पालना गराउन अक्षम भन्ने थियो।

अनलाइन पोर्टलहरूले पनि निर्वाचन आचार संहिता उल्लङ्घनका विषयलाई समेटेका थिए । मंसिर ३ गते मतदानको पूर्वसन्ध्यामा हाम्राकुरा डट कम (www.hamrokura.com) ले निर्वाचन आचार संहिताको उल्लङ्घनका घटना वृद्धि भएको सम्बन्धमा जियोकको वक्तव्यमा आधारित समाचार छापेको थियो । पक्षधर सञ्चार माध्यमहरूले विपक्षी दलहरू वा उम्मेदवारहरूले आचार संहितालाई बेवास्ता गरिरहेको आरोप लगाउने गरेका थिए । यस्तै समाचार मंसिर ३ गते काठमाण्डुटुडे डट कम (www.kathmandutody.com) ले राखेको थियो जसको समाचार शीर्षकमा एमालेका खनाल र नेम्बाङले आचार संहितालाई चुनौती दिएको कुरा उल्लेख थियो। त्यही दिन, एमालेमाथि आरोप लगाउँदै समाचार दिइएको थियो जसको शीर्षकमा भनिएको थियो: निर्वाचन पर्यवेक्षकको रूपमा एमालेले मतदाता खरिद गर्न पैसा बाँड्यो। कार्तिक २९ गते सेतोपाटी डट कम (www.setopati.com) ले निर्वाचन आचार संहिताको उल्लङ्घन बारे पर्दाफास गर्दै समाचार दिएको थियो। समाचारको शीर्षकमा भनिएको थियो: निर्वाचनको पूर्वसन्ध्यामा सरकारले राजनीतिक नियुक्ति पूरा गर्दैछ।

कार्तिक २१ गते मा चितवन पोष्ट दैनिकले निर्वाचन आचार संहिताको उल्लङ्घन विरुद्धमा चितवन जिल्लाभित्र १२ वटा मात्र उजूरी परेको समाचार प्रकाशन गरेको थियो।

निर्वाचन आचार संहिता सम्बन्धमा आरोप प्रत्यारोपको खेल रमाइलो किसिमको थियो। कार्तिक २४ गते काभ्रे पोष्ट साप्ताहिकले एउटा खास राजनीतिक दलको पक्षमा समाचार प्रकाशन गरेको थियो जसको शीर्षकमा भनिएको थियो काभ्रेका गाउँ सहर सबै ठाउँमा नेपाली काँग्रेस। त्यही अङ्कमा प्रकाशित अर्को समाचारको शीर्षक थियो: काभ्रेमा आचार संहिताको उल्लङ्घन बढ्यो।

बुटवलको मेचीकाली दैनिकले सन्तुलित प्रस्तुतिको उदाहरण देखाएको थियो। कार्तिक २३ गते विभिन्न राजनीतिक दललाई सन्तुलित गर्नेगरी स्थान उपलब्ध गराएको थियो । एउटा समाचार शीर्षकमा भनिएको थियो: लुम्बिनी अञ्चलमा निर्वाचनको तयारी तीव्र । कार्तिक २३ गते अर्को राजनीतिक दललाई स्थान दिँदै प्रकाशित समाचारको शीर्षक थियो: फोरमको घरदैलो अभियान उत्कर्षमा ।

एनपीआइको अनुगमनमा कार्तिक २३ गते अनलाइनखबर डट कम (www.onlinekhabar.com) ले समाचार मार्फत् निगरानीकर्ताको भूमिका निर्वाह गरेको पाइएको थियो जसको समाचार शीर्षकमा राजनीतिक कार्यकर्ताहरू निर्वाचन पर्यवेक्षक भए भन्ने समाचार दिइएको थियो । समाचारको भाव तटस्थ समूहमा राखिएको थियो ।

कार्तिक २८ गते अनलाइनखबर डट कम (www. onlinekhabar.com) ले निष्पक्ष समाचारको अर्को उदाहरण प्रस्तुत गरेको थियो। यो निर्वाचन आचार संहिताको अवज्ञाका बारेमा थियो जसको समाचार शीर्षकमा भनिएको थियो: आचार संहिताको देशव्यापीरूपमा बेवास्ता। समाचार निर्वाचन आयोग नेपालको स्रोतमा आधारित थियो। त्यही दिन, सेतोपाटी डट कम (www.setopati.com) ले अर्को नयाँ समाचार प्रकाशन गरेको थियो जसको

शीर्षकमा भनिएको थियो: निर्वाचन आयोगले राजनीतिक दलहरूले प्रकाशन गरेका रङ्गीन पोस्टरप्रति आँखा, चिम्लियो।

कार्तिक २६ गते हाम्राकुरा डट कम (www. hamrokura.com) ले निष्पक्ष किसिमबाट समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षक थियो: टीभी फिल्मी र हिमालयन टीभीलाई २४ घण्टे बोलावट। मंसिर १ गते गोरखापत्र दैनिकले निर्वाचन आचार संहितासँग सम्बन्धित समाचार प्रकाशन गरी निगरानीकर्ताको अर्को उदाहरण प्रस्तुत गरेको थियो। समाचारको शीर्षकमा भनिएको थियो: हेलिकप्टर प्रयोग गर्नेमा प्रचण्ड सबैभन्दा अगाडि । त्यही दिन, मेरो जागरण साप्ताहिकले पनि निर्वाचन आचार संहिताको कार्यान्वयन स्थितिको बारेमा समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षक थियो: आचार संहिताको अवज्ञा गर्नेक्रम बढ्यो। मतदानको दिनको पूर्वसन्ध्यामा समृद्ध समाज दैनिकले एउटा समाचार प्रकाशन गरेको थियो : आचार संहिताको उल्लङ्घनले चुनावी नतीजामा असर पार्न सक्छ। त्यसै दिन, दैनिक पत्रले पनि चेतावनीको शैलीमा समाचार शीर्षक राखेको थियो: आचार संहिता उल्लङ्घन गरी अरुको चरित्र हत्या नगरौं।

अभियानकर्ताको भूमिकामा

राजनीतिक दलहरू र उम्मेदवारहरूले सदैव आम सञ्चार माध्यमलाई उत्कृष्ट किसिमबाट प्रयोग गर्ने कोसिस गर्दछन्। नेपालमा संविधान सभा

तालिका १ : भनाइ र यथार्थबीचका भिन्नताका उदाहरणहरू

क्र.सं.	शीर्षक	अखबार	मिति	नतिजा
१.	माओवादीले २०० क्षेत्रमा अग्रता लिँदछ	पोखरापत्र, पोखरा	२०७० कार्तिक २६	माओवादीले २६ स्थान जित्यो
२.	माओवादीले स्पष्ट विजय हालि गदछ	काभ्रे हटलाइन साप्ताहिक, काभ्रे	२०७० कार्तिक २६	काभ्रे जिल्लामा कूल ४ स्थानमध्ये २ स्थान नेपाली काँग्रेस र २ स्थान एमालेले जित्यो
३.	ओलीले दोस्रो पटक हार्दैछन्	जनविद्रोह दैनिक, मोरङ	२०७० कार्तिक २६	केपी ओलीले झापा क्षेत्र नं. ७ बाट विजय प्राप्त गर्नुभयो
४.	न्यायका पक्षमा रहेका जनताको आवाजः काभ्रे जिल्ला एमालेको किल्ला	काभ्रे चातारी साप्ताहिक, काभ्रे	२०७० कार्तिक २५	काभ्रे जिल्लामा कूल ४ स्थानमध्ये काभ्रे-२ र काभ्रे-४ मा मात्र एमालेले जित्यो
५.	एमाओवादी कास्कीका ब ४ क्षेत्रमा बलियो	आदर्श नेपाल, पोखरा	२०७० कार्तिक २३	एमाओवादीले बे ४ क्षेत्रमा निर्वाचन हार्‍यो

सदस्यको निर्वाचन २०७० का क्रममा उनीहरूको रणनीति दुई किसिमको थियो। पहिलो, उनीहरूले मूलधारका व्यावसायिक आम सञ्चार माध्यममा बढीभन्दा बढी समय र स्थान सुरक्षित गर्ने योजना बनाएका थिए। दोस्रो, उनीहरूले आफ्नो राजनीतिक लाभका निम्ति दुस्प्रचार (propoganda) गर्न आफ्नै सञ्चार च्यानलहरू स्थापना र सञ्चालन गर्न थालेका थिए, मुख्यत: अखबारहरू। दुवै अवस्थामा उनीहरूको मुख्य उद्देश्य नै अनुकूल जनमत निर्माण गर्नु हो।

अमेरिकी विचारक लिपम्यानले पब्लिक ओपिनियन (१९२२) मा जनमत सिर्जनासम्बन्धी सिद्धान्त प्रस्तुत गरेका थिए। बरान र डेभिस (२०००: ७६) का अनुसार उनको विचारले लोकतन्त्रको व्यावहारिकता एवं त्यसमा स्वतन्त्र प्रेसको भूमिकाका बारेमा गम्भीर प्रश्न खडा गरेको थियो। लोकतन्त्रमा तपाईं के गर्नुहुन्छ यदि तपाईंले सुसूचित मतदान गर्ने जनतालाई विश्वास गर्न सक्नुहुन्न ? स्वतन्त्र प्रेस कसरी राम्रो भन्न सकिन्छ यदि यसबाट जनतालाई अति महत्त्वपूर्ण सूचना प्रभावकारी किसिमबाट प्रसार गर्न असम्भव हुन्छ ? बरान र डेभिसले व्याख्या गरेझैं लिपम्यानको विश्वासमा दुस्प्रचारले यस्तै गम्भीर चुनौती खडा गर्दछ जसले हाम्रो राजनीतिक प्रणालीमा आमुल परिवर्तन आवश्यक भएको देखाउँछ। आमजनता दुस्प्रचारबाट जोखिममा पर्दछन्, त्यसर्थ यसबाट उनीहरूलाई जोगाउन कुनै किसिमको संयन्त्र वा निकाय आवश्यक पर्दछ।

जनमत सर्भेक्षणमा प्रतिबन्ध गरिएको भए पनि चुनावको पूर्वसन्ध्यामा कुनै अमुक पार्टी सबैभन्दा ठूलो हुँदैछ भनी गरिएको कथित नतीजालाई सञ्चार माध्यमले प्रकाशन गरेको थियो। यस्तै एउटा समाचारलाई अनलाइनमा प्रकाशन गरिएको थियो । मंसिर ३ गते काठमाडौँटुडे डट कम (kathmandutoday.com) ले पुरुषोजन दाहालबाट गरिएको व्यक्तिगत सर्वेक्षणमा आधारित रहेर चुनावी प्रक्षेपण गरिएको र आयोगले यसलाई रातो झण्डा देखाएको थियो। आचार संहिताको परिच्छेद ८, दफा १०१ को विविध शीर्षकले राजनीतिक दलहरू र उम्मेदवारले उम्मेदवारी दर्ता गराएको मितिदेखि मतदान सम्पन्न नहुँदासम्म कुनै किसिमको सर्भेक्षण गर्ने वा सर्भेक्षणका नतीजा प्रकाशन गर्ने कार्यलाई निषेध गरेको छ।

केही नेपाली सञ्चार माध्यमबाट प्रस्तुत पक्षपातलाई निरुत्साहित गर्नेगरी युरोपेली युनियनको निर्वाचन पर्यवेक्षण मिसनले दुईवटा सुझाव प्रस्तुत गरेको छ किनभने कतिपय सञ्चार माध्यमले कुनै खास राजनीतिक दल वा उम्मेदवारका निमित्त अभियानकर्ताको भूमिका निर्वाह गरिरहेको अनुभव गरिएको थियो। मिसन (२०१३: ३९) ले प्रेस काउन्सिल ऐन र यसको आचार संहितामा सामयिक संशोधन गर्नुपर्ने जनाएको छ। सञ्चार माध्यमबाट आचार संहिताको उल्लङ्घन भएको अवस्थामा काउन्सिललाई बढी अख्तियारी दिइए त्यसले संस्थाको कानूनी अधिकार सबल बनाउन योगदान पुग्दछ। मिसनका अनुसार, प्रेस काउन्सिलको स्वतन्त्रता कायम गरिनु पनि उपयुक्त हुन्छ। युरोपेली मिसन (२०१३: ९) ले यो विषयलाई प्राथमिकतापूर्ण कार्यका रूपमा अघि बढाएको छ। आम सञ्चार माध्यमसँगै जोडिएको अर्को प्राथमिकताको विषयका रूपमा यसले सूचनाको हकसम्बन्धी ऐनको सही र विस्तृत कार्यान्वयनमा जोड दिएको छ जसले अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम नै बढी स्वतन्त्र सञ्चार वातावरणमा योगदान गर्न सक्दछ ।

कतिपय अवस्थामा साप्ताहिक र स्थानीय अखबारहरू, एवं अनलाइन समाचार पोर्टलहरूले पत्रकारिताका आधारभूत व्यावसायिक मापदण्डलाई अनुसरण गरेको देखिएको थिएन । आम सञ्चार माध्यमलाई राजनीतिक दलहरू र उम्मेदवारहरूले निर्वाचन अभियानको साधनका रूपमा प्रयोग गरेको परिणामस्वरूप यस्तो अवस्था आएको हो । जिल्ला एवं राष्ट्रिय स्तरमा सञ्चालित दुवै किसिमका धेरै सञ्चार च्यानलहरू प्रत्यक्षरूमा स्वामित्वमा रहेका, प्रायोजित वा कुनै खारा राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्ध रहेको पनि पाइएको छ। त्यसको परिणामस्वरूप गम्भीर सम्पादकीय पक्षपाततर्फ अग्रसर बनाएको तथा कहिलेकाहिँ स्थानीय सञ्चार परिदृश्य नै ध्रुवीकृत भएको छ। तर, कतिपय अवस्थामा यी पक्षपातहरू सञ्चार माध्यमको विविधता र स्वतन्त्र सञ्चार माध्यमको उपस्थितिले चुनौती दिएको देखिएको छ।

जनकपुरमा, धनुषा-४ बाट नेपाल सदभावना पार्टी (महतो) का उम्मेदवार रहेका सञ्जय साहले आफ्नो नामाङ्कन दाखिल गर्नासाथ गंगासागर साप्ताहिक नामको अखबार प्रकाशन गर्न थाले। यो पत्रिका उनको निर्वाचन अभियान साधनको रूपमा आरम्भ गरिएको थियो। निर्वाचन सम्पन्न भएलगत्तै यो पत्रिका बन्द भयो। यस्तो किसिमको सञ्चार माध्यम दुस्प्रचार (propaganda) को प्रक्रियामा मात्र आबद्ध हुन्छ। वाट्सन (२००४: ९२) ले सामान्यतया विश्वासको निर्लज्ज रणनीतिका रूपमा दुस्प्रचार शब्दावलीलाई लिन्छन् जहाँ सूचनाहरू बङ्ग्याइन्छन्, पक्ष लिइन्छन् वा असत्य हुन्छन् ।

सद्भावना पार्टीका वरिष्ठ उपाध्यक्ष समेत रहेका साहले संविधान सभा सदस्यको निर्वाचन २०७० मा धनुषा निर्वाचन क्षेत्र नं. ४ बाट संविधान सभा/व्यवस्थापिका संसद्मा निर्वाचित भएका थिए । पछि, २०७० वैशाख २१ गते प्रहरीले उनलाई जनकपुरको रामानन्द चोकमा ०६९ वैशाख १८ गते पाँचजनाको ज्यान लिनेरी भएको बम आक्रमणका मुख्य योजनाकार रहेको आरोपमा गिरफ्तार गयो। सोही घटनामा अरू ३२ जना घाइते भएका थिए। निर्वाचन हुने चार दिन अघि अर्थात् कार्तिक २९ गते हेटौडाबाट प्रकाशित हेटौडा सन्देशले कुनै खास राजनीतिक दललाई अघि बढाउने उद्देश्य राखी शीर्षक राखेको थियो जसमा भनिएको थियो: "युवाहरू एमाओवादीमा लामबद्ध ।" मतदानको ठीक दुई दिनअघि मंसिर २ गते युथ टुडे दैनिकले एउटा त्यस्तै समाचारको शीर्षक राखेको थियो: "एमालेलाई मतदान गर्नु बालुवामा पानी हाल्नुसरह हो, यो एमाओवादीको समय हो।" यस्तै, त्यही दिन चुरेकुञ्ज साप्ताहिकले माओवादी विरोधी अभियान चलाएको थियो जसको समाचारको मुख्य शीर्षक थियो: "एमाओवादी पनि राजतन्त्रजस्तै ढल्नेछ।"

अनलाइन समाचार पोर्टल रातोपाटी डट कम (ratopati.com) ले एमाओवादीलाई सेवा पुऱ्याउन निरन्तररूपमा दुर्भावनापूर्ण सामग्री दिएको थियो। यी सामग्रीहरूमा सत्यता, सन्तुलित स्रोत तथा स्वच्छताको अवधारणालाई बिल्कुलै बेवास्ता गरिएको थियो।

चुनावका क्रममा कतिपय स्थानीय रेडियोहरूले आ-आफ्नो नजिक रहेका राजनीतिक पार्टी वा अम्मेदवारहरूलाई अनुकूल हुने सामग्री प्रस्तुत गरेका थिए। नेपाल प्रेस इन्स्टिच्युटको अनुगमनले त्यस्ता आग्रहयुक्त सामग्री सबभन्दा बढी मतदानको ४८ घण्टा अघिको अवधिमा वा मौन

अवधिका क्रममा नै प्रशारण गरिएको देखाएको छ। तर कैयन स्थानीय रेडियोहरू निर्वाचन अवधिभर कुनै न कुनै रूपमा पक्षपात पूर्ण ढंगले चुनाव प्रचारमा संलग्न थिए। मंसीर १ गते काठमाडौको मैत्री एफ एमले एमाओवादीका नेता एवं रोल्पा १ का उम्मेद्वार कृष्णबहादुर महराको अन्तवार्ता प्रशारण गऱ्यो। महराको बढाई चढाई गरिएको उक्त सामग्री वस्तुत: चुनाव प्रचार सामग्री नै थियो। त्यही दिन रुकुमको रेडियो सानो भेरीले अरू पार्टीले मतदातालाई पैसा वितरण गरेको आरोप लगाउँदै एउटा समाचार सामग्री प्रस्तुत गर्यो। भोलिपल्ट अछामको जनप्रिय एफ.एम.ले एमाओवादी नेताले उनको पार्टीलाई भोट दिन र अरूको पछाडि नलाग्न आग्रह गरेको जनाउँदै समाचार प्रशारण गऱ्यो।

२०७० मङ्सिर १ गते सल्यानको रेडियो शारदाले माओवादीले जिल्लाको सबै क्षेत्रमा जित्ने दावी गरेको जनाउँदै प्रचार सामग्रीलाई समाचारका रूपमा प्रस्तुत गऱ्यने। त्यही दिन, रोल्पाको रेडियो जलजलाले बढाई चढाई गर्दै एमाओवादी नेता महराको अन्तरवार्ता प्रशारण गऱ्यो। वस्तुत: त्यो प्रचार सामग्री नै थियो। त्यही दिन पूर्वी नेपालको पाँचथरमा भने इगल एफ.एम.ले अत्यधिक परिमाणमा एमालेका साँगितिक विज्ञापन प्रशारण गऱ्यो। उक्त एफ. एम. ले गीतहरूसमेत एमालेलाई अनुकूल हुने गरी बजाएको थियो ।

यस सम्बन्धमा युरोपेली युनियन निर्वाचन पर्यवेक्षण मिसन-नेपाल (२०१३: ३९) ले गाली बेइज्जतीसम्बन्धी ऐन, सन् १९५९ मा सामयिक संशोधन र अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिएको सुझाव दिएको छ। गाली बेइज्जतीसम्बन्धी ऐनको हालका प्रावधानहरूले स्लान्डरका निम्ति दुई वर्षसम्मको सजाय तोकेको छ जुन पुरानो भएको र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग पनि मिल्दो छैन। मिसनले सूचनाको हकसम्बन्धी ऐनको सही र विस्तृत कार्यान्वयनले अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम बढी स्वतन्त्र सञ्चार वातावरणमा योगदान गर्न सक्ने जनाएको छ।

सम्भाव्य सञ्चार छलकपटलाई निरुत्साहित गर्ने लक्ष्यसँगै इयू निर्वाचन पर्यवेक्षण मिसन-नेपाल (२०१३:

३९) ले अभियानको अवधिका क्रममा राजनीतिक दलहरू र उम्मेदवारहरूबाट स्पष्ट विज्ञापनको प्रसारण/प्रकाशन सम्बन्धमा सञ्चार माध्यमका लागि स्पष्ट किसिमका निर्देशनहरू निर्माण गरिनु उपयुक्त हुने सुझाव दिएको छ । मिसनले अभियानको मौर अवधिको सम्मानका लागि अखबारहरूको समयसीमा सम्बन्धमा स्पष्ट निर्देशन स्थापित गरिनु उपयुक्त हुने पनि जनाएको छ। मिसनको प्रतिवेदनका अनुसार, अभियानको अवधि आरम्भ हुनुअघि नै यी सबै निर्देशनहरू जारी गरिनु उपयुक्त हुन्छ।

शीर्षकको दृष्टिबाट अखबारहरू

अन्य बेला झै संविधान सभा निर्वाचन २०७० का कममा पनि समाचार पत्रपत्रिकाहरूले शीर्षकबाटै निष्पक्षता वा पूर्वाग्रह दर्शाएका थिए। साप्ताहिकहरूको प्रभाव पाठहरूबीच कम देखिन्छ। तर सबैजसो साप्ताहिकहरूले प्रष्टत: आफ्नो अग्रह शीर्षकहरूमै झल्काएका थिए । रिह (२०११: १३) विचारमा शीर्षकले न्यूनतम शब्दमा समाचार कथालाई संक्षेपीकृत गर्नु पर्दछ, समाचार कथाप्रति पाठकलाई आकर्षित गर्नु पर्दछ एवं पहिलो पृष्ठको शीर्षकले भने अखबारप्रति पाठकलाई आकर्षित गराउनु पर्दछ ।

जनकपुरबाट प्रकाशित जनकपुर टुडेले निरन्तर पक्षपातपूर्ण समाचार प्रवाह गरेको थियो। कार्तिक २५ गते यसको एउटा शीर्षकमा भनिएको थियो: "नेकाको पक्षमा चुनावी लहर।" कार्तिक २३ गते मोरङ जनविद्रोह दैनिकले प्रकाशन गरेको एउटा शीर्षकमा "सुनसरी-२ मा एमाओवादी बलियो" भन्ने उल्लेख थियो। तर, ६ वटा निर्वाचन क्षेत्रमध्ये माओवादीले कुनै पनि स्थान जित्न सकेन र एमालेले सुनसरी-२ मा निर्वाचन जित्यो। राजधानीमा साप्ताहिकहरू ध्रुवीकृत भएका थिए। उदाहरणका लागि, कार्तिक २५ गते देशान्तर साप्ताहिकले प्रकाशन गरेको समाचारमा "काँग्रेसले ऐतिहासिक विजय हासिल गर्दैछ" भनी शीर्षक राखिएको थियो ।

कार्तिक २७ गते मतदानको पाँच दिनअघि जनादेश म्याग्दी (जनादेशको स्थानीय संस्करण) ले यस्तो शीर्षक राखेको थियो: "एमालेको सूर्य महाकाली नदीमा विश्वासघातसँगै बिलायो।" कार्तिक २६ गते पोखराबाट प्रकाशन हुने गण्डकी खबर दैनिकले छापेको समाचारको शीर्षकमा पनि "एमाओवादीले २०० यनिर्वाचन क्षेत्रमा अग्रता कायम गर्ने" जनाएको थियो । एमाओवादीको पक्षमा एकै किसिमका समाचार देशका विभिन्न भागबाट प्रकाशन हुने धेरै स्थानीय अखबारहरूमा छाप्न लगाइएको पाइएको थियो। एमाओवादी पक्षधर भनी परिचित जनादेश साप्ताहिकले म्याग्दीको बेनीबाट स्थानीय संस्करण नै प्रकाशन गर्न थालेको थियो र यसको मुख्य उद्देश्य नै निर्वाचनको प्रचार अभियानलाई तीव्र बनाउनु थियो। थो साप्ताहिकले निरन्तर एमाओवादीको पक्षमा दुस्प्रचार गरेको थियो। कार्तिक २२ गते यसको एउटा शीर्षकमा भनिएको थियो: "हाम्रो विजय सुनिश्चित छ।" प्रारम्भिक चरणबाट स्थानीय अखबारहरूले आ- आफ्ना रुचिको दलका प्रचार शुरू गरेका थिए। कार्तिक २२ गते मध्यपश्चिम सन्देश दैनिकले प्रकाशन गरेको समाचार शीर्षकमा भनिएको थियो: "लोकतान्त्रिक संविधान बनाउन नेपाली काँग्रेसलाई बहुमत दिनु अत्यावश्यक ।"

कार्तिक २१ गते चितवनको कायाकैरन दैनिकले चुनावी प्रतिस्पर्धामा रहेको दलविरुद्ध निम्नस्तरको टिप्पणी गरेको थियो, जसको समाचार शीर्षकमा भनिएको थियो: एमाओवादी अस्तित्वको दोधारमा । केही अखबारहरूले अरूचिकर शीर्षकसँगै पक्षपाती रहेको स्वीकार गरेका थिए। उदाहरणका लागि, कार्तिक १८ गते मुक्तिक्षेत्र दैनिकले प्रकाशन गरेको समाचार शीर्षकमा भनिएको थियो: "एमाओवादीको चुनावी अभियान। खासगरि निर्वाचनसम्बन्धी समाचार वा समाचारमूलक सामग्रीलाई मूल्याङ्कन गर्दा अधिकांश स्थानीय समाचारपत्रहरू अभियानको उच्च ज्वरोबाट ओतप्रोत भएको पाइएको थियो। कार्तिक १७ गते भिमेश्वर दैनिकले प्रकाशन गरेको शीर्षक त्यस्तै पक्षपातपूर्ण देखियो: "नेकाले दुवै क्षेत्रमा जित्दैछ।" तर, निर्वाचनमा दुवै क्षेत्र एमालेको पक्षमा गएको थियो। त्यही दिन, अगुवा सञ्चार दैनिकले प्रकाशन गरेको शीर्षकमा भनिएको छ: सयौँ नेता, कार्यकर्ता एमाओवादीमा प्रवेश । जबकी त्यही दिन सत्यापन साप्ताहिकको एउटा समाचार शीर्षक मुलुकलाई बचाउन एमालेको विजय अत्यावश्यक रहेको थियो ।

स्थानीय अखबारहरूले प्रदर्शन गरेको यस्तो आम प्रवृत्तिका बीच पश्चिमाञ्चल क्षेत्रको सानो सहर लम्जुङबाट प्रकाशन भइरहेको एउटा अखबारले विभिन्न दलहरूलाई सकारात्मक कभरेज सहित

समान किसिमबाट स्थान उपलब्ध गराएको पाइएको थियो । कार्तिक २६ गते यसको एउटा शीर्षकमा भनिएको थियो: "दुवै क्षेत्रमा माओवादी घरदैलो अभियानमा व्यस्त । त्यही दिनको अर्को समाचार सामग्रीको शीर्षक थियो: "नेकाको प्रचार अभियान तीव्र, बेसीसहरमा घरदैलो अभियान।" त्यसै दिन प्रकाशित लम्जुङ आवाजले पनि समाचारलाई बढी सन्तुलित किसिमबाट राख्ने प्रयत्न गरेको थियो जसको समाचार शीर्षक थियो। "एमाओवादीका स्थानीय नेता नेकामा प्रवेश, चुनावी लहर एमाओवादी र एमालेमा पनि।"

न्यू मिडियाको भूमिका

अनलाइन समाचार पोर्टल काठमाण्डुटुडे डट कम (www.kathmandutoday.com) लाई एनपीआईका अनुगमनकर्ताहरूले सबैभन्दा बढी रातो झण्डा देखाएका थिए किनभने यो पोर्टलले निरन्तर दुस्प्रचार (propaganda) लाई बढावा दिएको थियो। मतदानको दिनको पूर्वसन्ध्यामा यसले निर्वाचन आयोगप्रति नै नकारात्मक भाव झल्काउने समाचार राखेको थियो। एनपीआईका अनुगमनकर्ताले यो समाचारमा गम्भीर आचार संहिता उल्लङ्घन भएको जनाएका थिए। समाचारको शीर्षक भन्छ: निर्वाचन आयुक्त शर्माले उम्मेदवारलाई भनिन्- चुप लाग्नूस् ।

सम्पूर्ण निर्वाचन अवधिका क्रममा अर्को अनलाइन समाचार पोर्टल रातोपाटी डट कमले एमाओवादीलाई समर्थन गर्दै अरू दलविरुद्ध पूर्वाग्रहयुक्त समाचार निरन्तर प्रवाह गरेको थियो। २०७० कार्तिक ७ र ८ गते रातोपाटीले एक जना उम्मेदवारको चरित्र हत्या गर्ने मनसाय राखी समाचार राखेको थियो। यसले एमाले नेता एवं काठमाडौं क्षेत्र नं. ५ का उम्मेदवारका विरुद्ध पेसागत मापदण्डका आधारलाई चुनौती दिँदै समाचार दिएको थियो । कार्तिक २९ गते रातोपाटी डट कमले नेपाली काँग्रेसप्रति मानहानि गर्नेगरी समाचार राखेको थियो। समाचारको शीर्षकमा भनिएको थियो: नेकाका नेतालाई कार्यकर्ताले जुत्ताको माला लगाए। मतदानको पूर्वसन्ध्यामा रातोपाटी डट कमले एमाओवादीको पक्षमा समाचार दिएको थियो जुन एमालेप्रति नकारात्मक र पूर्वाग्रही थियो। समाचारको शीर्षक थियो: प्रमुख निर्वाचन प्रचारकले पार्टी छाडेपछि एमालेमा संकट। त्यही दिन, यसले अर्को समाचार दिएको थियो जुन नेकाको पक्षमा थिएन। यो समाचारलाई सञ्चार अनुगमनकर्ताहरूले निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घन ठहर गरी रातो झण्डा देखाएका थिए। समाचारको शीर्षक थियो: देउवाका कार्यकर्ता भागे। त्यसैदिन, रातोपाटीले मानव अधिकार संस्था इन्सेकका अध्यक्ष एवं मानव अधिकारकर्मी सुबोधराज प्याकुरेलले रकम बाँड्दै गरेको अवस्थामा पक्राउ परेको आरोप लगाइ समाचार दिएको थियो। स्वतन्त्र पर्यवेक्षकका रूपमा स्वच्छ निर्वाचन अभियान सञ्चालन गरिरहेको इन्सेकले समाचारप्रति कडा शब्दमा आपत्ति जनाउँदै त्यो विल्कुलै आधारहीन रहेको बताएको थियो। एनपीआईका अनुगमनकर्ताले त्यस समाचारले निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भनी वर्गीकरण गरेका थिए। निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घनको अर्को उदाहरण त्यही दिन रातोपाटी डट कमले प्रदर्शित गरेको थियो जसको शीर्षकमा भनिएको थियो: ओलीले खनाललाई पराजित गर्न ५० लाख दिए। मतदानको पूर्वसन्ध्यामा रातोपाटी डट कमले अर्को दुस्प्रचार सामग्री राखेको थियो जसको शीर्षक एमाओवादीका अध्यक्ष प्रचण्डको समर्थनमा तीनजनाले उम्मेदवारी

फिर्ता लिए भन्ने थियो।

मंसिर १ गते मतदान हुनु तीन दिनअघि मात्र काठमाण्डुटुडे डट कमले राखेको समाचारमा नेपाली काँग्रेसका एकजना वरिष्ठ नेताप्रति मानहानिको भाषा प्रयोग गरिएको थियो। समाचारको शीर्षकमा भनिएको थियो: रामचन्द्र पौडेल चुनावमा पराजित हुँदैछन् जो प्रधानमन्त्री पदको निर्वाचनमा १७ पटक पराजित भएका थिए।

कार्तिक २८ गते हाम्म्राकुरा डट कमले एमाओवादीप्रति नकारात्मक भाव झल्काउने समाचार दिएको थियो। समाचारको शीर्षकमा भनिएको छ: एमाओवादीका कार्यकर्ताले पार्टी छाड्ने लहर । कार्तिक २९ गते रातोपाटी डट कमले निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घन रहेको अर्को प्रचार सामग्री प्रकाशन गरेको थियो। समाचारको शीर्षकमा भनिएको छ: गोलो घेराभित्रको हँसिया र हथौडा नै सबैको चाहना हो। गोलो घेराभित्रको हँसिया र हथौडा एमाओवादीको निर्वाचन चिन्ह हो। मतदान हुनु दुई दिनअघि मंसिर २ गते रातोपाटी डट कमले कथित जनमत सर्भेक्षण प्रस्तुत गरेको थियो जुन निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घनको अर्को उदाहरण हो।

कार्तिक २२ गते जनादेश म्याग्दीमा छापिएको समाचार शीर्षकमा भनिएको छ: हाम्रो विजय सुनिश्चित । नोभेम्बर १५ मा कन्चनजङ्घा टाइम्स दैनिकले समाचार शीर्षकको रूपमा पार्टीको नारा छापेको थियो: एमाओवादीले विकास र राजनीतिक अस्थिरता हटाउनका लागि बहुमत ल्याउने हक राख्छ। अखबारले खुलारूपमा पक्ष लिएको एउटा उदाहरण मोरङको नयाँ सृष्टी दैनिकले नोभेम्बर १६ मा प्रकाशित समाचारले देखाएको छ। त्यस अखबारले प्रकाशन गरेको समाचार निर्वाचन प्रचार सामग्री नै थियो। त्यस अखबारले मोरङबाट नेपाली काँग्रेसका उम्मेदवारको पक्षमा अभियान चलाइरहेको थियो। त्यही दिन जनविद्रोह पत्रिकाले निर्वाचन आचार संहिताको गम्भीर उल्लङ्घनको उदाहरण प्रस्तुत गरेको थियो। समाचारको शीर्षकमा अछामीका अघिल्तिर अर्का उम्मेदवार पुङ्के छन् भन्ने छापिएको थियो। अखबारका शीर्षहरूले अछामीको प्रचार गर्न अरू उम्मेदवारमाथि मानहानियुक्त शब्दको प्रयोग गरेका थिए।

मतदानको दुई दिनअघि मात्र मध्यमार्ग साप्ताहिकले नेकाप्रति सकारात्मक पूर्वाग्रह प्रस्तुत गरेको थियो। समाचारको शीर्षमा भनिएको थियो: काभ्रेका सबै चार स्थान नेकाको पक्षमा। त्यही दिन, पोखरा हटलाइन दैनिकले एकजना उम्मेदवारलाई सघाउने किसिमबाट समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षकमा भनिएको थियो: जिसीलाई विजयका निम्ति अग्रीम शुभकामना। त्यही दिन, दाङमा नौलो जनउभार साप्ताहिकले आचार संहिताको उल्लङ्घन गरेको थियो। समाचारको शीर्षमा भनिएको थियो कि दाङका सबै पाँच निर्वाचन क्षेत्रमा एमाओवादीले अग्रता लिइरहेको छ। नोभेम्बर १७ मा मतदानको दुई दिनअघि मोरङको दर्शन दैनिकले पत्रकारिताको नैतिक एवं पेसागत मर्यादा उल्लङ्घन गरी समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षकमा भनिएको थियो: कटुवालको पक्षमा मोरङ-७ मा जनलहर ।

काठमाडौमा त्यही दिन देशान्तर साप्ताहिकले घृणायुक्त समाचार प्रकाशन गरेको थियो जसको समाचार शीर्षकमा भनिएको थियो: प्रचण्डले पराजय टार्न ३०-३० लाख वितरण गरे। त्यही दिन, मतदानको

ठीक दुई दिनअघि प्यूठानको प्यूठान समाचार दैनिकले त्यस्तै किसिमको समाचार प्रकाशन गरेको थियो जसको शीर्षकमा: सर्वत्र सकारात्मक वातावरण, एमालेले पक्का जित्दैछ भनिएको थियो। मंसिर २ गते हेटौंडाको हेटौंडा टुडे दैनिकले कुनै खास पार्टीको प्रचार सामग्रीका रूपमा समाचार छापेको थियो जसको शीर्षकमा मकवानपुर जिल्ला एमालेको किल्ला हो भनिएको थियो। मतदानको पूर्वसन्ध्यामा काभ्रे पोष्ट साप्ताहिकले कुनै खास दलको पक्षमा समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षक थियो: निर्वाचन क्षेत्र १ र २ मा तीन हजार नेकामा प्रवेश । त्यही दिन, मध्यमार्ग साप्ताहिकले त्यस्तै किसिमको समाचार छापेको थियो। समाचारको शीर्षकमा भनिएको थियो: मंसिर ४ गते नेकामा मतदान गर्न जनता प्रतीक्षारत । मतदानको पूर्वसन्ध्यामा राष्ट्रिय सन्दर्भ दैनिकले घृणायुक्त समाचार प्रकाशन गरेको थियो। समाचारको शीर्षकमा नेपाली काँग्रेसले मुक्त कमैया क्षेत्रमा रकम बाँड्यो भन्ने रहेको थियो।

सरकारी प्रतिबन्ध र हस्तक्षेप छैन

दोस्रो संविधान सभा सदस्यको निर्वाचनका क्रममा नेपाली आम सञ्चार माध्यमले सबै दल र उम्मेदवारका आवाज दिने अधिकार उपभोगको सन्दर्भमा सरकारी पक्षबाट कुनै किसिमको प्रतिबन्धको सामना गर्नु परेको थिएन। सञ्चार माध्यमहरूले आफ्ना अधिकारलाई दल र नेताहरूसम्म विस्तार गरेका थिए जसले सरकारको कडा विरोध पनि गरिरहेका थिए।

नेपाल २०४७ साल देखि नै आइसीसीपीआरको पक्ष राष्ट्र हो र देशको वर्तमान संविधानले पनि हरेक व्यक्तिले विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने मान्यता स्थापित गरेको छ। रिपोर्टर्स विदाउट बोडर्स (Reporters without Borders) (११) ले राजनीतिक अभियानहरूका क्रममा सबै दल र उम्मेदवारका साथै सबै नागरिकका निमित्त स्वतन्त्र अभिव्यक्तिको अधिकार प्रत्याभूत गरिनु पर्दछ। रिपोर्टर्स विदाउट बोडर्सका अनुसार यस्तो स्वतन्त्रता निम्न किसिमबाट अभिव्यक्त गर्न सकिन्छ:

- कार्यक्रम प्रस्तुत गर्न वा विचार अभिव्यक्त गर्न सञ्चार माध्यमसँगको पहुँचको अधिकार।
- अभिव्यक्तिको स्वतन्त्रतामा अवरोधको प्रयत्न भए त्यसलाई सार्वजनिक गर्ने।

रिपोर्टर्स विदाउट बोडर्स भन्दछ: पछिल्लो प्रावधानका उदाहरणहरूमा चुनावी अभियानका र्याली आयोजना गर्न सरकारबाट हुने रोकावट, वा निर्वाचनमा हुने धाँधलीको प्रत्यक्ष जानकारी सार्वजनिक नगर्न कुनै राजनीतिक दलले नागरिकमाथि दिने दवाब समावेश हुन्छन् ।

संविधान सभा सदस्यको निर्वाचनका क्रममा नेपाली आम सञ्चार माध्यमले निर्वाचन मार्फत लोकतान्त्रिक अभ्यासप्रति योगदान पुऱ्याएका थिए, र उनीहरूले सबैका विचारलाई यथोचित स्थान दिनुका साथै गलत कार्यहरूलाई पर्दाफास गरेका थिए।

निर्वाचनका क्रममा चुनावी अभियानमा राम्रो व्यवहार प्रस्तुत गर्न सरकारी स्वामित्वका राष्ट्रिय सञ्चार माध्यमका निम्ति अलग्गै प्रावधानहरू थिए। ईयू-निर्वाचन पर्यवेक्षण मिसन-नेपाल (२०१३: ३९) ले राष्ट्रिय स्तरका विद्युतीय सञ्चार माध्यममा राजनीतिक दलहरू र उम्मेदवारहरूका निम्ति नि:शुल्क प्रसारणको व्यवस्था गर्नुपर्ने सम्बन्धमा विस्तृत निर्देशनहरू आवश्यक रहेको सिफारिस

गरेको थियो। प्रसारण कहिलेदेखि आरम्भ हुन्छ भन्ने सही मितिको जानकारीले राजनीतिक दल र उम्मेदवारलाई आफ्नो अभियानका एजेन्डा तय गर्न र रेकर्डिङ कार्यतालिका मिलाउन मद्दत पुग्दछ। यसैगरी, मिसनको भनाइमा यो अभ्यासलाई बढी प्रभावकारी बनाउन निर्वाचन आयोगले मिडिया अनुगमनको प्रारम्भका लागि आचार संहितामा नै स्पष्ट निर्देशन र निश्चित मिति तोकिनु उपयुक्त हुन्छ।

निर्वाचनको अवधिमा नेपाली आम सञ्चार माध्यमका निम्ति जारी आचार संहिताको ९०औं दफामा भनिएको छ: राजनीतिक दलहरूका निमित्त निर्वाचन आयोगले रेडियो र टेलिभिजनको समय उपलब्ध गराउँदा संविधान सभा सदस्यको निर्वाचन २००८ मा प्राप्त भएको मतको अनुपातमा विचार गरिनेछ। शिक्षामूलक सन्देशहरू प्रवाह गर्नका निम्ति निर्वाचन आयोगले राष्ट्रियस्तरका टेलिभिजन र रेडियोमा नि:शुल्क प्रसारण समय उपलब्ध गराएको थियो। आचार संहिताको दफा ९१ ले निर्वाचन आयोगको समय तीन चरणमा उपलब्ध हुने व्यवस्था गरेको छ । पहिलो, राजनीतिक दलका चुनावी घोषणापत्र सार्वजनिक गर्न रेडियोमा पाँचदेखि २० मिनेट । दोस्रो, चुनावी अभियानका निम्ति टेलिभिजनमा दुईदेखि पाँच मिनेछ । तेस्रो, मौन अवधि आरम्भ हुनुअघि मतदातालाई अन्तिमपटक अपिल गर्न टेलिभिजनमा प्रत्येक राजनीतिक दललाई एक मिनेट । आचार संहिताको ९२ औं दफाले सम्बद्ध राजनीतिक दलले माथिका हरेक चरणका लागि आफ्ना सामग्रीहरू तयार गर्नुपर्ने र सम्बद्ध सञ्चार माध्यममा उपलब्ध गराउनु पर्ने प्रावधान समेटेको छ ।

सञ्चार माध्यमबाट राजनीतिक दलहरूप्रतिको व्यवहार

निर्वाचनको पूर्वसन्ध्यामा मंसिर ३ गते बिहान ८ बजे एबीसी टेलिभिजनले आफ्ना व्यवस्थापन निर्देशक एवं समाचार प्रमुख शुभशङ्कर कँडेलसँगको अन्तर्वार्ता प्रस्तुत गर्दछ। अन्तर्वार्तामा श्री कँडेलले दावी गर्दै भन्नुहुन्छ आफ्नो च्यानलले कुनै पनि किसिमको चुनावी आचार संहिता उल्लङ्घन गरेको छैन। उहाँ सरकारले नै च्यानल रोक्ने प्रयत्न गरिरहेको र यो प्रेस स्वतन्त्रताको भावना विरोधी रहेको आरोप लगाउनुहुन्छ।

एवीसीबाट प्रसारण गरिएका कम्तीमा सातवटा श्रव्य सामग्रीमा एवीसीका अधिकारीहरूले समाचार च्यानल विरुद्ध कार्यवाही गर्ने निर्वाचन आयोगका निर्णयहरूलाई चुनौती दिइरहेका थिए।

अपराह्नसम्ममा च्यानलले त्यही समाचार पटकपटक दोहोऱ्याउँछ र स्क्रीनमा निम्न सन्देश फ्लासका रूपमा देखाउँछ: बन्द गर दुस्प्रचार।

अपराह्न एवीसी टीभीले निर्वाचन आयोगबाट आयोजित प्रेस सम्मेलनको प्रत्यक्ष प्रसारण आरम्भ गर्दछ। प्रमुख निर्वाचन आयुक्तले सम्मेलनमा सम्बोधन गर्नुहुन्छ। एनटीभी, एभीन्यूज, न्यूज२४ र माउन्टेन टीभीले पूरै अवधिको प्रत्यक्ष प्रसारण गर्दछन् तर इमेज च्यानलले आंशिक प्रसारण गर्दछ। यस सम्बन्धमा नियोक (२०१४: २८) को भनाइ छ, मंसिर ३ गते निर्वाचन आयोगले एबीसी टेलिभिजनको प्रसारणलाई अर्को दिन अपराह्न ५ बजेसम्म रोक्न सरकारलाई निर्देशन दिएको थियो, किनभने च्यानलले आफ्नो प्रसारणमा कुनै पार्टीको पक्ष लिएको स्पष्टरूपमा पाइएको थियो। तर, एबिसी टेलिभिजनको विरोधपछि सरकारले त्यो निर्देशनलाई कार्यान्वयन गरेन।

तालिका २ : मतदाता शिक्षाका लागि नेपाली आम सञ्चार माध्यमबाट थप अपेक्षा

क्र.सं.	अनुगमन प्रतिवेदन	अपेक्षाहरू
१.	राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिति (नियोक)	निर्वाचन आयोग, नागरिक समाज तथा गैसस सहित सञ्चार माध्यमले मतदाता कम भएका र मत बदर बढी भएका निवाचन क्षेत्रमा मतदाता शिक्षा र मतदाताको मतदान ीपलाइ व्यापक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह
२.	आमनिवाचन पर्यवेक्षण मिति, नेपाल (जियोक)	सञ्चार माध्यमले मतदाता शिक्षासँग सम्बन्धित समाचार र रिपोर्टहरू उत्पादन र प्रशारणमा प्राथमिकता दिनु आवश्यक छ।
३.	युरोपेली युनियन निर्वाचन पर्यवेक्षण मिसन	निर्वाचन आयोगको मतदाता शिक्षा तथा सूचना अभियान एवं रणनीतिको कार्यान्वयनमा सामुदायिक रेडियो स्टेशनलाई बढी भन्दा बढी प्रयोग गरिनु उपयुक्त हुन्छ। मतदाता शिक्षाम्बन्धी सामग्रीको वितरण र प्रवाहमा सामुदायिक रेडियो स्टेशनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सम्भावना बढी भएकाले, खासगरी ग्रामीण क्षेत्रहरूमा, उनीहरूलाई अग्रीम रूपमा लक्षित गरिनु पर्दछ। यसैगरी, विद्युतीय माध्यममा निर्वाचन आयोगका मतदाता शिक्षा सामग्रीको राम्रोसँग योजनाबद्ध वितरण गर्नु आवश्यक छ र अभियानका अन्तिम दिनहरूमा प्रसार गर्ने गरी सामग्रीहरू सङ्ग्रह गर्ने प्रचलन त्याग्नु पर्दछ।

निर्वाचन आयोगको निर्वाचन आचार संहिता २०७० को दफा ९५ ले आम सञ्चार माध्यमहरूबाट निर्वाचनसम्बन्धी सूचनाहरूको नियमित अनुगमन गर्नका लागि निर्वाचन आयोगलाई अख्तियारी दिइएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। यदि अनुगमनको कार्य गर्दा आचार संहिताको कुनै उल्लङ्घन भएको पाइए निर्वाचन आयोगले सम्बन्धित सञ्चार माध्यमलाई आफ्नो त्यस्तो कार्य सच्याउनेगरी निर्देशन जारी गर्न सक्दछ। सम्बन्धित सञ्चार माध्यमको पनि आचार संहिताको परिपालना गर्ने दायित्व हुन्छ।

आम सञ्चार माध्यमले पालना गर्नुपर्ने आचार संहिता, परिच्छेद-५, दफा ७८ मा सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई, पक्षपात नगरी र वस्तुनिष्ठ ढंगले सम्प्रेषण गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरी, दफा ७९ ले सूचना वा समाचार सम्प्रेषण वा प्रसारण गर्दा कसैप्रति पूर्वाग्रह नराखी र कसैलाई पक्षपात नगरी सम्प्रेषण गर्नुपर्ने प्रावधान समेटेको छ। दफा ८३ ले कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवं मान्यता विपरीत हुने कुनै काम कारबाही गर्न निषेध गरेको छ। दफा ८८ ले राजनीतिक दल वा

उम्मेदवारलाई मतदातामाझ आफ्नो विचार, नीति तथा कार्यक्रम अभिव्यक्त गर्न मनासिब अवसर दिइने सुनिश्चित गरेको छ। दफा ९३ ले आम सञ्चार माध्यमले मौन अवधिमा कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको प्रचार- प्रसार हुने गरी सूचना वा समाचार सम्प्रेषण, प्रकाशन र प्रसारण गर्न नहुने, (मतदान शुरू हुनुभन्दा ४८ घण्टा अघि र पछिल्लो मतदान केन्द्र बन्द नहुँदासम्म) तर आयोगले प्रवाह गरेको सूचना तथा समाचार सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्न बाधा नपुऱ्याउने उल्लेख गरेको छ। दफाल ९४ ले आम सञ्चार माध्यमले निर्वाचनको सम्बन्धमा प्रकाशन वा प्रसारण गरेका प्रत्येक सूचना र समाचार त्यसरी प्रकाशन वा प्रसारण भएको मितिले पैंतीस दिनसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था गरेको छ।

आम सञ्चार माध्यममा मतदाता शिक्षा

आम सञ्चार माध्यमको एउटा परम्परागत कार्य नै शिक्षा दिनु र आमजनताको जीवनस्तरमा सुधार ल्याउन सार्वजनिक निरीक्षण गर्नु हो। आम सञ्चार माध्यमले अवसरहरूका बारेमा सिक्न आमजनतालाई उद्यत गराउँछ। नेपालको सन्दर्भमा पनि आमरूपमा के अपेक्षा गरिन्छ भने सञ्चार क्षेत्रले मतदाता शिक्षाका लागि बढी रचनात्मक भूमिका निर्वाह गर्नु आवश्यक छ।

आमनिर्वाचन पर्यवेक्षण समिति, नेपालले मतदानका दिन गरेको संक्षिप्त सर्भेक्षणले आम सञ्चार माध्यम मार्फत ६५.७ प्रतिशत मतदाताले संविधान सभा सदस्य निर्वाचनको महत्त्वका बारेमा जानकारी प्राप्त गरेको जनाएको देखाएको छ। समितिले पर्यवेक्षणको कार्य अन्तर्गत ६,६५२ मतदान केन्द्रबाट ६,९५५ ओटा प्रश्नावली सङ्कलन गरेको थियो (२०१४: ३१)।

मुलुकमा सम्पन्न विगतका निर्वाचन झैँ आम सञ्चार माध्यमहरू मतदाता शिक्षालाई व्यापक बनाउन महत्त्वपूर्ण रहेको प्रमाणित भएको छ। निर्वाचन पर्यवेक्षणमा संलग्न रहेका विभिन्न संस्था र निकायहरू मतदाता शिक्षालाई व्यापक तुल्याउन आम सञ्चार माध्यमलाई प्रभावकारी साधनका रूपमा प्रयोग गरिनु आवश्यक रहेको निष्कर्षमा पुगेका थिए। आचार संहिताको दफा ८९ ले मतदाता शिक्षा सामग्रीमा प्राथमिकता दिनुपर्ने कुरामा जोड दिएको छ।

निचोड र सुझावहरू

संविधान सभा सदस्य निर्वाचनका अवधिमा सञ्चार माध्यमले आचार संहिताको उल्लङ्घनन र पेसागत आचरण विपरीतका अभ्यास हुनुका प्रमुख कारणहरूका रूपमा पक्षधर स्वार्थ र दलीय आबद्धता पहिचान गरिएकाले निर्वाचन आयोग नेपाल, सञ्चार जगत, सञ्चारका अभ्यासकर्ता एवं शिक्षाविद्हरूले यो समस्यालाई सम्बोधन गर्न ठोस अभ्यास थालनी गर्नु आवश्यक छ। सञ्चार संस्थाको विश्वसनीयता र आर्थिक पक्षसँग यो विषय प्रत्यक्षरूपमा जोडिएकाले सञ्चार क्षेत्रका व्यवसायीहरूले आफ्नो निष्पक्ष भूमिकाको महत्त्वप्रति सचेष्ट हुनु आवश्यक छ। विगतका २५ वर्षमा नेपाली आम सञ्चार क्षेत्रले राजनीतिक स्वतन्त्रताको उपभोग गरिरहेको छ र नैतिकता एवं संवेदनशीलताका पक्षबाट प्रस्तुतिको स्तरीयतालाई कायम राख्नेगरी अभ्यास गर्ने यो सबैभन्दा उपयुक्त समय हो।

राजनीतिक दल र सञ्चार माध्यमबीचको गठबन्धनलाई सुल्झाउनु

आवश्यक छ। राजनीति र पत्रकारिताको व्यापार बीचको स्पष्ट सीमारेखा अब कोरिनु पर्दछ । तथापि, यस्तो स्पष्ट फरकका निम्ति, खासगरी सञ्चार समुदाय नै स्व-नियमनको उपायसँगै अघि आउनु पर्दछ । कुनै पनि खरो प्रेस पहेरदारको रूपमा स्थापित हुन्छ जसले परिस्थिति वा विषयका आधारमा कुनै पनि राजनीतिक दलको आलोचना गर्न कुनै कसर बाँकी राख्दैन । यस्तो प्रेसले सबै दललाई समान व्यवहार गर्दछ, उनीहरूका कार्यका आधारमा प्रशंसा र आलोचना दुवै गर्दछ । महात्मा गान्धीको एउटा प्रसिद्ध भनाइ अद्यापि सान्दर्भिक छ: समाचारपत्रको एउटा उद्देश्य नै आम जनताको भावना बुझ्नु र त्यसको अभिव्यक्ति दिनु हो, अर्को निश्चित किसिमको भावना आमजनतामा जागृत गराउनु हो, एवं तेस्रो, त्रुटि कमजोरीको बिना डरत्रास पर्दाफास गर्नु हो । अखबार र सञ्चार परिदृष्यको व्यापकताका अलावा प्रसारण तथा न्यू मिडियाको सह-अस्तित्वको आजको युगमा पनि कहावत उत्तिके उपयोगी छ ।

सञ्चारकर्मी तथा संस्थाहरू स्वच्छता, विश्वसनीयता तथा स्वतन्त्रता जस्ता विश्वव्यापी मूल्य र मान्यता सम्बन्धी सचेष्ट र इमान्दार हुनु आवश्यक छ। उनीहरूले जिम्मेदारी र सुशासनका माध्यमबाट यी लक्ष्यहरू हासिल गर्नु पर्दछ। उनीहरू कुनै पनि परिस्थितिमा आफ्ना उत्पादनका लागि समाजप्रति जवाफदेही हुनु आवश्यक छ। यस क्षेत्रमा क्रियाशिल पेसागत संघसंस्थाहरू यस्ता पहललाई सशक्त बनाउन अघि बढ्नु पर्दछ।

सञ्चार माध्यमको विश्वसनीयता निर्माण गर्न र स्वच्छ तरिकाबाट दिगोपनको मार्गमा अघि बढ्न पत्रकारिताको आदर्शलाई कठिन परिस्थितिमा पनि परिपुष्ट गर्नु आवश्यक छ। नेपालको फस्टाउँदो सञ्चार उद्योगले आफ्नो विश्वसनीयतालाई उचाइमा लैजानु पर्दछ। तर, यो आदर्श विपरीत गैरजिम्मेवार र अनुत्तरदायी अभ्यासले अन्तत: यसकै विश्वसनीयतालाई रसातलमा पुऱ्याउँछ। आज, नेपालको पत्रकारितामा सबल पक्ष र स्रोतसाधन दुवै छन्, भौतिक र बौद्धिक पक्ष छन्। अब, बौद्धिक र नैतिक आदर्शलाई उच्चतम विन्दुमा पुऱ्याउन स्व-मूल्याङ्कनको खाँचो छ। यसका निमित्त, कम्तीमा व्यवस्थित किसिमका ठूला सञ्चार गृहहरूले सार्वजनिक रूपमै सुस्पष्ट नीति वक्तव्य वा सम्पादकीय नीति वक्तव्य सार्वजनिक गर्नु पर्दछ। सम्पादकीय नीतिले सञ्चार माध्यमका सामग्रीलाई निश्चित दिशा प्रदान गर्ने भएकाले यो उपायले नेपाली आम सञ्चार माध्यमप्रतिको विश्वासलाई अभिवृद्धि गर्नेछ । संविधान सभा सदस्य निर्वाचन २०७० ले उपलब्ध गराएको अवसरलाई विश्वसनीयता आर्जन गर्नेतर्फ नेपाली सञ्चार क्षेत्रले पूर्ण रूपमा उपयोग गर्न सकेन । लोकतन्त्रमा सञ्चार क्षेत्रले आफ्नो विश्वसनीयता प्रबर्द्धन गर्ने अवसर पाउँछन् । उनीहरूले जानकारी र विचार प्रस्तुतिमा स्वच्छता र निष्पक्षताको अभ्यास मार्फत् आफ्नो दायित्व र विश्वास पुष्टि गर्न सक्छन् ।

संविधान सभा सदस्य निर्वाचन २०७० को अनुभवमा आधारित रहेर संक्षेपमा के भन्न सकिन्छ भने खासगरी, अनलाइन पत्रकारहरूले प्रवियिधमा मात्र यो व्यापार आधारित छैन भन्ने बुझ्नु आवश्यक छ, समाजमा यसको नैतिक अस्त्विलाई नजरअन्दाज गरी सञ्चारको व्यापार गरिए त्यो दुस्प्रचार (propaganda) हुन्छ पत्रकारिता हुँदैन। न्यू मिडियालाई पनि आम सञ्चार माध्यमकै समकक्षमा राख्ने गरिएको

छ। तर, अनलाइन मिडियालाई मूलधारको माध्यमका रूपमा उभ्याउन सर्वप्रथम यसप्रति विश्वसनीयता स्थापित गर्नुपर्दछ। नेपालका अनलाइन पत्रकारहरूले व्यवहारमा आफूहरू जिम्मेवार र जवाफदेही रहेको प्रदर्शन गर्नु आवश्यक छ। तर, साइबरस्पेसको दुरूपयोग एवं पत्रकारिताको पेसागत मूल्यमान्यतालाई अवहेलना गरिए त्यसले अनलाइन मिडियालाई मूलधारमा ल्याउने प्रक्रियामा रोकावट ल्याउँछ। त्यसकारण, यसले मर्यादित व्यवहार प्रदर्शन गर्नु पर्दछ र मूलधारका माध्यम भै जिम्मेवार हुनु पर्दछ।

नेपाली आम सञ्चार माध्यमले संविधान सभा सदस्य निर्वाचन २०७० सम्बन्धी समाचार वा समाचार मूलक सामग्रीलाई समेट्ने क्रममा राजनीतिक पक्षहरूबाट भएका निर्वाचन आचार संहिताको उल्लङ्घनका धेरै घटनाक्रमहरूलाई सार्वजनिक गरेका थिए। निर्वाचन आयोग नेपालले आगामी दिनमा निर्वाचनहरू स्वतन्त्र र स्वच्छ तरिकाबाट सम्पन्न गर्न थप रणनीतिहरू निर्माण गर्नका लागि यी तथ्यहरूको सम्पूर्णरूपमा परीक्षण गर्नु आवश्यक छ। साथै, निर्वाचन आयोग भविष्यमा निर्वाचन प्रक्रियालाई स्वतन्त्र र स्वच्छ किसिमबाट कभर गर्नेगरी सञ्चार माध्यमलाई सहजीकरण गर्न पनि बढी केन्द्रिकृत रणनीतिका अघि बढ्नु आवश्यक छ। आयोगले सञ्चार माध्यमको अनुगमन गर्नु पर्दछ र उनीहरूसँग नियमित अन्तक्रिया गर्नु पर्दछ। निर्वाचन आयोगले असल अभ्यासलाई प्रोत्साहित गर्न एउटा अभियान थालनी गर्न सके त्यो राम्रो हुन्छ ।

क्रियाशील लोकतन्त्रमा वस्तुनिष्ठ, निष्पक्ष र जीवन्त माध्यम ज्यादै महत्त्वपूर्ण भएजस्तै विद्यमान कानुनको सामयिक संशोधनका साथै उपयुक्त नयाँ सञ्चार कानुनको निर्माण अत्यावश्यक हुन्छ । सञ्चार जगतले यस सम्बन्धमा सार्वजनिक बहस आरम्भ गरिनु जररी छ ।

संविधान सभा सदस्य निर्वाचन २००० काममा सञ्चार कभरेजका कतिपय पक्षहरू निकै निरुत्साहित गर्ने किसिमको छ। काठमाडौ बाहिर पनि व्यावसायिक सञ्चार वातावरणको निर्माणतर्फ आशाका किरण देखिएका छन्। स्थानीय सञ्चार माध्यमहरूले सन्तुलित र स्वच्छ प्रस्तुतिका उदाहरणहरू प्रदर्शन गरिरहेका छन्। मुलुकमा ठाडो र तेर्सो विविधता कायम: आम सञ्चार माध्यमको विविधताका साथै सञ्चार माध्यमभित्रै माध्यमहरूको विविधता र सामग्रीको विविधता। यथार्थमा व्यापक स्तरको बहुलता र सामग्रीको विविधताले संविधान सभा सदस्य निर्वाचन २०७० का अवधिमा विभिन्न विचार र दृष्टिकोणको आदानप्रदान गरी नियन्त्रण र सन्तुलनको अवस्था सिर्जना गरेको थियो।

***साभार** : संविधानसभा निर्वाचन २०७० : सञ्चार माध्यम अनुगमनको विश्लेषणात्मक प्रतिवेदन/ सञ्चार र आचारमा कुन्दन अर्यालले सञ्चार माध्यमद्वारा निर्वाचन आचार संहिता पालनको अवस्थाबारे प्रकाश पार्नु भएको छ - प्रकाशन संस्था नेपाल प्रेस इन्स्टिच्युटरी तत्कालीन अध्यक्षको भूमिकामा उल्लेखित, पृ. ३९)*

सन्दर्भसूची

वारान, स्टेनली जे. एण्ड डेनिस के. ड्याभिस (२०००)। *मास कम्युनिकेसन थ्योरी : फाउण्डेसन्स् फरमेण्ट एण्ड फ्युचर।* अष्ट्रेलिया: थमसन वर्डस्वर्थ।

वर्टन, ग्राएम (२०११) । *मिडिया एण्ड सोसाइटी : क्रिटिकल प्रस्पेक्टिभस्,* दोस्रो सं.। नू देल्ही : टाटा म्यकग्र हिल ।

क्राइग, जेफ्री (२००७) । *द मिडिया पोलिटिक्स एण्ड पब्लिक लाइफ ।* इण्डिया: एलेन एण्ड अनवीन ।

ड्याभिस, एरोन (२०१०)। *पोलिटिकल कम्युनिकेसन एण्ड सोसल थ्योरी।* लण्डन: रुटलेज।

निर्वाचन आयोग नेपाल । सम्पादकीय। *चुनावी बुलेटिन।* भाग ३ अंक ३। काठमाडौं : निर्वाचन आयोग नेपाल । वि.सं. २०७० पुस ।

European Union Election Observation Mission (2013), *Nepal Final Report Constituent Assembly Elections 19 November 2013.* European Union lection Observation Mission

आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल (२०१४) । *संविधान सभा सदस्य निर्वाचन २०१३ ।* काठमाडौँ: आमनिर्वाचन पर्यवेक्षण समिति, नेपाल (जियोक) ।

Kharel, Paruram (2010). *Political Communication: Media,* Message and Meaning. Kathmandu: Sangaam Institute.

इन्सेक (२०७०)। *अनुगमन प्रतिवेदन: नेपाल संविधान सभा सदस्य निर्वाचन २०१३।* काठमाडौं: इन्सेक।

निर्वाचन आयोग नेपाल। *निर्वाचन समिति, उपसमिति र विषयगत इकाइहरूको व्यवस्था।* निर्वाचन बुलेटिन। भाग १. अङ्क ३। काठमाडौ: निर्वाचन आयोग नेपाल। वि.सं. २०७० पुस ।

राष्ट्रिय मानव अधिकार आयोग (वि.सं. २०७१) । *संविधान सभा सदस्य निर्वाचन २०७० अनुगमन प्रतिवेदन।* ललितपुर: राष्ट्रिय मानव अधिकार आयोग।

Reah, Danuta (2011). *The Language of Newspapers,* 2nd ed. London: Routledge.

Reporters without Borders and International Organization of La Francophonie. *Handbook for Journalists during Election.* Paris: reporters without Borders and International Organization of La Francophonie.

Street, John (2001). *Mass Media, Politics and Democracy.* New York: Palgrave.

Waston, James (2004). *Media Communmication: An Introduction to Theory and Process,* 2nd ed. New York: Palgrave



वि.सं. २०५१ कात्तिक २९ गतेको मध्यावधि चुनाव अगाडि इन्सेकले प्रकाशन गरेको पोस्टर

राजनीतिक समस्याको निकास निर्वाचनले मात्र दिन्छ

सूर्यप्रसाद श्रेष्ठ निर्वाचन आयोगका पूर्व प्रमुख निर्वाचन आयुक्त हुनुहुन्छ। पञ्चायतकालमै प्रमुख निर्वाचन आयुक्त हुनुभएका सूर्यप्रसाद श्रेष्ठ २०४६ सालको परिवर्तनपछि पनि प्रमुख निर्वाचन आयुक्त हुनुभयो। २०४१ सालदेखि २०४९ सालसम्म प्रमुख निर्वाचन आयुक्त हुनुभएका उहाँले पञ्चायतकालको अन्त्यपछि पनि २०४८ सालको आम निर्वाचन र २०४९ सालको स्थानीय निकायको निर्वाचन सम्पन्न गराउने भूमिका निर्वाह गर्नुभयो। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का पूर्व अध्यक्ष श्रेष्ठ पछिल्लो समय निर्वाचन पर्यवेक्षणमा समेत संलग्न रहनु भएको थियो।

सूर्यप्रसाद श्रेष्ठ

जागिरे जीवन सुरु भएदेखिकै निर्वाचनमा मेरो संलग्नता रहेको छ। सरकारी सेवामा प्रवेश गरेपछि पञ्चायतकालीन निर्वाचनमा मलाई सरकारले विभिन्न भूमिकामा खटाएको थियो। प्राय: मेरो पेशागत अवधिमा निर्वाचनकै वरपर रहेर काम गर्ने अवसर पाएँ। अहिलेसम्म छोडेको छैन। सेवानिवृत्त भएपछि पनि यही काममा केही किताबहरू लेख्ने, अध्ययन गर्ने र निर्वाचन पर्यवेक्षण गर्ने काममा नै छु। मैले नेपालको निर्वाचनलाई राम्रोसँग नियालिरहेको छु। संलग्न भएको छु। निर्वाचनका सबल र सुधार गर्नुपर्ने पक्षका बारेमा जानकारी हासिल गरिरहेको छु।

मैले पञ्चायतकालको चुनाव पनि हेरेँ। बहुदलको चुनाव पनि हेरेँ। दुवै समयमा चुनाव पनि गराइयो। २०४१ सालदेखि २०४९ सालसम्म प्रमुख निर्वाचन आयुक्तको रूपमा काम गरेँ। यी दुई समयमा गरिने निर्वाचनमा आकाश जमिनको फरक पाएँ। बहुदलपछि पञ्चायती व्यवस्था आएको हो। २००७ सालमा आएको बहुदल र त्यसपछि २०१५ सालको चुनावबाट बनेको सरकारलाई मासेर पञ्चायती व्यवस्था आएको हो। स्वभावैले पनि राजतन्त्र र प्रजातन्त्र सँगसँगै जाने प्रणाली होइन। राजतन्त्रमा राजाले अधिकार केन्द्रित गर्न खोज्छन् भने प्रजातन्त्रमा त्यस्तो अधिकार जनतामा हुन्छ। यी दुवैको सहयात्रा गर्नलाई गाह्रो हुँदोरहेछ। पञ्चायतकालको निर्वाचनमा पञ्चले जसरी पनि निर्वाचन जित्नुपर्ने त्यसमा पनि दरबारको आशिर्वाद प्राप्त व्यक्तिले चुनाव जित्नुपर्ने मानसिकता हावी थियो। बहुदलमा विभिन्न दलबाट उम्मेदवार हुने हुँदा आ-आफ्नै दलका उम्मेदवार जिताउने रस्साकस्सी हुन्छ। पञ्चायतकालको निर्वाचन औपचारिकता थियो। बहुदलमा निर्वाचन आवश्यकता हो।

राजा त्रिभुवनलाई प्रजातन्त्रवादीका रूपमा लिइन्छ। २००७ सालको क्रान्तिको नेतृत्व र त्यसको पृष्ठभूमि तयार पार्ने काम राजा त्रिभुवनले नै गरेका हुन्। राजा त्रिभुवनले संविधानसभाको चुनावको निमित्त शाही घोषणामा नै भनेका थिए।

'...औ वर्तमान समयमा श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणाले हाम्रो तर्फबाट औँ हाम्रा नाममा यो राज्यको शासन चलाइ आएको हो, औ हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले, *औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्य सम्पादन गर्नमा मदद र सल्लाह दिनका निमित्त दुनियाँको विश्वास भएका दुनियाँका प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मन्त्रिमण्डलको संगठन होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकाले...'*

इतिहास साक्षी छ। तर, उनले संविधानसभाको निर्वाचन गर्न सकेनन्। राणा शासन भर्खर समाप्त भएको थियो। त्यो समयमा राजसंस्थामा उनीहरूको प्रभाव थियो। त्यही प्रभावका कारण संविधानसभाको घोषणा गरिएको निर्वाचन राजाले गराएनन्। विस्तारै प्रतिक्रियावादी शक्तिहरू हावी हुँदै आए। राजा महेन्द्रले २०१५ सालको चुनाव त गराए तर, उनले प्रजातन्त्रलाई भित्री मनबाट कहिल्यै पनि स्वीकारेनन्। तत्कालीन राजनीतिक नेतृत्व पङ्क्ति विश्वेश्वरप्रसाद कोइराला, मातृकाप्रसाद कोइराला, डा. डिल्लीरमण रेग्मी, टङ्कप्रसाद आचार्य, पुष्पलाल श्रेष्ठ, तुलसीलाल अमात्य, गणेशमान सिंह कसैले पनि संविधानसभाको निर्वाचन गराउनका लागि पहल गरेनन्। २००७ सालमा घोषणा गरिएको निर्वाचन २०१५ सालमा भयो। सायद आम निर्वाचन हुनु नै उपलब्धि ठाने।

त्यतिबेलाको ऐतिहासिक पृष्ठभूमि हामीले हेर्नुपर्छ। २००७ सालदेखि २०१५ सालसम्म राजनीतिक उथलपुथल भयो। राजनीतिक खिचातानी भयो। राजनीतिक दलहरूमा विवाद भए। राजनीतिक दलहरू समानान्तर खडा भए। टुटफुट भयो। यसबाट के देखिन्छ भने राजतन्त्र र प्रजातन्त्र सँगसँगै जानलाई गाह्रो पर्दोरहेछ। त्यसको निमित्त ठूलो त्याग र ऐतिहासिक पृष्ठभूमिको जरुरत पर्दछ। जीउज्यानकै आहुति दिएर प्रजातन्त्र ल्याएको हो। प्रजातन्त्र ल्याउन सङ्घर्ष गरेको पुस्ताका बारेमा पढाउन पाएको भए पनि अहिलेको पुस्ताले सङ्घर्षको कथा थाहा पाउने थियो। प्रजातन्त्रको अनुभूति पनि गर्न नपाउँदै राजाले पञ्चायती निर्दलीय व्यवस्था ल्याए। प्रजातन्त्रको विषयमा पञ्चायती व्यवस्थाले किन पढाउँथ्यो ? दरकारै भएन। ऊ त निर्दल। दलविहीन व्यवस्थाले मानव अधिकारको प्रत्याभूति गर्ने कुरै भएन। प्रजातन्त्रका बारेमा जानकारी फैलाउने कुरै भएन।

पञ्चायतकालमा निर्वाचन त थियो। तर, व्यक्तिगत आधारमा र निषेधित राजनीति थियो। राजनीतिक दललाई पूरै निषेध गरिएको थियो। अन्तर्राष्ट्रिय मान्यता पाउनका लागि र औपचारिकताका लागि मात्र निर्वाचन गराइन्थ्यो। कुनै पनि निर्वाचन स्वतन्त्र र निष्पक्ष थिएनन्। निर्वाचनको मापदण्डभित्र त्यतिबेलाका निर्वाचन पर्दैनन्। किनभने मौलिक राजनीतिक स्वतन्त्रताविहीन निर्वाचन थियो। निर्वाचन किन आवश्यक हुन्छ ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। निर्दलीय व्यवस्थामा पनि निर्वाचन आवश्यक हुन्छ। दलीय व्यवस्थामा त निर्वाचन झनै आवश्यक छ। प्रतिस्पर्धी राजनीति हो निर्वाचन। भारत स्वतन्त्र भयो। एसियाका कति मुलुकहरू

चाहिँ साम्राज्यवादी शक्तिबाट स्वतन्त्र भए। त्यसको निकास र त्यहाँको राजनीतिक व्यवस्था कायम गरिदिने के हो भन्दा निर्वाचन नै हो। केही आन्तरिक द्वन्द्व भयो झगडा भयो, सङ्घर्ष भयो भने त्यसलाई निराकरण गर्ने उपाय पनि निर्वाचन नै हो। २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन सबैको बिसौनी निर्वाचनबाट नै भए। आन्तरिक द्वन्द्व र आन्तरिक कलह, आन्तरिक झगडाको निराकरणको उपाय पनि निर्वाचन हो। निर्वाचनको महत्त्व व्यापक छ।

यो कुरा हाम्रा शासक प्रशासकहरूले बुझाउनु अति आवश्यक छ। जनताको सार्वभौम अधिकार स्थापित गर्न सक्नु पर्‍यो। उसको मौलिक अधिकार स्थापित गर्न सक्नु पर्‍यो। उसको स्वतन्त्र विवेक र उसको प्रतिनिधि सरकार स्थापित गर्न सक्नु पर्‍यो। अनि मात्रै निर्वाचन निर्वाचन जस्तो हुन्छ। सरकारमा एउटा नागरिकले म देख्नुपर्‍यो। नागरिकको मेरो सरकार हो भन्ने अपनत्व हुनुपर्‍यो। त्यसको अभावमा चाहे जस्तोसुकै निर्वाचित सरकार भए पनि त्यसले स्थायित्व ग्रहण गर्न सक्दैन। नेपाल धेरै ओटा एशियाली मुलुकहरूभन्दा अग्रपङ्क्तिमा गनिन्छ। यहाँ १७ ओटाभन्दा बढी आम निर्वाचन भइसक्यो। जनमत सङ्ग्रह भयो। संविधानसभाको निर्वाचन भयो। धेरैओटा मुलुकहरूमा त भएको छैन। नेपाल अनुभवहीन छ, जनतामा चेतनाको कमी छ भन्ने कुरा म मान्दिनँ। यहाँको जनता चेतनशील छन्, जागृत छन्। त्यही भएर प्रजातन्त्र, गणतन्त्रका लागि आन्दोलित भए। जनअधिकार र नागरिक स्वतन्त्रताका लागि विद्रोही भए। यद्यपि शैक्षिक अवस्था अत्यन्त नाजुक छ। स्वास्थ्य अवस्था सन्तोषजनक छैन। सामाजिक अवस्था सुदृढ हुन सकेको छैन।

जुन चुनावले प्रभावकारी जनप्रतिनिधित्व प्रणाली स्थापित गर्दैन, नागरिकको स्वतन्त्र विवेकमा हस्तक्षेपकारी भूमिका हुन थाल्छ, उसको सार्वभौम अधिकारमा हस्तक्षेप गर्न थाल्छ, प्रभाव पार्न थालिन्छ, त्यतिबेला त्यो चुनावको परिणाम स्वस्थ हुँदैन। जनताको निमित्त निर्वाचित प्रतिनिधि स्वीकार्य हुँदैन। चुनाव जरुरी छ। कहीँ पनि उपद्रव र असत्यमाथि विजय प्राप्त गर्न खोजियो भने सत्यमा लग्ने बाटो चाहिँ निर्वाचन हो। तर, पञ्चायतकालमा निर्विरोधका नाममा निर्वाचनकै मूल्य कमजोर बनाउने प्रयत्न गरियो। यसैको प्रतिफल स्वरूप राजाले जनमत सङ्ग्रह गराउने उद्घोष गरे।

२०३६ सालमा मलाई गृहसचिवबाट हटाएर उद्योग सचिवमा पठाइयो। गृहसचिवमा कर्णध्वजजी आउनु भयो। म त प्रमुख आयुक्त पनि भएँ। निर्वाचन आयोग मेरो अधिनस्त नै भयो। २०३७ सालको जनमत सङ्ग्रहका कागजातहरू मैले खोजे। त्यो फेला पार्न सकिएन। त्यतिबेलाको निर्वाचनमा धाँधली भयो भन्ने व्यापक आरोप छ। कसरी र कहाँ धाँधली गर्‍यो भन्ने प्रमाण खोज्दा फेला पार्न सकिएन। पाँच लाख मत फरकले पञ्चायतले जित्यो। जुन कुरा वीपी कोइरालाले पनि स्वीकार गर्नुभएको थियो। वीपीले हामी हार्‍यौँ पञ्चायतले जित्यो भनी स्वीकार गरिसकेको हुनाले हामीले यो विषयमा अघि सर्नुपर्ने स्थिति नै आएन। त्यो जितेकै हो भन्ने सर्वोच्च नेताले भनिसकेपछि अनि हामी कर्मचारीहरू अथवा त्यहाँको एउटा प्रजातन्त्रप्रति आस्था राख्ने व्यक्ति र व्यक्तित्वहरू फेरि त्यसलाई कोट्याएर हेर्ने स्थिति आएन। त्यतिबेलाको निर्वाचन सबैले स्वीकार गरे।

निर्दलीयता भन्ने शब्द मैले बुझेसम्म वीरेन्द्र राजालाई त पचेको थिएन।

राजा वीरेन्द्र एउटा प्रजातान्त्रिक मुलुकमा हुर्केको पढेको व्यक्ति हो। निरङ्कुशतालाई बलियो बनाउनलाई निर्दलीयता चाहिने हो। प्रतिस्पर्धाको राजनीतिले मात्रै मुलुकको समाधान खोज्ने हुनाले त्यो निर्दलीयता चल्दैन। ३० वर्षसम्म पञ्चायती व्यवस्थामा हामी कर्मचारीहरूले राजनीतिक दलको नामै लिनु हुँदैनथ्यो। निर्दलीयताको ३० वर्ष कर्मचारीको रूपमा काम गरेँ। त्यतिबेला दलको नाम लिन पाइँदैन थियो। कानुनले पनि र कामले पनि। बौद्धिक सोच भएका व्यक्तिहरू प्रशस्त पञ्चायतमा प्रवेश गरिरहेका थिए। हरेक पुस्तकालय शिक्षालय विश्वविद्यालयमा राजनीतिक दलहरू उपस्थित थिए। तर, यो सबैलाई त्यहाँको प्रशासनले, कानुनले निषेध गरेको थियो।

म प्रमुख आयुक्त हुँदा एकपल्ट निर्वाचनको विषयमा मैले एउटा पत्रिकामा अन्तर्वार्ता दिएको थिएँ। प्रमुख आयुक्तले नै राजनीतिक दल खोजे भनेर लेखिदिएछ पञ्चायतकालमा। अञ्चलाधीशहरूको सम्मेलन भइरहेको रहेछ। प्रमुख आयुक्त नै गृहसचिव भएको मान्छे उसले नै राजनीतिक दल खोज्यो भनेपछि हामीले कहाँबाट थाम्न सक्छौँ भनेर राजाकहाँ केही व्यक्तिले कुरा लगाएछन्। राजालाई त मेरो विषयमा थाहा थियो। म राजाकै इच्छामा निर्वाचन आयोगमा आएको हुँ। उहाँले नै आयोगमा ल्याउनु भएको हो। मैले के भनेको थिएँ भने निर्वाचन भनेको वैचारिक मतान्तरको सङ्घर्ष हो। द्वन्द्व हो। प्रतिस्पर्धा हो। त्यो त निर्दलीय व्यवस्थाभित्र पनि रहिरहेको छ। तर, राजाले त्यति चासो व्यक्त गर्नुभएन। मैले प्रमुख आयुक्तको काम निरन्तर गरेँ। कसैले कुरा लगाएर केही हुँदैन। २०४३ सालको चुनाव मैले नै गराएको हो। त्यतिबेला म निर्वाचन आयोगमा प्रमुख थिएँ। त्यतिबेला मरिचमान सिंह प्रधानमन्त्री थिए। २०४४ सालमा मैले स्थानीय निकाय (गाउँ पञ्चायत, नगर पञ्चायत)को निर्वाचन गराएँ। यो चुनाव नै पञ्चायती व्यवस्थाको अन्तिम चुनाव भयो। पछि मैले २०४८ सालको चुनाव गराएँ। २०४९ सालको स्थानीय निकायको चुनाव पनि गराएँ।

अन्त्यमा अहिलेको अवस्थाको थोरै चर्चा गरौँ। अब त गठबन्धनको अवस्था छ। प्रधानमन्त्रीको त अस्तित्व नै छैन। पार्टीले खटाएको मान्छे मन्त्री हुने अवस्था छ। प्रधानमन्त्रीले मन्त्री हटाउन पनि सक्दैन। राख्न पनि सक्दैन। त्यो प्रधानमन्त्री कहाँ पुगेको हो ? साना साना राजनीतिक दलहरू उदाए। उनीहरू शक्तिशाली भए। गठबन्धनको राजनीतिले गर्दा प्रजातान्त्रिक संसदीय अभ्यास गलत दिशामा गयो। यो निर्वाचन प्रणाली नै धरासायी हुने अवस्था आयो। नेपालको निर्वाचनको मूल समस्या यही हो। राजनीतिक दलहरूमा प्रजातान्त्रिकरण भएन। राजनीतिक दलहरू पनि प्रजातान्त्रिक हुनु पर्‍यो। जाति जनजातिको नामबाट आफन्तहरू र उच्चहरूको चलखेल, महिला भनेको ठाउँमा नेताहरूको पत्नीहरू, दलित भनेको ठाउँमा उच्च दलित हुने खालको गलत परिपाटीले नागरिकमा निराशा आएको छ। यसले गर्दा विकृति र विसङ्गति यति सारो बढ्यो यसले प्रणाली नै खाइदिने डर पैदा भएको छ। समानुपातिकको सट्टा अर्को दुईओटा विकल्पमा केही सिटहरू रिजर्भ गर्ने, राष्ट्रिय सभाको सङ्ख्या बढाइदिन सकिन्छ। विद्वान, मजदुर, किसानहरूबाट राष्ट्रिय सभामा आउनु पर्ने व्यवस्था गर्नु आवश्यक छ।

(श्रेष्ठसँग रमेशप्रसाद तिमल्सिनाले गर्नु भएको कुराकानीमा आधारित।)

चुनौतीका चाङ पन्छाउँदै संविधानसभा निर्वाचन

भोजराज पोखरेल, पूर्व प्रमुख निर्वाचन आयुक्त हुनुहुन्छ। शान्ति सम्झौतापछि मुलुकमा पहिलोपटक संविधानसभाको निर्वाचन भयो। उहाँकै नेतृत्वमा २०६४ साल चैत २८ गते पहिलो संविधान सभाको निर्वाचन सम्पन्न भयो। २०६४ सालको निर्वाचनलाई मुलुकलाई रूपान्तरण गर्ने, नयाँ संविधान दिने, गणतन्त्र ल्याउने, लोकतन्त्रलाई दिगो बनाउने, समावेशीतालाई मुलधारमा ल्याउने, बन्दुक बिसाउने, सङ्घीयता ल्याउनेलगायतका कामको प्रस्थान बिन्दुका रूपमा लिइन्छ।



भोजराज पोखरेल

मेरो नेतृत्वमा २०६४ सालको संविधानसभाको निर्वाचन गराइएको हो। त्यतिबेला निर्वाचन गराउनु निकै कठिन थियो। तर, निर्वाचन गर्नैपर्ने पनि थियो। सरकारले मलाई विश्वास गरेर मेरो नेतृत्वमा निर्वाचन आयोगमा पदाधिकारी नियुक्त गरेको थियो। पेसागत जीवनको यो मेरो कठिन परीक्षा थियो। जुन मैले उतीर्ण गर्नु मात्रै होइन राम्रो अङ्कका साथ उतीर्ण गर्नु थियो। इतिहासले मूल्याङ्कन पनि गर्ला। मूल्याङ्कन गर्नेले गरिसके पनि होलान्। आफ्नै आँखाबाट हेर्दा त्यो कठिन परीक्षा राम्रो अङ्कसहित उतीर्ण गर्‍यौं। त्यसमा साथ र सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दछु।

काम गर्ने भनेकै असहज अवस्थामा हो। असहज अवस्थामा काम सम्पन्न गर्दाको सन्तुष्टि बेग्लै छ। २०६४ चैतको निर्वाचन असहज अवस्थामा थियो। त्यतिखेर नेपालमा सरकार थिएन भन्दा पनि हुन्छ। प्रहरी, प्रशासन थिएन। अन्यत्रको कुरा छाडिदिउँ राजधानीमा पनि सुरक्षा संयन्त्रका उच्च ओहोदाका व्यक्तिहरू सुत्नेबेलामा घरमा नसुतेर अन्यत्र जानु पर्ने अवस्था थियो। गाउँमा राजनीतिक दल (कांग्रेस, एमाले, राप्रपालगायतका)का प्रतिनिधि लगभग थिएनन्। राजनीतिक दलका नेता कार्यकर्ता सहर र सहर बाहिर आएर बसेका थिए। एक हिसाबले भन्दा मुलुक पुरै बन्दुकको कब्जामा रहेको अवस्था थियो। यो चुनाव द्वन्द्वपछिको होइन। द्वन्द्व जारी रहेकै बेलाको हो। शान्ति सम्झौतामा हस्ताक्षर हुने बित्तिकै द्वन्द्व सकियो भन्ने परिस्थिति थिएन। हातहतियारको व्यवस्थापन नै भएको थिएन। हतियारको व्यवस्थापन नभएसम्म त बन्दुककै बोलवाला चल्थ्यो नि त !

बन्दुक बोकिरहेको शक्तिलाई 'ब्यालेट' बोक्ने बनाउनुपर्ने चुनौती हामी सामु थियो। उनीहरूलाई यो अवस्थामा राजी गराउनु थियो। त्यसबाट आएको परिणामलाई म स्वीकार्छु भन्ने बनाउनु थियो। निर्वाचनबाट आएको परिणामलाई स्वीकार गर्नु मात्रै होइन १० वर्ष बोकेको बन्दुक बिसाउन राजी गराउनु पनि थियो।

मुलुक राजनीतिक रूपमा समावेशी भएन भन्ने अवस्था थियो। यो साँचो पनि हो। कसरी यो मौकालाई सदुपयोग गर्ने भन्ने हाम्रा सामु अर्को चुनौती थियो। संविधानसभामा नेपालका सबै वर्ग, तह र तप्काका मानिसको अनुहार पुऱ्याउनु थियो। त्यसरी सबैलाई समेट्न सके उसले भनेको सबै कुरा संविधानले नसमेटे पनि त्यो संविधानसभामा आएर मैले पनि मेरो र मेरो समुदायको, मेरो क्षेत्रको, मेरो लिङ्गको कुरा राख्न पाएँ भनेर मुलुक र संविधानप्रति अपनत्व गर्ने वातावरण बन्थ्यो। यसले राष्ट्रिय एकता कायम हुन्थ्यो भन्ने थियो।

वातावरण बनाउने विषयमा त कानुनदेखि नै सुरु गर्नु पऱ्यो। शून्यमा थियो। एकाथरी चुनावमा भुक्तभोगी भइसकेका र अर्कोलाई चुनाव भनेकै थाहा छैन। उसलाई त कखराबाट नै तयार गर्नु छ। कोही निर्वाचनका चालमा बलिया थिए भने कोही बन्दुकमा बलिया थिए। आ-आफ्ना विधामा दुवैथरी बलिया नै थिए। यसलाई ब्यालेट र बन्दुकमा बलिया भएकालाई एकै ठाउँमा राखेर ब्यालेट केन्द्रित गराउनु थियो भन्नु उपर्युक्त होला। राजनीतिक तहमा त माओवादीको बातचित छँदै थियो। सरकारी कार्यालयमा उनीहरूको पहिलो प्रवेश नै निर्वाचन आयोग हो। उनीहरूलाई त कखराबाट नै प्रशिक्षित नै गर्नुपर्ने अवस्था थियो। उनीहरूलाई हरेक कुरामा शङ्का थियो। शङ्का निवारण गर्न त कडा मेहनत नै गर्नुपऱ्यो नि ! अहिले पनि मलाई निकै खुशी लाग्छ कि त्यतिबेलाको निर्वाचन आयोगले सबै पक्षको विश्वास जित्न सफल भयो। माओवादी र (कांग्रेस एमालेलगायत) तत्कालीन संसदीय राजनीतिक दलको विश्वास जित्नु चानचुने कुरा थिएन। त्यो हामीले जित्यौँ।

६ महिनामा निर्वाचन गर्ने भनेर त्यतिबेला संविधानमा नै लेखिएको थियो। त्यसले गर्दा हामीलाई समयको निकै ठूलो दबाब थियो। मिति त संविधानमा लेख्या छैन। मिति तय नगरी केही तयारी गर्नै पाइँदैन। सरकारले मिति नै तय गरेको थिएन। हामीले सरकारलाई मिति तोक्न धेरै घच्घच्यायौँ। सरकारले मिति तय गर्दैन। तय गरेको मिति पनि दुईदुईपटक स्थगित हुन पुग्यो। कानुन बनाउन भन्यो बनाइदिँदैनन्। मतदाता नामावली सङ्कलन गर्ने काममा कोही गाउँ जानै मान्दैनन्। परिस्थिति निकै जटिल थियो। यी सबै कुरा सम्झँदा अहिले त मलाई सपना जस्तो लाग्छ। त्यतिबेलाको एउटा कुरा मात्रै सम्झँदा सबै कुरा आँखै अगाडि आउँछ। देशलाई निर्वाचनमय बनाउनु सामान्य कुरा थिएन र होइन पनि। जटिलताको तह अर्कै किसिमको थियो।

मुलुकलाई जसरी पनि द्वन्द्वबाट मुक्ति दिलाउनुपर्छ भन्ने पक्षले मात्रै हामीलाई उत्प्रेरित गरेको थियो। योबाहेक हामीलाई उत्साह भर्ने कुनै तत्व नै थिएन। अरु भन्दा पनि बन्दुक बिसाएर शान्तिको मार्ग पहिल्याउनु र मुलुकलाई अग्रगमनमा लैजानुपर्छ भन्नेमा मात्रै हाम्रो ध्याउन्न थियो। मुलुकलाई बन्दुकबाट मुक्ति दिएर संसदीय प्रक्रियामा ल्याउनु पर्छ भन्नेमा आयोग प्रष्ट थियो। यो आयोगको मात्रै होइन राष्ट्रिय अन्तर्राष्ट्रिय प्राथमिकताको विषय थियो। यो निर्वाचन द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने निर्वाचन थियो। संविधानसभाका माध्यमबाट संविधान निर्माण गरी मुलुकको भाग्य र भविष्य निर्माण गर्ने निर्वाचन थियो। निर्वाचनको परिणामलाई सबै पक्षले स्वीकार गरे। त्यही चुनावको कारणले अर्को द्वन्द्व र हिंसा बढेन। त्यही निर्वाचनले मुलुकलाई रूपान्तरणको दिशामा डोहोऱ्यायो। बन्दुक ब्यालेटमा आयो। संविधानसभामा समावेशी प्रतिनिधित्व भयो। त्यसैले पनि यो निर्वाचन

वि.सं. २०५६ वैशाख २० र जेठ ३ गतेको आम निर्वाचन अगाडि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल (वात्स्यायन) ले इन्सेकका लागि तयार पार्नु भएको निर्वाचन शिक्षा सामग्री

अरु निर्वाचन भन्दा फरक र विशेष महत्त्वको थियो। यही महत्त्वको निर्वाचन सम्पन्न गर्ने कामको नेतृत्व गर्न पाउँदा मलाई खुशी लागेको छ। धेरै जटिलताकाबिच पनि निर्वाचन सम्पन्न गर्न सकियो। यो नै आनन्दको विषय हो। समग्रमा भन्दा मुलुक एक युगबाट अर्को युगमा प्रवेश गऱ्यो।

मुलुकलाई रूपान्तरण गर्ने, नयाँ संविधान दिने, गणतन्त्र ल्याउने, लोकतन्त्रलाई दिगो बनाउने, समावेशितालाई मूलधारमा ल्याउने, बन्दुक बिसाउने, सङ्घीयता ल्याउने लगायतका कामको प्रस्थान बिन्दु थियो २०६४ सालको निर्वाचन। त्यसयता त मर्मत सम्भार, थोरै परिवर्तन मात्रै भएको हो। अनुभवका आधारमा मर्मत सम्भार त भइहाल्छ नि। यी सबै कामको स्पष्ट मार्ग २०६४ सालको संविधानसभाकै चुनावले गरेको हो। यस्तो खाले चुनाव नेपालको इतिहासमा नै दुर्लभ छ। निर्वाचनसँग जोडिएका कानुन, निर्देशिका, नीति, रणनीति, आचारसंहिताका खोल परिवर्तन भए पनि तिनै छन्। केही सामान्य परिवर्तन बाहेक आधार त हामीले नै बनाएका हौँ। २०६४ सालमा नै बनाएका हौँ। समय सापेक्ष अद्यावधिक गरिएको छ। यो गर्नु पनि पर्छ। मैल भन्न खोजेको चाहिँ त्यतिबेला हामीले निकै दुःख गरेर यी सबै काम गरेका थियौँ। गणतन्त्र, संविधान, लोकतन्त्र र समग्रमा भन्दा परिवर्तनको जग तयार गऱ्यौँ। त्यसकै आधारमा मुलुक अहिले

अगाडि बढिरहेको छ।

प्रतिबद्धता भएपछि आँट आफैँ आउँदो रहेछ। सबैभन्दा ठूलो डर भनेको सबै राजनीतिक दलहरूले निर्वाचनलाई सहयोग गर्छन् कि गर्दैनन् भन्ने थियो। तर, सबै राजनीतिक दलहरू आए। छलफल गरे। निर्वाचन गराउन एकजुट भए। छलफल त चरणचरणमा गर्नुपर्‍यो। तर, परिणाम त निस्क्यो नि ! निर्वाचन आयोगलाई सबैले विश्वास गरे। हामीले पनि विश्वासमा लिने गरी काम गर्‍यौँ। हामीले संसदवादी र संसद विरोधी दुवै खाले राजनीतिक दलहरूको मन जित्यौँ। विश्वास जित्यौँ। त्यतिबेला कुनै विश्वसनीय संस्था थियो भने त्यो निर्वाचन आयोग थियो। हामीले दिनरात मेहनत गरेर विश्वसनीय बनाएका थियौँ। अन्तर्राष्टिय जगतले पनि त्यो मानेको थियो। आयोगले निकै मेहनत गरेर मात्रै संसारभरको विश्वास लिन सफलता हात लाएको थियो। निर्वाचन मात्रै भनेर हुँदैन। निर्वाचनले मान्यता पाउने कुरा पनि महत्त्वपूर्ण हुन्छ। राजाको पालामा नगरपालिकाको निर्वाचन गरियो। तर, सो निर्वाचनले मान्यता नै पाएन। विश्वासमुक्त भएको आयोगलाई हामीले विश्वासमा लिन सक्यौँ। यो जति ठूलो उपलब्धि अरु के हुन सक्छ र ? संविधानसभाको निर्वाचन नै दुई पटक स्थगित गरेर तेस्रो पटक तोकिएको मितिमा गरिएको हो। २०६४ सालको मंसिर महिनामा उम्मेदवारी दर्ता गर्ने भनी तोकिएको दिन निर्वाचन स्थगित भयो। माओवादीले सरकार छाडेका कारण विश्वासमा लिनका लागि भनेर स्थगित गरिएको सरकारले बताएको थियो। तर, जे भने पनि जसो गरे पनि निर्वाचन नहुने भयो। त्यतिबेला केही दलका केही नेताले माओवादी आउनु र नआउनुसँग हामीलाई मतलव छैन जसरी पनि चुनाव गराउनु पर्छ भनेर नम्र स्वभावका धम्की आएका थिए। तर, मैले शान्ति प्रक्रियाका लागि निर्वाचन गरिने भएकाले सो प्रक्रियाको एउटा शक्तिलाई बाहिर राखेर निर्वाचन गर्न सकिँदैन। त्यस्तो निर्वाचनले कुनै निकास दिँदैन भनेर अडान लिएँ। द्वन्द्व व्यवस्थापनका लागि गर्न लागिएको निर्वाचन भएका कारण माओवादी बिना चुनाव हुनै सक्दैन भन्ने मैले धारणा राखेपछि सोही अनुसार अरुलाई विश्वासमा लिन सकियो।

धाँधलीसहितको निर्वाचनको आरोप नलागेको होइन। केही ठाउँमा धाँधली पनि भए होलान्। भए पनि। कहीँ कतै त पुन: निर्वाचन पनि गरियो। सामान्यतया यो निर्वाचन शान्तिपूर्ण नै थियो। सुरक्षा दिने काम सरकारको हो। सरकारले सुरक्षा दिन नसक्दा हामीले व्यवस्थापन गर्न सकेनौँ। आयोगको काम त व्यवस्थापन गर्ने हो। बुथ कब्जाका कतिपय आरोप त पराजित मानसिकताको उपज हो। शान्तिपूर्ण निर्वाचन बनाउनका लागि निर्वाचन आचारसंहिता पालना नगर्ने उम्मेदवारको उम्मेदवारी खारेज गर्न पनि खोजेको थिएँ। तर, सकिनँ। आयोगलाई एक बनाउनका लागि पनि सो गर्न नसकेको हो। उम्मेदवारी खारेज गर्ने विषयमा मत विभाजन भएका कारण सो गर्न सकिएन। उम्मेदवारी खारेज गर्दा निर्वाचन नै प्रभावित हुने खतराको विश्लेषण गरेपछि सो गर्न सकिएन। सुरक्षामा हामी कतै चुक्यौँ। निर्वाचनमा बलियाले धाँधली गरेको निर्वाचनको इतिहासमा सधैँ भएको छ। सङ्ख्यामा धेरथोर एउटा कुरा हो। तर, भइरहेको छ। सिद्धान्तत: धाँधली हुनुहुँदैन। व्यवहारत: शून्य प्रतिशत बनाउन सकिएको छैन। नतिजा सार्वजनिक हुन थालेपछि धाँधली भन्ने आरोप त्यतिबेला बढी आएको हो। नतिजा हेरेर धाँधली भन्न मिल्दैन। त्यस्तो अवस्थामा धाँधली भन्नु हुँदैन।

(पोखरेलसँग रमेशप्रसाद तिमल्सिनाले गर्नु भएको कुराकानीमा आधारित।)

राजनीतिक सुझबुझ र समय व्यवस्थापनले निर्वाचन गर्न सम्भव

अयोधीप्रसाद यादव पूर्व प्रमुख निर्वाचन आयुक्त हुनुहुन्छ । २०६३ सालमा निर्वाचन आयुक्तका रूपमा नियुक्ति पाउनु भएका यादवले २०७२ सालदेखि २०७५ सालसम्म प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । २०७२ साल असोजमा नयाँ संविधान जारी भएपछि सङ्घीयता कार्यान्वयन गर्नका लागि गरिएको निर्वाचन उहाँकै नेतृत्वमा सम्पन्न भएको थियो ।

डा. अयोधिप्रसाद यादव

मानिस सफल भएमा आफ्नै कारणले र असफल भएमा बाह्य परिस्थितिलाई दोषारोपण गर्छन्। तर यसको पहिलो र प्रमुख कारण स्वयम् नै हो र उसको आफ्नै मनस्थिति हो भनेर बुझ्नुपर्छ। सफलता प्राप्तिका लागि भित्रैदेखि प्रेरित हुनैपर्छ र दृढतापूर्वक कठोर मेहनत गर्नैपर्छ। अनुकूल परिस्थितिको प्रतिक्षा गर्ने भन्दा डटेर परिस्थितिलाई आफ्नो अनुकूल बनाउनु पर्छ। परिस्थिति प्रतिकूल भए पनि मनस्थिति अनुकूल हुनुपर्छ।

मुलुकमा २०६१ माघ १९ गतेदेखि राजा ज्ञानेन्द्रको प्रत्यक्ष निरकुंश शाही शासन थियो। उपकुलपतिदेखि क्याम्पस प्रमुखसम्म धमाधम राजापरस्तको नियुक्ति हुँदै थियो। कम्युनिष्ट, कांग्रेस आन्दोलित थिए। हिंसात्मक भिडन्तका बीच माओवादी स्वबियु निर्वाचनको विपक्षमा थियो। चुनाव भाँड्ने, बिथोल्ने हिंसात्मक गतिविधिको सन्त्रासमय वातावरणले गर्दा चुनाव गराउने जिम्मेवारीबाट सबै पछि हटिरहेका थिए। चुनौती मोलेर राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको स्वबियु निर्वाचन संयोजकको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेपछि आत्मबल बढ्यो।

बृहत शान्ति सम्झौताअनुसार ०६४ जेठमा हुनुपर्ने संविधानसभाका लागि निर्वाचन आयोगमा खस आर्य र जनजातिबाट ०६३ कात्तिकमै नियुक्त भइसकेको थियो। समावेशिताको सिद्धान्तबमोजिम मधेशी समुदायबाट ०६३ पुस २७ गते नियुक्त भएँ। त्यो सोच्दै नसोचेको खुशी र भयमिश्रित गहन दायित्वको खबर थियो। माओवादी शान्ति प्रकृयामा आएको र संविधानसभाको निर्वाचन हुने कुराले जनतामा उत्साह थियो। सबै राजनीतिक दल, वर्ग, समुदायका साथै छिमेकी मुलुकहरूले निर्वाचनलाई चासोको रूपमा लिइरहेका थिए। विदेशीहरूबाट अवलोकन भइरहेको थियो। निर्वाचन आयोगका लागि भने मिश्रित निर्वाचन प्रणाली नयाँ थियो। समानुपातिकको सङ्ख्या र

प्रतिशत निर्धारण गर्ने कार्य कठिन थियो। दलहरूका बीच निर्वाचन प्रणालीमै विवाद थियो। राजनीतिक दलको व्यवस्थापनको समस्यादेखि मतदाता नामावली सङ्कलन झनै चुनौतीपूर्ण थियो। मृतक, नाबालक, गैरनेपाली नागरिकको नाम, दोहोरिएको नाम, घरघरमा गएर नामावली सङ्कलन नहुने बरु राजनीतिक प्रतिनिधिहरूले आ-आफ्नो समर्थकको नाम मात्र दर्ता गराउने, अरुहरूको हटाउने प्रवृति थियो। सशस्त्र समूहहरूको हिंसात्मक गतिविधि जारी थियो। रौतहटको गौरमा भएको सामूहिक हत्या, आगजनी र तोडफोड तथा तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र नेकपा माओवादीबीचको हिंसात्मक मुठभेडले निर्वाचन भाँडिने चिन्ता व्याप्त थियो। मधेश आन्दोलनको रापताप तीब्र थियो। जनजाति, लिम्बुवान, खुम्बुवान, थारु, चुरे भावर, राजावादीहरू पनि तातिएका थिए। कतिपय निर्वाचन बिथोल्ने ताकमा थिए। भौतिक आक्रमणका प्रयास पनि भए। त्यसअघि माघ २६ गते राति मेरो घरमा कसैले ढुङ्गा प्रहार गरी झ्यालको सिसा चकनाचुर बनाइ दियो। माघ २८ गते आयोगको कार्यालयबाट घर फर्कदै गर्दा हडताल गरिरहेका युवाहरूले आयोगका गाडी चिनेर नै लाठीले हिर्काउँदा पछाडिको सिसा झ्यामझुरुम भयो। सशस्त्र समूह जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजक जयकृष्ण गोइतले ०६४ फागुन १५ गते आयोगबाट राजीनामा नदिए परिवारैलाई सखाप पारिदिने धम्कीले व्यक्तिगत रूपमा आतङ्कित थिएँ।

२०६४ जेठबाट सर्दैसर्दै चैत २८ गतेका लागि तय गरिएको निर्वाचन मधेशको चर्को आन्दोलनले अनिश्चित बन्दै गएको थियो। आ-आफ्नो अडानमा रहेपनि ठूला राजनीतिक दलहरू र मधेसी मोर्चामा संलग्न दलहरू संविधानसभाको निर्वाचन नबिथोलियोस् भन्ने मान्यतामै थिए। ०६४ फागुन १६ गते मोर्चा र सरकारबीच आठ बुंदे सम्झौता भएपछि संविधान सभा निर्वाचन हुने आशा जाग्यो। विवाद भइरहने नयाँ र सानातिना कुराहरू मिलाएर सर्वसम्मतिको आधारमा निर्णय गर्न नसके निर्वाचनको भविष्य सङ्कटमा पर्ने अवस्था थियो। यसकारण आवश्यकता र औचित्यका आधारमा हदैसम्म लचिलो भएर आयोगले काम गऱ्यो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ अनुसार अन्तरिम व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने दलहरू बाहेक अन्यलाई निर्वाचनका लागि दल दर्ता गर्न १० हजार मतदाताको समर्थनसहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्ने व्यवस्था थियो। घर, चौर, पार्टी कार्यालयमा बसी तयार गरेर बुझाएको १० हजार मतदाताको हस्ताक्षरको संपुष्टि गर्न गाह्रो थियो। राजनीतिक दलहरूलाई पनि घरघर गएर नागरिकताका आधारमा हस्ताक्षर गर्न गाह्रो थियो। समयाभाव, जटिलताका बीच संपुष्टि गर्नैपर्ने अवस्थामा आयोगले सङ्क्रमणकालीन व्यवस्था गरेर सिस्टमेटिक च्याण्डम स्याम्पलिङ विधिका आधारमा सम्पुष्टि गऱ्यो। अन्तमा ७४ ओटा राजनीतिक दलको सूची तयार भएकोमा ५४ दलले संविधानसभाको निर्वाचनमा भाग लिए। अर्कोतिर वास्तविक मतदाताभन्दा ३८ लाख बढी मतदाता देखिए पनि आयोगसित तत्काल नामावली सच्याएर सही बनाउने समय र उपाय थिएन। त्यसैलाई सबैले स्वीकारेर २०६४ चैत २८ गते निर्वाचन सम्पन्न भयो। जुन सबैका लागि नौलो अनुभव थियो।

नयाँ राजनीतिक प्रकृयामा अग्रसर भएको नेपालमा २०६५ जेठ १५ गते व्यवस्थापिका संसद्को पनि काम गर्ने संविधानसभाको पहिलो बैठकमा सहभागी कुल ५ सय ६५ मध्ये ५ सय ६० जनाले गणतन्त्र कार्यान्वयनको प्रस्तावमा समर्थन जनाएपछि गणतन्त्रको घोषणा भयो। झण्डै

साढे २ सय वर्षसम्म शासन गर्दै आएको शाहवंशीय राजतन्त्रको अन्त्य भयो।

नेपालमा नागरिकताको आधारमा मतदाता नामावली सङ्कलन गर्ने कार्यको पहिलो सुरुवात भने काठमाडौं, मोरङ, कास्की, रोल्पा र जनकपुरको ६ निर्वाचन क्षेत्रमा भएको उपनिर्वाचनमा भयो। संविधानसभा सदस्य निर्वाचनमा पहिलोपल्ट काठमाडौं निर्वाचन क्षेत्र २ मा विद्युतीय यन्त्रको प्रयोग गरिएकोमा उपचुनावमा समेत विद्युतीय यन्त्रको आधारमा सफल अभ्यास भयो।

यसैबीच प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले २०६६ जेठ २१ गते राजीनामा दिएपछि नियमअनुसार कार्यबाहक प्रमुखमा नीलकण्ठ उप्रेती स्वत: बन्नु भयो। दोस्रो वरियताका उषा नेपाल २०६५ मै सेवानिवृत भइसक्नु भएको थियो। मतदाता नामावलीमा सुधारको टड्कारो आवश्यकता देखिएको थियो। मतदाता नामावली सही भएमा मात्र मतदान पनि सही हुन्छ भन्ने विश्वव्यापी मान्यता पनि हो। मतदाता नामावलीको संयोजक भएर सम्भाव्यता अध्ययन गर्‍यौं। संविधानसभा चुनावपछि २०६६ सालमा पाइलट प्रोजेक्टको काम बढ्यो। प्रोजेक्टबाट प्राप्त सकारात्मक परिणामपछि २०६७ भदौ ३० गतेदेखि फोटोसहितको बायोमेट्रिक पद्धतिमा जाने निर्णयअनुसार नागरिकता हुनेले मात्र मतदाता नामावलीमा दर्ता गर्न पाउने नियम लागु भयो। यसको कडा विरोध र समर्थनका बीच सर्वोच्च अदालतमा परेको रिटमा भएको आदेशपश्चात मात्र पुसदेखि मतदाता नामावलीको काम सुरु भयो।

हत्याहिंसा, विरोध, अवरोध, धम्की र चुनौतीबीच सम्पन्न भएको संविधान सभाबाट संविधान बनाउने ऐतिहासिक अवसर सत्तासमीकरणकै खेलमा रुमल्लिरहेको थियो। पटक-पटक थपिएको अवधिमा पनि संविधान जारी नभएपछि ०६९ जेठ १५ गते संविधानसभा विघटन भयो र दोस्रो निर्वाचनको दिशामा मुलुक अग्रसर भयो। घोषित मिति ०६९ मङ्सिर ७ गते नजिकिँदै गर्दा पनि दलहरूबीच सहमति हुन सकेन। आवश्यक कानुनको अभाव र संविधानमा निकासको प्रावधान नभएकाले चुनाव असम्भव बन्दै गएको थियो। प्रमुख आयुक्त उप्रेतीको कार्यकाल पूरा भएपछि दोलखबहादुर गुरुङ कार्यबाहक प्रमुख हुनु भयो। ०६९ पुस २७ गते बाँकी रहेका हामी दुई जनाको कार्यकाल पनि सकिँदै थियो। राजनीतिक रस्साकस्सी २०६६ पछि तीब्र बनेको थियो। सत्ता समिकरणका खेलहरूपछि पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई नेतृत्वको सरकार छोटोछोटो अवधिमा परिवर्तन हुँदै गए। डा. भट्टराईको राजीनामा पछि ०६९ चैत १ गते प्रधान न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा चुनावी मन्त्रिमण्डल बन्यो। सो मन्त्रिमण्डलले असार २७ गते सबैको सल्लाहमा ०७० मङ्सिर ४ गतेका लागि संविधान सभाको निर्वाचन मिति घोषणा गर्‍यो। संवैधानिक परिषद्ले उप्रेती प्रमुख आयुक्त रहने गरी मसमेत ५ जनाको नाम नियुक्तिका लागि दोहोर्‍याएर पठाएपछि राष्ट्रपति नियुक्त गर्न बाध्य हुनु भयो। २०६९ चैत ११ गते शपथ ग्रहणपछि पदबहाली भयो। राजनीति अस्थिर भएकाले निर्धारित मितिमा चुनाव हुने कुरामा शंका थियो। बन्द हडताल, बहिष्कार भइरहेको थियो, सहयोग र सद्भावको अभाव थियो। नेकपा माओवादीलगायत ३३ दलले निर्वाचन विरोधी अभियान नै सञ्चालन गरेका थिए। कात्तिक २५ देखि मङ्सिर ५ गतेसम्म आमहडतालको घोषणा गरिएको थियो। निर्वाचनमा खटिने कर्मचारीलाई '६ इञ्च सानो पार्ने' चेतावनी फैलाइएको थियो।

राजनीतिक दलहरू गम्भीर थिए।

पहिलो संविधानसभाको असफलताबाट ठूलो पाठ सिकेका थिए। उनीहरूबीच ११ बुँदे राजनीतिक सहमति र २५ बुँदे बाधाअडकाउ फुकाउ आदेश जारी भयो। सबै सङ्कल्पित भएअनुसार ०७० मङ्सिर ४ गते दोस्रो संविधानसभाको निर्वाचन पनि सम्पन्न भयो। परिणामअनुसार पहिलोबाट तेस्रो शक्ति बनेको एनेकपा (माओवादी)ले निर्वाचनमा धाँधली भएको आरोप लगायो। संविधानसभामा सहभागी नहुने एनेकपा (माओवादी)ले उद्घोष गरेकोमा दलीय सहमतिमा नै समस्या समाधान भयो। प्रमुख निर्वाचन आयुक्तबाट उप्रेतीले ०७२ जेठ ४ गते र दोलखबहादुर गुरुङले ०७२ भदौ १० गते अवकाश पाएपछि कार्यबाहक प्रमुख आयुक्त भएँ।

२०७२ असोज ३ गते नेपालको संविधान जारी हुनासाथ संविधानसभा नै व्यवस्थापिका संसदमा परिणत भएको थियो। नयाँ संविधान कार्यान्वयनको महाअभियानमा मुलुक होमिएको थियो। नेकपा (एमाले) अध्यक्ष केपी ओली प्रधानमन्त्री बन्नु भएको थियो। संविधान कार्यान्वयनका लागि ०७४ माघ ७ गतेभित्र सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गराउनु पर्ने संवैधानिक प्रावधान थियो। प्रमुख निर्वाचन आयुक्तको हैसियतमा २०७४ को निर्वाचन सम्पन्न गराउन जताततै समस्या थियो। चुनावको वातावरण थिएन। नयाँ संविधान जारी भएपछि नयाँ संरचनाको पहिलो निर्वाचन गराउनुपर्ने चुनौती थियो। पूर्व प्रमुख आयुक्त, आयुक्तहरू, सचिवहरूले समेत निर्वाचनको सम्भावना नभएको टिप्पणी गरिरहेका थिए। कतिपय दलमा निर्वाचन सार्ने सोच पनि देखियो। डराएर, तर्साएर राजीनामा दिन लगाएपछि चुनाव सर्ने योजना बमोजिम मेरो महाअभियोगको हल्ला पनि चलाइयो। स्थानीय तहको सङ्ख्या र सीमाना निर्धारण तथा स्थानीय तह वा स्थानीय निकायको निर्वाचनका विषयमा ठूलो विवाद थियो। नयाँ संविधानप्रति असन्तुष्ट ६ ओटा मधेश केन्द्रित दल मिलेर बनेको राष्ट्रिय जनता पार्टीले मधेशमा आन्दोलन चर्काए भने भारतले अघोषित नाकाबन्दी गऱ्यो।

यी सबै कारणले संविधान कार्यान्वयन नहुने र प्राप्त उपलब्धि गुम्ने आशङ्का व्याप्त थियो। आफूलाई भने संविधानसभाको दुईपटक निर्वाचन सम्पन्न गराएको अनुभवले आत्मबल थियो। सबैलाई निर्वाचन हुन सक्ने सकारात्मक पक्षबारे विश्लेषण गरेर बताउन थालेँ, सहयोग माग्न थालेँ। निरन्तर छलफल गरेर सबैलाई विश्वस्त पार्ने काम गरेँ। तयारी र प्रकृयाबारे जानकारी गराउँदै निर्वाचनको पक्षमा सकारात्मक धारणा बनाउन थालेँ। नकारात्मक अवस्था चिर्दै जनमानसमा निर्वाचन हुन पनि सक्छ भन्ने धारणा बनाउन टेलिभिजन, रेडियो, एफएम, पत्रपत्रिकाले महत्त्वपूर्ण भूमिका खेले। माघ ७ गते भित्र सबै तहको निर्वाचन गराउने आन्तरिक कार्य योजनाका साथ जुटेँ। त्यसपछि कानुन निर्माणमा ध्यान दिएँ। सचिवालय र जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरूको मनोबल बढाउन पनि जरुरी रहेकाले प्रशिक्षण कार्यक्रम गर्न थालेँ। युद्धस्तरमा काम अघि बढन थालेपछि निर्वाचन हुनेमा विश्वास बढ्दै गयो। करिब ८१ दिनको समय राखेर ०७४ वैशाख ३१ गतेका लागि स्थानीय तहको निवाचन मिति तोकियो। नयाँ संविधानप्रति नै असन्तुष्ट संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा कुनै हालतमा चुनाव हुन नदिने भनेर आन्दोलनरत थियो। संविधान संशोधन नभई चुनाव हुनै नदिने भनेर मोर्चाले वैशाख ३१ गतेसम्मको आन्दोलनको कार्यक्रम नै घोषणा गरेको थियो। सरकारसँग ०७४ वैशाखमा भएको वार्तामा २ चरणमा चुनाव सम्पन्न गर्न तयार भए पनि मोर्चाले स्थानीय तहको सङ्ख्या

बढाउनुपर्ने अडान राख्यो। निर्वाचन क्षेत्रको सङ्ख्या बढाइनाले पुन: मतदाता नामावली संकलन र प्रशोधन एवम् मतदाता परिचय पत्र छपाइको समस्या झेल्नु पर्‍यो। कानुनी व्यवस्थाले गर्दा सम्भावित उम्मेदवारको सहभागिताबारे अनुमानकै आधारमा मतपत्र छाप्नु पर्‍यो। राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल निर्वाचन प्रकृयाबाट बाहिरिएको थियो। चुनाव हुने, नहुने ठूलो संशयलाई चिर्दै पहिलो चरणमा वैशाख ३१ गते प्रदेश ३, ४ र ६ मा चुनाव भयो। निर्वाचन मिति सारिएको विरोध र राजपाको आन्दोलनका बीच दोस्रो चरणको चुनाव असार १४ गते प्रदेश १, ५ र ७ मा उत्साहका साथ भयो।

राजपाले चुनावमा जाने निर्णय गरे पनि चुनाव चिन्ह छाता नै चाहिने र स्थानीय तहको सङ्ख्या बढाउनु पर्ने लगायतका माग राखी विरोध कार्यक्रम जारी राखेको थियो। आयोग जसरी पनि सबै असन्तुष्ट पक्षलाई निर्वाचन प्रकृयामा सहभागी गराउन चाहन्थ्यो। ६ ओटा पार्टी मिलेर बनेको थियो राजपा। निर्वाचन आयोगमा ६ ओटा पार्टीले माग गरेको छुट्टाछुट्टै चुनाव चिन्ह मध्यै कुनै एउटा छानेमा सहजिकरण गर्न तयार थियौं। त्यसो भए अर्को मतपत्र छाप्नु पर्दैन थियो। राजनीतिक दलसम्बन्धी ऐनमा रातारात संशोधन प्रस्ताव तयार गरी मन्त्रिपरिषद्बाट निर्णय गरी राजपत्रमा प्रकाशित पनि गरियो। तर, पनि राजपा सहभागी भइदिएन। गृहजिल्ला सप्तरीको राजविराजमा २०७४ जेठ २९ गते "प्रदेश नम्बर २ मा स्थानीय निर्वाचन र राजपा" विषयक अन्तरक्रियामा जाँदा राजपाका नेता, कार्यकर्ताले गाडी घेरे, कालो झण्डा देखाउँदै मुर्दाबादको नारा लगाए। कार्यक्रम सकेर काठमाडौं फर्केपछि राजपाका नेता, कार्यकर्ताले राजविराजस्थित घरमा ढुङ्गामुढा गरे। यता सरकारले प्रदेश २ का लागि तेस्रो चरणमा निर्वाचन गराउने घोषणा गरेको थियो। तेस्रो चरणसम्म जान आयोग असहमत भए पनि सरकारले घोषणा गरेपछि निर्वाचन गर्ने जिम्मेवारीबाट हट्ने कुरा पनि भएन।

आयोगले चुनावको सारा तयारी गर्दै गए पनि २ नम्बर प्रदेशमा चुनाव हुनेमा सबैको मनमा शङ्का थियो। निर्वाचनको अनुकूल वातावरण बनाउन नेता, कार्यकर्ताकै भूमिका महत्त्वपूर्ण हुन्छ। गणतन्त्र विरोधी शक्ति, नेत्रविक्रम चन्द विप्लव समूह, सिके राउत नेतृत्वको स्वतन्त्र मधेश गठबन्धनको निर्वाचन विरोधी कार्य जारी थियो। राजपाले समेत मतदाता शिक्षा र मतदान अधिकृतको तालिम अवरुद्ध गरिरहेका थिए। साउन २९ गतेदेखिको अविरल वर्षाले हजारौं परिवार विस्थापित हुनुका साथै मधेशका ५० प्रतिशत मतदान केन्द्रसम्म पुग्ने बाटाहरू बिग्रिएका थिए। यी सबैलाई आधार बनाएर जानी नजानी निर्वाचन रोक्न लाग्नेहरू पनि थिए। विशेष अनुरोधमा नेपाली सेनाले रातदिन गरेर २५ दिनमा क्षतिग्रस्त बाटो आवतजावत गर्न सक्ने बनायो। संवेदनशील, विवाद र सङ्घर्षका बीच २० वर्षपछि हुन लागेको चुनावमा सक्दो सबैको सहभागिता होस् भनेर सरकार पनि लचिलो देखिन्थ्यो। राजपाले उम्मेदवारी दर्ता गर्न चाहिने आधिकारिक हस्ताक्षर पनि दिन नसकेपछि उम्मेदवारी दर्ता प्रकृया कै लागि भनेर मिति समेत सारियो। निर्वाचनमा भाग लिएर सत्तामा जाने उद्देश्यले खोलिएको दल कुनै अवस्थामा पुगेपछि चुनावमा भाग लिन्छन् भन्ने मेरो अनुमान थियो। राजनीतिक पृष्ठभूमिबाट आएकोले त्यो अनुमान गरिरहेको थिएँ र आवश्यक मात्रामा लचिलो बनिरहेको थिएँ। राजपालाई जसरी पनि चुनावमा ल्याउनु थियो। उसले भनेको सबै नगर्ने तर सक्दो गर्ने गरी सहज बन्ने, फकाउने, अनुरोध गर्ने आरोप सहने लचिलो नीति अख्तियार गरें। देश र जनताको हितका लागि नियम, कानुन

बनाउने हो, निर्वाचन गराउने हो, कठोरता र निरङ्कुशताले समाधान दिँदैन भन्ने हेक्का थियो। नियमले मिल्ने सम्म राजपाले भने अनुसार गरेपछि, सङ्घीय समाजवादी फोरमले चुनावमा भाग लिएपछि र अन्य शक्तिले पनि राजपाको साथ छोड्दै गएपछि बाहिर बस्दा अलग्गिने अवस्था आएकाले चुनावमा राजपा पनि सहभागी भयो।

अन्तत: धैर्यता, साहस, राजनीतिक सुझबुझ, समय व्यवस्थापन र गम्भीरताका साथ चुनावप्रति दृढ रहेकाले असोज २ गते ८ जिल्लाको १ सय ३६ स्थानीय तहमा तेस्रो चरणको निर्वाचन पनि सम्पन्न भयो। संयोग असोज १ गते ठूलो वर्षा भएकोमा मतदानको दिन मौसम अनुकूल रह्यो। राजविराजबाट मैले पनि आफ्नै नेतृत्वमा भएको स्थानीय निर्वाचनमा मतदान गरे। मतदान गर्न पाउँदा र जनताको उत्साह देखेर हर्षित थिएँ। जति चरणमा भए पनि संविधानको कार्यान्वयन अघि बढ्यो। निर्वाचन गराउन आवश्यक थियो। मौसमको प्रतिकूलता, साधनस्रोत, जनशक्तिको अभाव, भयत्रास, कानूनी जटिलता, राजनीतिक अन्यौलतालगायत कुनै कारण देखाएर निर्वाचन सार्न वा टार्न सकिन्थ्यो होला तर, त्यसले ठूलो समस्या ल्याउथ्यो। स्थानीय तहको चुनाव नभई राष्ट्रिय सभाको चुनाव गराउन सकिँदैन थियो। राष्ट्रिय सभाको चुनाव नभए सङ्घीय संसद पूर्ण हुँदैन थियो। स्थानीय सरकार नभई सङ्घीयताको मर्म पनि पूरा हुँदैन थियो। नयाँ व्यवस्था स्थापित हुनै नपाई असफल हुन्थ्यो। यो महाअभियानमा मुख्य जिम्मेवार भूमिका निर्वाह गर्न पाएकोमा सुखद र गौरव महसुस हुन्छ। स्थानीय तहको निर्वाचन भने दलविहिन वा पूर्ण समानुपातिक उपयुक्त हुन्छ भन्ने लागिरहेको छ।

नयाँ संरचनाको चुनाव गराउनु चुनौतीपूर्ण थियो। चुनौती त जहिले पनि हुने र चरण अनुसार फरक हुने रहेछ। त्यसबेला चुनावको वातावरण नै बनेको थिएन। सङ्घीय गणतन्त्र र निर्वाचन विरोधीसँगै परिणामको भयले कतिपय वरिष्ठ नेताहरू समेत निर्वाचन नगराउने पक्षमा थिए। भौतिक आक्रमण र धम्कीले जोखिम मोल्नु पर्ने अवस्था थियो। सहयोग गर्नेभन्दा टिकाटिप्पणी र निरूत्साहित गर्ने बढी थिए। चुनावका लागि मिति घोषणा भएपनि कानुन बनेको थिएन्। समय अभाव, हिंसात्मक आन्दोलन, भौतिक संरचनाको अभाव, भौगोलिक कठिनाइ, प्राकृतिक समस्या, निर्वाचन सामग्री आपूर्तिमा बिचौलियाको दबदबा, आयोगभित्र एकरूपताको कमी, कतिपय ठाउँमा मुख्य निर्वाचन अधिकृत र सिडिओबीच समन्वयको अभाव थियो। निर्वाचनका लागि ७५ दिनभित्र चुनावको वातावरण बनाउनु पर्ने तथा मतदाता नामावली सूची तयार गर्नुपर्ने, मतदाता परिचय पत्र बनाएर उपलब्ध गराउन पर्नु, कानुन, नियमावली, निर्देशिका तयार गर्नुपर्ने, मतदाता सामाग्री तयार गरी सुरक्षित पुरयाउनु र राख्नु पर्ने, मानव संशाधनको नियुक्ति, कर्मचारी खटनपटन, उत्प्रेरणा, तालिम, मतदाता शिक्षा, मतगणनालगायतका बग्रेल्ती चुनौती थिए।

यावत् चुनौतीका बीच स्वच्छ र निष्पक्ष निर्वाचन गराउन दलीय व्यवस्थामा राजनीतिक दलकै महत्त्वपूर्ण भूमिका हुने गर्छ। दलहरू सहमत हुन सकेमा चुनावको वातावरण पनि बन्छ, कानुनी प्रकृया पनि सहजै पूरा हुन्छ। निर्वाचनका लागि आयोग एक्लैले भने केही गर्न सक्दैन्। कानुन, आचारसंहिता जे जे भएपनि प्रभावकारी कार्यान्वयनका लागि दलकै सहयोग जरुरी हुन्छ। निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष बनाउन सरकार, राजनीतिक दल, आयोग, प्रशासन, मतदाता सबैको सहयोग आवश्यक छ।

कानुनी राज्यमा निर्वाचन गराउने विषयलाई कानूनले बढी प्रभाव पार्छ। फेरि कानुनलाई दलहरूले नै निर्माण र संशोधन

आम निर्वाचन (प्रजातान्त्रिक काल)

क्र. सं.	निर्वाचन	निर्वाचनको मिति	निर्वाचन क्षेत्र	मतदाता	विजयी महिला
१.	आम निर्वाचन	२०४८ वैशाख २९	२०५	१११९१७७७	८
२.	मध्यावधि निर्वाचन	२०५१ कात्तिक २९	२०५	१२३२७३२९	७
३.	आम निर्वाचन	२०५६ वैशाख २० र जेठ ३	२०५	१३५१८८३९	१२

(स्रोतः नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, २०७३)

गर्न सक्ने भएकाले राजनीतिक इच्छाशक्ति पनि ठूलो कुरा हो। निर्वाचनमा पर्यवेक्षण गर्ने संस्थाको भूमिका पनि कम महत्त्वको हुँदैन्। साक्षी हुन् पर्यवेक्षकहरू। स्वतन्त्र, निष्पक्ष निर्वाचनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पर्यवेक्षकहरूकै भूमिका निष्पक्ष र स्वतन्त्र हुनैपर्छ। कसैले निगरानी गरिरहेको छ भन्ने त्रासले पनि राजनीतिक दल, उम्मेदवार, कर्मचारीमा धाँधली गर्ने हिम्मत कमजोर बनाउँछ। पर्यवेक्षकहरूको प्रतिवेदनको आधारमा अन्तर्राष्ट्रिय समुदायले निर्वाचनलाई मान्यता दिने गरेकोले सरकारको वैधता स्थापित हुने गर्छ। यसकारण योग्य, स्वतन्त्र, तटस्थ पर्यबेक्षक परिचालन हुनुपर्दछ। स्वतन्त्र, स्वच्छ र बढी विश्वसनीय निर्वाचनका लागि यो आवश्यक पनि छ। पर्यवेक्षकहरूको सुझावका आधारमा चुनावमा सुधारको क्रम पनि हुने गर्छ। स्वतन्त्र र स्वच्छ मतदानको वातावरण बनाउन, कमीकमजोरी सुधार्न आचारसंहिता पालना गर्न, गराउन समेत स्वतन्त्र पर्यवेक्षकहरूले भूमिका खेलिरहेका हुन्छन्।

निर्वाचनमा मतदाता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन्। जनताको तल्लो तहसम्म दलहरूको प्रभाव देखिन्छ। मतदाताहरू क्रमशः जिम्मेवार बन्दै गएका पनि छन्। मतदाताहरू सामाजिक, आर्थिक कारणले बढी प्रभावमा परिरहेका हुन्छन्। जे जस्तो भए पनि निर्वाचनलाई स्वतन्त्र मानिने भएकाले स्वच्छ निर्वाचनका लागि कुनै एक पक्ष मात्र जिम्मेवार हुँदैनन्। राजनीतिक दल जिम्मेवार र उम्मेदवारहरू जवाफदेही हुनुपर्छ।

राजनीतिक सत्ता परिवर्तनको शान्तिपूर्ण प्रकृया र माध्यम हो चुनाव। निर्वाचन परिणाम आफनो पक्षमा पार्न गलत तौरतरिका अपनाएको पनि देखिन्छ। यसले निर्वाचन प्रणाली महँगो हुँदै गएको छ। अनेकौँ विकृतिहरू निम्त्याइरहेको छ। निर्वाचनमा अन्धाधुन्ध पैसा खर्च गर्ने प्रतिस्पर्धाले भ्रष्टाचारलाई आमन्त्रण गर्छ र स्वस्थ निर्वाचन प्रतिस्पर्धालाई कमजोर बनाउँछ। तसर्थ प्रतिस्पर्धा सभ्य र अनुशासित हुनु पर्छ। निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन निर्वाचन आयोगले आचार संहिताको पालना कठोरतापूर्वक गर्न सक्नुपर्छ।

निर्वाचनमा भाग लिने जनताको संवैधानिक अधिकार प्रयोगको प्रत्याभूति दिनु सरकारको प्रमुख जिम्मेवारी र भूमिका हो। आफ्नो दललाई लाभ पुग्ने र विपक्षी दललाई हानि पुग्ने वा निर्वाचन आयोगलाई हस्तक्षेप गर्ने काम हुनुहुँदैन। यसका लागि निर्वाचनमा प्रतिस्पर्धा गर्ने दलको सरकारको साटो केयरटेकर निर्वाचन सरकार गठन गर्न सकिन्छ। निर्वाचनलाई राष्ट्रिय-अन्तराष्ट्रिय मान्यता आवश्यक पर्ने भएकाले पनि सरकार र राजनीतिक दलहरू सँधै स्वतन्त्र निष्पक्ष र स्वच्छ निर्वाचनका लागि समर्पित हुनुपर्छ।

(यादवसँग इन्सेक सप्तरी प्रतिनिधि मनोहर कुमार पोखरेलले गर्नु भएको कुराकानीमा आधारित।)

निर्वाचन र महिला सहभागिताको सवाल

इला शर्मा, पूर्व निर्वाचन आयुक्त हुनुहुन्छ। २०६९ सालदेखि २०७५ सालसम्म निर्वाचन आयुक्त रहनु भएकी शर्मासँग दोस्रो संविधानसभाको निर्वाचन र सङ्घीयता कार्यान्वयन, प्रतिनिधिसभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचन, निर्वाचनमा महिला सहभागिताजस्ता विषयको ठूलो अनुभव रहेको छ।

इला शर्मा

राजनीति र राज्यका संयन्त्रमा महिलाको समानुपातिक सहभागिता नारामा मात्रै सीमित नराखेर व्यवहारमा नै उतार्न राजनीतिक दलहरूमा महिलाको सहभागिता उच्च तहको हुनु आवश्यक छ। महिलाको समानुपातिक राजनीतिक सहभागिता एक दिनमा हुने विषय होइन । यसका लागि सबै तहमा सार्थक प्रतिनिधित्व हुनु आवश्यक छ, अनि मात्र सर्वोच्च र उच्च पदमा महिलाको उपस्थिति स्वाभाविक हुन्छ। दिगो हुन्छ । महिलाको सहभागिता समानुपातिकसँगै समावेशी प्रकृतिको हुनै पर्छ। नत्र यस्तो सहभागिता न त अर्थ पूर्ण हुन्छ न त दिगो नै !

दल र उम्मेदवारहरूलाई निर्वाचन आयोगको निर्देशन पालना गरे पनि हुने, नगरे पनि हुने विकल्प नै हुँदैन। कानुनले दिएको अधिकारलाई उपयोग गर्दै दिइने निर्देशन पनि कानुन सरह नै हुन्छन्। कानुनलाई पालना गर्दिनँ भन्ने छुट कसैलाई छैन। कतिपय अवस्थामा आयोगले प्रगतिशील निर्देशन पनि दिनुपर्ने हुन्छ। यस्ता निर्देशन चाहिँ आगामी कानुनमा समावेश गराउनु पर्ने हुन्छ। निर्वाचन सम्पन्न गराउने क्रममा निर्वाचनसम्बन्धी आदेश होउन् कि निर्देशन, ती कानुनसरह कार्यान्वयन हुनुपर्छ । निर्वाचन आयोगलाई निर्वाचन गराउने एउटा प्राविधिक शाखा जस्तो मान्न हुँदैन। संविधानमा काम, कर्तव्य र अधिकार उल्लेख भएको संवैधानिक आयोग हो। आयोगले जहिले पनि संविधान र कानुनको मर्म अनुसार निर्वाचन र राजनीतिक दलमा समावेशिताका लागि ध्यान पुऱ्याउनु पर्ने हुन्छ।

एकातिर महिलालाई अवसर नदिने र अर्कातिर दिइहाले पनि कमजोर छन् भन्ने पुष्टि गराउने प्रपञ्च हुन्छ। महिला उम्मेदवार भएका ठाउँमा अर्को राजनीतिक दलको प्रभावशाली पुरुष उम्मेदवार ठड्याउने गलत परिपाटी छ। महिलाले प्रत्यक्षतर्फ चुनाव जित्न सक्दैनन् भन्ने भाष्य गलत हो । विश्वव्यापी अध्ययनहरूले प्रमाणित गरिसकेका छन्, जब-जब महिला चुनाव लड्न पाउँछन् र लड्छन्, उनीहरूको जित्ने सम्भावना बढी हुन्छ । जित्छन् पनि। जितेका पनि छन्। हाम्रो देशमा प्रत्यक्षतर्फ महिला उम्मेदवारको सङ्ख्या अप्राकृतिक रूपमा अत्यन्त न्यून हुने अवस्था न्यायसङ्गत छैन।

२०७५ वैशाख २५ गतेसम्म १८ वर्ष उमेर पुरा भएका मतदाता

क्र.सं.	प्रदेश	पुरुष	महिला	अन्य	जम्मा
१.	कोशी	१६९९८००	१६४७५६१	२३	३३४७३८४
२.	मधेश	१७९७९४५	१५३३१५८	६७	३३३११७०
३.	बागमती	१७०४८९८	१७०७९४२	२९	३४१२८६९
४.	गण्डकी	८६४४५२	९२४९४८	११	१७८९४११
५.	लुम्बिनी	१६१८०७३	१६०१३५२	३२	३२१९४५७
६.	कर्णाली	५०६१८०	४९५०९९	३	१००१२८२
७.	सुदूरपश्चिम	८००६६२	८३१४७०	१८	१६३२१५०
८.	जम्मा	८९९२०१०	८७४१५३०	१८३	१७७३३७२३

(स्रोतः निर्वाचन आयोग, २०७९)

यो किन पनि न्यायसङ्गत छैन भने, मतदाता सङ्ख्यामा महिलाको प्रतिशत धेरै छ तर त्यस अनुपातमा प्रत्यक्षतर्फ महिलाको उम्मेदवार सङ्ख्या भने धेरै कम हुने गरेको छ ।

महिलाको उम्मेदवारीबारे कुरा चल्न थालेलगत्तै क्षमता, अनुभव र जनाधार भएका महिला नै पाइँदैनन् भनिन्छ। त्यसैगरी महिलाले खर्च गर्न सक्दैनन् भन्ने अर्को गलत भाष्य छ। राजनीतिक दलबाट उम्मेदवार हुने हाम्रो जस्ता मुलुकमा व्यक्तिले खर्च गर्ने होइन। सम्बन्धित दलले नै खर्च गर्नुपर्छ। स्वतन्त्र उम्मेदवारको कुरा अर्कै हो। खर्चकै कुरा गर्ने हो भने निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी खर्च गर्नु गैरकानुनी हो । बढी खर्च त कसैले पनि गर्न पाउँदैन नि ! कानुन तोड्ने अथवा अटेरी गर्ने छुट राजनीतिका नाममा कसैलाई पनि छैन। त्यस्ता अभ्यासलाई आधार मानेर गरिने निर्णय सदैव गलत हुन्छन्। अवसर नै नपाएपछि अनुभवी र क्षमतावान उम्मेदवार पाउन सकिँदैन। त्यसैले राजनीतिमा महिलालाई अवसरको खाँचो छ। अवसर पाएपछि उनीहरूले गर्न नसक्ने कुनै काम छैन।

हाम्रो संविधानले परिकल्पना गरेको मिश्रित प्रणालीको उद्देश्य महिला प्रत्यक्षतर्फ नलड्ने, समानुपातिकको बाटोबाट मात्र प्रतिनिधिसभा वा प्रदेशसभामा प्रवेश गर्ने भन्ने होइन। तर, त्यस्तै बनाउन खोजिँदैछ। प्रत्यक्ष निर्वाचनबाट समावेशिता प्राप्त गर्न नसकेमा मात्रै समानुपातिकबाट पुर्ति गराउने हो। नयाँ संविधान अनुसार निर्वाचित सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय सरकारको अनुभव गरेको नेपालले दुई ओटा निर्वाचन चक्र पूरा गरिसकेको छ। अब पनि त्यही समावेशिता र समानुपातिकको बहस चलाइरहनु उपर्युक्त हुँदैन। अबको बहस गुणात्मक र अर्थपूर्ण सहभागिता तथा क्षमतावान् प्रतिनिधित्वको हो ।

निर्वाचित प्रतिनिधित्वलाई समानुपातिक एवम् समावेशी बनाउने उद्देश्यले २०६४ सालदेखि नै मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको हो। २०७० सालमै निर्वाचन आयोगबाट निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति जारी भई कार्यान्वयनमा छ । नेपालको

स्थानीय निकाय निर्वाचन (प्रजातान्त्रिक काल)

क्र. सं.	निर्वाचनको मिति	निर्वाचन गरिएका स्थानीय निकाय	स्थानीय निकाय	मतदाता
१	२०४९ वैशाख २४ देखि जेठ १५ सम्म	२०३० गाविस र ११ नगरपालिका	२०४१	१२००००००
२	२०४९ वैशाख २७ देखि जेठ १८ सम्म	१९६५ गाविस र २५ नगरपालिका	१९९०	
३	२०५४ जेठ ४	१८२१ गाविस, २३ नगरपालिका र १ उपमहानगरपालिका	१८४५	५३३८२८३
१	२०५४ जेठ १३	२०९१ गाविस, ३१ नगरपालिका, २ उपमहानगरपालिका र १ महानगरपालिका	२१२५	७१९९९९०

(स्रोतः नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग, २०७३)

संविधानले वडा तहमा स्थानीय तहको वडा समिति एवम् गाउँ कार्यपालिका र नगर कार्यपालिकामा महिला, दलित, अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व सुनिश्चित गरेको छ। स्थानीय तह निर्वाचन ऐनमा स्थानीय तहको निर्वाचनमा राजनीतिक दलका तर्फबाट उम्मेदवारको मनोनयन पेश गर्दा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख पदमा कम्तीमा ५० प्रतिशत महिला उम्मेदवार रहनुपर्ने व्यवस्था छ । यो व्यवस्था एउटै राजनीतिक दलले तत् पदमा उम्मेदवार उठाएको हकमा लागु हुने कानुनी व्यवस्था छ। यही व्यवस्थालाई टेकेर पछिल्ला निर्वाचनहरूमा निर्वाचन पूर्वको गठबन्धन बनाएर महिला प्रतिनिधित्वमा कटौती गरिएको छ। कानुनी रूपमा उम्मेदवार हुन मिल्ने भए पनि संविधानको मर्म र भावना अनुसार महिलाको उपस्थिति घटाउने कुरा हुनै सक्दैन।

महिलाको राजनीतिक नेतृत्वलाई दिगो बनाउनका लागि राजनीतिमा संलग्नता र सहभागिता बढाउनुको अर्को कुनै विकल्प छैन । जबसम्म राजनीतिक दलका हरेक कमिटी, एकाइ, तह र तप्कामा महिलाको अर्थपूर्ण सहभागिता हुँदैन तबसम्म राजनीतिक नेतृत्वमा महिला कुरा गर्ने विषय मात्रै बनिरहन्छ। पर्याप्त संवैधानिक र कानुनी संरचना बनिसकेको आजको सन्दर्भमा भुइँतहका महिलाको समानुपातिक र समावेशी सँगसँगै सार्थक राजनीतिक प्रतिनिधित्व अहिलेको आवश्यकता हो। जसले निर्वाचनलाई मर्यादित बनाउन पनि निकै सहयोग पुऱ्याउँछ। निर्वाचनमा महिलाको सवालको जबाफ राजनीतिक नेतृत्वबाट र दलको लोकतान्त्रिकरणबाट मात्रै सम्भव छ।

(शर्मासँग रमेशप्रसाद तिमल्सिनाले गर्नु भएको कुराकानीमा आधारित।)

पञ्चायतकालीन निर्वाचन र जनमत सङ्ग्रह

८६ वर्षीय नवराज सुवेदी राष्ट्रिय पञ्चायतका पूर्व अध्यक्ष हुनुहुन्छ। पञ्चायतका ३० वर्ष सकृय राजनीति गर्नु भएका सुवेदी त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उत्तीर्ण गरेपछि राजनीतिमा प्रवेश गर्नु भएको थियो। सो अवधिमा विभिन्न जिम्मेवारी निर्वाह गर्नुभएका सुवेदी पञ्चायतको अन्तिम वर्षहरूमा राष्ट्रिय पञ्चायतको अध्यक्ष हुनुहुन्थ्यो ।

नवराज सुवेदी

निर्वाचन गर्नुको मुख्य कारण राम्रा मान्छेले गाउँदेखि ठाउँसम्मको नेतृत्व गरुन् भन्ने नै हो। असल मानिसको नेतृत्व स्थापित गर्नैका लागि निर्वाचन गरिन्छ। त्यस्ता मानिसले नेतृत्व गरेमा विकास हुन्छ भन्ने मान्यता छ। निर्वाचनबाट कस्ता व्यक्ति चुनिन्छन् भन्ने कुराको जस वा अपजस समाजलाई जान्छ। समाजले असल व्यक्ति चिन्नु पर्छ र निर्वाचनमा सोही अनुसार छान्नु पर्छ। सही नेतृत्व चुन्नका लागि निर्वाचनभन्दा अर्को उत्तम विकल्प हुन सक्दैन।

मेरो विचारमा पञ्चायतको चुनाव अहिलेभन्दा ठिक थियो। अहिलेको र त्यतिबेलाको निर्वाचनलाई तुलना गर्ने हो भने मुख्य कुरा अनुशासनको हुन आउँछ। उतिबेला निकै राम्रो अनुशासन थियो। राजाको नेतृत्व थियो। राजासँग सबै डराउँथे। राजाका डरले कोही कसैले निर्वाचनमा गडबड गर्नै सक्दैनथे। तपाईं भन्नु होला कहाँ अनुशासन छ र ? अनुशासन आउने स्रोत एउटा डर पनि हो। अहिले त न कसैको डर न कसैको भर। पञ्चायतको ३० वर्षमा दुई किसिमका चुनाव भए। एउटा, प्रत्यक्ष। र, अर्को अप्रत्यक्ष। वडाका नागरिकले वडा सदस्यलाई चुन्थे। यो प्रत्यक्ष निर्वाचन थियो। त्यसरी चुनिएका वडा सदस्यले गाउँ पञ्चायतका सदस्य चुन्थे। गाउँ पञ्चायतका सदस्यहरूले जिल्ला पञ्चायतका सदस्य चुन्थे। अञ्चलभरिका जिल्ला पञ्चायतका सदस्यले राष्ट्रिय पञ्चायतका सदस्य चुन्थे। तीनै सदस्यहरूबाट प्रधानपञ्च, उपप्रधानपञ्च, जिल्ला पञ्चायतका सभापति, उपसभापति पनि चुनिन्थे। यो चाहिँ अप्रत्यक्ष चुनाव हो। मैले तीनपटक अप्रत्यक्ष र दुईपटक प्रत्यक्ष निर्वाचनमा सहभागी भई विजय हासिल गरेको छु। २०१९ सालको निर्वाचनदेखि पञ्चायत नढल्दासम्म मैले पदीय हैसियतमा आफ्नो बुद्धि र विवेकले भ्याएसम्म देशको सेवा गरेँ।

(स्रोत : जनमत सङ्ग्रहको मतपत्र, मदन पुरस्कार पुस्तकालयको सङ्कलन)

पञ्चायतकालीन निर्वाचनमा उल्लेख गर्न लायक धाँधली भएका छैनन्। अहिले आएर पञ्चायत व्यापक राम्रो थियो भने पनि अब त्यो व्यवस्था फर्कँदैन। बढाइचढाइ गर्नु आवश्यक छैन। त्यतिबेला शक्ति केन्द्रमा भएका कारण मैले निर्वाचन धाँधलीरहित थियो भनेर स्पष्ट मात्रै पारेको हो। आरोप लगाउन त जसले जहिले र जे लगाए पनि भयो। वास्तवमा भन्ने हो भने त्यतिबेला बहुदलवादीको मनोबल उच्च थियो भने हाम्रो मनोबल कमजोर थियो। कमजोरवालाले कहिल्यै पनि धाँधली गर्दैन। राजा वीरेन्द्रको स्वभाव शान्ति चाहने खालको थियो। उहाँमा दङ्गा फसाद भन्दा शान्तिमा विश्वास थियो। त्यसैले उहाँले शान्ति नभङ्कियोस् भनेर जनमत सङ्ग्रह गराउनु भयो। मलाई त शङ्का यो छ कि राजाले त्यतिबेलै बहुदलको पक्षमा नतिजा आए पनि होस् भन्ने चाहना राख्नु भएको थियो। पञ्चहरूको लफडाबाजीले उहाँ दिक्क वाक्क हुनुहुन्थ्यो। त्यस्ता लफडाबाजी उहाँलाई मन पर्दैनथ्यो। त्यसो भएको हुनाले जनमत सङ्ग्रहलाई धाँधली भयो भन्न मिल्दैन।

एक दिन सूर्यबहादुरजीले मसँग जनमत सङ्ग्रह नहुञ्जेलसम्म कति रकम चाहिन्छ भन्नुस् भन्नुभयो। मेरो धारणामा करिब ३ करोड ५० लाख जति भए पञ्चायतलाई जिताउन सकिन्छ भन्ने थियो। त्यही कुरा प्रधानमन्त्रीज्यूलाई जबाफ दिएँ। लामो छलफलपछि उद्योगपति, व्यापारीहरूसँग चन्दा माग्ने कुरामा हामी दुवै जना पुग्यौँ। त्यस समयमा ठूला उद्योगपति, व्यापारीमा गोल्छा समूह नै थियो। अतः हुलासचन्द गोल्छालाई बोलाएर प्रधानमन्त्रीज्यू र म बसेर पञ्चायत पक्षलाई आर्थिक सहयोग गर्न अनुरोध गर्‍यौँ। उनले पनि यस्तो राम्रो काममा म सहर्ष सहयोग गर्छु भन्दै खुसी व्यक्त गरे। म दिउँसो चेक पठाउँछु भन्दै उनी गए र दिउँसो चेक मेरो हातमा आयो। हेर्छु त ५ हजार रुपियाँ रहेछ। प्रधानमन्त्री र मैले निर्णय गर्‍यौँ उद्योगपति,

व्यापारीबाट अब हाम्रो समस्या समाधान हुँदैन, अरू नै उपाय गर्नुपर्छ। उता बहुदलवालाहरूले जिल्ला-जिल्लामा छ्यापछ्याप्ती पुगेर प्रचारप्रसार तेज गराइसके तर पञ्चायतका कार्यकर्ताहरू भने प्रचार खर्च चाहियो भनेर काठमाडौँमै थुप्रिएका थिए।

यस्तो स्थितिमा पैसाको जोगाड भइरहेको थिएन। थापाजीले मसँग भन्नुभयो- "नवराजजी, कुनै एक व्यापारी समाउनुस्, कुन सर्तमा दिन्छ सोध्नुस् र एकै जनासँग साढे तीन करोड लिने व्यवस्था गर्नुस्। अन्तमा पैसा खोज्ने काम मेरो जिम्मामा आयो। उद्योग वाणिज्य मन्त्रीबाट हटेको पनि करिब ६-७ वर्ष भइसकेको थियो। धेरै नयाँ उद्योगपति, व्यापारीहरू आइसकेका थिए। मलाई चिन्दैनथे। यस कुराको सल्लाह लिन म मेरा मित्र पुनमचन्द्र अग्रवालकहाँ गएर यो सबै कुरा राखेँ। उनी पनि त्यो बेला नेपालको ठूलो व्यापारीमा गनिन्थे। उनको आयात-निर्यातको ठूलो व्यापार थियो। उनले मसँग प्रष्ट शब्दमा भने- 'नवराज, तिम्रो प्रस्तावअनुसार काम गर्ने हो भने निकै पैसा कमाउन सकिन्छ तर मैले आजसम्म दुई नम्बरी धन्दा गरेको पनि छैन। गर्दा पनि गर्दिनँ। हुन त म काङ्ग्रेस समर्थक हुँ। तर, तिमी मेरो नजिकका मित्र छौ, सहयोग, सल्लाह माग्न आयौ, म मद्दत गर्छु। तिम्रो काम हुन्छ, भोलि बिहान १० बजे मकहाँ बागबजार आऊ।' पुनमको यस्तो कुराले पैसाको जोगाड हुने आशा पलायो। म पनि अर्को दिन भनेकै बेलामा उनको घरमा पुगेँ। उनीसँग एउटा मोटो, कालो धम्मरधुस व्यक्ति बसेर गफ गरिरहेको थियो। पुनमले मसँग त्यस व्यक्तिको परिचय गराए। ती रहेछन् नाम चलेका व्यापारी चोचमल जाटिया। यिनलाई त्यो दिनभन्दा अगाडि मैले देखेको थिइनँ। यिनको ठूलो कारोबार थियो। यिनलाई दुई नम्बरी व्यापारको जनक पनि भनिन्थ्यो। आजकल दुई नम्बरी धन्दाबाट पैसा कमाउने धेरै छन्। तर, त्यस समयमा यस धन्दामा उनको एकछत्र राज्य थियो। त्यस बेला मलाई एक नम्बरी, दुई नम्बरी केही मतलब थिएन। खाली पञ्चायत जिताउन पैसा चाहिएको थियो। उनीसँग मैले सबै कुरा राखेपछि उनले भने- 'मन्त्रीज्यू, तपाईं र प्रधानमन्त्री सूर्यबहादुर थापाज्यूलाई त्यो पनि पञ्चायत जिताउन साढे ३ करोड चाहिएछ। यो त साढै लाजमर्दो कुरा भयो। म आजै दिन सक्छु। तर, पैसा दिने भएपछि मैले केही सुविधा पनि पाउनुपर्छ।'

उनले अगाडि भने- 'मेरा तीन सर्त छन्। (१) गृहमा कारबाही हुँदैछ, चाँडै नागरिकता पाऊँ (२) एक ठूलो कटन मिल (सुती कारखाना) काठमाडौँमा खोल्न पाऊँ (३) मसँग सर्पको छाला छ, विदेश निकासी गर्न पाऊँ।' चोथमल जाटियाका यी तीन सर्त सुनेपछि मैले उनलाई भनेँ- 'यसबारे अन्तिम जबाफ आज साँझ तपाईं, म र प्रधानमन्त्रीज्यूको कुरा भएपछि पाउनु हुन्छ। साँझ आठ बजे प्रधानमन्त्री निवास बालुवाटार आउनुस्। म गेटमा हुन्छु।' भन्दै म उठेँ। उठ्दै गर्दा उनले पनि भने- 'तपाईं र प्रधानमन्त्रीज्यूले मेरा यी तीन सर्त जिम्मा लिनुहुन्छ भने साढे ३ करोड होइन, पञ्चायतलाई जति चाहिन्छ, जति बेला चाहिन्छ, म नै सबै रकमको व्यवस्था गरिदिन्छु।' चोथमल जाटियाका यी भनाइबाट अब पञ्चायत जिताउन सकिन्छ भन्ने खुसी मनमा लिँदै म सिंहदरबार पुगेँ।

प्रधानमन्त्रीज्यू मलाई पर्खेर बसिरहनुभएको रहेछ। सबै कुरा सुनेपछि

उहाँमा पनि खुसी छायो, 'नवराजजी, तपाईंले आज ठूलो काम गर्नुभयो। तपाईंलाई धन्यवाद छ।' बेलुका जाटियासँग भेटी कुरा भयो। उनले पनि हतार छैन। मेरो काम जनमतको चुनाउपछि गरिदिनुभए हुन्छ भने। हामी दुवैले उनको सर्त मञ्जुर गर्‍यौं। यसपछि पञ्चायतलाई पैसाको चिन्ता भएन। पञ्चायत पक्षको प्रचारप्रसार यसपछि बढ्यो। ठाउँठाउँमा सभाहरू भए। भूपू प्रधानमन्त्रीहरू, मन्त्रीहरू जिल्ला जिल्लामा पुग्न थाले। ठाउँठाउँमा बहुदलवालाहरूले अवरोध खडा गरे तापनि पञ्चायत पक्षको गतिविधि तीव्र हुँदै गयो। उता प्रधानमन्त्री थापाजीले र मैले ७५ ओटै जिल्लामा हेलिकोप्टरबाट भ्रमण गर्‍यौं। तर, प्रधानमन्त्रीले कुनै पनि जिल्लामा भाषणको कार्यक्रममा पञ्चायतपक्षलाई भोट माग्नु भएन। सभाहरूमा भोट माग्ने काम म र स्थानीय कार्यकर्ताहरूबाटै हुन्थ्यो। गोप्य रूपमा कार्यकर्ताहरूलाई तताउने, खटाउने र मिलाउने सम्पूर्ण काम थापाजीले खूब गर्नुभयो र नै पञ्चायतले जित्न सक्यो।

पञ्चायत जिताउनमा राजेश्वर देवकोटाजीको योगदान पनि ठूलो छ। म सधैं जिल्ला घुम्न जाने हुनाले उहाँले नै कार्यालयको सम्पूर्ण काम हेर्नुहुन्थ्यो। बाहिरबाट आएका कार्यकर्ता भेट्ने, पर्चापम्प्लेटको व्यवस्था गर्ने आदि इत्यादि अफिसका काम उहाँले नै गर्नुभयो। उहाँले एक वर्षसम्म १० बजेदेखि ५-६ बजेसम्म अफिसमा बसी पञ्चायतको पक्षमा काम गर्नुभयो। जाटियासँग बराबर गएर चाहिएको रकम म आफैं ल्याउँथें। जनमत सङ्ग्रहको चुनाव हुने मिति नजिकिँदै आयो। बुथ खर्च चाहियो भन्ने माग सबै जिल्लाबाट आउन थाल्यो। कुनै पञ्च एक पैसा आफ्नो खल्तीबाट खर्च गर्न पनि तयार थिएनन्। नपठाए सबै प्रयास बेकार हुने भयो। जाटियाजीसँग साढे ३ करोड लिइसकेका थियौं। भोलिपल्ट सबै जिल्लामा मानिस पठाउने तयारी पनि भइसकेको थियो, तर पैसा थिएन। राति १२ बजे सूर्यबहादुरजीले 'नवराजजी, भए १ करोड, नभए पनि ५० लाख चोथमलसँग लिनुस्। अहिले नै उसको घरमा गई पैसा माग्नुहोस्। बिहान ७ बजे त जिल्लामा जाने व्यक्तिहरू पैसा लिन आइपुग्छन्।' भन्नुभयो। प्रधानमन्त्री निवासबाटै एक सेनाको हाकिम लिई म जाटियाको घर गएँ। उनी सुतेका रहेछन्। उठाएर सबै कुरा भनें। मेरो कुरो सुनेपछि उनले एक शब्द केही नभनी सेफ खोले, त्यहाँ भएको सबै रकम झिके। जम्मा साठी लाख रहेछ। त्यो रकम मेरो हातमा दिँदै भने- 'मन्त्रीज्यू यो रकम लैजानुस् र पञ्चायतले जितोस्।' त्यो पैसा सबै जिल्लामा बुथ खर्च गर्न भनी पठायौं।

श्री ५ को सरकारले पञ्चायत जिताउन बेइमानी, षड्यन्त्र आदि कुनै काम गरेन। हुन सक्छ, कहींकहीं पञ्चहरूको बलियो पकड भएको बुथमा एकलौटी भोट हाले होलान् तर न राजाले न सरकारले व्यवस्थित रूपमा पञ्चायत जिताउन षड्यन्त्र गरे। बरु सयौं बुथहरूमा बहुदल पक्षबाट बुथ क्याप्चरदेखि लिएर पञ्चहरूलाई कुट्ने सम्म काम भयो। जे होस्, पञ्चायतले थोरै बहुमतबाट भए पनि जनमतसङ्ग्रह जित्यो। तर त्यो चुनाव जिताउने असली व्यक्ति चोथमल जाटियाको तीन मागमध्ये एक माग पनि पूरा भएन। सूर्यबहादरजी र मैले प्रयास गर्‍यौं। तर, हामीले हाम्रो वचन पालना गर्न सकेनौं। पञ्चायत जितेपछि म नै गृहमन्त्री भएँ। मैले पनि उनको कारबाही भइरहेको

नागरिकतासम्बन्धी फाइल आफ्नै मन्त्रालय भए तापनि टुङ्ग्याउन सकिनँ। यसको केही महिनापछि उनको मृत्यु भयो। दु:ख व्यक्त गर्नुबाहेक म अरु के नै गर्न सक्थेँ र ? यसपछि पनि म धेरै पटक पदमा भएँ। जाटियाको परिवारसँग सम्पर्कमा आउन खोजेँ तर हुन सकेन। उनका छोरा पनि कहिल्यै मेरो सम्पर्कमा आएनन्। पैसा धेरैसँग हुनसक्छ तर ठूलो मुटु कमैसँग हुन्छ। हिम्मत पनि कमैसँग हुन्छ। चोथमल जाटियासँग हिम्मत र मुटु दुवै विशाल थिए।

जनमत सङ्ग्रहमा प्रचारप्रसार रोकिने अघिल्लो दिन पञ्चायत पक्षको अन्तिम सभा महाकाली अञ्चलको महेन्द्रनगरमा थियो। जाने अघिल्लो दिन साँझ मैले सूर्यबहादुरजीलाई महेन्द्रनगर जाँदा खप्तड स्वामीको आश्रम हुँदै जाऔँ भनेँ। उहाँको दर्शन गर्ने इच्छाका साथै पञ्चायतलाई आशीर्वाद पनि माग्ने इच्छा थियो। मेरो कुराको प्रधानमन्त्रीज्यूले समर्थन गर्दै पाइलट कर्णेल केसीलाई फोन गर्नुभयो र भन्नुभयो, महेन्द्रनगर जानुभन्दा अगाडि खप्तड स्वामीको दर्शन गर्नु छ। बिहान चाँडै लैजानुस्। उनी स्वयम् स्वामीका भक्त रहेछन्। हामी भोलिपल्ट सवा पाँच बजे बिहानै उड्यौँ। दिपायलमा सामान छोडी सूर्यबहादुरजी, म, प्रधानमन्त्रीको सुरक्षा गार्ड एक र पाइलट गरी जम्मा चार जना खप्तडतर्फ उड्यौँ। हेलिप्याडबाट १५ मिनेट उकालो चढेपछि स्वामीको कुटी आयो। हामी पुग्नु र स्वामीजी कुटीबाट निस्कनु एकैसाथ भयो। २०२३ सालमा सेती अञ्चल पञ्चभेला खप्तडमा भएको रहेछ। त्यसको उदघाटन सूर्यबहादुरजीले गर्न जाँदा, त्यहाँ स्वामीजीको दर्शन पाउनुभएको रहेछ। प्रधानमन्त्रीलाई देख्नासाथ त्यही कुरा स्वामीजीले व्यक्त गर्नुभयो। यसपछि भलाकुसारी आदि सकिनासाथ मैले स्वामीजीसँग पञ्चायत जिताउन आशीर्वाद मागेँ। उहाँले हाँस्दै भन्नुभयो- 'सानो अन्तरबाट पञ्चायत जित्छ। दरबारले बुद्धि पुऱ्याए धेरै वर्ष पञ्चायत व्यवस्था रहन्छ। आजकै जस्तो रवैया रहेमा केही वर्षमै बहुलवाद आउँछ।' उहाँ एक सिद्ध हुनुहुन्थ्यो। उहाँले भनेको कुरा पुग्यो। दश वर्षभित्रमै पञ्चायतको अन्त भयो।

निर्वाचनमा उम्मेदवार हुनु ठूलो कुरा होइन। निर्वाचनमा जित हासिल गर्नु निकै कठिन काम हो। मैले त्यो भन्दा कठिन काम हुँदैन भन्ने अनुभव सँगालेको छु। बहुदलमा उम्मेदवारलाई दलले सहयोग गर्छन्। खर्च पनि पार्टीले व्यवस्था गर्छ। तर, उतिबेला त सबै आफैँले गर्नुपर्थ्यो। व्यक्ति चुनाव लड्नु र पार्टी चुनाव लड्नुमा खर्च मात्रै होइन कार्यकर्ता व्यवस्थापनको पनि चुनौती हुन्छ। पर्चा पम्प्लेटदेखि घरदैलो सबै चाँजोपाँजो मिलाउने काम उम्मेदवारकै हुन्थ्यो। २०१९ सालमा एक रुपियाँ पनि खर्च नगरी चुनाव जितेँ। २०२३ सालको निर्वाचनमा मेरो खर्च ३ हजार रुपियाँ खर्च भयो। २०२८-२९ सालतिर २५ हजार रुपियाँ खर्च भयो। त्यसपछि खर्च पनि बढ्दै आयो। हामी न्यूनतम खर्चमा निर्वाचनमा होमिन्थ्यौँ।

(सुवेदीसँग रमेशप्रसाद तिमल्सिना र गोविन्दप्रसाद त्रिपाठीले गर्नुभएको कुराकानीमा आधारित)

स्रोत र साधनमाथि रजगज गर्न मञ्चन गरिएको जनमत सङ्ग्रह !

दक्षिण एसियामा पहिलोपटक नेपालका राजा वीरेन्द्रले ४४ वर्षअघि (२०३६) सालमा जनमत सङ्ग्रहको घोषणा गरेका थिए। उनको त्यो घोषणा निर्दलीय पञ्चायती व्यवस्थालाई नै कायम राख्ने कि त्यसको साटो बहुदलीय प्रजातान्त्रिक व्यवस्था सुरु गर्ने भन्ने थियो। जनमत सङ्ग्रहको माग त्यतिखेर कसैले गरेका थिएनन्। यो माग न त संयुक्त विद्यार्थी आन्दोलनको थियो न प्रतिबन्धित राजनीतिक दलहरूकै। पाकिस्तानका प्रधानमन्त्री जुल्फीकार अली भुट्टोलाई दिन लागिएको मृत्युदण्डको विरोधमा विरोधपत्र दिन पाकिस्तानी दूतावास पुगेका विद्यार्थीहरूमाथि पुलिसको ज्यादतीपूर्ण व्यवहारपछि संयुक्त विद्यार्थी आन्दोलन आश्चर्यजनक रूपमा चर्कियो। राजाले पनि २०३६ जेठ १० गते सबेरै राष्ट्रका नाममा रेडियो नेपालबाट सम्बोधन गरे। पञ्चायत व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार गर्ने वा बहुदलीय शासन व्यवस्था देशमा स्थापना गर्ने ? जनमत सङ्ग्रहको परिणामबाट निर्क्योल गरिने एकाएक घोषणा पो गरे। उनको त्यो घोषणा विद्यार्थी आन्दोलन चरम उत्कर्षमा पुगेको र त्यहीबेला गोरखापत्र संस्थान र शाही नेपाल वायुसेवा निगममा जेठ ९ गते साँझ आगजनी भएको भोलिपल्ट बिहान सबेरै भएको घोषणाले राजनीतिको मार्गचित्र नै बदली दियो।



कृष्णमुरारी भण्डारी

घोषणाको अघिल्लो दिन प्रधानमन्त्री कीर्तिनिधि विष्ट र वरिष्ठ मन्त्रीहरूलाई राजदरबार बोलाएर राजाले सोधेका थिए रे, 'विद्यार्थी आन्दोलन झन् चर्केको सुन्छु के छ अवस्था' ? तत्कालीन प्रधानमन्त्रीले भनेछन्, ती मुठ्ठीभर छन् र सहमतिमा ल्याउन तिनलाई दबाब दिएकोले ती फतक्कै गलीसके सरकार। स्थिति हाम्रो पूर्ण नियन्त्रणमा छ। राजासँगको त्यो दर्शनभेट २०३५/०३६ सालको विद्यार्थी आन्दोलनको क्रममा अश्कल क्याम्पसमा क्रुर दमन भएकै दिन थियो। त्यही विरोध चर्किएर नयाँ सडकको गेट छेउमा रहेको आरएनएसी र भूगोलपार्कमा रहेको गोरखापत्र संस्थानमा आगजनी भएको थियो। आगलागीको अवस्था बुझ्न आफैं गाडी चलाएर राजा वीरेन्द्र नयाँ सडक पुगेका थिए रे।

त्यहाँबाट फर्किएपछि जनमत सङ्ग्रह गराउने निर्णय गरेर भोलिपल्ट बिहान सबेरै पौनेसात बजे त्यसको घोषणा पनि गरिहाले। राजाले अप्रत्यासित घोषणा मार्फत बालिग नेपालीलाई आह्वान गरे, मतदान गर्ने उमेर २१ वर्ष पूरा भएका प्रत्येक नेपालीले जनमत सङ्ग्रहमा निर्दलीय वा बहुदलीय व्यवस्थामा गोप्य मतदान गरेर आफ्नो मत प्रकट गर्न पाउने छन्। जसको प्रतिनिधित्व पहेँलो र नीलो रङले गर्ने कुरा शासकहरूले ज्योतिष देखाएर

निर्धारण गरे। निर्दलीय पञ्चायतलाई पहेँलो रङ र बहुदलीय व्यवस्थालाई नीलो रङ दिने निर्णय हुने बित्तिकै परिवर्तनका पक्षपातीहरूले त्यसलाई पनि सहजै स्वीकारेर नीलो रङको पक्षमा प्रचार सुरु गरिहाले। लेखक, कवि, बुद्धिजीवी, पत्रकारहरूले नीलो रङको महत्त्व र विशेषताबारे लेखे, बोले र प्रचार थालिहाले। नीलो रङको सुमधुर गीत बनाए। नीलै झण्डा बनाएर त्यसलाई फर्फराउन थालिहाले।

काठमाडौं डिल्लीबजारस्थित आफू बस्ने घरमा पंक्तिकार र विद्यार्थी नेता बद्री पौडेल मिलेर छतमा ठूलो नीलोरङको तुललाई नै झण्डा बनाएर डण्डीमा ठड्यायौँ। तत्कालै झण्डा फिरिरि हुन थालिहाल्यो। हामी बसेको घर बहुदलीय घर भनेर चर्चित हुनपुग्यो। अनि अरूले पनि आफूलाई परिवर्तनको बाहक बनाउन नीलो झण्डा राख्नुपर्ने गजबको परिस्थिति उत्पन्न भयो। यो काम यति छिटो यतिधेरै प्रभावकारी बनेछ कि पञ्चायती पक्षले राख्न सुरु गर्न ढिलो भई त हाल्यो। नीलो रङको झण्डा जतातत्तै फिरिर हुनथाल्यो। अनि पहेँलो राख्नु भनेको प्रगति होइन, प्रतिगमनको चिन्ह भनेर टिप्पणी भइहाल्यो। नीलोको व्यापकता हेर्दाहेर्दै फैलियो। अझ, पुस १ गते प्रजातान्त्रिक व्यवस्थालाई घाँटी निमोठिएको दिन भएकोले कालो दिवसका रूपमा मनाऔँ भनेर वाल पेन्टिङ् गर्दै हिँडिरहेका बेला प्रशासनले पङ्क्तिकार लगायत चारजना विद्यार्थीहरू सुनिल मानन्धर, बद्री पौडेल र बालेन्द्रलाई नयाँ सडक गेटबाट गिरफ्तार गरेर हनुमान ढोकामा पाता फर्कायो। थुनिएपछि नीलो झण्डा गाडिएको हाम्रो घर र झण्डा झन् चर्चित बन्न पुगेछ। १८/१९ वर्षे म र बद्री पौडेल सडकमा हिँड्दा पनि समर्पित बहुदलवादीका रूपमा औँल्याइन थाल्यौँ। हामी पढ्ने ल क्याम्पसमा त भो कुरा नगरौँ। विद्यार्थी आन्दोलनको केन्द्रबिन्दु नै थियो। एकसाताको हनुमान ढोका डिएस्पी कार्यालयको यातना र नजरबन्दले हामीमा अझ आत्मसम्मान र गौरव बढायो। झन्, साथीहरूले रातो अबीरको ठाडो टिका लगाएर अग्रपंक्तिमा राखेर जुलुसमा हिँडाएपछि त खतरा बहुदले भन्ने ट्याग नै लाग्यो।

परिवर्तनको लहर

राजाको जनमत सङ्ग्रह गराउने घोषणा पश्चात मुलुकको राजनीतिक अवस्थामा तीव्र परिवर्तनको लहर सुरु भयो। २०१७ सालमा राजा महेन्द्रले राजनीतिक पार्टीहरूमाथि लगाएको प्रतिबन्धलाई राजा वीरेन्द्रको घोषणाले अवैधानिक बनाएन। पार्टीहरूमाथि लागेको प्रतिबन्ध हटाइएन। तर, पनि देशकै पहिलो संसदीय निर्वाचनबाट संसदको दुई तिहाई सिट जितेको नेपाली कांग्रेसले आफूमाथि लागेको प्रतिबन्धका बाबजुद राजाको जनमत सङ्ग्रह गराउने घोषणालाई स्वागत गऱ्यो। त्यतिखेर संसदमा चार सिटमात्र जितेको नेपाल कम्युनिष्ट पार्टी धेरै ओटा समूहमा विभाजित र छिन्नभिन्न भए पनि त्यसका प्रमुख घटकहरूले अनेक मागहरू राखेर जनमत सङ्ग्रहमा सहभागिता जनाउन ढिला गरेनन्। यद्यपि, केही वामपन्थी पार्टीले 'जनमत सङ्ग्रह धोखा' भनेर यसको विरुद्ध लागे। कतिपयले त 'बहुदलले जित्नु भनेको कांग्रेसले जित्नु हो' भनेर पहेँलोमै भोट हाले।

पार्टीमाथि लगभग दुई दशकदेखि लागेको प्रतिबन्ध समेत नहटाइ देशमा गर्ने भनिएको जनमत सङ्ग्रह आफैंमा पत्यार लाग्दो देखिएको थिएन। तर, पनि कांग्रेस र कम्युनिष्ट पार्टीका शीर्ष नेताहरूको त्यसमा सहभागिता जनाउने स्वीकारोक्ति छक्क लाग्दो थियो। बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई तथा मनमोहन अधिकारी, विष्णुबहादुर

मानन्धर, सहाना प्रधानहरूले आ-आफ्ना प्रतिबन्धित पार्टीहरूको तर्फबाट वक्तव्य जारी गर्दै जनमत सङ्ग्रहको प्रचार प्रसारमा संलग्न भए। पार्टीको वैधानिक नाम र झण्डाबिना नै आफ्नो नाम अगाडि प्रतिबन्धित पार्टी भनेर प्रनेका र प्रनेकपा भनेर देशव्यापी रूपमा निस्किइहाले। पार्टी कार्यालयहरू खोले तर साइन बोर्ड, झण्डा केही पनि नराखिकन। राजनीतिक दलका नेतादेखि कार्यकर्तासम्ममा जनताबीच जाने छटपटीको माहौललाई यसले अवगत गराउँछ। जनमत सङ्ग्रह घोषणाको अवसरलाई प्रतिबन्धित पार्टीहरू र तिनका जनवर्गीय सङ्गठनहरूले यस किसिमले अगाडि बढाए कि त्यतिखेरको राज्य संयन्त्र के गर्ने के नगर्ने बिलखबन्दमा नै पऱ्यो। प्रतिबन्धित पार्टीहरूलाई कारबाही गरौं, खुला पार्टी हो भनेका छैनन्। कारबाही नगरौं निर्दलीय शासनको जगजगीमा पार्टीहरू खुला हाँक दिइरहेछन्। नेताहरूलाई गिरफ्तार गरौं, राजाले घोषणा गरेको अभियानमा भाग लिइरहेका छन्, कार्यक्रम बिथोलौं सिधै राजाको कदमलाई चुनौती दिएको पुष्टि हुने भयो। यस किसिमले तत्कालीन सरकार हल न चलको अवस्थामा पुग्यो। यो मौकालाई प्रतिबन्धित दलहरूले अधिकतम् उपयोग गरे। उनीहरूको सक्रियतालाई बुद्धिजीवी, पत्रकार, कानुन व्यवसायी, विश्वविद्यालयका प्राध्यापक, स्कूलका शिक्षक, सचेत नागरिक, युवा विद्यार्थीहरूको साथ सहयोग त्यसको विश्वासिलो आधार बन्यो।

जनमत सङ्ग्रहमा भाग लिने दलहरू मात्र होइन, विरोध गर्ने गुट र समूहहरू पनि पञ्चायती शासनको निरङ्कुशता र बाधा अवरोधहरूलाई आच्छुआच्छु बनाउने कारकका रूपमा थपिए। यसले त्यतिखेरको प्रहरी, प्रशासन र राज्यका संरचनालाई एकैफेर यसरी अन्यौलमा पाऱ्यो कि उनीहरू सम्हालिन नपाउँदै जेलनेल खाएका नेता कार्यकर्ता र युवा विद्यार्थीहरूको अग्रगामी अनि सशक्त परिवर्तन खोजिरहेको शक्तिले आफ्नो वर्चस्व देशव्यापी फिँजाउन रातदिन नभनी अहोरात्र खट्न थाल्यो। हेर्दाहेर्दै सत्तापक्ष प्रतिरक्षात्मक अवस्थामा पुग्यो। जनजनमा प्रनेकपा र प्रनेका र तिनका नेताहरूको सरलता, सहजता र देशको भावी रूपरेखाको तस्वीरले एकपछि आर्को रोमाञ्च थपिरह्यो। भिन्न राजनीतिक दलहरू र तिनका बिचमा ठूलो वैचारिक मतभिन्नता थियो तर पनि बहुदलीय व्यवस्था उनीहरूको न्यूनतम् साझा कार्यक्रम बन्यो। जुन दल वा उनका समर्थकहरूले जहाँसुकै कार्यक्रम गरे पनि त्यो निरङ्कुश पञ्चायती व्यवस्थाको विकल्पको सगोलको कार्यक्रम भएको सन्देश देशव्यापी विस्तार हुन थाल्यो। पछि यसैको जगमा २०४६ सालको जनआन्दोलन ठडिएको र सफल भएको हो।

सञ्चार माध्यमहरूले जनमत सङ्ग्रहमा देशव्यापी भएका घटना र विचारलाई प्रचार प्रसार गरे। रेडियो र पत्रपत्रिकाको मात्र प्रभाव रहेको, टेलिभिजन नै नभएको त्यो बेला जनमत सङ्ग्रहको खबर, भएका घटना र विश्लेषणले टन्नै भरिएका हुन्थे। अनि पत्रिका पढेपछि र रेडियो सुनिसकेपछि त्यसैबारे चर्चा परिचर्चा चुलिनु स्वाभाविक हुनपुग्यो। अचम्म त के भने समाचार सुन्न जहाँ रेडियो हुन्थ्यो, गुजुमुज्ज मानिसहरू भेला भएर ठूलो स्वरमा घन्किरहेको रेडियो सुनिरहेका जतातत्तै देखिन्थे।

आमसभाको लहर

खुलामञ्चमा प्रतिबन्धित नेकपाले पहिलो आमसभा आयोजना गऱ्यो। टनाटन भरिएको टुँडिखेलमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको भाषणले तहल्का नै

पिट्यो। त्यसपछि प्रतिबन्धित नेपाली कांग्रेसले आयोजना गरेको विशाल सभामा वीपी, गणेशमान, कृष्णप्रसाद भट्टराईको भाषणले ऊर्जा थप्यो। त्यो विशाल कार्यक्रमको उद्घोषण मनमोहन भट्टराईले गरेका थिए। त्यो कार्यक्रमपछि उनी प्रखर वक्तामा चिनिए। नेताहरू देशव्यापी रूपमा ठूलाठूला आमसभा गर्दै हिँड्न थाले। कहीँ वीपी कोइरालाका कार्यक्रम बिथोलिए कहीँ नेपाल कम्युनिष्ट पार्टीका कार्यक्रम। गोर्खामा जनमत बहिष्कारवादी वामपन्थीहरूले कृष्णप्रसाद भण्डारीको सभा बिथोलेर घाँस खुवाउनेसम्मका क्रियाकलाप भए। तर पनि बहुदलपक्षका नेता कार्यकर्ताहरूको गतिशीलतामा विराम लागेन।

सत्तासीनहरू आत्तिए

देशव्यापी बहुदलवादीहरूको लहरले सत्तासीन पञ्चायती शासकहरू हडबडाए। यिनको हंशले ठाउँ त सुरुमै छोडिसकेको थियो। जनमत सङ्ग्रहरूपी निर्वाचन हुने भएपछि निष्पक्ष र स्वतन्त्र सरकारको गठन हुनुपर्ने थियो। अञ्चल, जिल्ला र गाउमा पञ्चहरूलाई सुदृढ पार्न र राजनीतिक दलका नेता कार्यकर्ताहरूलाई दमन गर्न सिर्जना गरिएको अञ्चलाधीश पदको खारेजी, गाउँफर्कको मनोनयनमा मात्र राजनीति गर्ने संवैधानिक व्यवस्थाको अन्त्य, पञ्चहरूका सबै पद निलम्बन, सम्पूर्ण राजबन्दीहरूको बिना सर्त रिहाइ र उनीहरूको खोसिएको सम्पत्ति फिर्ता, बहुदल र निर्दल दुवै पक्षको प्रतिनिधित्व हुने गरी काम चलाउ नयाँ सरकार गठन हुनु पर्ने थियो। यस्ता माग पनि जोडदार रूपमा उठिरहेका थिए। देश विदेशका निर्वाचन विज्ञहरू यसबारे प्रश्न उठाइरहेका थिए। नेताहरू पनि सभाहरूमा आफ्ना विचार अभिव्यक्त गरिरहेका थिए। तर सरकारमा बसिरहेकाहरूको पराजित मानसिकता त बुझ्न सकिन्थ्यो। यस्तो हुँदा समेत राजा वीरेन्द्र जसले जनमत सङ्ग्रहको घोषणा गरेका थिए, उनी पनि चुइक्क बोल्न सकेनन्। यो बेइमानी पछाडिका कारण जे भए पनि यो निर्वाचन स्वतन्त्र, धाँधलीरहित र पारदर्शी रूपमा नहुने पूर्व सङ्केतको रूपमा अनुभवी र विद्वानहरू सतर्क गराइरहेका थिए। तर राजा वीरेन्द्रले स्वच्छ, स्वतन्त्र, विश्वसनीय र धाँधलीरहित निर्वाचन गराउने प्रतिबद्धता विपरीत सूर्यबहादुर थापाको नेतृत्वमा कठोर पञ्चहरू समावेश गरेर सरकार परिवर्तन गरे।

सूर्यबहादुर नेतृत्वको सरकारले पञ्चायतलाई जिताउन साम, दाम, दण्ड, भेदको नीति निरन्तर अपनायो। बहुदल पक्षका नेता कार्यकर्ताहरूलाई पुलिस प्रशासनको आडमा कालोमोसो दल्ने, जुत्ताको माला लगाउने, आमसभाहरू भाँड्ने, कुटपिट गर्ने, गिरफ्तार गरेर अङ्गभङ्ग गर्ने काम सरु गरियो। स्वयम् विश्वेश्वर कोइरालालाई कतिपय ठाउमा हवाइ जहाजमा जाँदा प्लेनलाई मैदानमा अवतरण हुन नदिने, गाडीमा जाँदा ढुङ्गा प्रहार गर्ने कार्य भए। बहुदलका वरिष्ठ नेता गणेशमान सिंहलाई हेटौंडामा दुर्व्यवहार गरियो। त्यसपछि पञ्चहरूले राजामार्फत २०३६ पुस १ जनतालाई भ्रमित पार्न राजाको सम्बोधनलाई नै फेर्न उक्साए। यसरी जनमत सङ्ग्रहलाई राजाले नै प्रभाव पार्ने काम भयो।

बहुदलवादी जे बोलेर जनताबीच गएका थिए त्यही कुरा पञ्चायतले पनि स्वीकार गर्छ भनी प्रचार गरियो। बहुदलीय पक्षधर वा पञ्चायती पक्षधरले चुनाव जिते पनि आइन्दा बालिग मताधिकारको आधारमा निर्वाचन हुने, विधायिकामा प्रत्यक्ष मतदानबाट प्रधानमन्त्री चुनिने, मन्त्रिपरिषद् विधायिकाप्रति उत्तरदायी हुने भनियो। राजाले राष्ट्रिय पञ्चायत नभनेर

विधायिका भनेर सम्बोधन गरे। मतपत्रमा सुधारसहितको पञ्चायत भनेर उल्लेख गरियो।

निर्वाचन परिचालनमा राज्यको करोडौं रकम सकियो। अन्धाधुन्द खर्चका लागि अवैध लाइसेन्स बेच्ने, व्यापारीसँग जबरजस्ती पैसा उठाउने, काला व्यापारीलाई प्रोत्साहन गर्ने, महँगी बढाउने, वन फडानी गर्ने, भ्रष्टाचारलाई संस्थागत बनाइयो। लाखौँलाख लिएर विदेशीलाई नेपाली नागरिकता बेचियो। चुनावलाई स्वच्छ, स्वतन्त्र र धाँधलीरहित बन्न दिइएन।

निर्वाचन परिणाम

जनमत सङ्ग्रहको मतदान २०३७ साल वैशाख २० गते भयो। निर्वाचनको परिणाम पञ्चायतको पक्षमा पार्नलाई गाउँगाउँमा राजाको जीत र पञ्चायतको जीत एकै हुने। बहुदलको जीत वीपी र विदेशीको जीत हुन्छ भनेर कुप्रचार गरियो। ज्योतिष अंगीरसको पञ्चायतले जित्छ भन्ने भविष्यवाणीलाई प्रवर्द्धन गरियो। निर्दलीय पञ्चायतले ५५ प्रतिशत मत ल्याएर जित्छ भन्ने भविष्यवाणी ज्योतिषलाई गराइएको थियो। उनले बहुदलीय पक्षले नभनेर पञ्चायत इतरको ४५ प्रतिशत मत मात्र आउँछ भनेका थिए। निर्वाचन परिणाम त्यसै अनुकूल हुने गरी मिलाइयो। पञ्चायतलाई जिताइयो र बहुदलीय पक्षलाई जबरजस्त हराइयो। अल्पमतको कुनै कदर गरिएन। कुनै यथोचित स्थान दिइएन। पञ्चहरू उन्मत्त भए।

जनमत सङ्ग्रहमा कूल मतदाता ७१ लाख ९२ हजार ४ सय ५१ थिए। त्यसमध्ये ४८ लाख १३ हजार ४ सय ८६ मत खसेको थियो। यो भनेको ६६.९२ प्रतिशत मतदान हो। खसेको मध्ये ७. ६३ प्रतिशत अर्थात ३ लाख ७२ हजार ६९ मत बदर भएको थियो। निर्दलले २४ लाख ३३ हजार ४ सय ५२ मत पाएको थियो भने बहुदलको पक्षमा २० लाख ७ हजार ९ सय ६५ मत परेको थियो। देशका ७५ जिल्ला मध्ये १९ जिल्लाहरू मोरङ, सुनसरी, सिरहा, उदयपुर, सर्लाही, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, रौतहट, कास्की, रूपन्देही, पाल्पा, दाङ, बर्दिया, सुर्खेत, डोटी, कन्चनपुर र डडेल्धुरामा बहुदल पक्षले जितेको थियो।

जनमत सङ्ग्रहको अनपेक्षित परिणामलाई गणेशमान सिंहले अस्वीकार गरे। उनले भने, पञ्चायतले धाँधली गरेर जितेको घोषणा गराइएको हो। म यो परिणामलाई मान्दिन ! कृष्णप्रसाद भट्टराईले भने, जनताले दासता र स्वतन्त्रताको छनौटमा निरङ्कुशतालाई रोज्छन् भन्ने म विश्वास गर्नै सक्दिन। मनमोहन अधिकारीले भने, नग्न धाँधली गरेर बहुदलपक्षलाई हरायो, यसविरुद्ध संयुक्त आन्दोलन गर्नुपर्छ। विष्णुबहादुर मानन्धरले भने, जनमत बहुदलको पक्षमा छ, धाँधलीको तिकडमबाजीले जनताको मनबाट बहुदलमाथिको विश्वासलाई हटाउन कसैले सक्दैन। जनताले नै यो स्थापित गरिछाड्छ। तर बीपी कोइरालाले जनमत सङ्ग्रहको परिणामलाई बिनासर्त स्वीकार गरे। उनले भने नतिजा जस्तोसुकै अविश्वसनीय भए पनि म यसलाई स्वीकार गर्छु। जनमत सङ्ग्रहले आगामी दिनमा पञ्चायतविरुद्धको पक्षमा ४५ प्रतिशत जनमत तयार गरेको छ। वीपीलाई राष्ट्रिय मेलमिलापको नीतिले दपेटेको थियो। कांग्रेससँग पञ्चहरू नतर्स, पञ्चहरू कांग्रेससँग नझस्कसम्म पनि भने तर राजाले बीपीका कुनै कुरा सुनेनन्। अन्तत जनमतसङ्ग्रह भएको दुईवर्षपछि उनको निधन भयो। त्यसपछि कांग्रेसले गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई, योगप्रसाद र वासु रिसालको नेतृत्वमा सत्याग्रह आयोजना गऱ्यो। वामपन्थीहरूले संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले भनेजस्तै संयुक्त

जनआन्दोलनको बाटो पछ्याए। कांग्रेसको सत्याग्रहप्रति बामपन्थीले ऐक्यबद्धता गरेको आह्वानले राजालाई दवावमा पारे पनि शान्तिपूर्ण आन्दोलनको माहौललाई भुत्ते बनाउन रामराजाप्रसाद सिंहको तथाकथित बम विष्फोटलाई औजार बनाइयो। लेखक स्वयम्लाई २०४२ साल असार ६ गते भएको बम काण्डमा फसाउन गिरफ्तार, यातना र लामो समय कालकोठरीमा थुनियो। पञ्चायती प्रशासन त्यतिखेर उन्मत्त थियो। असनका साँढेजस्ता उनीहरूलाई जहाँ जहिले जेसुकै गर्न पनि छुट थियो।

यस्तै अनेक प्रपन्च, षडयन्त्र, धोका र बेइमानीपछि नै हो, कांग्रेस र वामपन्थीहरूबीच भएको संयुक्त जनआन्दोलन २०४५/०४६ ! यही संयुक्त जनआन्दोलनले सदाका लागि पञ्चायती शासनलाई समाप्त पाऱ्यो। २०१७ सालमा अपहरण गरिएको बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भयो।

चतुऱ्याई र चलाखी !

प्रधानमन्त्री सूर्यबहादुर थापाको चतुऱ्याइँ र राजाको चलाखीपूर्ण नेतृत्वमा भएको जनमत सङ्ग्रहरूपी नाटकको मञ्चन त पञ्चहरूको लागि त्यतिबेला सुखद नै लाग्यो होला। तर, उनीहरूले देश र जनतालाई गुमराह र मुलुकलाई विपन्न पारिरहे। यति गर्दा पनि उनीहरूमा चेत पलाएन। राजाले जनता कति अगाडि छन् भन्ने पत्तो पाउन सकेनन्। जनमत सङ्ग्रहमा पञ्चायतलाई विजयी घोषित गरिसकेपछि गरिएको संविधानको संशोधनमा निर्लज्ज बनेर भने, सबै पञ्च नेपाली, सबै नेपाली पञ्च ! जनमत सङ्ग्रहको परिणामलाई मात्र पनि सम्मान गर्ने चेत उनमा अलिकति पलाएको भए दश वर्ष नबित्दै जनमत सङ्ग्रहमा जिताइएको पञ्चायती शासनलाई जनआन्दोलनले समाप्त पारिदिने अवस्था सिर्जना हुने थिएन। तर उनी आफैँ त्यसको साक्षी बसेर घोषणा गरे। ०४७ सालको बहुदलीय संविधान जारी गर्न बाध्य भए।

आफैँ पुर्ने खाल्डो

४३ वर्षपछि फर्किएर जनमत सङ्ग्रह, २०३६ लाई हेर्दा लाग्छ, त्यतिखेर बहुत ठूलो झुठ, फरेव र धोकाको नाटक प्रहसन भएको रहेछ। जसले जनमत सङ्ग्रहको घोषणा गऱ्यो उ आफैँ आफ्नो घोषणाप्रति कत्ति पनि बफादार भएको देखिएन। जब पक्ष र विपक्षको मत विभाजन भयो, दुबै पक्षलाई समेटेर, यथोचित स्थान दिएर अगाडि बढ्ने मार्ग राजा वीरेन्द्रले खोलेको भए, वीपी कोइराला जिवित छँदै र एकसेएक अन्य नेता रहँदै मुलुकमा नयाँ सुरुआत गर्न सकेको भए, नयाँ बन्ने संविधान परिमार्जन मार्फत उनीहरूलाई समावेश गराएको भए बितेका चार दशकमा मुलुकले जुन घुमाउरो र अप्ठेरो यात्रा गर्नु परेको छ, यो गर्नु पर्ने थिएन। बरु देश र जनता समृद्धिको मार्गमा हुइकिन सक्ने थिए। २०३६ सालको विद्यार्थी आन्दोलन र त्यसले देशव्यापी रूपमा नयाँ पुस्तामा पारेको प्रभावलाई मत्थर पार्न चालिएको निकृष्ट कदम मात्रै थियो जनमत सङ्ग्रह। राजाले दरबारिया, भाइभारदार र सीमित पञ्चहरूको साथमा मुलुकको स्रोत साधनमाथि निरन्तर नियन्त्रण र रजगज गर्न मञ्चन गरिएको नाटक मात्र थियो निर्दल वा बहुदल चुन्ने जनमत सङ्ग्रह !

(गोरखापत्र संस्थानका पूर्वअध्यक्ष भण्डारी वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

स्वच्छ निर्वाचनका लागि निर्वाचन पर्यवेक्षण : पञ्चायतकालदेखि आजसम्म

पञ्चायतको निर्वाचनलाई उपयोग गर्ने नीति लिएर २०४३ सालको निर्वाचनमा नेकपा मालेले भाग लिने निर्णय गरेको थियो। देशैभर जनपक्षीय उम्मेदवार खडा गरिएका थिए। २०३७ सालमा पञ्चायतको सुधारिएको भनिएको संविधान आएको थियो। त्यसपछिको पहिलो चुनाव २०३८ सालमा भयो। दोस्रो चुनाव २०४३ सालमा भयो। जनपक्षीय हस्तक्षेप भनेर २०४३ सालको चुनावलाई तत्कालीन नेकपा मालेले उपयोग गऱ्यो। पञ्चायतको चुनाव पञ्चायतको संस्थापनले जसलाई भन्यो उसैलाई जिताउँथ्यो। २०३७ सालपछि वयष्क मतदाताले मतदान गर्ने व्यवस्था थियो। चुनावमा आफ्नो राजनीति लैजानका लागि उपयोग गरिएको थियो। पञ्चायतको विरोध गर्दै बहुदलको पक्षमा राजनीति लैजानुका साथै देशव्यापी सङ्गठन बनाउन पनि त्यो चुनाव उपयोगको नीति कामयावी भयो। त्यसैगरी, निर्वाचन जितेमा राष्टिय पञ्चायतबाट पञ्चायती व्यवस्थाको विरोध गर्ने मालेको योजना थियो। निरङ्कुशता र निर्दलीयता स्वीकार्य छैन भनेर जुनसुकै मञ्चबाट पनि अभिव्यक्ति प्रवाह गर्ने मालेको नीति थियो।

सुशील प्याकुरेल

यस्तो परिस्थितिमा हुने चुनावमा धाँधली हुन्छ भन्ने हामीलाई लाग्यो। किनभने पञ्चायतको चुनावमा पञ्चायतकै विरोध गर्दै हिँड्नेलाई त हराउन पक्कै धाँधली हुन्छ। धाँधली भए-नभएको हेर्नलाई पर्यवेक्षण गर्नु पऱ्यो। त्यतिखेर निर्वाचन पर्यवेक्षण गर्ने चलन नै थिएन। कसले र कसरी पर्यवेक्षण गर्न दिन्छ भन्ने थाहा पनि थिएन। चलन को कुरा त परै जाओस्। पर्यवेक्षण बारेको अवधारणा सुनिएकै थिएन। बुझिएकै थिएन। निर्वाचन आयोग पनि यसबारेमा बेखबर थियो। यो अभ्यासमै थिएन। त्यतिबेला मानव अधिकार संरक्षण मञ्चको महासचिव प्रकाश काफ्ले र प्रजातान्त्रिक राष्टिय एकता मञ्चको महासचिव म थिउँ। यिनै दुई ओटा संस्था मिलेर २०४३ सालको निर्वाचनको पर्यवेक्षण गऱ्यौँ। बासुदेव ढुङ्गानाको अध्यक्षतामा रघुजी पन्त, ऋतु वर्णलगायत हुनुहुन्थ्यो। कोर टिममा प्रकाश, बासुदेव र म थियौँ। हामीले त्यो टिमको नाम निर्वाचन पर्यवेक्षण नागरिक समिति (निपनास) राख्यौँ।

अहिलेको जस्तो स्रोत र साधन अनि ज्ञान थिएन। हामीसँग त्यतिबेला भएको ज्ञानको भरपूर प्रयोग गर्दै हामीले निर्वाचनको पर्यवेक्षण गऱ्यौँ। हामी ६/७ जना थियौँ। पार्टीले केही विद्यार्थी दिएको थियो। निर्वाचन आयोगलाई यो कुराको जानकारी दिने अवस्था थिएन। धेरैतिर खटिने जनशक्ति र क्षमता थिएन। जति सक्यौँ त्यति गऱ्यौँ। नेपालमा निर्वाचन पर्यवेक्षणको सुरुवात गऱ्यौँ। हामीले प्रश्नावली बनाएका थियौँ। धेरै हल्ला गर्ने परिस्थिति थिएन। पञ्चायती व्यवस्थाले

हामीलाई मन पराउँदैनथ्यो। मन पराओस् पनि कसरी ? हामी पञ्चायती व्यवस्थाकै विरोध गर्थ्यौं। पर्यवेक्षण गरेर त्यसको प्रतिवेदन निकाल्ने हाम्रो लक्ष्य थियो। रघुजी पन्त निर्वाचन पर्यवेक्षणका लागि पाल्पा जानुभएको थियो। त्यहीं गिरफ्तारीमा पर्नु भयो। हामी अरुलाई पनि निकै निगरानीमा राखेको थियो। तर, गिरफ्तार चाहिँ गरेन। निर्वाचन पर्यवेक्षण गर्न पनि नदिने परिस्थितिले गर्दा हामीले सुक्ष्म तथा गोप्य तरिकाले अझ भनौं भने लुकेर पर्यवेक्षण गर्‍यौं।

निर्वाचन पछि हामीले विज्ञप्ति जारी गर्‍यौं। नेपाल बारको अध्यक्ष भइसकेको र पञ्चायतमा मन्त्री भइसकेको व्यक्ति अध्यक्ष हुनुभएका कारण पनि होला वा हामीले गरेको कामले पनि होला निपनास स्थापित समितिका रूपमा दर्ज गर्न सक्यौं। हामीले विज्ञप्तिमा धाँधली भयो भनेर सार्वजनिक गर्‍यौं। पञ्चहरूले धाँधली खुलेआम गर्ने हामीले पर्यवेक्षण चाहिँ लुकेर गर्नुपर्ने परिस्थिति थियो। प्रतिवेदन प्रकाशन गर्नुअघि हाम्रो रस्साकस्सी भयो। बासुदेवजी 'हल्का भाषामा प्रतिवेदन तयार गरौं' भन्ने म र प्रकाश चाहिँ 'धाँधली भएको कुरालाई धाँधली नै भनौं' भन्ने। पञ्चहरूले गरेको हर्कतका अगाडि हामीलाई त्यतिबेला धाँधली भन्ने शब्द पनि नरम झैं लाग्थ्यो। उहाँलाई पनि कहीं कतैबाट दबाब थियो होला। तर पनि उहाँको आँटलाई धन्यवाद भन्नै पर्छ। हामीले त्यो निर्वाचन धाँधलीपूर्ण भएको भनेर प्रतिवेदन सार्वजनिक गर्‍यौं। नेपालमा निर्वाचन पर्यवेक्षणको इतिहास सुरु भयो।

त्यसपछि २०४६ सालमा प्रजातन्त्रको पुन: स्थापना भयो। त्यो परिवर्तन लगतै २०४८ सालमा आम निर्वाचन भयो। नागरिककै बलमा गरिएको जनआन्दोलनले नागरिक अधिकार स्थापित भएको भन्दै हामीले २०४८ सालको चुनावमा पर्यवेक्षण गर्ने क्रममा निर्वाचन पर्यवेक्षण नागरिक समितिबाट नागरिक झिक्यौं। र, बनायौं निर्वाचन पर्यवेक्षण समिति। जुन अहिले पनि नियोकका नामबाट निर्वाचन पर्यवेक्षणकै काममा सक्रिय छ। २०४३ सालमा पनि र २०४८ सालमा पनि प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ नै हुनहुन्थ्यो। उहाँले २०४१ सालदेखि २०४९ सालमा प्रमुख निर्वाचन आयुक्तको हैसियतमा काम गर्नु भयो। २०४३ सालमा हामी उहाँको कार्यालयमा गएनौं तर निवासमा गएर भेटघाट गर्थ्यौं। उहाँले सकेको हामीलाई सहयोग गर्नुभएकै थियो। त्यतिबेला कास्कीमा धाँधली भएको थियो। अन्यत्र पनि धाँधली हुनसक्ने ठाउँ पहिचान गरी उहाँलाई रोक्न आग्रह गरेका थियौं। उहाँले त्यतिबेला मिल्नेजति सहयोग गर्नुभएको थियो। २०४८ सालमा

वि.सं. २०८० वैशाख १० गते सम्पन्न भएको प्रतिनिधिसभा उपनिर्वाचनमा चितवन क्षेत्र नं. २ मा पर्यवेक्षण गर्दै इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल

वि.सं. २०५६ वैशाख २० र जेठ ३ गतेको आम निर्वाचन अगाडि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल (वात्स्यायन) ले इन्सेकका लागि तयार पार्नु भएको निर्वाचन शिक्षा सामग्री

डेनिसहरूले सहयोग गरेका थिए। हामीलाई आर्थिक समस्या थिएन। अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई समेत नियोकले नै खटनपटन गरी परिचालन गरेको थियो। पर्यवेक्षकसम्बन्धी संयोजनको सम्पूर्ण काम नियोकको थियो। त्यतिबेलाका पर्यवेक्षण कार्डमा एकातिर नियोक अध्यक्षको हस्ताक्षर र अर्कातिर पूर्व निर्वाचन आयुक्तको हस्ताक्षर हुन्थ्यो।

निर्वाचनको पर्यवेक्षण गर्ने भनेको चुनावका बेलामा मात्रै होइन। कानुन बनाउनेदेखि कर्मचारीको खटनपटनसम्म, मतदाता नामावली सङ्कलनदेखि उम्मेदवारी दर्तासम्म सबै प्रक्रियालाई सुक्ष्म ढङ्गले हेर्नुपर्छ। धाँधली त्यता पनि हुन्छ। निर्वाचनको स्वच्छता कायम गर्नका लागि निर्वाचनको पर्यवेक्षण अपरिहार्य छ। तर, निर्वाचनका बखतमा मात्रै गरिएको पर्यवेक्षणबाट निकालिएको निष्कर्ष अपूरो र अधुरो हुन्छ। निर्वाचनबाट मात्रै मानव अधिकारको बहाली हुन्छ। निर्वाचन नागरिकको अधिकार हो। तसर्थ मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्तिका लागि निर्वाचन आवश्यक छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन सक्दा मात्रै नागरिकको अधिकार सुनिश्चित हुन्छ। मानव अधिकारको एउटा क्षेत्र निर्वाचन हो। यो क्षेत्र नै स्वच्छ बनाउँदा मात्रै जनअधिकार सुरक्षित हुन्छ।

(राष्ट्रिय मानव अधिकार आयोगका पूर्व सदस्य तथा इन्सेकका संस्थापक अध्यक्ष प्याकुरेलसँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)

नेपालमा निर्वाचन पर्यवेक्षण, नागरिक पहल

२०४३ सालमा पञ्चायतकालीन निर्वाचनमा जन पक्षीय उम्मेदवारहरू पञ्चायत व्यवस्थाभित्रै गएर औपचारिक मञ्चबाट प्रजातान्त्रिक मौलिक अधिकारको आवाज उठाउने रणनीति अन्तर्गत उम्मेदवार बनेका थिए। विशेषत: राष्ट्रिय पञ्चायतका सदस्य पदका उम्मेदवारहरूका कारण त्यो चुनाव धेरै चासोको विषय बनेको थियो अञ्चलाधीश र सरकारी प्रशासन तथा सुरक्षा निकायहरू सबै निरङ्कुश नियन्त्रणमा रहेको त्यो बेलामा जनमत बहुदलवादीहरूको पक्षमा देखिएको भए तापनि मतदान मतगणना र मत सुरक्षामा सरकारी नियन्त्रण एकपक्षीय रहने गरेको अवस्था थियो त्यसलाई मध्यनजर गरी केही सचेत कृयाशील नागरिक अधिकारकर्मीहरूको पहलमा निर्वाचन पर्यवेक्षण नागरिक समिति (निपनास) को गठन गरिएको थियो। त्यसको नेतृत्व वरिष्ठ अधिवक्ता बासुदेव ढुङ्गानाले गर्नुभएको थियो। निपनासको सम्पूर्ण कृयाकलापलाई जनस्तरसम्म पुऱ्याउने र आवश्यक व्यवस्थापकीय प्रबन्ध गर्ने जिम्मेवारी इन्सेकका तत्कालीन महासचिव प्रकाश काफ्ले र संयोजन सुशील प्याकुरेलले गर्नुभएको थियो। निर्वाचन आयोग जनताको पहुँचमा थिएन। तथापि निजी क्षेत्रको पत्रपत्रिका बौद्धिक जगतको समर्थन र सहयोग व्यापक थियो। निर्वाचन परिणाममा पाँच जना जनपक्षीय उम्मेदवारहरूले विजय प्राप्त गर्नु भयो र फलस्वरूप राष्ट्रिय पञ्चायतको रोष्टमबाटै बहुदलको माग उठ्न सक्यो। त्यसैगरी १२ हजार भन्दा बढीको सङ्ख्यामा विजयी बनेका स्थानीय पञ्चायतका उम्मेदवारहरूका कारण बहुदलको माग जनजनको समर्थन पाउन सक्षम भयो। २०४६ सालको बहुदलको लागि भएको आन्दोलनको सफलताको मुख्यकारणमध्ये एक आधिकारिक निकायमा जनपक्षीय नेतृत्वको पहुँच रहेको छ।



सुबोधराज प्याकुरेल

बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् निर्वाचन पर्यवेक्षण नागरिक समितिबाट नागरिक शब्द हटाइयो। किनभने नागरिक र सरकारबिचको विभेद औपचारिक रूपमा रहेन। त्यसपछिका दिनमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) कृयाशील छ। त्यसयताका दिनमा अनेक नामबाट अनेक पर्यवेक्षणका सञ्जाल बने। इन्सेकले स्वतन्त्र निर्वाचनका लागि नागरिक पहललाई प्रभावकारी बनाउन सबै चुनावहरूमा थुप्रै सञ्जालको नेतृत्व गरेको छ। जस्तै: राष्ट्रिय निर्वाचन पर्यवेक्षण एलाइन्स (NEMA) र स्वच्छ निर्वाचनका लागि नागरिक अभियान। राष्ट्रिय निर्वाचन पर्यवेक्षण एलाइन्स (NEMA) ले संविधानसभाको पहिलो निर्वाचन र स्वच्छ निर्वाचनका लागि नागरिक अभियानले त्यसयताका निर्वाचनहरूको पर्यवेक्षण गरेको छ।

स्वतन्त्र निष्पक्ष गोप्य आवधिक र प्रतिनिधिमूलक निर्वाचन लोकतन्त्रको प्राण

हो। यसको पहिलो सर्त के हो भने निर्वाचनका सबै खेलाडीले एक अर्काको सम्मान गर्नुपर्छ र मतदातालाई गलत ढङ्गले प्रभावमा पार्ने काम गर्नु हुन्न। दोस्रो कुरा के हो भने मतदाताले आफ्नो विवेकको स्वतन्त्र प्रयोग गर्ने गरी उम्मेदवार र मतदान प्रकृया सञ्चालन गर्नुपर्छ। तेस्रो कुरा, मतदान मतपत्र मतगणना लगायतका सम्पूर्ण प्रकृया आमनागरिकले विश्वास र भरोसा गर्ने गरी तयार गरिएको हुनुपर्छ। चौथो, मतदाता समयमै सचेत हुने गरी मतदाताको नामावलीको सङ्कलन प्रसार र मतदान स्थलको टुङ्गो लगाइएको हुनुपर्छ। पाँचौं कुरा, प्रचार प्रसारको तरिकाले उम्मेदवारको पहुँचलाई भेदभाव गर्न सक्ने, सामाजिक आर्थिक अवस्थाका कारण उम्मेदवारले हतोत्साहित हुनुपर्ने, सामान्य जनजीवनलाई बाधा पुऱ्याउने हुनुहुन्न। छैटौं, मतपत्र र मतदान प्रकृया सरल बोधगम्य हुनुका साथै मतदान प्रकृया, मतपत्रको सुरक्षा र भण्डारण तथा मतगणनाका कार्यमा उम्मेदवारको प्रतिनिधित्व र सन्तुष्टिको ख्याल गरिएको हुनुपर्छ। सातौं र अन्तिम कुरा के हो भने मतदानसँग सम्बन्धित सम्पूर्ण कुरा अन्तर्राष्ट्रिय मान्यता अनुकूलको हुनुपर्छ।

मतदानको बेलामा देशभरिका नागरिक चलायमान हुन्छन्। घरघरमा चर्चा हुने विषय हो मतदान। आ-आफ्नो पक्षधरताका कारण गलत सूचना र विगतको वैमनस्यका कारण साना विषय पनि द्वन्द्वको कारण बन्न सक्छ। दल र उम्मेदवारबिच जनमत बाँडिएको अवस्था संवेदनशीलताको शिखरमा पुगेको हुन्छ। यस्तो बेलामा निष्पक्ष निरञ्जन र गैर राजनीतिक समूह र व्यक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसैले सामाजिक बौद्धिक शैक्षिक कार्यमा संलग्नहरू तथा मानवअधिकारकर्मीहरूलाई निर्वाचन पर्यवेक्षणको काममा भरोसिलो पक्ष मानिन्छ। देशभर काम गर्नुपर्ने भएको हुँदा सकेसम्म बढी संस्थाहरूले स्थानीय तहमा कृयाशीलहरूको सहयोग साझेदारीमा निर्वाचन पर्यवेक्षणको काम गर्ने गर्दछन्।



वि.सं. २०७४ मङ्सिर १० गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगका सचिव बेगेन्द्रराज शर्मालाई बुझाउँदै इन्सेकका तत्कालीन अध्यक्ष सुबोधराज प्याकुरेल

कतिपय देशमा अन्तर्राष्ट्रिय समुदायलाई पनि निर्वाचन पर्यवेक्षणमा प्रोत्साहित गर्ने गरिन्छ। मानवअधिकारसँग प्रत्यक्ष गाँसिएको विषय भएकोले संयुक्त राष्ट्रसङ्घ, युरोपेली सङ्घजस्ता अन्तर्राष्ट्रिय निकायले पनि पर्यवेक्षण गर्ने गरेको पाइन्छ। तर, मुख्य कुरा घरेलु नै हो। किनभने निर्वाचन हुन्छ र गर्नुपर्छ भन्ने कुरा सधैँ जानकारीमा रहने कुरा हो। आन्तरिक साक्षरता चेतना र राजनीतिक भौगोलिक सामाजिक तथा आर्थिक अवस्थालाई ख्याल गरेर सबै पक्षलाई सहज हुने गरी निर्वाचनको समग्र सञ्चालनको प्रकृयाको बारेमा सचेष्ट रहनु हरेक राष्ट्रका सरकार र राज्यका निकाय लगायत सबै नागरिकको जिम्मेवारी हो। निर्वाचन आयोगले जारी गर्ने सूचना र जानकारी अनुसार समयमै मतदातालाई आफ्नो अभिलेख दुरुस्त पार्न सघाउने र मतदानको बेलामा चनाखो भई मतदातालाई सहजीकरण गर्ने दायित्व निर्वाचनका खेलाडीको रूपमा रहेका दल र उम्मेदवारको पनि हो। यस विषयमा सम्बन्धित पक्षलाई बेलैमा स्मरण गराउने घचघच्याउने दायित्व निर्वाचन प्रणाली र व्यवस्थापनको अनुगमन गर्ने नागरिक समाज र मानवअधिकार कर्मीहरूको पनि हो। यसमा सञ्चार क्षेत्रको पनि भूमिका हुन्छ। विषयगत र सामुदायिक क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाहरूले आ-आफ्नो एजेन्डाको बारेमा आफ्ना धारणाप्रति सार्वजनिक चासो बढाएर उम्मेदवारको चयन गर्न आम मतदातालाई सचेत गर्नु उनीहरूको पनि दायित्व हो।

हामी कहाँ अहिले पनि चुनावको घोषणा भएपछि मात्र चुनावको पर्यवेक्षणप्रति चासो बढ्ने गरेको छ। खासमा चुनावको सफलताको लागि चुनावसँग सम्बन्धित सम्पूर्ण कृयाकलाप, कानुन, व्यवस्थापन र निर्वाचन आयोगको निष्पक्षता जस्ता विषयहरू सगोलमै गाँसिएर आउने हो। यसर्थ, इन्सेकले पर्यवेक्षण मात्र होइन कि सम्पूर्ण विषयको अनुगमन हुनुपर्छ भन्दै आएको छ। सम्बन्धित कानुन नियम प्रकृयाको निरन्तर अनुगमन गर्नु, त्यससँग सम्बन्धित विषयमा नागरिक तहमा छलफल गर्नु, संसदमा यसबारेमा गम्भीर बहसका लागि उत्प्रेरित गर्नु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अनुभवका आधारमा व्यावहारिक सुझाव सार्वजनिक गर्नुजस्ता काम अनुगमनभित्र पर्दछन्। कतिपय मतदानस्थल अप्ठ्यारो खालका छन्, शारीरिक अपाङ्गता भएकाहरूका लागि असहज छन्, सुरक्षा र पहुँचका दृष्टिले असहज छन् र पनि वर्षौंदेखि मतदान स्थल त्यहीँ छ। ठुला सञ्जालहरू राजधानीमा केन्‍्रित छन्। जिल्ला स्थित निर्वाचन आयोगको कार्यालयहरू निर्वाचनको घोषणा पछि प्रशासनिक कामको बेलामामात्र कृयाशील हुन्छन्। स्थानीय पालिकाहरूमा पनि आफ्ना नागरिकलाई मतदाताको रूपमा ग्रहण गर्ने संस्कार विकसित हुन सकेको छैन। कार्यपालिका तहमा निर्वाचनको मिति तोकी सकेपछि हरेक काम र निर्णयको बारेमा निर्वाचन आयोगको अनुगमन पर्यवेक्षण र सहमति आवश्यक हुनुपर्छ भन्ने कुरामा बेवास्ता छ। मुख्य कुरा हामी अनुसन्धान अध्ययन परिमार्जन र सचेतनाको मामिलामा कमजोर छौँ। तथापि अहिलेसम्मको अनुभवमा हाम्रो निर्वाचन प्रणालीले राम्रो परिणाम दिन सफल भएको छ। यसमा निरन्तर चाख चासो र सर्वपक्षीय योगदान मिसाउन सके अझ प्रभावकारी वैज्ञानिक र आधुनिक बनाउन सकिन्छ। निर्वाचन आयोग आफै अग्रसर हुनु यसको पहिलो सर्त हो।

(प्याकुरेल, इन्सेकका पूर्व अध्यक्ष हुनुहुन्छ ।)

निर्वाचन पर्यवेक्षण, मतदाता शिक्षा र इन्सेक

निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षकहरूको भूमिका पनि महत्त्वपूर्ण हुने गर्दछ निर्वाचन पर्यवेक्षण निर्वाचनको वैद्यता र विश्वसनीयता जाँच्ने कसि हो। निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन पर्यवेक्षणको आवश्यकता पर्दछ। जनताले मतदानको अधिकार निर्धक्कसँग प्रयोग गर्न पाएका छन् कि छैनन भनी बुझ्ने माध्यम निर्वाचन पर्यवेक्षण हो। पर्यवेक्षणका माध्यमबाट निर्वाचन प्रक्रियाका सवल र कमजोर पक्षका बारेमा थाहा पाउन सकिने भएकाले निर्वाचन पर्यवेक्षणलाई राज्यको तेस्रो आँखा पनि मान्ने गरिन्छ।

विजयराज गौतम

निर्वाचनमा मतदान गर्ने जनताको सार्वभौम र मौलिक अधिकार हो। स्वच्छ विश्वसनीय, मर्यादित र धाँधलीरहित निर्वाचन भएको खण्डमा मात्रै जनताले सही प्रतिनिधिहरूको छनौट गर्न सक्दछन्। निष्पक्ष निर्वाचनले मात्रै लोकतान्त्रिक पद्धतिको सुदृढिकरण र विकासमा समेत टेवा पुऱ्याउने भएकाले आवधिक निर्वाचनलाई लोकतन्त्रको मुटु नै मान्न सकिन्छ।

विगतको निर्वाचनमा खटिने निर्वाचन पर्यवेक्षकहरू मध्ये केही पर्यवेक्षकहरू दलका उम्मेदवारको पक्षमा लागेको, आफ्नो व्यवसायिक मूल्य र मान्यता विपरीतका काम गरेको आरोपहरू पनि लाग्ने गरेका थिए। पर्यवेक्षकको कुनै पनि दल वा विचारप्रति आफ्नो आस्था वा समर्थन भए पनि काममा आस्था वा विचार कदापि झल्कनु हुँदैन। पर्यवेक्षकहरू निष्पक्ष भई काम नगर्दा सम्म उनीहरू व्यवसायिक हुन सक्दैनन्। इमान्दारिता र व्यवसायिकता नै पर्यवेक्षकको असली पहिचान हो।

निर्वाचन लोकतन्त्रको मर्म, जीवन र केन्द्रबिन्दु भएकाले स्वतन्त्र, शान्तिपुर्ण धाँधलीरहित भएन भने लोकतन्त्रको आत्मा नै नरहने भएकाले पर्यवेक्षकले इमान्दारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नु पर्दछ। निर्वाचनको परिणाम सर्वस्वीकार्य, राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न सकेमा मात्र निर्वाचनको सार्थकता रहने भएकाले निर्वाचन पर्यवेक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ।

इन्सेकले २०४८ सालदेखिका निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएको छ। निर्वाचन आयोगले माग गरेबमोजिम इन्सेकले आयोगबाट अनुमति प्राप्त गरेका पर्यवेक्षकहरूलाई अभिमुखिकरण प्रदान गर्ने गरेको छ।

निर्वाचनको पूर्व, निर्वाचनको दिन र निर्वाचनपछि प्रभावकारी पर्यवेक्षण गर्नका लागि निर्वाचन आयोगसँग अनुमतिका लागि निवेदन दिइएकोमा अनुमति प्राप्त पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्ने गरेका छन्। स्थानीय तहका समस्या र विषय के हुन् भनी पहिल्याउन इन्सेकले जिल्लाहरू भ्रमण गरी स्थानीय सवालको पहिचान गर्ने गरेको छ। यस्ता सवालहरूको पहिचान गर्ने क्रममा स्थानीय जनतासँग भेटघाट तथा छलफल गरी निर्वाचन

सुरक्षा व्यवस्था र तयारीका सन्दर्भमा स्थानीय सुरक्षा निकाय तथा राजनीतिक दलका प्रतिनिधिसँग छलफल गरिएको थियो।

मतदाता शिक्षालाई प्रभावकारी बनाउन रेडियो जिंगलहरू तयार गरी सामुदायिक रेडियोहरूबाट प्रशारण गरिएको थियो। नेपाली भाषामा तयार मतदाता शिक्षासँग सम्बन्धित पारिएका जिङ्गलहरू यस्ता जिङ्गलहरूमा मतदाता शिक्षा, मतदान तथा आवधिक निर्वाचनको महत्त्वलगायतका विषयमा समावेश गरिएका थिए। निर्वाचन र मतदाता शिक्षालाई केन्द्रित गरी तयार पारिएको पोष्टर देशका विभिन्न भागहरूमा वितरण गरिएको थियो।

विगतको अनुभव र क्षमताका कारण निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न इन्सेकले स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरेको थियो। पर्यवेक्षण कार्यले राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका भातृ सङ्गठन, सरकारी कार्यालय, सङ्घ संस्था, सञ्चारकर्मी लगायत सरोकारवालाहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न गराउन सजग बनाउने उद्देश्य रहेको थियो। निर्वाचन पर्यवेक्षणका निम्नलिखिति उद्देश्यहरू रहेका थिए।

- स्वच्छ र निष्पक्ष निर्वाचन गर्न सहयोग पुऱ्याउनु।
- भयरहित वातावरणमा निर्वाचन गर्न मद्दत गर्नु।
- निर्वाचन आयोगका मतदाता शिक्षा कार्यक्रमलाई सहयोग पुऱ्याउनु।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन आवश्यक छ। पञ्चायतकालमा भएका निर्वाचनदेखि नै नेपालका अधिकारकर्मी र नागरिक समाजले निर्वाचनहरूको पर्यवेक्षण गर्दै आएका छन्। त्यसबेला र बहुदलीय व्यवस्था स्थापित भएपछि सम्पन्न भएका निर्वाचनलगत्तै निर्वाचन आयोगमा पर्यवेक्षण प्रतिवेदन बुझाइएका छन्। २०७० मङ्सिर ४ गते

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७४ को काभ्रे जिल्लामा पर्यवेक्षण गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम

सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनलाई ऐतिहासिक र फलदायी बनाउन नागरिक तहबाट जन सचेतना, सार्वजनिक संपरीक्षण र प्रभावकारी पर्यवेक्षण गर्ने अभिप्रायले आम नागरिक समाजको सहकार्यमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियान सञ्चालन गरिएको थियो। यो अभियानलाई सफलतापूर्वक सम्पन्न गर्न स्वयम्सेवीरूपमा नागरिक सङ्गठन र अगुवाहरू अहोरात्र खटिए। निर्वाचन आयोगलाई सतर्क बनाउन, राजनीतिक दल र तिनका उम्मेदवारहरूलाई जवाफदेही बनाउन र आम मतदाताहरूलाई जागरुक बनाउन देशभरी विशेष नागरिक अभियान सञ्चालन गरिएको थियो।

आवधिक निर्वाचनलाई लोकतन्त्रको आधारशीला मानिन्छ। आवधिक निर्वाचनले मतदातालाई आफूले रुचाएका राजनीतिक दल र आफूलाई मन परेको नेता छान्ने अवसर प्रदान गर्छ। आवधिक निर्वाचनले राजनीतिक दलहरूलाई आफ्ना नीति जनतासम्म पुऱ्याउन र जनताबाट अनुमोदित हुन सघाउँछ भने नेतृत्व विकासको अवसर पनि सृजना गर्छ। हाम्रो देशमा लामो समयपछि स्थानीय तहको निर्वाचन सम्पन्न भयो।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्त्व बढ्छ। निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आचारसंहिता जारी गरेको थियो। यद्यपि आचारसंहिता विपरीतका क्रियाकलापहरू सार्वजनिक भए। आचारसंहिताको पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको हुन्छ। पहिलो चरणमा सम्पन्न निर्वाचनका

स्थानीय तहको निर्वाचन (२०७४ असोज २ गते) को प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगका सचिव बेगेन्द्रराज शर्मालाई बुझाउँदै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम

क्रममा आचारसंहिता उल्लङ्घनका समाचारहरू प्रकाशन भए। निर्वाचन आयोगले केही राजनीतिक दललाई सचेत गराएको भन्ने सूचना प्रकाशन भए पनि आफूमा निहीत अधिकार प्रयोग गरेको पाइएन।

पर्यवेक्षणका क्रममा राजनीतिक दल र उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेका घटनाहरू अभिलेखित भए। प्रचार सामग्री, निर्वाचन खर्चलगायतमा उनीहरूले आचारसंहिता उल्लङ्घन गरे। राजनीतिक दलको चुनाव चिह्न अङ्कित पहिरन, टोपी, स्टिकर, लोगो, झोलाजस्ता साङ्केतिक सामग्री प्रयोग, विक्री वा प्रदर्शन गर्न/गराउन नहुने आचारसंहिताले भनेको छ तर यो प्रावधानको सबभन्दा बढी दुरूपयोग भएको देखियो। राजनीतिक दलका घरदैलो कार्यक्रममा टिसर्ट, टोपीको प्रयोग अधिक मात्रामा भएको पाइयो। आचारसंहिताविपरीत काम भए कारबाही गर्ने अधिकार कानुनले निर्वाचन आयोगलाई प्रदान गरेको छ। तर त्यसको कार्यान्वयन पक्ष असाध्यै फितलो रहेको पाइयो। आचारसंहिताविपरीत गतिविधि भए उजुरी गर्ने व्यवस्था भए पनि छानबिन र दोषीलाई कारबाही गर्ने कार्यमा आयोग निरीहजस्तै देखियो। आयोग सशक्त ढङ्गले लाग्ने हो भने आचारसंहिता कार्यान्वयन प्रभावकारी हुन सक्छ। यसले भविष्यामा हुने निर्वाचन निष्पक्ष ढङ्गले सम्पन्न हुने वातावरण तयार गर्छ र निर्वाचनको विश्वसनीयता पनि बढाउँछ। राजनीतिक दलहरू पनि आचारसंहिता पालनाका सन्दर्भमा इमानदार बन्नुपर्छ। सरकार र राजनीतिक दलहरूको इमानदारीले नै निर्वाचनलाई मर्यादित बनाउँछ।

पर्यवेक्षणका क्रममा देखिएका तथ्यहरू

निर्वाचन केन्द्र अपाङ्गमैत्री नभएका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा समस्या भएको पाइयो। केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो। मौसम अनुकुल मतदान केन्द्रको व्यवस्था नगरिँदा मतदानमा अवरोध हुनुका साथै मतदाताले सास्ती भोग्नु परेको थियो। केही मतदान केन्द्र साँघुरो भएका कारण मतदान कार्य ढिला हुनुका साथै मतदातालाई अप्ठ्यारो भएको पाइयो। शान्ति सुरक्षाको अवस्था मजबुत रहेको पाइयो। विगतका निर्वाचनमा जस्तो ग्रामीण भेगमा मतदाताले पूर्ण सुरक्षा अनुभव नगरेको र डराएर मतदानमा भाग नलिएको अवस्था यो पटक रहेको थिएन। सुरक्षा संयन्त्रको भरपर्दो उपस्थिति रहेको पाइयो। आफ्नो दलको प्रभाव बलियो भएको ठाउँमा मतदानलाई प्रभाव पार्ने प्रयास गरिएको भए पनि सुरक्षा संयन्त्रको बलियो उपस्थितिका कारण यस्ता प्रयास असफल भएको पाइयो। शहरी क्षेत्रमा भन्दा विकट जिल्ला तथा ग्रामीण क्षेत्रमा मतदाताको उल्लेख्य तथा उत्साहपूर्ण सहभागिता देखियो। मतदानको प्रकृया बारे अलमल रहेको पाइयो। मतदाता शिक्षा प्रभावकारी नभएको देखियो। निर्वाचन आयोगले गरेको निर्वाचन तयारी भरपर्दो रहेको पाइयो। मतदान केन्द्र, मतपेटिका, मतपत्र, कर्मचारी, स्वयम्सेवक तथा सुरक्षा निकायको व्यवस्थापन गर्न निर्वाचन आयोग सक्षम रहेको पाइयो। मतपेटिका सङ्कलन तथा ढुवानी व्यवस्था प्रभावकारी रहेको पाइयो। मतगणना तथा मतपेटिका ओसारपसारमा शङ्का व्यक्त गरी धाँधली भएको भन्ने बारे केही दल तथा तिनका प्रतिनिधिले कुरा उठाएको भए पनि त्यस्तो अवस्था अनुगमनका क्रममा पाइएन। मतदान तथा मतगणनास्थलमा सञ्चारकर्मी तथा पर्यवेक्षकलाई सहजै पहुँच प्राप्त रहेको थियो। निर्वाचन आयोगको कार्य प्रभावकारी रहे पनि

इन्सेक र निर्वाचन पर्यवेक्षण

१ २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचन अनुगमन गर्दै इन्सेकका अध्यक्ष, सुबोधराज प्याकुरेल र सदस्य, डा. इन्दिरा श्रेष्ठ

२ बङ्गलादेशमा नवौं संसदीय निर्वाचन २००८ को अनुगमन गर्दै इन्सेकका अध्यक्ष, सुबोधराज प्याकुरेल

३ २०७४ सालमा सम्पन्न स्थानीय तह निर्वाचन अनुगमन गर्दै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल र कार्यसमिति सदस्य, रघुनाथ अधिकारी

४ स्थानीय तह निर्वाचन २०७८ को पूर्व तयारी अनुगमन गर्दै इन्सेकका अध्यक्ष, डा. इन्दिरा श्रेष्ठ

५ प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन २०७४ को अनुगमन गर्दै इन्सेकका कार्यकारी निर्देशक, विजयराज गौतम

६ चितवन जिल्लामा २०८० सालमा भएको उपनिर्वाचनको अनुगमन गर्दै संस्थापक अध्यक्ष, सुशील प्याकुरेल

७ २०७४ सालको आम निर्वाचनको पर्यवेक्षकलाई अभिमुखिकरण गर्दै मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रमका प्रमुख, मदन पौडेल

८ स्थानीय तह निर्वाचन २०७४ को अनुगमन गर्दै इन्सेक कोशी प्रदेश कार्यालय संयोजक, सोमराज थापा

९ प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को अनुगमन गर्दै इन्सेक मधेश प्रदेश कार्यालय संयोजक, राजु पासवान

१० प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को अनुगमन गर्दै इन्सेक बागमती प्रदेश कार्यालय संयोजक, गणेश भण्डारी

११ स्थानीय तह निर्वाचन २०७९ को पूर्व तयारी अनुगमन गर्दै इन्सेक गण्डकी प्रदेश कार्यालय संयोजक, शिव खकुरेल

१२ बाँकेको मतदान केन्द्रमा अनुगमन गर्दै इन्सेक लुम्बिनी प्रदेश कार्यालय संयोजक, भोला महत

१३ प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ निर्वाचन पूर्व रुकुम पश्चिम जिल्लामा आयोजित नमूना मतदान केन्द्रको अनुगमन गर्दै इन्सेकका पूर्व महासचिव डा. कुन्दन अर्याल र कर्णाली प्रदेश संयोजक, नारायण सुवेदी

१४ घोडाघोडी गाउँपालिका-२ स्थित दशरथ माथि, साडेपानीमा दोस्रो चरणको स्थानीय निर्वाचनको अनुगमन गर्दै इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय संयोजक, खडकराज जोशी

१५ संविधानसभा निर्वाचन २०१३ को आचारसंहिता उल्लङ्घनको प्रतिवेदन प्रमुख निर्वाचन आयुक्त माननीय नीलकण्ठ उप्रेतीलाई बुझाउँदै इन्सेक र स्वच्छ निर्वाचनका लागि नागरिक अभियान (CCCE) का अध्यक्ष, सुबोधराज प्याकुरेल

१६ संसदीय र प्रदेश निर्वाचनको पहिलो चरणको प्रारम्भिक अनुगमन प्रतिवेदन निर्वाचन आयोगका सचिव बेगेन्द्रराज शर्मालाई बुझाउँदै इन्सेकका अध्यक्ष, सुबोधराज प्याकुरेल

१७ प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को प्रारम्भिक अनुगमन प्रतिवेदन निर्वाचन आयोगका माननीय दिनेशकुमार थपलियालाई बुझाउँदै इन्सेकका अध्यक्ष, डा. इन्दिरा श्रेष्ठ

१८ प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को मत गणना अनुगमन गर्दै इन्सेकका कर्मचारीहरू

३

४

५

६
Human Rights Defender
Human Rights Defender

७

८

९

१०

११

१२

१३

१४

१५

१६

१७

१८

संयोजन: गीता माली

जिल्लामा केही समस्याहरू देखिए। निर्वाचनको दिन सवारी पास, पर्यवेक्षकसँगको व्यवहार, मतदाता परिचय पत्र वितरण तथा मतदानकेन्द्रको व्यवस्थापनमा समस्या देखिए।

निष्कर्ष

निर्वाचनले नेपालको लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरण गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि थप गरिदिएको छ भने जनतामा शान्तिपूर्ण निर्वाचन पश्चात नयाँ उमङ्ग, जोश र जाँगर उत्पन्न गरिदिएको छ। सार्वभौमसत्ता/राज्यको सर्वोच्च राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान २०७२ को वाक्यलाई मनन गर्दा आवधिक निर्वाचन नेपाली लोकतन्त्रको एक अपरिहार्य तत्त्वका रूपमा मान्न सकिन्छ। लोकतन्त्र र निर्वाचनका विशेषज्ञहरूले लोकतन्त्रलाई जनताको शासन, जनताद्वारा शासन र जनताका लागि शासन मात्र हो भने आवधिक निर्वाचन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुनु पर्ने धारणा अगाडि सारेका छन्। सजिलो भाषामा भन्ने हो भने जनता राज्यका सर्वोच्च शक्ति हुन्, उनीहरूकै इच्छानुसार उनीहरूले नै रूचाएका, चुनेका प्रतिनिधिहरूद्वारा मुलुक शासित हुनुपर्दछ। यस्तो निर्वाचन प्रत्येक चार/पाँच वर्षमा भइरहनु पर्छ र जनताको ताजा विचार लिइरहनु पर्छ र यसैअनुसार मुलुक शासित हुनु नै सही अर्थमा लोकतन्त्र हो। तर मतदान र प्रतिनिधित्वको प्रकारअनुसार यस्तो निर्वाचन पद्धति प्रत्यक्ष र अप्रत्यक्ष दुवै हुन सक्छ। लोकतन्त्र बहुमतको सरकार भएकाले निर्वाचनले मात्र कुन दल/समूह बहुमतमा छ र कुन अल्पमत भन्ने संवैधानिक/कानुन निर्क्यौल गर्ने गर्दछ। यदि निर्वाचन भएन भने त्यहाँको शासन लोकतान्त्रिक होइन निरङ्कुश तानाशाही हुने गर्दछ। जसमा जनताको कुनै हिस्सा हुँदैन। निर्वाचन राजनीतिज्ञ, नेतृत्व, कार्यकर्ता, जनता सबैका लागि आफ्नो शक्ति र तौल परीक्षण गर्ने एक प्रतिस्पर्धात्मक खेल मैदान भएका हुनाले कमजोर दल, नेतृत्व र समुदाय आफ्नो कम शक्ति प्रभाव भएका कारण सधै निर्वाचनबाट तर्सिने गर्दछ। विभिन्न कृत्रिम



इन्सेकद्वारा २०४७ मङ्सिर १३, १४ र १५ गते काठमाडौँमा आयोजित स्वतन्त्र तथा निष्पक्ष आमनिर्वाचनका पूर्वाधारहरू विषयक गोष्ठीको प्रतिवेदनको अग्रभाग



स्थानीय तह निर्वाचन २०७९ को प्रदेशअनुसार मतदाता सङ्ख्या, स्थानीय तह, मतदान स्थल र मतदान केन्द्र नक्सामा

बहानामा निर्वाचनको विरोध गर्दै निर्वाचन बहिष्कारको बाटोसमेत अवलम्बन गर्ने गर्दछ। त्यसैले आवधिक निर्वाचन सबैका लागि एक दरिलो प्रेरक तत्त्वकारूपमा समेत रहने गर्दछ। शासक वर्ग सधै जनताबाट भयभित र त्रसित हुने गर्दछन्। त्यसैले प्रत्येक चार/पाँच वर्षमा हुने आवधिक निर्वाचनले उनीहरूलाई जनताप्रति उत्तरदायी र जिम्मेवार बनाउन वाध्य तुल्याउँछ र जनताका लागि विकास निर्माणका कार्य गर्न दबाब दिने गर्दछ। यस क्रममा उनीहरू आफ्ना निहित स्वार्थ पन्छाएर जनताका लागि कार्य गर्न विवश हुन्छन्। आवधिक निर्वाचन जनइच्छा व्यक्त गर्ने एक प्रभावकारी, कानुनी, व्यवहारिक र सशक्त माध्यम/साधन पनि हो। जित्ने दलले/उम्मेदवारले जनइच्छाअनुसार नै उनीहरूका लागि कार्य गर्ने र जननीति बनाउने गर्दछन्। लोकतन्त्रमा जनतालाई निर्वाचन गर्ने अधिकार प्रदान गरिएको छ। आवधिक निर्वाचन गरिएन भने जनताको अधिकार हनन् र कुण्ठित हुन पुग्दछ। निर्वाचन नहुने मुलुक यथार्थमा निरङ्कुश शासन नै बन्ने गर्दछ। त्यसैले लोकतन्त्रले जनताको उम्मेदवार छान्ने अधिकारलाई सधै सम्मान गर्न जान्नु पर्छ। लोकतन्त्रले अल्पसङ्ख्यकको अधिकारलाई समेत सम्मान गर्न जान्नुपर्ने हुन्छ। निर्वाचन शासकको वैधता परीक्षण गर्ने एक महत्त्वपूर्ण कसी हो। लोकतन्त्रको आधारस्तम्भ हो। त्यसैले निर्वाचन सधै निष्पक्ष, धाँधलीरहित र स्वच्छ हुनुपर्ने हुन्छ।

(गौतम, इन्सेकका कार्यकारी
निर्देशक हुनुहुन्छ ।)

नेपालमा निर्वाचनको इतिहास र सुधारका प्रयासहरू

निर्वाचन आयोगले नेपालमा निर्वाचन प्रणालीको इतिहासलाई पौराणिक काल, प्राचीनकाल, मध्यकाल तथा आधुनिक कालमा विभाजन गरेको पाइन्छ। पौराणिककाल जो दोस्रो शताब्दी पूर्वको लिखित दस्तावेज नभएको किंवदन्ती, वंशावली तथा अन्य साहित्यिक स्रोतका आधार मात्र रहेको पाइन्छ। तेस्रो शताब्दीपछि आठौँ शताब्दीसम्म प्राचीनकाल र नवौँदेखि अठारौँ शताब्दीसम्म मध्यकाल आइपुग्दा राज्य सञ्चालनको लागि वंश र निर्वाचन प्रणालीले व्यवस्थित बनाउँदै लगेको पाइन्छ।

१९ औँ शताब्दीमा राज्यले कुनै न कुनै विधि प्रकृयाबाट राज्य सञ्चालनको कुनै न कुनै तहतप्का, निकाय वा क्षेत्रमा निर्वाचनबाट चुनिने व्यक्तिले टोल, गाउँ, शहर, नगर, जिल्ला, प्रान्त, प्रदेशको जिम्मेवारी सम्हालेको पाइन्छ। जनताको भावना अनुसार उनीहरूको मनको कुरा मत बुझेर शासन चलाउने कुरा जनमत हुँदै जनताबाट निर्वाचन हुने पद्धतिको विकाससँग निर्वाचन प्रणाली स्थापित भएको देखिन्छ।

गणेश भण्डारी

यसरी निर्वाचनबाट नेतृत्व चुनिने चलन नेपालमा राणाशासन कालमा १९८७ सालबाट भएको पाइन्छ। त्यसबेला स्थानीय स्तरमा निर्वाचनबाट त्यो ठाउँको नेतृत्व हस्तान्तरणको व्यवस्था भएको थियो। त्यसबेला त्यसका लागि स्थानीय स्तरमा भेला भएका जनसमुदायबाट राज्य सञ्चालक निकायले कुनै कामको जिम्मेवारी दिनको लागि टोल गाउँको सम्पर्क व्यक्तिको रूपमा सबैले मुखले बोलेर वा हात उठाएर कसैलाई समर्थन गरेको भरमा जिम्मेवारी तोकिन्थ्यो। त्यो नै निर्वाचनको पहिलो प्रकृया भएको नेपालको इतिहासमा देखिन्छ।

औपचारिक निर्वाचन प्रकृया

नेपालमा पहिलो पटक २००४ साल जेठ २९ गते २१ ओटा वडा निर्धारण गरी काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन भएको थियो। उक्त निर्वाचनमा मतपत्र अघिल्लो दिनै घरघरमा मतपत्र पुऱ्याइएको थियो। मतदानको दिन सबैले देख्ने गरी उम्मेदवार अनुसारका मतपेटिका राखिएको थियो। जुन उम्मेदवारलाई मत दिने हो सोही अनुसार सो मतपत्र मतपेटिकामा हाल्नुपर्ने व्यवस्था गरिएको थियो । शासन सुधारको नाम दिँदै तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेरले 'नेपालको वैधानिक कानुन २००४' घोषणा गरेपछि भएको इतिहासकै पहिलो चुनावमा महिलालाई सहाभागी हुन दिइएन। यो चुनावमा महिला उम्मेदवार त थिएनन् नै, महिलालाई भोट हाल्ने मौकासमेत दिइएन। वैधानिक कानुनमा उमेर पुगेका सबैले भोट हाल्न पाउने भनेर उल्लेख भए पनि सरकारले बनाएको ऐन, कानुनमा सो निर्वाचन गराउने प्रावाधानमा २१ वर्ष उमेर पुगेका पुरुष मतदाताहरूले मात्र भाग लिन पाउने उल्लेख भएको हुँदा महिलाहरू आफ्नो मताधिकार प्रयोग गर्नबाट वञ्चित थिए।

गोरखा परिषद्ले २०१५ सालको चुनाव प्रचारको लागि बनाएको पर्चा ।
सौजन्यः मदन पुरस्कार पुस्तकालय

मतदाता नामावलीमा नाम नै समावेश नभएका कारण उक्त निर्वाचनमा महिलाको उम्मेदवारी पनि शून्य रह्यो।

पुरुषले मात्र मतदान गर्न पाउने निर्वाचन प्रकृया सुरु भएको सार्वजनिक भएपछि सो चुनावमा आफूले पनि भोट हाल्न पाउनुपर्छ भन्ने माग राखेर महिलाहरूको टोली तत्कालीन प्रधानमन्त्री श्री ३ पद्म शमशेर कहाँ गए पनि पद्म शमशेरले 'यसपटक मिल्दैन, अर्को पटक सोच विचार गरौँला' भन्दै टोलीलाई फर्काएका थिए।

राणा शासन हटेर २००७ सालमा प्रजातन्त्र आएसँगै महिलाले पनि पुरुषसरह मतदान र उम्मेदवार बन्ने अधिकार पाए। प्रजातन्त्र आएको तीन वर्षपछि र औपचारिक चुनावको ६ वर्षपछि २०१० भदौ १७ गते काठमाडौं नगरपालिकाको चुनाव भयो। १९ वडा निर्धारण गरी भएको काठमाडौं नगरपालिकाको सो चुनावमा हरेक वडाबाट एक-एक जना प्रतिनिधि छानिने गरी चुनावमा ७३ जना उम्मेदवारले निर्वाचनमा भाग लिएका थिए। जसमा एक जना महिला साधना प्रधान (अधिकारी) उम्मेदवार बन्नु भएको थियो। गोप्य मतदानको व्यवस्था भए पनि मतपेटिकामा भने उम्मेदवारको नाम र चुनाव चिह्न टाँसिएका थिए। सो निर्वाचनमा दलगत चुनाव चिह्न थिएन। एउटै दलबाट चुनावमा उठेका भए पनि व्यक्तिपिच्छे फरकफरक चुनाव चिह्न थिए।

उम्मेदवार हुनका लागि भने अहिलेजस्तै २५ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था थियो। राजनीतिक परिवर्तनपछि दलगत व्यवस्था भए पनि सो समयमा केही राजनीतिक दल प्रतिबन्धित थिए। काठमाडौं नगरपालिकाको १९ सिटमध्ये प्रतिबन्धित कम्युनिस्ट पार्टीका ६ जनाले चुनाव जितेका

थिए। जसमा पहिलो महिला जनप्रतिनिधिको रूपमा एक मात्र महिला उम्मेदवार साधना प्रधान (अधिकारी) ले वडा नं ८ बाट निर्वाचन जित्नु भएको थियो।

यसपछि २०१४ माघ ७ गते काठमाडौँ नगरपालिकामा भएको निर्वाचनमा १९ वडाका एक एक जना र प्रमुख तथा उपप्रखु सहित २१ जनाको पदमा भएको निर्वाचनमा ४९ जना उम्मेदवारले मात्र उम्मेदवारी दर्ता गराएका थिए।

यसरी स्थान विशेषका ठाउँ र नगर विशेषमा मात्र हुँदै आएको निर्वाचनको इतिहासलाई चिर्दै सात सालको प्रजातन्त्र स्थापनाको आठ वर्ष पछि राजनीतिक दलको पहिचान सहित २०१५ साल फागुन ७ गते अढाइ महिना लामो समय लगाएर संसद्को लागि निर्वाचन भयो। यो नै नेपालमा बालिग मताधिकारको आधारमा भएको पहिलो आम निर्वाचन थियो। १ सय ९ सिटका लागि भएको संसदको यस निर्वाचनमा दुई तिहाई ७४ सिट नेपाली कांग्रेसले जितेको थियो। तर, प्रजातन्त्रको सुरुवातमै भएका यी चुनावबाट राम्रो अनुभव लिन नपाइकनै २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले राजनीतिक दलमाथि प्रतिबन्ध लगाए र निर्दलीय पञ्चायती व्यवस्थाको घोषण गरे। पञ्चायती व्यवस्थामा पनि चुनाव भए तर ती चुनावमा राजनीतिक दलले सहभागी हुन पाएनन्।

राजा महेन्द्रले पञ्चायती व्यवस्थाको प्रारम्भ गरेपछि नयाँ भौगोलिक क्षेत्रमा देशलाई विभाजन गरेका थिए। सोही अनुसार २०१८ सालमा देशभरका ४ हजार ग्राम पञ्चायतको चुनाव सम्पन्न भयो। त्यस बेलाको ग्राम पञ्चायतमा नौ जना सदस्य हुने र तीमध्येबाट एक जना प्रधानपञ्च, एक जना उपप्रधानपञ्च छान्ने व्यवस्था रहेको थियो। यस निर्वाचनमा पुरुष र महिला मतदाताको लाइन छुट्टाछुट्टै बनाई मतदातालाई बन्द कोठामा लगेर निर्वाचन आयोगका कर्मचारीले सो ग्राम पञ्चायतका उम्मेदवारको नाम लिने र मतदाताले आफ्नो उम्मेदवारको पक्षमा हात उठाएर मत मत दिनु पर्दथ्यो। यस प्रकारको निर्वाचनमा जो उम्मेदवारलाई निर्वाचन आयोगका कर्मचारीले विजयी बनाउन चाहान्थे उही निर्वाचन हुने सम्भावना रहन्थ्यो। बालिग मताधिकार भने पनि यो निर्वाचनलाई प्रजातान्त्रिक र निष्पक्ष र भयरहित मान्न सकिन्न थियो। यसैगरी, २०१९ सालमा नगर पञ्चायत र जिल्ला पञ्चायतको पनि चुनाव भयो।

नेपालमा भएको जनमत सङ्ग्रहको मतपरिणामको अवस्था

सर्वसाधारणलाई बन्देज लगाउने नीति सहितको गाउँ, नगर र जिल्ला पञ्चायतको निर्वाचन २०३२ सालमा पनि

वि.सं. २०३७ सालको जनमत सङ्ग्रह : मतदाता तथा प्राप्त मत विवरण

विवरण	कूल मतदाता	सुधारिएको पञ्चायती व्यवस्था	बहुदलीय व्यवस्था
कूल मतदाता	७१९२४५१		
कूल खेको मत	४८१३४८६	२४३३४५२	२००७९६५
कूल खसेको मतको प्रतिशत	६६.९२५	५४.७९५	४५.२१५

स्रोत : निर्वाचन आयोग

भयो। तर अप्रत्यक्ष निर्वाचन प्रणाली अपनाइएको सो निर्वाचनमा गाउँफर्क अभियानलाई पञ्चायतको मूल मर्म मानेर त्यसकै सिफारिसका आधारमा पञ्चहरूको प्रतिनिधित्व हुने गरी निर्वाचन गराइएको थियो।

सुधारिएको निर्वाचन प्रकृया

शैक्षिक क्षेत्र सुधारको माग गर्दै २०३५ सालमा सुरु भएको विद्यार्थी आन्दोलन चर्किंदै पञ्चायती व्यवस्था विरुद्ध परिणत भएपछि तत्कालीन राजा वीरेन्द्रवीर विक्रम शाहले २०३६ जेठ १० गते जनमत सङ्ग्रहको घोषणा गरेपछि २०३७ वैशाख २० मा बालिग मताधिकारका आधारमा जनमत सङ्ग्रहको लागि निर्वाचन भयो। सो जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्था र बहुदलको व्यवस्था भन्ने विषयमा निर्वाचन भएको थियो। त्यो बेलाको मतपत्रमा नीलो र पहेलो दुई रंग थिए। जसमा नीलो बुहुदल र पहेँलो सुधारिएको पञ्चायती व्यवस्थाका लागि छुट्याइएको थियो। जुन रंगमा मतदाताले स्वस्तिक चिह्न लगाए सो व्यवस्थाको लागि मतदान भएको जनिन्थ्यो। सो निर्वाचनमा सुधारिएको पञ्चायती व्यवस्थाको पक्ष विजयी भएको घोषण गरिएको थियो। करिब ४४ लाख मतदाताले भाग लिएको सो निर्वाचनमा २४ लाख सुधारिएको पञ्चायती व्यवस्था र २० लाख बहुदलतको पक्षमा मतदान भएको सार्वजनिक भएको थियो। यो निर्वाचनमा पनि २१ वर्ष पुगेका नागरिकले मात्र मतदान प्रकृयामा भाग लिन पाउने व्यवस्था थियो। मतदातामा नामावली छुट भए निर्वाचनको अघिल्लो दिन मतदान केन्द्रमै गएर पनि मतदाता नामावलीमा नाम समावेश गरेर मतदान गर्न पाउने व्यवस्था सो समयमा गरिएको थियो। निर्वाचन प्रचार प्रसारमा सरकारी गाडी प्रयोग गर्न नपाउने व्यवस्था यही निर्वाचनदेखि गरिएको हो। सरकारले मन्त्रिपरिषद्का सदस्यलाई स्थानीय पञ्चायत एवम् वर्गीय सङ्गठनको निर्वाचनको सिलसिलामा प्रचार-प्रसारका लागि जिल्ला जाँदा सरकारी गाडी प्रयोग नगर्न निर्देशन दिएको थियो। त्यस्तै सरकारी स्वामित्वका संस्थानका गाडी पनि प्रयोग गर्न नपाइने नियम थियो।

२०५३ सालमा राष्ट्रिय महिला सम्मेलन गरेर इन्सेकले २० प्रतिशत महिलाहरूलाई सबै क्षेत्रमा आरक्षण गर्नुपर्छ भन्ने प्रस्ताव पारि गरेको थियो। साथै २०५४ सालमा हुने स्थानीय निकाय निकाय निर्वाचनको पूर्वसन्ध्यामा सबै राजनीतिक दलका प्रमुखलाई भेटेर सोसम्बन्धी प्रतिबद्धता पत्रमा हस्ताक्षर गराउने अभियाननै इन्सेकले चलाएको थियो। ०५४ सालको स्थानीय निर्वाचनमा त्यो विषयलाई समेट्न सरकार बाध्य भयो।

नेपाली इतिहासमा यो चुनावलाई आधुनिक चुनावको सुरुवात पनि भन्ने गरिन्छ। चुनावअगाडि नै हरेक वडामा मतदाताको सूची पठाइएको थियो। त्यतिखेर मतदानका लागि २१ वर्ष पुगेको हुनुपर्ने व्यवस्था थियो। अहिले १८ वर्ष छ। (२०४६ सालको जनआन्दोलनले दलविहीन पञ्चायती व्यवस्थाको अन्त्य गरेपछि २०४७ कात्तिक २३ गते जारी भएको संविधानले १८ वर्ष उमेर पुगेका नेपालीले भोट हाल्न पाउने सुनिश्चित गरेको हो)। यसपछि २०३८ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचन भयो। यसमा केही सुधार सहित १८ वर्ष पुगेका नेपाली नागरिकले मतदान गर्न पाउने व्यवस्था भयो र यस समयमा एक वर्ष बसोबास गरेको स्थानबाटै मतदान गर्न

पाउने व्यवस्था भएको पाइन्छ। लगत्तै गाउँ-नगर-जिल्ला पञ्चायत निर्वाचनको निर्वाचन २०३९ सालमा भयो।

२०३८ सालको निर्वाचनमा गाउँ पञ्चायतमा नौ ओटा वडाको व्यवस्था थियो र एउटा वडामा एक जना वडा अध्यक्ष र चार जना सदस्य गरी पाँच जना तथा प्रधान पञ्च र उपप्रधानपञ्च गरी एउटा पञ्चायतमा ४७ जना निर्वाचित जनप्रतिनिधि हुने व्यवस्था थियो। यस प्रकारको जनप्रतिनिधि हुने व्यवस्था २०४६ सालको जनआन्दोलनपछिको बहुदलिय व्यवस्थाको २०४९ सालको स्थानीय निकाय भनिने गाउँ विकास समिति (गाविस)मा पनि कायम थियो।

मतदान प्रक्रिया

२०३९ सालमा भएको स्थानीय गाउँपञ्चायतको निर्वाचनमा एक जना मतदाताले वडाका पाँच जना र प्रमुख तथा उपप्रमुख दुई गरी एकै पटक सात प्रतिनिधिहरू छान्न आफ्नो मताधिकारको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको थियो। गाउँ पञ्चायतमा नौ वडाका अलग-अलग मतदान केन्द्र र उपकेन्द्र थिए। मतदाता सम्बन्धित वडाको मतदान केन्द्रभित्र प्रवेश गरेपछि सबै पदका लागि मतदान गर्नुपरेमा सर्वप्रथम गाउँ वा नगरसभा सदस्यको मतपत्र लिई वडा अध्यक्ष सहित पाँच जना उम्मेदवारको चिह्नमा छाप लगाई मतदान गर्ने र त्यसपछि सदस्यको क्रमशः प्रधान र उपप्रधानपञ्चको मतपत्र लिई एक-एक उम्मेदवारको चिह्नमा छाप लगाई मतदान गर्नुपर्ने व्यवस्था गरिएको थयो। यो निर्वाचनमा पार्टीगत उम्मेदवार नहुने हुँदा व्यक्तिको नाममा उपलब्ध गराइएको निर्वाचन चिह्नमा भोट माग्ने र सोही निर्वाचन चिह्नमा मतदान गर्नु पर्ने हुन्थ्यो। मतदाताको क्रमाङ्क अनुसार उम्मेदवारका प्रतिनिधिले प्रमाणिकरण गरेपछि मतदान गर्न पाइन्थ्यो। यसमा समयमा मतदाता निर्वाचन प्रकृयामा सहभागी नभए अरु व्यक्तिले नै मेरा नाम भन्दै फर्जी मतदान गर्ने गरेको घटना त्यसबेला बढी हुन्थ्यो। मतदाता परिचय पत्र वा नागरिकता जस्ता कुनै पनि परिचय पत्रको आवश्यकता वा व्यवस्था गरिएको हुँदैन थियो। उम्मेदवारका प्रतिनिधिले मतदाता नामावलीमा चिह्न लगाएर पठाए निर्वाचनमा खटिएका उम्मेदवारले मतदान गर्न दिने गरेका थिए। मतदान गर्न जाने व्यक्ति परिचित र पहुँचवाला रहेछ र उसको नाममा मतदान भइसकेको रहेछ भने उसलाई निविदा मतदान भनेर मतदान गर्न दिइन्थ्यो। तर, त्यस्तो मतलाई भिन्ने खाममा राखेर निर्वाचन अधिकृतले छुट्टै अभिलेख राख्ने भए पनि त्यसलाई गणना प्रकृयामा समावेश गराइने गरेको थिएन।

बहुदलीय व्यवस्थामा २०४९ र २०५४ सालमा स्थानीय निकायको निर्वाचन सम्पन्न भयो। तर २०५४ पछि स्थानीय स्तरका संरचनाको आवधिक निर्वाचन माओवादीको सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासन गर्ने महत्त्वकांक्षा राजनीतिक दलको प्रतिवद्धता नहुँदा २० वर्षसम्म अवरुद्ध भयो। बहुदलीय व्यवस्थामै संसदको निर्वाचन २०४८, २०५१ र २०५६ सालमा सम्पन्न भयो। तर यही संसदलाई कहिले प्रधानमन्त्रीले विघटन गर्ने कहिले राजाले प्रत्यक्ष शासनका नाममा निलम्बन गर्ने अवस्थाले २०६२/०६३ को जनआन्दोलनपछि २०६४ सालमा संविधान सभाको निर्वाचनसम्म राजनीतिक सहभागिता सहितको निर्वाचन भयो। २०५६ र २०६४ सालको बिचको समयमा राजा ज्ञानेन्द्रले स्थानीय निकायको चुनाव २०६२ सालमा गराए पनि राजनीतिक दलको

सहभागिता नहुँदा सफल भएन।

२०६४ सालमा निर्वाचन भएको संविधान सभा संविधान जारी नगरी विघटन हुन पुगेपछि दोस्रो संविधान सभाको निर्वाचन २०७० सालमा पुन: सम्पन्न भयो। जसले नेपालको संविधान २०७२ जारी गरेपछि २०७४ र २०७९ मा स्थानीय तह र सङ्घीय तथा प्रदेशको आम निर्वाचन सम्पन्न भइसकेको छ।

यी निर्वाचनमा निर्वाचन आचार संहिताको सुधारिएको प्रवाधान र मतदाता नामावलीसहितको परिचय पत्रले निर्वाचनलाई एक हदसम्म स्वच्छ र धाँदलिरहित बनाउन मद्दत पुगेको छ। र पनि अझै केही स्थान र ठाउँमा मतदान केन्द्र कब्जा हुने, धाँधली गर्ने र एक अर्का राजनीतिक दलका मतदातालाई निर्वाचनमा सहभागी हुनबाट रोक्ने वा अवरोध सिर्जना गर्ने वा हुने कार्य भने पाइएको छ।

असफल निर्वाचन

राजा ज्ञानेन्द्रले २०६२ सालमा नगरपालिकाहरूमा गराएको निर्वाचनमा एमाले, कांग्रेसलगायत मुलुकका प्रमुख राजनीतिक दलसहितका सात दलले चुनावको सक्रिय बहिष्कार गर्न आह्वान गरेका थिए। कूल ५८ नगरपालिकामा भएको त्यस निर्वाचनमा २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। २४ ओटा नगरपालिकामा मेयरको निर्विरोध निर्वाचन भएको घोषणा गरिएको थियो। ५८ नगरपालिकाका कूल १९ लाख ६ हजार ६ सय ७८ मतदातामध्ये ३ लाख १० हजार ८ सय ७६ ले अर्थात १६ प्रतिशत मात्र मतदान भएको थियो। दुईजना वा सो भन्दा बढी मेयर उम्मेदवार भएका नगरपालिकाको सङ्ख्या मात्र ३४ थियो। चुनावमा भाग लिने दलहरूको सङ्ख्या २२ ओटा भए पनि तीन ओटा नगरपालिकाका वडाध्यक्ष पदमा एउटा पनि उम्मेदवारी दर्ता भएन भने आठ ओटा नगरपालिकाको वडा सदस्य पदमा एउटा पनि उमेदवारी परेन। इलाम, दमक, तानसेन नगरपालिकामा एक-एक जना मात्र उम्मेदवार थिए। नवलपरासी, दशरथचन्द, अमरगढी, बुटवल, कपिलवस्तु, बाग्लुङ, वीरेन्द्रनगर, गुलरिया, नेपालगञ्ज, दिपायललगायत् २२ ओटा नगरपालिकामा शून्य मतदान भएको थियो। इलाम नगरपालिकामा एकजना बाहेक सबै पदमा कमल थापाको राप्रपाका उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गरिएको थियो। यसरी राजनीतिक रूपमा असफल भएको निर्वाचनबाट निर्वाचित पदाधिकारीले नगरपालिकाको कार्यकारी जिम्मेवारी निर्वाहसमेत गर्न पाएनन्। २०६२-०६३ को जनआन्दोलनपछि बनेको सरकारले यो चुनाव बदर गरेको थियो।

निर्वाचन सचेतना र भड्किलो चुनाव प्रचार प्रसार

निर्वाचनमा सहभागिताका लागि मतदातामा सचेतना ल्याउने कार्य निर्वाचन आयोगले २०१५ सालको संसदीय चुनावबाट सुरु गरेको थियो। सो कार्य अहिले पनि जारी नै छ। पहिलेका निर्वाच्नमा पर्चा पम्प्लेट र रेडियो बाट निर्वाचनमा सहभागी हुनका लागि प्रचार सामग्री निर्माण गरी सार्वजनिक गरिने गरेको थियो। २०४३ को राष्ट्रिय पञ्चायत र गाउँ तथा नगरपञ्चायतको चुनावमा भने टेलिभिजनको पनि प्रयोग भएको थियो। २०४६ सालको व्यवस्था परिवर्तनपछि बहुदलीय व्यवस्थामा भएका निर्वाचनमा भने सरकारी तवरबाट निर्वाचन आयोग बाहेकका सामाजिक सङ्घसंस्थाले पनि निर्वाचनका लागि सचेतना कार्यक्रम सञ्चालन गर्दै आएका छन्। २०४८ सालको प्रतिनिधि सभा र २०४९ सालको गाविस

तथा नगरपालिकाको चुनावमा सामाजिक संघसंस्थाले भ्रष्टाचार विरोधी नारासहित मतदानमा भाग लिन सचेतना कार्यक्रम पर्चा, पम्प्लेट, ब्यानर, तथा रेडियो कार्यक्रम मार्फत चलाएका थिए। त्यसबेला इन्सेकले देशभरिनै मतदाता सचेतना कार्यक्रम चलाएको थियो। बहुदलपछिका निर्वाचनहरू तथा २०६४ को पहिलो संविधान सभाको निर्वाचनमा भड्किलो र महँगो प्रचार प्रसार शैलीको प्रयोग भएको पाइन्छ। त्यसताकाका निर्वाचनमा पर्चा, पम्प्लेट, ब्यानर, फोटो, भित्तेलेखन, निर्वाचन चिह्न तथा उम्मेदवार अंकित टोपी र टिसर्ट, रेडियो तथा टेलिभिजनको प्रयोग भएको थियो। राजनीतिक दल तथा तिनका उम्मेदवारले गर्ने भोज भतेर र कार्यकर्तामा बाढ्ने पैसाको त कुनै हिसाब थिएन। रंगीन फोटो सहितका पम्प्लेट, ब्यानर र भित्ते लेखन तथा तुल र पोस्टर सहरका गल्ली तथा राजमार्गमा ओल्लो पल्लो किनार ढाक्नेगरी टाँगिएका प्रचार सामग्रीले वातावरण प्रदूषणदेखि शहरको सौन्दर्य समेत कुरूप हुन थालेको थियो। यसबीचका दुई तीन निर्वाचनमा नेताका भाषणलाई रेकर्ड गरेर गाउँ बजार, चोक र शहरमा बजाएर समेत मतदातासँग मत माग्ने अभ्यास भएको थियो। खर्चिलो र भड्किलो बन्दै भएको निर्वाचनलाई निर्वाचन आयोगले निर्वाचन आचार संहिता लागु गरेर केही हदसम्म भए पनि छिटो छरितो र कम खर्चिलो बनाउने प्रयत्न गरेको छ।

निर्वाचन प्रचार प्रसार तथा सचेतना कार्यक्रमको डिजिटल युग

२०७९ को स्थानीय तथा सङ्घीय र प्रदेश सरकारको चुनावमा निर्वाचन प्रचार प्रसार मात्र हैन निर्वाचन सचेतना कार्यक्रम पनि सामाजिक सञ्जाल मार्फत भए। निर्वाचन आयोगले त सूचना प्रकाशन गरेर निर्वाचनसम्बन्धी सूचनामूलक सन्देशका भिडियोहरू बनाइ ट्वीटर, टिकटक, इस्टाग्राम, यूट्युब, फेसबुक आदि लगायतका सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्न प्रोत्साहन स्वरूप पुरस्कार उपलब्ध गराउने व्यवस्था समेत गरेको थियो। निर्वाचन आयोगले मोबाइलको रिङटोनलाई पनि निर्वाचनसम्बन्धी सचेतना फैलाउने माध्यम बनाएको छ भने उमेदवार तथा राजनीतिक

वि.सं. २०१५ सालदेखि पहिलो संविधान सभा निर्वाचन : मत विवरण

विवरण	पहिलो संसदीय निर्वाचन २०१५	जनमत सङ्ग्रह २०३६	बहुदलपछिको संसदीय निर्वाचन २०४८	पहिलो संविधान सभा निर्वाचन २०६४
कूल मतदाता	४२४६४६८	७१९२४५१	१११९१७७७	१७६११८३२
कूल खेको मत	१९८१३८१	४८१३४८६	७२९१०८४	१०८६६१३१
कूल खेको मतको प्रतिशत	४७	६६.९२५	६५.१५	६१.७०
कूल दर मत	१७९१३८१	४४४१४१७	६९६९०६१	१०३०६१२०
कूल दर मत प्रतिशत	९०.४१	९२.३६५	९५.५८	९४.८४
कूल बदर मत	१९००००	३७२०६९	३२२०२३	५६००११
कूल बदर मत प्रतिशत	९.५९	७.६३५	४.४२	५.१६

स्रोत : निर्वाचन आयोग

दलले पनि ग्रुपम्यासेज तथा फोन गर्ने सुविधाको प्रयोग गर्दै आएका छन्। यसरी सामाजिक सञ्जाल प्रयोग गर्दा निर्वाचनमा सहभागी उम्मेदवार, राजनीतिक दल लगायतलाई पनि निर्वाचन खर्च, जनशक्तिको बचत तथा छिटो र छरितो रूपमा समयमै आफ्ना कुरा मतदाता समक्ष पुऱ्याउन सहज बनेको छ।

२०१५ सालको चुनाव नै तीन महिनामा सम्पन्न भएको थियो भने प्रचार प्रसार करिब एक वर्ष पहिले नै भएको थियो। निर्वाचन आयोग मात्र होइन निर्वाचनमा सहभागी हुने उम्मेदवारले आफ्नो सन्देश मतदातासम्म लैजान गीतकार, गायक, कवि र लेखकहरू प्रयोग गर्ने गरेको पाइन्छ। त्यसबेला निर्वाचन तथा उम्मेदवारका पक्षमा गीत, कविता, श्लोक, लोकगीत तथा लोकदोहोरी, सांगीतिक कार्यक्रम, नाटक पनि प्रयोगमा ल्याइने गरेका थिए। घरदैलो कार्यक्रम, आमसभा, कोण सभा र निर्वाचन क्षेत्रको दौडाह अनिवार्य जस्तै थियो। अहिले जस्तो सामाजिक सञ्जाल, गाउँ वा जिल्लामा भएका अनगिन्ती एफएम रेडियोले सूचना प्रवाह गर्ने अवस्था थिएन। अब समय अनुसार परम्परागत प्रचार सामग्री भन्दा आधुनिक सामाजिक सञ्जालको प्रयोग बेढको छ। अहिले पनि नमूना मतदान गरेर स्वच्छ निर्वाचन र निर्वाचनसम्बन्धी जनचेतना जगाउने कामहरू निरन्तर भइरहेका छन्।

त्यसपछिका निर्वाचनमा पनि एक महिना प्रचार प्रसारको समय राखेर निर्वाचनका कार्यतालिका प्रकाशन हुँदै आएकोमा २०७४ को स्थानीय चुनावदेखि १५ दिन भित्रको समय राखेर निर्वाचन तालिका सार्वजनिक गरी निर्वाचन हुँदै आएको छ। यसले निर्वाचनमा हुने खर्च, व्यथिति, अनावश्यक बोझ, झन्झट, प्रचार प्रचारका सामग्रीको प्रयोग, उम्मेदवारको व्यक्तिगत खर्च तथा निर्वाचन खर्चको किफायती तथा निर्वाचन आचारसंहिता पालनालाई धेरै नै सहयोग पुगेको छ।

२०७० सालको दोस्रो संविधान सभादेखि अनिवार्य गरिएको मतदाता परिचय पत्रले मतदाता स्वयंले मतदान गर्ने पाउने अधिकार सुनिश्चित भएको छ। फर्जी मतदाता घटेका छन्। धाँधली र हुलइज्जत हुने मतदान केन्द्र कब्जामा लिने जस्ता घटनामा क्रमशः कमी हुँदै आएको छ। यसमा निर्वाचन आचारसंहिता, मतदाता सचेतना कार्यक्रम, अनिवार्य मतदाता परिचय-पत्रको प्रयोग तथा निर्वाचन ऐन तथा नियमावलीमा भएको परिवर्तन र सुधारले ल्याएको सकारात्मक प्रयास हो।

आवश्यकता विद्युतीय मतदानको

कयौँ देशहरूमा प्रयोग हुँदै आएको विद्युतीय मतदानको लागि निर्वाचन आयोगले काम थालेको भए पनि त्यो अझै सफल हुन सकेको छैन। काठमाडौँ निर्वाचन क्षेत्र १ मा २०५१ सालमा भएको उपनिर्वाचनमा पहिलोपल्ट विद्युतीय मतदान गर्ने व्यवस्था गरिएको भए पनि यसलाई निर्वाचन आयोगले निरन्तरता र विस्तार गर्न सकेको छैन।

नेपालमा पहिलो पटक ०६४ चैत २८ मा संविधानसभा निर्वाचनका लागि काठमाडौँको निर्वाचन क्षेत्र नं. १ मा विद्युतीय मतदान मेसिन प्रयोग गरिएको थियो । त्यसपछि संविधान सभाकै ६ निर्वाचन क्षेत्र मोरङ ५ र ७, धनुषा ५, कास्की १, रोल्पा २ र कञ्चनपुर ४ मा ०६५ चैत २८ मा भएको उपनिर्वाचनमा पनि विद्युतीय मतदान मेसिन प्रयोग गरेको थियो। त्यसपछि आयोगले २०७० सालमा भएको दोस्रो संविधान सभापछिको ०७१ मा भएको उपनिर्वाचनका लागि बर्दिया, बागलुङ,

स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित महिलाको सङ्ख्या

प्रदेश	स्थानीय तह	प्रमुख	उपप्रमुख	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष	वडा सदस्य
कोशी	१३७	२	४२	४	५९	५	५८
मधेश	१३६	४	६८	–	५९	१२	९१
बागमती	११९	३	२९	३	४०	१२	६४
गण्डकी	८५	–	२१	३	४१	१४	५४
लुम्बिनी	१०९	१	३०	१	५९	१४	६०
कर्णाली	७९	१	१८	१	३५	६	६७
सुदूरपश्चिम	८८	२	२५	–	४२	६	४८
जम्मा	**७५३**	**१३**	**२३३**	**१२**	**३३५**	**६९**	**४४२**

***नोटः** ६,७४३ ओटा वडामा ६,७४२ महिला सदस्य र ६,६२० जना दलित महिला सदस्य निर्वाचित*
(स्रोतः निर्वाचन आयोग, २०७९)

काठमाडौं, कैलालीमा विद्युतीय मतदान मेसिन प्रयोग गरेको थियो । मतदान गर्न सजिलो, रद्द नहुने र नतिजा पनि छिटो निस्कने विद्युतीय मेसिनको प्रयोगलाई विस्तार गर्दै लैजानुपर्नेमा सरकार र निर्वाचन आयोगले यसलाई निरन्तरता वा विस्तार गरेन। त्यसपछिका कुनै पनि निर्वाचनमा विद्युतीय मेसिनको प्रयोग भएको छैन।

विद्युतीय मतदान गरिएका धनुषा, काठमाडौं, रोल्पा र कैलालीका २ सय १० मतदाताबीच नीति अनुसन्धान प्रतिष्ठानले ०७७ मा अध्ययन गरेको थियो । प्रतिष्ठानको अध्ययनमा ९० प्रतिशत मतदाताले मेसिनबाट मतदान गर्ने तरिका ठीक हुने बताएका थिए । अध्ययनमा ७८ प्रतिशत मतदाता विद्युतीय भोटिङ मेसिनप्रति विश्वस्त पाइएको थियो । मतपत्रका लागि कागज खरिद, मतपत्र छपाइ, मतपेटिका, स्वस्तिक छाप, स्ट्याम्प प्याड, स्टेसनरी र अन्य सामग्री खरिदमा खर्च कटौती हुने अध्ययनले देखाएको थियो । मतदान र मतगणनामा लाग्ने समयसमेत बचत हुन्छ । मत बदर शून्य र बुथ कब्जा, मतपेटिका परिवर्तन, फर्जी मतदानलगायत अनियमिततासमेत कम हुने अध्ययनको निष्कर्ष रहेको देखिन्छ।

विद्युतीय मसिनको प्रयोग नहुनुमा सबै निर्वाचनमा समयको अभाव, प्रमाणिकरणको समस्या र निर्वाचन आयोगको इच्छाशक्ति नहुनु बताइँदै आएको छ। समयक्रममा एक वा दुई ओटा निर्वाचनमा समय अभाव र प्रमाणिकरणमा समस्या भए पनि विद्युतीय मसिनको प्रयोग भएको दुईदशक पुग्दा पनि यसको प्रयोगमा उदासिनता देखिनु वा नहुनु भनेको निर्वाचन आयोग र सरकारको इच्छा नभएकै बुझिन्छ। विद्युतीय मतदानलाई 'नपत्याउँदा' हरेकपटकको चुनावमा निर्वाचन आयोगले मतपत्र छपाइ, मतदाता शिक्षा र मतगणनामा हुने खर्च र मतगणनाको पट्यारलाग्दो समय खर्च गर्दै आएको छ। विद्युतीय मतदान गर्न सकेमा प्रशासनिक खर्च र मतगणना निकै चाँडो हुन्थ्यो।

(भण्डारी, इन्सेक बागमती प्रदेशका संयोजक हुनुहुन्छ ।)

निर्वाचन व्यवस्थापनसम्बन्धी कानुन र सुधारका पक्षहरू

१. पृष्ठभूमि

लोकतन्त्रको महत्त्वपूर्ण खम्बा आवधिक निर्वाचन र बालिग मताधिकार हो। निर्वाचन स्वतन्त्र स्वच्छ र विश्वसनीय हुनुपर्दछ। निर्वाचन प्रणाली र निर्वाचन व्यवस्थापन एवम् प्रक्रियासम्बन्धी व्यवस्था संविधान र निर्वाचनसम्बन्धी कानुनहरूमा गरिएको हुन्छ। समाज गतिशील छ। समाजको परिवर्तन कानुनभन्दा छिटो हुन्छ तसर्थ कानुनको परिमार्जन तथा संशोधन पनि समाजको माग र चाहना अनुरूप गर्दै जानु पर्दछ। अहिलेको परिप्रेक्षमा निर्वाचन प्रणालीमा सुधार गरिनुपर्दछ भनी आम नागरिक, बुद्धिजीवी, सञ्चार माध्यमलगायतबाट आवाजहरू आउन थालेका छन्। निर्वाचन प्रणालीमा सुधार गर्ने विषय व्यापक छ, त्यसका लागि संविधानमा संशोधन एवम् सुधार, निर्वाचन कानुनमा संशोधन तथा सुधार, प्रक्रियागत एवम् व्यवस्थापकीय सुधार र राजनीतिक संस्कारको आवश्यकता पर्दछ। विद्यमान निर्वाचनसम्बन्धी कानुनमा संशोधन एवम् परिमार्जन गरी केही हदसम्म सुधार गर्न सकिने अवस्था छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्वाचनसम्बन्धी एकीकृत कानुन तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त भएपछि निर्वाचन आयोगले निर्वाचन पश्चात भएका समीक्षा, राजनीतिक दल एवम् बुद्धिजीवी तथा निर्वाचन सरोकारवालाबाट प्राप्त सुझाव समेतका आधारमा निर्वाचन आयोगले निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार गरेको छ। उक्त विधेयकको मस्यौदा आयोगले स्वीकृत गरी संसदमा पेश गर्ने प्रयोजनार्थ नेपाल सरकार समक्ष पेश गरिसकेको छ। निर्वाचन व्यवस्थापनसम्बन्धी उक्त कानुनमा छरिएर रहेका निर्वाचन सम्बन्धी सात ओटा ऐनका प्रावधान र निर्वाचन आयोग ऐनमा भएका केही विषयलाई एकीकृत गरिएको छ। त्यसैगरी अदालतबाट भएका निर्देशनात्मक आदेशलाई समेत समावेश गरिएको छ। त्यसैगरी, उक्त विधेयकमा भएका व्यवस्थाहरूमा केही नयाँ विषयहरू पनि समावेश गरिएका छन् भने केही विषयलाई समसामयिक रूपमा संशोधन एवम् परिमार्जन गरिएको छ। उक्त विधेयकलाई नेपाल सरकारले जस्ताको तस्तै अर्थात् त्यसमा व्यवस्था भएका विषयहरूलाई नहटाई अझ जनताको चाहना बमोजिमका व्यवस्थालाई समावेश गरेर संसद समक्ष प्रस्तुत भएको खण्डमा र संसदबाट सोही बमोजिम ऐन जारी भएको खण्डमा केही

यज्ञप्रसाद भट्टराई

सुधार हुने अपेक्षा गर्न सकिन्छ।

यस लेखमा निर्वाचन आयोगले स्वीकृत गरी नेपाल सरकार समक्ष पेश गरेको निर्वाचन व्यवस्थापन विधेयकमा भएका नयाँ व्यवस्थाहरू एवम् निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने विषयहरू र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा संशोधन एवम् परिमार्जन गर्नुपर्ने आवश्यकताको बारेमा प्रकाश पार्ने प्रयास गरिएको छ।

२. निर्वाचन

प्राय: प्रजातान्त्रिक मुलुकको विधायिकाका विभिन्न निकायमा प्रतिनिधित्व गर्ने व्यक्ति वा व्यक्तिहरूलाई त्यसै मुलुकका आम बालिग जनताले मतदानद्वारा चुन्ने काम अर्थात कुनै काम वा पदका लागि मतदान गरेर चाहे अनुसारको व्यक्ति छान्ने कामलाई चुनाव वा निर्वाचन भनिन्छ। निर्वाचन भनेको मतदाताले आफ्नो मताधिकार प्रयोग गरी प्रतिनिधि छान्ने तथा निर्णय प्रक्रियामा सहभागी हुने एक वैधानिक प्रक्रिया हो। कुनै पनि देशको भावी नीति, योजना, कार्यक्रमसम्बन्धी निर्णयको लागि शासकीय प्रणालीको केन्द्रदेखि स्थानीय स्तरसम्म प्रतिनिधि चयन गर्ने सबैभन्दा महत्त्वपूर्ण विधि नै निर्वाचन हो।

निर्वाचनद्वारा दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारबीचको प्रतिस्पर्धामा जनताको रोजाइको आधारमा प्रतिनिधि चयन वा छनोट गरिन्छ। त्यस्तै राष्ट्रिय स्तरमा बेलाबखत उत्पन्न हुने समसामयिक सवाल वा मुद्दाको छिनोफानो गर्न जनताको प्रत्यक्ष अभिमतद्वारा निर्णयमा पुग्ने प्रक्रिया पनि निर्वाचन नै हो। यसलाई जनमत सङ्ग्रह पनि भनिन्छ।

निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन मतदाताले कुनै धम्की, डर, त्रास तथा प्रलोभनमा नपरी निर्भीक भएर मतदान गर्न पाउनु पर्दछ। निर्वाचन स्वतन्त्र हुन निर्वाचनका सरोकारवालाहरूले आ-आफ्नो जिम्मेवारी निष्पक्ष रूपमा निर्वाह गर्नुपर्दछ। त्यसैगरी निर्वाचन निष्पक्ष सम्पन्न गर्न निर्वाचन सञ्चालन गर्ने निकाय, पदाधिकारी तथा सरकारको तर्फबाट सबै दल, उम्मेदवार, राजनीतिक कार्यकर्ता तथा अन्य निर्वाचनका सरोकारवालाहरूसँग गरिने व्यवहार निष्पक्ष एवम् पूर्वाग्रहरहित हुनुपर्दछ। मतदान र मतगणना सुरक्षित र निष्पक्ष ढङ्गबाट हुनुपर्दछ। जनताले वास्तवमा पत्याएको व्यक्ति र दललाई निर्वाध रूपमा छनौट गर्न पाउनु नै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको मर्म हो। निर्वाचन आयोग ऐन,२०७३ तथा अन्य निर्वाचनसम्बन्धी कानुनमा निर्वाचन भन्नाले संविधान तथा सङ्घीय कानुन बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनुपर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ भनी परिभाषित गरिएको छ।

३. निर्वाचनसम्बन्धी सवैधानिक र कानुनी व्यवस्था

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गबाट सञ्चालन एवम् व्यवस्थापन गर्न तथा निर्वाचनसँग सम्बन्धित संस्था, निकाय र व्यक्तिका गतिविधिहरूको नियमन गर्न निर्माण गरिएको कानुन नै निर्वाचन कानुन हो। निर्वाचन कानुन अन्तर्गत संविधानका साथै निर्वाचनसँग सम्बन्धित ऐन, नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मापदण्डलगायतका कानुनी लिखत पर्दछन्। निर्वाचनसँग सम्बन्धित ऐन विधायिकाले निर्माण गर्ने र त्यस्ता ऐनअन्तर्गत बनाउनुपर्ने

नियम, निर्देशिका लगायतका कानुन निर्वाचन व्यवस्थापन गर्ने निकायले बनाउने गर्दछ। नेपालका सन्दर्भमा निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको हुनाले सिद्धान्ततः आयोगको स्वतन्त्रता तथा सक्षमतालाई कायम राख्न यस्ता प्रत्यायोजित कानुन बनाउने अधिकार विधायिकाले आयोगलाई प्रत्यायोजन गरेको छ।

३.१ संविधान

संविधान देशको मूल कानुन हो। संविधानले जनताको अधिकार र राज्य शक्ति तथा सरकारको अधिकारको स्पष्ट सीमाङ्कन गर्दछ। राज्य सञ्चालनका लागि आवश्यक पर्ने निकायहरूको गठन, कार्यक्षेत्र निर्धारण र कार्य गर्ने सार्वजनिक अधिकारीको काम, कर्तव्य र अधिकार संविधानले नै निर्धारण गरेको हुन्छ। संविधानले नै ऐन, नियम निर्माण गर्ने अख्तियारी प्रदान गरेको हुन्छ। कानुन, सरकार र यसका अङ्गहरूले वैधानिकताप्राप्त गर्ने स्रोत नै संविधान हो। त्यसैले संविधानलाई सरकारको शक्तिलाई सीमित गर्ने, जनताको अधिकारलाई संरक्षित गर्ने तथा सरकारका अङ्गहरूबीच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्ने राजनीतिक तथा कानुनी मूल लिखतका रूपमा लिइन्छ।

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोग र धारा २४६ मा आयोगको काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरिएको छ। संविधानको भाग २४, धारा २४५ मा निर्वाचन आयोग रहने व्यवस्था छ। निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य ४ जना आयुक्त रहने व्यवस्था गरिएको छ। प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था समेत रहेको छ।

निर्वाचन कानुनका निर्देशक सिद्धान्तहरूमा निर्वाचनसम्बन्धी कानुनको अन्तर्राष्ट्रिय मान्यता अनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिता जस्ता बिषय निर्वाचन कानुनका प्रमुख सिद्धान्तका रूपमा रहेको पाइन्छ।

३.२ निर्वाचनसम्बन्धी ऐन तथा नियमावलीहरू

निर्वाचनसँग सम्बन्धित ऐनहरू देहायबमोजिम रहेका छन्।

- निर्वाचन आयोग ऐन, २०७३
- मतदाता नामावली ऐन, २०७३
- निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन, २०७३
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३
- प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४
- राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५

नियमावलीहरू

निर्वाचनसँग सम्बन्धित नियमावलीहरू देहायबमोजिम रहेका छन्।

- मतदाता नामावली सम्बन्धी नियमावली, २०६८
- निर्वाचन आयोग नियमावली, २०७३
- स्थानीय तह निर्वाचन नियमावली, २०७३
- राजनीतिक दलसम्बन्धी नियमावली, २०७४
- प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रदेशसभा सदस्य निर्वाचन

नियमावली, २०७४

- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली, २०७४
- राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६

४. निर्वाचन कानुन सुधारको आवश्यकता

नेपालमा निर्वाचनको अभ्यास प्रारम्भ भएको झण्डै सात दशक पूरा भए तापनि २०४८ सालमा सम्पन्न भएको प्रतिनिधि सभा सदस्यको निर्वाचन (आम निर्वाचन) नै आधुनिक अर्थमा सम्पन्न भएको पहिलो बुहदलीय प्रतिस्पर्धी आम निर्वाचन थियो। २०१५ सालमा पनि तत्कालीन प्रतिनिधि सभा सदस्यको निर्वाचनमा नेपाली नागरिकले वयस्क मताधिकार प्रयोग गरेका थिए।

२०४८ सालदेखि हालसम्म निर्माण हुँदै आएका निर्वाचनसम्बन्धी विभिन्न कानुनमा त्यसपछिका निर्वाचनमा उल्लेख्य सुधार हुँदै आएका छन्। निर्वाचनसम्बन्धी कानुनी, नीति, प्रक्रिया र सिद्धान्तमा गुणस्तरीय सुधार भएको कारणले नै नेपालमा भएका आवधिक निर्वाचन स्वतन्त्र, स्वच्छ र विश्वासनीय रूपमा सम्पन्न भएका र निर्वाचनका परिणाम स्वीकारयोग्य भएको अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षकको धारणा रहेको छ।

निर्वाचनको सुधारका सवालहरू मुख्यतया: दुईप्रकारले गर्न सकिने अवस्था हुन्छ। पहिलो, तत्कालै हालको प्रणालीभित्रै ऐन र नीतिमा परिमार्जन गरी सुधार गर्ने गरिन्छ भने दोस्रो, राजनीतिक सहकार्य, व्यापक राष्ट्रिय बहस र राजनीतिक सहमति भएमा संविधानमा संशोधन गरेर गर्न सकिन्छ। वर्तमान समयमा निर्वाचन प्रणालीमा सुधार गर्नुपर्ने आवाजहरू उठेको पाइन्छ। शासकीय सुधारको लागि संविधानपछिको दोस्रो महत्त्वपूर्ण निर्वाचन कानुन नै हो। तसर्थ, संविधानभित्रै रहेर वर्तमान निर्वाचन व्यवस्थापनमा गर्न सकिने सुधारका विषयहरू समावेश गरी निर्वाचन व्यवस्थापन सम्बन्धी कानुनमा संशोधन एवम् परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस भएको हो।

हाल कायम रहेका विभिन्न ऐनमा छरिएर रहेका व्यवस्थालाई एकरूपता दिई निर्वाचनसम्बन्धी एकीकृत ऐन निर्माण गर्नुपर्ने निर्वाचन आयोगको सिफारिसलाई नेपाल सरकारबाट सहमति जनाई २०७८ साल पुस १४ गतेको नेपाल सरकार, मन्त्रिपरषद्को निर्णय बमोजिम कानुन निर्माण गर्न सैद्धान्तिक स्वीकृति प्राप्त भएको थियो।

विभिन्न निर्वाचनको प्रयोजनका लागि व्यवस्था भएका विभिन्न ऐनका प्रावधानलाई परिमार्जन गरी एकीकृत रूपमा एउटै ऐनमा निर्वाचन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा तयार गरिएको र मस्यौदामा निर्वाचन कानुन सम्बन्धी विषयविज्ञ, निर्वाचनसँग सम्बन्धित अनुभवी व्यक्तित्व तथा अन्य सरोकारवालाहरूसँग विभिन्न प्रदेशमा परामर्श गरिएको थियो। प्रस्तुत निर्वाचन व्यवस्थापन सम्बन्धी कानुनको मस्यौदा तयार गर्दा व्यापक छलफल एवम् परामर्श गरिएको छ र कानुन निर्माणको जनसहभागिताको सिद्धान्तलाई भरपूर रूपमा अवलम्वन गरिएको अबस्था छ।

५. प्रस्तावित निर्वाचन व्यवस्थापन विधेयकमा रहेका नयाँ प्रावधानहरू

निर्वाचनसँग सम्बन्धित सातओटा ऐनका प्रावधानहरू र विद्यमान निर्वाचन आयोग ऐन, २०७३ का केही प्रावधानहरूलाई समेटी निर्वाचन व्यवस्थापन सम्बन्धी एकीकृत विधेयकको व्यवस्था गरिएको छ।

विभिन्न निर्वाचनको लागि अलग अलग ऐनहरू रहेको र कतिपय कानुनी व्यवस्थाहरू दोहोरिएका र समान प्रकृतिको विषयमा फरक व्यवस्था रहेको कारण एकरूपता कायम गरिएको छ। प्रारम्भिक मस्यौदा तयार गरी विगतको निर्वाचन समीक्षाबाट प्राप्त पृष्ठपोषण, राजनीतिक दल एवम् निर्वाचन सरोकारवालाबाट प्राप्त राय सुझाव र प्रदेश स्तरमा समेत अन्तरक्रिया गरी सम्बन्धित विज्ञको समेत राय लिई मस्यौदालाई थप परिमार्जन गरिएको थियो।

प्रस्तुत मस्यौदामा धेरैजसो प्रावधान विद्यमान कानुनी व्यवस्थाका नै रहेका, केही प्रावधानहरू अदालतको आदेश बमोजिम राखिएको र अन्य केही प्रावधानहरू विद्यमान कानुनी व्यवस्थालाई संशोधन एवम् परिमार्जन गरी समसामायिक बनाइएको साथै केही नयाँ प्रावधान थप गरिएको अवस्था छ। उक्त निर्वाचन व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदालाई निर्वाचन आयोगबाट सम्वत् २०८० साल असार १८ गते स्वीकृत गरी संसदमा पेश गर्ने प्रयोजनार्थ नेपाल सरकार गृह मन्त्रालयमा पठाइएको छ। निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयकमा रहेका मूख्य मूख्य व्यवस्थाहरू देहाय बमोजिम रहेका छन्।

मतदाता नामावलीसम्बन्धी व्यवस्था

मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धमा धेरै विषयहरू विद्यमान प्रावधानहरू नै रहेका छन्। केही नयाँ प्रावधानहरूमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमित रूपमा गर्ने व्यवस्था छ। कसैले मतदाता नामावलीमा एकाघरको बाबु, आमा, पति वा पत्नीको नाम समावेश भएको वडाको मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउन वा स्थानान्तर गराउन सक्ने व्यवस्था रहेको छ। कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुने गरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने प्रावधान रहेको छ। कसैले मतदाताको नाम एक भन्दा बढी स्थानको मतदाता नामावलीमा समावेश भएको देखिएमा नाम दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्ने र यसरी दोहोरो परेको पाइएमा हटाउने व्यवस्था रहेको छ। मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने व्यवस्था राखिएको छ।

निर्वाचन मितिसम्बन्धी व्यवस्था

आवधिक रूपमा निर्वाचन हुने दिन कसरी निर्धारण गर्ने विषयमा विगतदेखि नै नागरिक स्तरमा र सरकारी क्षेत्रमा बहस हुँदै आएको थियो। नेपाल सरकारले निर्वाचन हुने दिन निर्धारण गर्दा सत्तारुढ दल अनुकूल हुने र निर्वाचन आयोगबाट निर्धारण गर्दा निर्वाचनको तयारी एवम् व्यवस्थापन गर्न सहजता हुने हुँदा ऐनमा नै निर्वाचन हुने दिन निर्धारण हुन उपयुक्त हुने भएकोले निर्वाचन हुने दिन विधेयकमा राखिएको छ। राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन निजको पदावधि समाप्त हुनुभन्दा तीन दिन अघि, प्रतिनिधि सभाका सदस्य वा प्रदेश सभाका सदस्यको निर्वाचन त्यस्तो सभाको अन्तिम निर्वाचन परिणाम घोषणा भएको चार वर्ष एघार महिनापछिको पहिलो आइतबार, राष्ट्रिय सभा सदस्यको निर्वाचन कार्यकाल समाप्त हुने एक महिना अघिको पहिलो आइतबार, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन निर्वाचन परिणाम घोषणा भएको चार वर्ष एघार महिनापछिको पहिलो आइतबार हुने

गरी निर्वाचन हुने दिन तोक्ने व्यवस्था गरिएको छ।

निर्वाचन प्रचारप्रसारको अवधि एवम् मौन अवधि

निर्वाचनलाई मर्यादित बनाउन मतदान हुने दिन भन्दा केही समय अघिदेखि प्रचार प्रसार निषेध गर्नु आवश्यक भएकोले साविकमा अठचालिस घण्टाको अवधि तोकिएकोमा सो अवधिमा अन्य अवाञ्छित गतिविधि बढ्ने गरेको भन्ने कुरा उठ्ने गरेको सन्दर्भमा सो अवधि घटाइ चौबीस घण्टाको अवधिमा सीमित गरी मौन अवधि मान्ने व्यवस्था प्रस्ताव गरिएको छ। मतदान हुने दिनभन्दा चौबीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्मको अवधिलाई मौन अवधि राखिएको छ।

त्यसैगरी निर्वाचन प्रचार प्रसारको अवधि जति बढी भयो त्यति नै दल तथा उम्मेदवारको खर्च बढने र निर्वाचन महँगो हुने हुँदा निर्वाचन प्रचारप्रसार अवधि कम गरी दिन नै तोकिएको छ। राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनको लागि सात दिन, प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि पन्ध्र दिन, राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि सात दिन,स्थानीय तहका सदस्यको निर्वाचनको लागि न्ध्र दिन राखिएको छ।

निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने व्यवस्थाः

निर्वाचनलाई मर्यादित बनाउन, सार्वजनिक ओहोदामा बहाल रही निर्वाचनको स्वच्छतालाई प्रतिकूल असर पुऱ्याउनबाट रोक्न र स्वच्छ व्यक्तिको प्रतिनिधित्वलाई सुनिश्चित गर्न उम्मेदवारको अयोग्यता सम्बन्धी आवश्यक व्यवस्था गरिएको छ। देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने थप व्यवस्था राखिएको छ।

- भ्रष्टाचार सम्बन्धी कसुरमा मुद्दा दायर भएको वा शुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको वा भ्रष्टाचार ठहर भई अन्तिम भएको,
- ठगी, किर्ते, अपहरण वा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसुर, यातना, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विष्फोटक पदार्थ वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कसुरदार ठहर भएको,
- प्रचलित कानुन बमोजिम कुनै कम्पनी वा संस्था कालोसूचीमा रहेकोमा त्यस्तो सूची कायम रहँदाका बखत त्यस्तो कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा प्रमुख कार्यकारी अधिकृतको पदमा बहाल रहेको,
- कुनै सहकारी संस्थाको सञ्चालक पदमा रही प्रचलित कानुन विपरीत आर्थिक हिनामिना गरी त्यस्तो सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएको,
- कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकायको फैसलाबाट ठहर भएको कैद वा जरिबाना असुल उपर हुन बाँकी भएको वा तिर्नु बुझाउनु पर्ने क्षतिपूर्ति नतिरेको,
- प्रचलित कानुन बमोजिम पक्राउ पुर्जी जारी भएकोमा पक्राउ हुन नसकी फरार रहेको वा अदालतले थुनामा राख्ने गरी आदेश दिएकोमा त्यस्तो आदेश कायम रही थुनामा नबसेको
- प्रचलित कानुन बमोजिम भुक्तानी गर्नुपर्ने कर भुक्तानी नगरेको
- अन्तिम लेखा परीक्षणबाट रकम असुल गर्नुपर्ने गरी व्यक्तिगत रूपमा बेरुजु कायम भएकोमा त्यस्तो रकम नबुझाएको,

- कुनै स्थानीय तह सदस्यको निर्वाचन भए त्यस्तो स्थानीय तह अन्तर्गतको कुनै ठेक्कामा संलग्न भई मनोनयनपत्र दाखिला गर्नुपर्ने अघिल्लो दिनसम्म पूरा गरिसक्नु पर्ने काम पूरा नगरेको,
- सङ्घीय संसद, प्रदेश सभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचन बाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने,
- प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भईसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने,
- स्थानीय तहको सदस्य पदमा बहाल रहेको व्यक्तिले त्यस्तो पदबाट राजीनामा नदिई स्थानीय तहको कुनै पनि पदमा उम्मेदवार हुन नसक्ने,
- निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायित्व भएको व्यक्तिले निर्धारित समयभित्र त्यस्तो विवरण नबुझाएमा त्यस्तो व्यक्ति छ वर्षसम्म निर्वाचनमा उम्मेदवार हुन नसक्ने ,
- कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने ,
- प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य पदमा बहाल रहेको व्यक्ति सोही पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा मनोनयन पत्र दर्ता भएपछि स्वत: त्यस्तो पदबाट पदमुक्त भएको मानिने व्यवस्था विधेयकमा राखिएको छ।

निर्वाचन विवाद निरूपणसम्बन्धी व्यवस्था

निर्वाचन विवादसम्बन्धी अदालतमा परेका मुद्दाको निरूपण धेरै ढिलो हुने गरेको अवस्था छ। तसर्थ निर्वाचनसम्बन्धी मुद्दाहरूको कारबाही किनारा छिटोछरितो रूपमा होस भन्ने उद्देश्यले राष्ट्रपति वा उपराष्ट्रपति, सङ्घीय संसद, प्रदेश सभा सदस्य र स्थानीय तहको सदस्य पदको निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यतासम्बन्धी विषयमा उजुरी परेमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने प्रावधान राखिएको छ। निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा राष्ट्रपति वा उपराष्ट्रपति पदको हकमा सर्वोच्च अदालतमा, सङ्घीय संसद वा प्रदेश सभा सदस्य पदको हकमा सर्वोच्च अदालतको संवैधानिक इजलासमा र स्थानीय तहको सदस्य पदको हकमा सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सकिने व्यवस्था रहेको छ।

उम्मेदवारको पारदर्शिता सम्बन्धमा

उम्मेदवारका बारेमा जान्न पाउने अधिकार मतदातालाई हुन्छ। उम्मेदवार हुने व्यक्तिले आफ्नो शैक्षिक योग्यता, अनुभव, उम्मेदवार हुनु अघि सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको भए सोको विवरण, हासिल गरेको महत्त्वपूर्ण उपलब्धि लगायत तोकिए बमोजिमको विवरण तथा आफू निर्वाचनमा उम्मेदवार हुन योग्य रहेको र अयोग्य नरहेको स्वघोषणा गरी निर्वाचन अधिकृतले खोजेका बखत उपस्थित हुने प्रतिबद्धता सहित आफ्नो मञ्जुरी लेखी सहीछाप गर्नुपर्ने व्यवस्था गरिएको छ। मनोनयनपत्रसाथ पेश गर्ने कागजात वा विवरण वा प्रतिबद्धता तथा स्वघोषणाको जिम्मेवारी उम्मेदवार आफैले लिनुपर्ने

प्रावधान छ। निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र पेश गर्दा शीलबन्दी गरी आफू र आफ्नो परिवारका सदस्यको नाममा रहेको सम्पत्ति विवरण पेश गर्नुपर्ने व्यवस्था छ। उम्मेदवारको बारेमा जान्न पाउने अधिकार हुने हुँदा उम्मेदवारको व्यक्तिगत विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

निर्वाचन खर्च सम्बन्धमा

उम्मेदवारले मनोनयनपत्र पेश गर्दा निर्वाचन प्रयोजनको लागि प्रयोग गर्ने बैङ्क खाताको विवरण, निर्वाचनको प्रयोजनको लागि खर्च गर्ने अनुमानित रकम तथा त्यसको स्रोत उल्लेख गरी निर्वाचन प्रयोजनको लागि खर्च गर्ने रकम तथा आर्थिक सहयोग वापत प्राप्त रकम त्यस्तो खातामा जम्मा गर्ने र निर्वाचन प्रयोजनको लागि सोही खाताबाट मात्र खर्च गर्ने कुराको प्रतिबद्धता तोकिएको ढाँचामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

निर्वाचन खर्चको सीमा तोक्दा भौगोलिक क्षेत्रको विकटता वा दूरी, मतदान केन्द्रको सङ्ख्या, मतदाताको सङ्ख्या र यातायातको साधनको उपलब्धता समेतको आधारमा फरक फरक क्षेत्रमा निर्वाचन खर्चको सीमा फरक-फरक हुने गरी तोक्न सक्ने व्यवस्था छ। उम्मेदवारले निर्वाचनमा खर्च गर्दा मनोनयनपत्रमा उल्लेख गरेको बैङ्क खातामार्फत खर्च गर्नुपर्ने, नेपाली नागरिकले निर्वाचनको प्रयोजनको लागि कुनै उम्मेदवार वा राजनीतिक दललाई स्वेच्छिक आर्थिक सहयोग गर्न सक्ने व्यवस्था रहेको छ। राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनको प्रयोजनको लागि तोकिएको सीमा बमोजिम खर्च गरे वा नगरेको सम्बन्धमा आयोग वा निर्वाचन अधिकृतले अनुगमन गर्नु वा गराउनु पर्ने र त्यसरी अनुगमन गर्दा आयोगले अनुगमन संयन्त्र बनाइ परिचालन गर्नसक्ने प्रावधान छ।

राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष वा राजनीतिक दलले निर्वाचन खर्चको विवरण पेश गर्दा कानुन बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराई त्यस्तो लेखापरीक्षण प्रतिवेदन आयोमा समेत पेश गर्नु पर्ने र यसरी पेश भएको विवरण आयोग वा आयोगले तोकिदिएको अधिकारीले जाँच गराउन सक्ने व्यवस्था छ।

अग्रीम मतदानसम्बन्धी व्यवस्था

प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, निर्वाचन पर्यवेक्षक, विदेश भ्रमणमा जाने र कुनै व्यापार, व्यवसाय, रोजगारी वा स्वास्थ्योपचार गराई रहेका मतदाताले तोकिएको मतदान केन्द्रमा उपस्थित भई अग्रीम मतदान गर्नसक्ने व्यवस्था राखिएको छ।

समानुपातिक निर्वाचन सम्बन्धमा

दलले तयार गरेको उम्मेदवारको बन्दसूची राजनीतिक दलले निर्वाचन कार्यक्रममा उल्लिखित समयभित्र निर्वाचन अधिकृतको कार्यालयमा पेश गरेपछि उम्मेदवारको मनोनयन भएको मानिने र त्यसरी पेश गरेपछि सम्बन्धित राजनीतिक दल र आयोगले त्यस्तो सूची सार्वजनिक गर्नुपर्ने व्यवस्था छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक जना सदस्य पनि निर्वाचित नभएको राजनीतिक दलले पेश गरेको

उम्मेदवारको बन्दसूची निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएपछि स्वतः रद्द हुने प्रावधान राखिएको छ।

मतपत्र र मतगणना सम्बन्धमा

स्थानीय तहका सदस्यको निर्वाचनको लागि प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्ष पदको लागि र वडा अध्यक्ष र वडा सदस्यको लागि दुई छुट्टाछुट्टै मतपत्रको व्यवस्था गरिने व्यवस्था छ। मतदान स्थलमा समेत आवश्यक प्रबन्ध गरी मतगणना गर्न सकिने र आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निर्वाचन वा निर्वाचन क्षेत्रमा विद्युतीय उपकरण प्रयोग गरी मतदान गर्ने व्यवस्था मिलाउन सक्ने व्यवस्था रहेको छ। निर्वाचनमा दुई वा सो भन्दा बढी उम्मेदवारले प्राप्त गरेको मत बराबर भएमा निविदा मतपत्र गणना गर्ने व्यवस्था छ।

पदावधि गणना सम्बन्धी व्यवस्था

पदावधि गणना सम्बन्धमा रहने गरेको द्विविधालाई अन्त्य गर्न पदावधि गणनासम्बन्धी व्यवस्था गरिएको छ। प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको पदावधि गणना गर्दा निर्वाचन भएको दिनबाट गणना गरिने व्यवस्था छ। प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनको लागि उम्मेदवारी दाखिला गर्ने दिनदेखि त्यस्तो सभाको कार्यकाल स्वतः समाप्त भएको मानिने प्रावधान छ। स्थानीय तहको सदस्यको निर्वाचनमा उम्मेदवारी दाखिला गर्ने सदस्यको पदावधि निजले उम्मेदवारी दाखिल गरेको दिनदेखि स्वतः समाप्त भएको मानिने व्यवस्था रहेको छ।

महिला उम्मेदवार सम्बन्धमा विशेष व्यवस्थाः

प्रतिनिधि सभा वा प्रदेश सभा सदस्यको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा त्यस्तो दलले जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने व्यवस्था रहेको छ। स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने व्यवस्था छ। तर, एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनु पर्ने व्यवस्था छ। साथै दलले सम्बन्धित स्थानीय तहमा उम्मेदवार दिने सम्पूर्ण वडा अध्यक्षमध्ये कम्तीमा तेत्तीस प्रतिशत महिला उम्मेदवार दिनुपर्ने प्रावधान छ।

महिला उम्मेदवारीको प्रावधान विपरीत उम्मेदवारी दिने राजनीतिक दलको सम्बन्धित खण्ड बमोजिमको सबै उम्मेदवारी रद्द हुने साथै निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवार मनोनयन गर्ने दिन कुनै वडामा दलित महिला सदस्य उम्मेदवार मनोनयन नभई पद रिक्त हुने अवस्था भएमा त्यस्तो पदमा अल्पसङ्ख्यक महिला उम्मेदवार हुन सक्ने प्रावधान रहेको छ। त्यसैगरी उम्मेदवारको बन्दसूची तयार गर्दा प्रत्येक राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित हुने कूल सदस्य सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यका लागि उम्मेदवारी दिने गरी बन्दसूची तयार गर्नुपर्ने र त्यसरी उम्मेदवारको बन्दसूची तयार गर्दा कूल उम्मेदवारको कम्तीमा पचास प्रतिशत महिला उम्मेदवार समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।

अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक सम्बन्धमा

उम्मेदवारको बन्दसूची तयार गर्दा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान

दिई जनसङ्ख्या र तोकिएको समावेशी सिद्धान्तको आधारमा त्यस्तो सूचीमा अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई समेत समावेश गर्नु पर्ने साथै मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँचको व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ।

निर्वाचनका लागि मतदान स्थल र मतदान केन्द्र सम्भव भएसम्म अपाङ्गतामैत्री हुनु पर्ने। त्यसैगरी आयोगले दृष्टिविहीन मतदाताको लागि ब्रेललिपिमा मतपत्रको व्यवस्था मिलाउन सक्ने प्रावधान रहेको छ। निर्वाचनमा दलित, महिला, तोकिएको अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आर्थिक रूपले विपन्न वा अल्पसङ्ख्यक समुदायको उम्मेदवार भए धरौटी रकममा पचास प्रतिशत छुट हुने प्रावधान रहेको छ।

निर्वाचन कसुर तथा सजायसम्बन्धी व्यवस्थाः

निर्वाचन सम्बन्धी मुद्दाको कारबाही तथा किनारा गर्ने अधिकार एक वर्षसम्म कैद हुने कसुरको हकमा प्रमुख जिल्ला अधिकारीलाई र एक वर्ष भन्दा बढी कैद हुने कसुरको हकमा जिल्ला अदालतलाई हुने व्यवस्था गरिएको छ। निर्वाचन कसुरसम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा परेको मानिने व्यवस्था गरिएको छ। निर्वाचन कसुरसम्बन्धी मुद्दामा हुने दण्ड जरिवानालाई समसामयिक रूपमा परिमार्जन गरिएको छ। सामाजिक सञ्जालमार्फत निर्वाचनमा प्रभाव पार्ने कार्यलाई कसुर कायम गरिएको छ। उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनको प्रचार-प्रसार गर्दा निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि सार्वजनिक सञ्चार माध्यम,सामाजिक सञ्जाल वा अन्य कुनै माध्यमबाट अर्को कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको कुनै पनि किसिमले चरित्र हनन गर्न वा गराउन नहुने प्रावधान छ। त्यसैगरी कसैले नेपाल बाहिर निर्वाचनसम्बन्धी कुनै कसुर गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसुर गरे सरह मानी सजाय हुने प्रावधान छ।

उम्मेदवारलाई अस्वीकार गर्ने अधिकारको व्यवस्था

कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्न सक्ने प्रावधान राखिएको छ। कुनै पनि उम्मेदवारलाई समर्थन नगर्ने मतदाताले निजलाई मतदान अधिकृतले उपलब्ध गराएको मतपत्रमा तोकिएबमोजिम मतसङ्केत गर्न छाप वा चिन्ह लगाइ मतदान गर्नुपर्ने प्रावधान छ। मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसङ्ख्या त्यस्तो निर्वाचनमा मतदान भएको कूल सदर मतको पचास प्रतिशत भन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने व्यवस्था छ। यसरी निर्वाचन रद्द भएमा पुनः निर्वाचन कार्यक्रम प्रकाशन गरी पुनः मतदान गराउनु पर्ने र त्यसमा पहिले उम्मेदवार भएका व्यक्ति पुन उम्मेदवार हुन नसक्ने व्यवस्था छ।

विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार

आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कुटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधि सभाको समानुपातिक तर्फको निर्वाचन प्रणाली अनुसार हुने

निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्ने प्रावधान राखिएको छ।

अन्य व्यवस्था

कुनै दलले निर्वाचन गर्नुपर्ने पद सङ्ख्याभन्दा बढी औपचारिक पत्र वितरण गरी त्यस्तो दलको तर्फबाट मनोनयन पत्र दर्ता भएकोमा त्यसरी दर्ता भएको सबै मनोनयन पत्र रद्द हुने व्यवस्था समेत गरिएको छ। राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुन सम्बन्धित प्रदेश भित्रको कुनै स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको हुनुपर्ने व्यवस्था रहेको छ। आयोगले मतदाता नामावली सङ्कलन तथा अध्यावधिक गर्ने, मतदानस्थल तथा मतदान केन्द्रको निर्धारणका लागि परामर्श दिने तथा मतदान केन्द्रको व्यवस्थापनमा सहयोग तथा सहजीकरण गर्ने र निर्वाचन वा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र साझेदारी गर्न वा स्थानीय तहलाई जिम्मेवारी दिन सक्ने प्रावधान छ। प्रतिनिधि सभा, प्रदेश सभा वा स्थानीय तहका सदस्यको निर्वाचनका दिन मतदान प्रक्रियालाई सहज बनाउन सार्वजनिक यातायातको आवश्यक व्यवस्थापन गर्ने विषय राखिएको छ। निर्वाचन सामग्रीको प्रयोग गर्दा उपलब्ध भएसम्म स्वदेशमा उत्पादित सामग्रीलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरिएको छ।

६.निर्वाचन प्रणालीमा सुधारका पक्षहरू

हालको निर्वाचन प्रणाली खर्चिलो हुनुको साथै यसमा धेरै कमी कमजोरी पाइएकोले निर्वाचन प्रणालीको प्रभावकारिता र निर्वाचन व्यवस्थापन र सञ्चालनलाई स्वतन्त्र निष्पक्ष र प्रभावकारी र मितव्ययी बनाउन सुधार आवश्यक छ भनी आवाजहरू उठिरहेका छन्। हामीले मिश्रित निर्वाचन प्रणालीको अबलम्वन गरेका छौँ। यस प्रणालीबाट भएको निर्वाचनले संविधानको मर्म र भवना तथा जनआकाङ्क्षा अनुरूप शासकीय स्थायित्व र समावेशीता नभएको अवस्था देखिएन भन्ने आवाजहरू पनि सुनिन्छ। राजनीतिक अस्थिरता र शासकीय अभ्यासको तरलता नेपालमा सबैभन्दा ठूलो चुनौती रहेको अवस्था छ। यस सन्दर्भमा संविधान संशोधन गरी निर्वाचन प्रणालीमा नै सुधार गर्नुपर्ने आवश्यकता महसुस हुन थालेको छ।

निर्वाचन प्रणालीमा सुधार भनेको अहिले प्रयोग भइरहेको भन्दा बढी समावेशी चरित्रको निर्वाचन प्रणालीको निर्माण र कार्यान्वयन गर्नु नै हो। तसर्थ, अझ बढी समावेशी चरित्रको निर्वाचन परिणाम हासिल गर्न सकिने गरी मौजुदा प्रणालीलाई सरल बनाउन वा हाम्रो निर्वाचन प्रणालीमा नीतिगत, कानुनी र प्रक्रियागत सुधार हुन वाञ्छनीय देखिन्छ।

निर्वाचन खर्चमा अनुगमन गर्ने प्रभावकारी संयन्त्र नभएको कारणले उम्मेदवारहरूबीच निर्वाचनको अनियन्त्रित प्रतिस्पर्धा हुने भई निर्वाचन क्रमशः सर्वसाधारणको पहुँच बाहिरको विषय बन्दै आएको छ। खर्चिलो निर्वाचन प्रणालीले इमान्दार र त्यागीभन्दा खर्च गर्न सक्ने उम्मेदवार माग गर्दछ र त्यस्ता व्यक्तिलाई राजनीतिक दलले उम्मेदवार बनाउनु पर्ने बाध्यात्मक अभ्यासले स्थान पाउने हुन्छ। खर्चिलो निर्वाचन प्रणालीले सुशासन प्रवर्धन गर्दैन। तसर्थ, निर्वाचन प्रचारप्रसारको यो प्रक्रिया निर्वाचन प्रणाली सुधारको एजेण्डा बनाउन आवश्यक छ।

दलले समानुपातिक तथा प्रत्यक्ष तर्फका उम्मेदवार छनोट गर्दा सम्बन्धित निर्वाचन क्षेत्र वा जिल्ला वा स्थानीय स्तरका

सम्बन्धित राजनीतिक दलका साधारण सदस्यहरूले गोप्य मतदानबाट अर्थात प्रारम्भिक निर्वाचनबाट उम्मेदवारहरू छनोट गर्ने व्यवस्था हुनु पर्दछ र मतदातालाई उम्मेदवार अस्वीकार गर्ने अधिकार दिनु आवश्यक देखिन्छ जसबाट दलले राम्रो र योग्य उम्मेदवार छनोट गर्न बाध्य हुन्छन्। दल तथा उम्मेदवारले निर्वाचनमा गर्ने खर्चको विवरण पारदर्शी हुनु पर्दछ साथै निर्वाचनमा दल र उम्मेदवारको आय व्यय विवरणलाई महालेखा परीक्षकबाट लेखापरीक्षण गर्ने व्यवस्था गर्नु आवश्यक छ। स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचनको लागि निर्वाचन सन्चालन तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने साथै आधुनिक प्रविधिको प्रयोगलाई प्रवर्धन गर्नु आवश्यक देखिन्छ।

खासगरी नेपालका राजनीतिक दलहरूले नेपालको संविधान, दलको विधान, चुनावी घोषणापत्र तथा राज्यका नीति नियमको पूर्ण पालना गर्न र नीति निर्माण र कार्यान्वयनमा अग्रणी भूमिका खेल्नु पर्दछ। सुशासन र आर्थिक पारदर्शिता कायम गर्ने, उम्मेदवार छनोट प्रक्रियालाई लोकतान्त्रिक र पारदर्शी बनाउने, महिला प्रतिनिधित्व बढाउने साथै दलका हरेक काम कारबाहीलाई पारदर्शी बनाउने कार्यमा दलले जोड दिनु आवश्यक छ।

उल्लिखित सुधारका विषयलाई अघि बढाउनको लागि व्यापक बहस गरी राजनीतिक सहकार्य एवम् सहमतिमा संविधानमा नै संशोधन गरेर निर्वाचन प्रणालीको सुधार गर्नु आवश्यक छ।

७.राजनीतिक दलसम्बन्धी ऐन २०७३ संशोधन एवम् परिमार्जनको आवश्यकता

नेपालको संविधान जारी भएपश्चात राजनीतिक दलसम्बन्धी ऐन २०७३ कार्यान्वयनमा रहेको छ। उक्त ऐनको उद्देश्य भनेको राजनीतिक दलको गठन,दर्ता र सञ्चालन सम्बन्धी प्रक्रियालाई थप व्यवस्थित गर्नु साथै दलको काम, कारबाही र आर्थिक व्यवस्थापनलाई अझ पारदर्शी र जिम्मेवार बनाउनु हो। नेपालको संविधान जारी भएपश्चात सबै तहको निर्वाचन दुईपटक वा दुई कार्यकालका लागि सम्पन्न भए। निर्वाचन समीक्षाको क्रममा विभिन्न निर्वाचन सरोकारवालाहरूबाट र विज्ञहरूबाट विभिन्न सुझावहरू प्राप्त भएका छन्। आम नागरिक मिडिया तथा राजनीतिक दलहरूबाट समेत विभिन्न मुद्दाहरू उजागर भएका छन्। त्यसैगरी, निर्वाचन आयोगले छरिएर रहेका निर्वाचन सम्बन्धी कानुनहरूलाई एकीकृत गरी केही नयाँ प्रावधानहरूलाई समावेश गरी समसामयिक बनाई निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा स्वीकृत गरी नेपाल सरकार समक्ष पेश गरिसकेको छ। यस सन्दर्भमा निर्वाचन व्यवस्थापन विधेयकसँग समेत राजनीतिक दलसम्बन्धी कानुनको तादाम्यता कायम गर्नुपर्ने आवश्यकता छ। समाजको चाहना र आवश्यकतालाई सम्बोधन गर्न राजनीतिक दललाई थप पारदर्शी र जिम्मेवार बनाउन राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन एवम् परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ।

विद्यमान राजनीतिक दलसम्बन्धी ऐन, २०७३ (यसपछि ऐन भनिएको) मा संशोधन एवम् परिमार्जन गर्दा समावेश हुनु पर्ने विषयहरू देहाय बमोजिम रहेका छन्।

विद्यमान ऐनमा दलदर्ता हुनको लागि दलको प्रमुख पदाधिकारीले केन्द्रीय समितिको निर्णयसहित कम्तीमा ५ सय जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धता पत्र र निजहरूको नागरिकता वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि

सहितको हस्ताक्षर र प्रतिवद्धता जनाउने व्यक्तिले अर्को दलको सदस्य नभएको भनी गरेको उद्घोषणपत्र आवश्यकता पर्दछ। ५ सय जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धता र निजहरूको हस्ताक्षर रुजु गर्नुका साथै निजहरू अर्को दलको सदस्य हुन् वा होइनन् ? अर्को दलको सदस्य भएको भए राजीनामा दिएका छन् छैनन् ? सो सम्बन्धमा स्पस्ट विवरण प्राप्त गर्न र निजहरूको हस्ताक्षर समेत अर्को व्यक्तिले गरिदिने अवस्थालाई निरूत्साहित गर्न निजहरूको हस्ताक्षर सम्बन्धित निर्वाचन कार्यलय मार्फत सनाखत गराइ आयोगमा पेश गर्ने कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ। यसको अभ्यास आयोगको निर्णयबाट सम्वत् २०८० साल साउन महिनादेखि शुरु भएको छ। तथापि यस विषयलाई ऐनमा नै राख्नु उपयुक्त हुन्छ।

राजनीतिक दल दर्ता गर्दा पेश गर्ने पाँचसय जना सदस्य एवम् केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू कालो सूचीमा रहे नरहेको अदालतबाट लागेको दण्ड जरिवाना भुक्तान गर्न वा बुझाउन बाँकी रहे नरहेको वा कुनै अपराधिक क्रियाकलापमा संलग्न रहे नरहेको साथै ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुरमा अदालतबाट सजाय पाए नपाएको सम्बन्धमा आयोगले प्रहरीबाट प्रतिवेदन माग गर्नसक्ने व्यवस्था ऐनमा राख्नु जरुरी देखिन्छ।

राजनीतिक दलले सदस्यता वितरण गर्दा ऐनको दफा १४ मा उल्लेख भए बमोजिमको योग्यता पुगेका नेपाली नागरिकलाई वितरण गर्नु पर्दछ। तर, कतिपय दलहरूले दफा १४ बमोजिमका अयोग्य व्यक्तिहरूलाई समेत दलको सदस्यता वितरण गरेको पाइन्छ। साथै दलले विदेशी मुलुकमा बसोबास गरेका साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बावु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई समेत सदस्यता वितरण गर्ने र विदेशमा समेत दलको विभागहरू गठन गर्ने गरेको पाइन्छ। यस्तो गतिविधि गर्ने राजनीतिक दललाई के कारबाही हुने तथा के कस्तो सजाय हुने भन्ने व्यवस्था कानुनमा छैन। त्यसैगरी कतिपय अवस्थामा दलहरूले कानुनले निषेध गरेको व्यक्तिहरूलाई सदस्यता वितरण गर्ने एवम् बहालवाला शिक्षक कर्मचारीलाई समेत सदस्य बनाउने महाधिवेशन प्रतिनिधि बनाउने जस्ता कार्यहरू भएगरेको पाइन्छ। यस्तो प्रकारको कार्य गर्ने राजनीतिक दललाई के सजाय हुने भन्नेकुरा नरहेको हुँदा यस कुराको सम्बोधन गरी दण्ड सजायको व्यवस्था गर्नु आवश्यक छ।

ऐनको दफा १४ मा भ्रष्टाचार, जबरजस्तीकरणी, मानव बेचविखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको व्यक्तिलाई दलले सदस्यता बनाउन नपाइने व्यवस्था छ।

ऐनको दफा १६ मा दलको सङ्घीय तहमा रहने केन्द्रीय समिति र प्रदेश तहमा रहने प्रदेश समितिमा प्रत्येक पदाधिकारीको निर्वाचन प्रत्येक पाँच वर्षमा कम्तीमा एकपटक गर्नु पर्ने व्यवस्था छ। तर, जिल्ला र स्थानीय तहको समिति सम्बन्धमा ऐन मौन छ। तसर्थ राजनीतिक दलले जिल्ला र स्थानीय तहको समितिको निर्वाचन समेत प्रत्येक पाँच वर्षमा कम्तीमा एकपटक गर्ने, सो निर्वाचित समितिको विवरण सम्बन्धित निर्वाचन कार्यालयमा पठाउनुपर्ने र

सम्बन्धित निर्वाचन कार्यालयले उक्त समिति गठन भए नभएको सम्बन्धमा अनुगमन गर्ने कानुनी व्यवस्था हुनु पर्दछ।

ऐनको दफा ४९ मा दुई वा सो भन्दा बढी दलले कुनै दलले प्राप्त गरेको निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी हुने समेतको व्यवस्था रहेको छ। यस्तो प्रावधान नेपालको संविधानको धारा २६९ को मर्म र भावना अनुकूल नहुनुका साथै राजनीतिक मूल्य मान्यता र सिद्धान्त विपरीत छ। तसर्थ, उक्त व्यवस्थालाई हटाउनु आवश्यक छ। त्यसैगरी एउटा राजनीतिक दलको पदाधिकारी एवम् सदस्य रहिरहेको अवस्थामा अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवारको औपचारिक मनोनयनको पत्र लिई उम्मेदवार बन्ने र सोही दलको निर्वाचन चिन्ह लिई चुनावमा जाने विकृति पछिल्लो समयमा बढेको देखिन्छ। यस्तो कार्य संविधानको मर्म र राजनीतिक मूल्य मान्यता र सिद्धान्त तथा दलको विधान विपरीत रहेको पाइन्छ। यस्तो खालको कार्यलाई निरूत्साहित गर्न वर्तमान राजनीतिक दलसम्बन्धी ऐनमा संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ।

निर्वाचन हुनुभन्दा पहिले विभिन्न फरक फरक विचारधारा भएका दुई वा दुईभन्दा बढी राजनीतिक दलहरू गठबन्धन गर्ने अर्थात प्रि इलेक्सन गठबन्धन गर्ने परिपाटी बसेको छ। एकातिर यसरी गठबन्धन गरेर जनताको सामु गई चुनाव जितेर आउने र पछि सरकार बनाउने समयमा उक्त गठबन्धन छोडिदिने जस्तो कार्यले जनताप्रति बेइमानी गरेको मानिन्छ भने अर्कोतिर फरकफरक दर्शन र विचारधारा बोकेका दलहरू प्रिईलेक्सन गठबन्धन गर्नु प्रजातान्त्रिक मूल्यमान्यता र राजनीतिक सिद्धान्त र संविधानको प्रस्तावनामा उल्लिखित जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको अनुकूल देखिँदैन। तसर्थ यस्तो विकृतिलाई रोक्नको लागि राजनीतिक दल सम्बन्धी ऐनमा संशोधनको आवश्यकता रहेको छ।

राजनीतिक दल र त्यसका उम्मेदवारहरू निर्वाचनमा भाग लिन जाँदा घोषणापत्र बनाउने र त्यही घोषणापत्रको माध्मबाट जनतासँग प्रतिबद्धता जनाउने तर चुनाव जितेर आएपछि सरकार बनाएका दलले चुनावमा वाचा गरे अनुसार घोषणापत्रमा उल्लेख भए बमोजिमको कार्य नगर्ने परिपाटीले जनतासँग गरेको करारको उल्लङ्घन हुन गएको छ। तसर्थ ऐन संशोधन गरी यस्तो खालको जनताप्रति गैरजिम्मेवार हुने कार्यलाई रोकी राजनीतिक दललाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउनु पर्ने आवश्यकता देखिएको छ।

राजनीतिक दलका केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएका व्यक्तिले ऐनको दफा ५३ बमोजिम सम्पत्ति विवरण बुझाउने र नबुझाउने व्यक्तिको विवरण सार्वजनिक गरेपश्चात सोको विवरण आयोगमा पठाउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

राजनीतिक दलसम्बन्धी ऐनको दफा २० ले प्रत्येक राजनीतिक दलले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको बारेमा व्यवस्था गरेको छ। तर, ऐनमा उल्लिखित भूमिका दलले गरे वा गरेनन् त्यसको जवाफदेहिता बहन गर्नुपर्ने व्यवस्था भएको देखिँदैन। तसर्थ प्रत्येक राजनीतिक दलले ऐनको दफा २० बमोजिम गरेका कार्यहरूको प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने र त्यसको एक प्रति

आयोगमा वुझाउनुपर्ने कानुनी व्यवस्था गरिनु आवश्यक छ।

राजनीतिक दलको केन्द्रीय समितिमा कम्तीमा २१ सदस्य हुनुपर्ने विद्यमान व्यवस्था रहेको छ। तर, अधिकतम कति सङ्ख्या हुने भन्ने व्यवस्था छैन। कतिपय अवस्थामा राजनीतिक दलहरूले आफू अनुकूल असुहाउदो सङ्ख्यामा हजारौँ सङ्ख्याको केन्द्रीय समिति बनाउने परिपाटी मौलाउँदो छ। यसर्थ केन्द्रीय समितिको अधिकतम सङ्ख्या पनि ऐनमा नै तोकिनुपर्ने आवश्यकता छ। दलको केन्द्रीय समितिमा मनोनित हुने सदस्य सङ्ख्या कति हुने हो ? कतिपय दलहरूले निर्वाचित भन्दा मनोनितको सङ्ख्या धेरै गर्ने गरेको अवस्था पनि छ। यस्तो कार्य लोकतान्त्रिक मूल्यमान्यता विपरीत हुन्छ। तसर्थ दलले मनोनित गर्नसक्ने प्रतिशत ऐनमा नै तोक्नुपर्ने परिस्थिति सिर्जना भएको देखिन्छ। त्यसैगरी दलको केन्द्रीय समितिमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था रहेको छ। कतिपय दलहरूले महिलालाई केन्द्रीय समितिमा मात्र राख्ने र कोषाध्यक्ष भन्दा माथिका पदमा नराख्ने गरेको अवस्था छ। यसर्थ केन्द्रीय समितिको पदाधिकारीमा समेत ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित हुने कानुनी व्यवस्था आवश्यक छ।

नेपालको राजनीतिक दलमा विभिन्न सवाल एवम् समस्याहरू रहेका छन्। दलमा खासगरी वित्तीय पारदर्शिता अर्थात दलको आयव्यय अपारदर्शी हुनु समस्याको रूपमा रहेको छ। दोस्रो सवालको रूपमा दलको आयव्ययमा स्वार्थ समूहको प्रभाव पर्नु अर्थात दलको आयव्यय दाताहरूमा निर्भर हुनु र चन्दा दाताहरूको प्रभाव परी स्वार्थ समूह प्रेरित नीतिगत भ्रष्टाचार बढ्नु समस्याको रूपमा देखिएको छ। साथै तेस्रो सवाल राजनीतिक दलको वित्त व्यवस्थापनको नियमनको सवाल छ। दलको वित्त व्यवस्थापनमा नियमनको पर्याप्तता छैन। अर्थात नियमन असरदायी छैन। चौथो सवाल राजनीतिक दलको संस्थागत विकासको छ। दलहरूबीच समानता छैन र दलको संस्थागत विकास र क्षमता कमजोर छ।

क . राजनीतिक दलमा पारदर्शिता

नेपालमा राजनीतिक दलको आयव्यय अपारदर्शी छ। दलको आयव्यय पारदर्शी र खुला हुनु नसक्नुका कारणहरू छन्। दलले आफ्नो आय व्यय एवम् चन्दाको यथार्थ वित्तीय विवरण लुकाउँछन् र देखाउन चाहँदैनन्। राजनीतिक दलहरूको वित्तीय विवरण अपारदर्शी र अपूरो हुन्छ। साथै दलहरूको आर्थिक एवम् वित्तीय अनुशासनको स्तर ज्यादै कमजोर हुँदै जानुले वास्तविकताको प्रतिनिधित्व गर्न सकेको छैन। दलले आफ्नो आय व्यय एवम् चन्दाको यथार्थ विवरण नियमनकारी निकायमा पठाउन चाँहदैनन् र सार्वजनिक पनि गर्दैनन्। दलले अवैध तवरबाट स्रोत प्राप्त गरेको कारण पनि सार्वजनिक गर्न सक्दैनन्। दलको वित्तीय व्यवस्थापनमा प्रविधिको प्रयोग हुँदैन र छैन। दललाई चन्दा दिने व्यक्ति वा संस्थाले र चन्दा लिने दलले पनि चन्दाको विवरण सार्वजनिक गर्दैनन्। दललाई दिने स्वेच्छिक आर्थिक सहयोगको अधिकतम सीमा तोकिएको छैन। दललाई जति पनि सहयोग गर्न पाउने र दलले जति पनि लिन पाउने व्यवस्था रहेको छ। दललाई आर्थिक सहयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले कर निर्धारण प्रयोजनका लागि खर्च कटाउन वा देखाउन पाउने कानुनी व्यवस्था समेत छैन। सङ्गठित संस्थाले दललाई आर्थिक सहयोग गर्दा अघिल्लो आबको खुद आयको आधारमा मात्र गर्न पाउने कानुनी व्यवस्था पनि छैन। दलका आर्थिक गतिविधिको स्वतन्त्र रूपमा

अनुगमन एवम् निरीक्षण पनि भएको हुँदैन। जसले गर्दा दलको आर्थिक गतिविधि एवम् आयव्यय अपारदर्शी हुन गएको छ।

ख . दलमा स्वार्थ समूह एवम् चन्दादाताको प्रभाव

दलको आयव्यय खासगरी दाताहरूमा निर्भर रहेको छ। दलको कोषमा चन्दा दाताहरूको प्रभाव परेको छ। दलमा चन्दा दिने व्यक्ति संस्था र स्वार्थ समूहको प्रभाव बढेको छ। दल स्वार्थ समूहबाट प्रेरित भएको हुँदा नीतिगत तहमा भ्रष्टाचार बढ्दो छ। दलमा धनी दाताहरूको प्रभाव बढेर आर्थिक रूपमा कमजोर, इमान्दार र सक्षम व्यक्ति पलायन हुँदै गएका छन्। शक्तिको अभ्यासमा स्वार्थ समूह एवम् दललाई आर्थिक सहयोग गर्ने चन्दादाता हावी हुने स्थिति बनेको अवस्था छ। दलको कोषमा गैरसरकारी स्रोतबाट मात्र रकम रहने व्यवस्था रहेको छ।

ग . दलको वित्त व्यवस्थापनको नियमन

दलको वित्त व्यवस्थापनको नियमन पर्याप्त र प्रभावकारी नहुनु पनि समस्याको रूपमा रहेको छ। दलले विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयनमा अनादेखा गर्ने गरेको पाइन्छ। नियमनलाई सशक्त बनाउनका लागि नियमनकारी निकायमा स्रोत साधनको अभाव हुनु पनि एउटा कारण हो। दलका गतिविधिको निगरानीमा नागरिक एवम् नागरिक समाज र मिडियाको निरन्तर र सक्रिय दवाव कमजोर रहेको छ।

घ . दलको संस्थागत विकास

दलहरूमा संस्थागत क्षमताको विकास हुन सकेको छैन। राजनीतिक दल एवम् नेताहरू नीतिगत भ्रष्टाचारमा संलग्न हुने कार्यहरू बढ्दो छ। दलमा राजनीतिक संस्कारको कमी देखिएको छ। दलको आन्तरिक प्रजातन्त्र कमजोर हुँदै गएको छ। दल अर्थपूर्ण रूपमा समावेशी बन्न सकेका छैनन्। दलहरूबिच आर्थिक असमानता छ जसले गर्दा समान खेलमैदान उपलब्ध हुन सकेको छैन। दलमा इन्टिग्रीटी कमजोर भई इमान्दार र सक्षम व्यक्ति पाखा लाग्दै जाने स्थिति बन्नु पनि दलको क्षमता विकासमा बाधक बनेको छ। दलको स्वमूल्याङ्कन गर्ने प्रणालीको विकास हुन सकेको छैन। दलको आयको स्रोतमा असमान पँहुच छ। दलको कोषमा दिगोपना छैन। त्यसैगरी दलको क्षमता वृद्धि हुन नसकेकोले संस्थागत विकास कमजोर बनेको छ।

अत: लोकतन्त्रमा दलको विकल्प भनेको रूपान्तरण भएको दल नै हो। दलका उल्लिखित सवालहरूलाई सम्बोधन गरी नेपालका राजनीतिक दलका गतिविधिलाई पारदर्शी,उत्तरदायी र जिम्मेवार बनाउन तथा दलको आय व्ययको अपारदर्शीतालाई निरूत्साहित गर्न र दल चन्दादातामा निर्भर हुनुपर्ने स्थिति अन्त गर्न जरुरी छ। त्यसैगरी, चन्दादाताले दललाई चन्दा दिए वापतको क्षतिपूर्ति नीतिगत तहमा प्रभाव पारी फाइदा लिने जस्ता कार्यलाई रोक्न आवश्यक छ। राजनीतिक दलको संस्थागत विकास गरी दलको नियमनलाई प्रभावकारी र सशक्त बनाउनु जरुरी भएको छ। दलीय सुशासनको लागि पनि राजनीतिक दललाई निश्चित मापदण्ड बनाएर राज्यकोषबाट अनुदान दिने र व्यक्ति वा संस्थाबाट दलले आर्थिक सहयोग एवम् चन्दा दिने लिने कार्यलाई कानुनी रूपमा दण्डनीय बनाउने एवम् दलको आयव्ययको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने कानुनी व्यवस्था गर्नु आवश्यक छ।

८.निष्कर्ष

निर्वाचनलाई स्वच्छ स्वतन्त्र र विश्वसनीय रूपमा सञ्चालन एवम् व्यवस्थापन गर्न निर्वाचन कानुन आवश्यक हुन्छ। निर्वाचन कानुन समाजको माग र चाहना अनुसार संशोधन एवम् परिमार्जन हुँदै जानु पर्दछ। निर्वाचन व्यवस्थापनका कतिपय सुधारहरू विद्यमान ऐनको संशोधन एवम् परिमार्जन गरेर गर्न सकिने अवस्था छ। त्यसको लागि निर्वाचन आयोगले विभिन्न छरिएर रहेका सात ओटा ऐनका प्रावधान र निर्वाचन आयोग ऐनमा भएका केही विषय एवम् अदालतबाट भएका निर्देशनात्मक आदेशको व्यवस्था राखी विधेयक तयार गरेको छ। उक्त विधेयकमा केही नयाँ विषयहरू समावेश गरिएका छन् भने केही विषयलाई समसामयिक रूपमा संशोधन एवम् परिमार्जन गरी निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा तयार गरी संसदमा पेश गर्ने प्रयोजनार्थ आवश्यक प्रक्रियाको लागि नेपाल सरकार गृह मन्त्रालयमा पठाएको अवस्था छ। उक्त विधेयकलाई संसदबाट पारित भई ऐन बनी कार्यान्वयनमा आएको खण्डमा केही न केही भए पनि निर्वाचन प्रणालीमा सुधार भई सुशासन कायम हुन सक्दछ। यसको लागि संसद, सरकार तथा जनप्रतिनिधिको दृढ इच्छाशक्ति, सहयोग र सक्रियता आवश्यक पर्दछ। त्यसैगरी राजनीतिक दललाई अझ जिम्मेवार र पारदर्शी बनाउन राजनीतिक दलसम्बन्धी ऐनलाई समेत संशोधन र परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको छ।

(भट्टराई, निर्वाचन आयोगका सहसचिव हुनुहुन्छ।)

सन्दर्भ सामग्री

- नेपालको संविधान, (२०७२), *कानुन किताब व्यवस्था समिति,* बबरमहल काठमाडौँ।
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३, *कानुन किताब व्यवस्था समिति,* काठमाडौँ।
- निर्वाचन आयोग, नेपाल, *निर्वाचनसम्बन्धी ऐन नियम संग्रह,* (२०७७)।
- आयोगको मिति २०८०-०३-१८ को निर्णयानुसार स्वीकृत *निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा,* https:election.gov.np page/other–resources.
- निर्वाचन आयोग, नेपाल, *निर्वाचन प्रश्ननोत्तर,* (२०७७)।
- निर्वाचन आयोग, नेपाल, *निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्धन,* (स्रोत पुस्तिका), (२०७६)।
- निर्वाचन आयोग, नेपाल, *निर्वाचन सम्पर्क व्यक्तिको लागि तालिम सहजीकरण मार्गदर्शन,* (स्रोत सामाग्री) (२०७९)।
- नीति अनुसन्धान प्रतिष्ठान, नेपाल, *लोकतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको भूमिका* (अनुसन्धान प्रतिवेदन) (२०८०)।
- निर्वाचन प्राणालीको प्रारूप, *अन्तर्राष्ट्रिय आईडीएको नयाँ हाते पुस्तिका* (२००७), ईनेब्लिङ स्टेट प्रोग्राम।
- https:gorkhapatraonline.com/news/61935
- https:shilapatra.com.detail/129152

निर्वाचन, बालबालिका र बाल अधिकार

पृष्ठभूमि

निर्वाचन लोकतन्त्रको एक अभीन्न अङ्ग हो। निर्वाचनबाट नै देशको शासन व्यवस्था निर्धारण हुने भएकाले यो देशका सबै उमेर समूह, क्षेत्र, लिङ्ग, स्तर, भौगोलिक बासस्थानका व्यक्तिका निमित्त अत्यन्त महत्त्वपूर्ण र सरोकार राख्ने विषयका रूपमा रहँदै आएको छ। त्यसैले निर्वाचन र बालबालिका एकदमै अलग विषय हुन सक्दैनन्, यी विभिन्न ढङ्गमा सम्बन्धित हुने गर्दछन्। निर्वाचनमा बालबालिकाको पनि सरोकार रहन्छ। यद्यपि निर्वाचन वयस्कको सहभागितामा हुने एक राजनीतिक प्रक्रिया हो, जसमा बालबालिकाको प्रत्यक्ष संलग्नता हुँदैन। तर, निर्वाचनलगायतका देशको राजनीतिक गतिविधि तथा प्रक्रियामा बालबालिकाको सरोकार रहनु र उचित ढङ्गले आफ्ना भावना र माग अभिव्यक्त गर्ने स्तरमा उनीहरूको सहभागिता हुनु बाल अधिकारभित्रै पर्ने कुरा पनि हो। तर, निर्वाचन प्रक्रियामा बालबालिकाको सहभागिता र बालबालिकाको दुस्वरूपयोग भिन्न विषय हुन्।

तारक धिताल

नेपालको निर्वाचनसम्बन्धी इतिहासलाई केलाउने हो भने जनताका प्रतिनिधिका रूपमा वा समाजका लागि जिम्मेवार व्यक्ति वा मुलीको चयन गर्ने परिपाटि प्राचीन किराँतकालदेखि नै कुनै न कुनै स्वरूपमा भएको मानिन्छ, यद्यपि त्यसबखत बालिग मताधिकारकै प्रयोग भने हुने गरेको देखिँदैन। नेपालको आधुनिक कालमा भने निर्वाचनसँग सम्बन्धित केही व्यवस्थित स्वरूप रहेको पाइन्छ। "नेपालको निर्वाचन इतिहासमा उमेर पुगेका मतदाताले मतदान गरी आफ्ना प्रतिनिधि छनोट गर्ने काम वि.सं २००० पश्चातमात्रै भएको पाइन्छ। हुन त योभन्दा पहिला पनि राणाकालमा निर्वाचनसम्बन्धी केही व्यवस्थाहरू भएका पाइन्छन्। वि.सं १९८७ मै स्थानीय स्तरमा जनप्रतिनिधि संस्थाको रूपमा केही स्थानमा पञ्चायत स्थापना गर्न निर्वाचनसम्बन्धी व्यवस्था गरिएको थियो। तर, यो निर्वाचनमा प्रत्यक्ष बालिग मताधिकारको अभ्यास भने गरिएको थिएन। त्यतिबेला सम्बन्धित क्षेत्रका प्रत्येक घरका घरमुलीहरूको भेला गरी उनीहरूको राय बमोजिम मुख्य पञ्च र अन्य पञ्चहरू छानिएको सदर गरी मुचुल्कामा सहीछाप गराइन्थ्यो।" "नेपालमा जनप्रतिनिधिको छनोट र त्यसप्रकारका सङ्गठनको अस्तित्व प्राचीनकालदेखि नै रहेको थियो। नेपालको सन्दर्भमा कुरा गर्नु पर्दा २००४ साल जेठमा भएको स्थानीय निकाय अन्तर्गत काठमाडौ म्युनिसिपलिटीको निर्वाचन पहिलो हो। काठमाडौ म्युनिसिपलिटीको निर्वाचन २०१० सालमा पनि भयो। तर, विधायिकाको निर्वाचन भने २०१५ सालको आम निर्वाचनदेखि मात्र नेपालमा भित्रिएको हो।" (पृष्ठ १९ तथा ३५, नेपालको निर्वाचन

इतिहास, निर्वाचन आयोग नेपाल)। यसपछि भने पञ्चायतकाल, बहुदलकाल र गणतन्त्रकालमा बेलाबखत विविध अवरोध भए पनि आवधिक निर्वाचन हुँदै आएको छ।

नेपालमा निर्वाचन र बालबालिकाको सम्बन्ध भने अवसर र जोखिम दुवै रूपमा रहेको देखिन्छ। निर्वाचन प्रणाली शासन व्यवस्थाको निर्णायक प्रक्रिया भएकाले स्वभाविक रूपमा बालबालिकाको निमित्त पनि यो एक महत्त्वपूर्ण अवसरको रूपमा रहेको हुन्छ। तर, यस सँगसँगै नेपालमा विगतमा भएका निर्वाचन र राजनीतिक गतिविधिलाई नियाल्दा विभिन्न राजनीतिक गतिविधिमा बालबालिकाको अधिकारको उल्लङ्घन हुने गरेका थुप्रै घटना रहेको यर्थाथलाई लुकाउन सकिँदैन। जसका कतिपय श्रृङ्खला अझै पनि कायम रहेको पाइन्छ। राजनीतिक स्वार्थका लागि बालअधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्नका निमित्त केही स्पष्ट कानुनी व्यवस्था पनि भएका छन्। सामान्यतया: निर्वाचनमा बालबालिका मूलत: दुई प्रकारबाट सम्बन्धित हुन आउँदछन्: निर्वाचन र बालबालिकासँग सम्बन्धित विषयको सम्बोधनबारेका विषय एक पक्षमा रहेको छ भने अर्को पक्षमा निर्वाचन र बालबालिकाको दुस्वरूपयोग एवम् बालअधिकारको उल्लङ्घनसम्बन्धी विषय रहेको छ।

निर्वाचन र बालबालिकासँग सम्बन्धित विषयको सम्बोधन

लोकतन्त्रको जग मानिँदै आएको निर्वाचनले स्थानीय तहदेखि सङ्घीय सरकारसम्मको गठनका लागि जनप्रतिनिधि चयन गर्ने भएकाले स्वभाविक रूपमा निर्वाचित हुने व्यक्ति बालबालिकाको विषयप्रति पनि जानकार र संवेदनशील हुन जरुरी हुन्छ। बालबालिकाले प्रत्यक्ष मत हाल्दैनन् र निर्वाचनसम्बन्धी दलगत राजनीतिक गतिविधिमा बालबालिकालाई संलग्न गराइनु पनि हुँदैन। तर, निर्वाचनको एजेन्डाका रूपमा बालबालिकाको विषय भने सबै उम्मेदवारले उठाउन जरुरी हुन्छ। नेपालको जनगणना अनुसार अठार वर्षमुनिका बालबालिकाको सङ्ख्या करिब ३४ प्रतिशत रहेको छ। अत: प्रत्येक उम्मेदवारले एक तिहाइभन्दा बढी सङ्ख्यामा रहेका बालबालिकाका मुद्दालाई उचित ढङ्गले सम्बोधन गर्नु पर्दछ। विजयी भएपश्चात सोमा परिवर्तन र प्रगति देखाउन सक्नु पर्दछ। यस सन्दर्भमा बालबालिकाले पनि आफ्ना आवाजलाई उम्मेदवार समक्ष पुऱ्याउने, राजनीतिक दल समक्ष पुऱ्याउने अभ्यास विगत केही वर्षदेखि नेपालमा हुने गरेको पाइन्छ। झट्ट हेर्दा निर्वाचन राजनीतिक गतिविधि हो र यो मूलत: वयस्कको सहभागितामा हुने कार्य हो, तर निर्वाचनमा बालबालिकाको पनि सहभागिता हुन्छ। निर्वाचनमा हुने बालबालिकाको सहभागिता र वयस्कको सहभागिताको स्वरूप, उद्देश्य भने अत्यन्त फरक हुन्छ। सहभागिताको नाममा बालबालिकालाई कुनै पनि अमुक व्यक्ति वा दलले आफ्नो कुत्सित मनसाय पूर्तिका लागि राजनीतिमा प्रयोग गर्ने भने होइन।

समाजमा हुने गतिविधिबाट बालबालिकालाई छुट्टयाएर अलग्गै राख्न सकिँदैन, तर त्यस्ता प्रत्येक गतिविधिबाट बालबालिका माथि पर्नसक्ने नकारात्मक असरका बारेमा भने सबै पक्ष संवेदनशील हुन, सावधानी अपनाउन जरुरी हुन्छ। राजनीतिक गतिविधिमा बालबालिकाले सरोकार राख्नु भनेको उनीहरूको कलिलो

मस्तिष्कमा कुनै अमुक राजनीतिक विचार वा दलीय छाप स्थापित गर्नु होइन, बरु उनीहरूलाई स्वतन्त्र रूपमा देशको शासन व्यवस्था र सोबाट बालबालिकाको लागि हुन सक्ने र हुनुपर्ने कार्यको बारेमा जानकार गराउने, बालबालिकाको अधिकार र उनीहरूको सहभागिताको सन्दर्भमा स्पष्ट गराउने जस्ता कुरालाई ध्यान दिनुपर्दछ। तर यी सबै प्रक्रियामा बालबालिका गलत ढङ्गले प्रयोग नहुन्, उनीहरूको संरक्षणको विषय प्रति सम्बन्धित सबै वयस्कहरू संवेदनशील रहुन् भन्नेतर्फ विशेष सावधानी अपनाइनु पर्दछ। बालबालिकासँग सम्बन्धित विषयको सम्बोध गर्न निर्वाचनको सन्दर्भमा बालबालिकाको सहभागिता तथा सरोकारका विषयसम्बन्धी केही सकारात्मक गतिविधि उदाहरणस्वस्वरूप निम्नअनुसार उल्लेख गर्न सकिन्छ, तर, यी नै सम्पूर्ण भने होइनन्:

- निर्वाचनका उम्मेदवार लगायत सम्बन्धित दलका प्रतिनिधिले बालबालिकासँग सम्बन्धित सरोकारका विषय तथा उनीहरूका मागका बारेमा बालमैत्री वातावरणमा छलफल गर्नु र यस्ता छलफलमा बालबालिकाको सक्रिय सहभागिता रहनु
- आफ्नो क्षेत्रका अथवा राष्ट्रियस्तरका कुनै पनि उम्मेदवार वा राजनीतिक दललाई बालबालिकाले व्यक्तिगत वा सामूहिक रूपमा आफ्ना भावना, माग तथा सरोकारका विषयका बारेमा विभिन्न माध्यमबाट वा भेटेर जानकारी गराउनु,
- लोकतन्त्र र निर्वाचन प्रक्रियाका बारेमा सम्बन्धित निकाय, संघसंस्थाले बालबालिकाले बुझ्ने गरेर सूचना प्रवाह गर्नु र त्यस्ता सूचनाबाट बालबालिकाले जानकारी ग्रहण गर्नु,
- निर्वाचनका कुनै पनि उम्मेदवार, राजनीतिक दलले आफ्ना घोषणापत्र बालबालिकाले पनि बुझ्ने गरी उपलब्ध गराउनु तथा घोषणापत्रमा बालबालिका विषय समावेश भए नभएको बारेमा बालबालिकाले पनि जानकारी हासिल गर्ने र मूल्याङ्कन गर्ने अवसर पाउनु
- बालबालिकाले देशको शासन प्रणाली, निर्वाचन तथा यससम्बन्धी कार्यक्रमले बालबालिकामा पार्ने असर सम्बन्धमा विज्ञ वयस्कबाट सहजीकरण हुनु
- बालबालिकाको विषयलाई सबै उम्मेदवारले राजनीतिक मुद्दाका रूपमा उठाउनु र बिजयी भए पश्चात् सोको उचित सम्बोधन गर्नु। आदि

बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, प्रतिभा प्रस्फुटन लगायत उनीहरूको सम्मानजनक जीवनयापन र आधारभूत आवश्यकता पूर्तिका लागि राजनीतिक प्रक्रियामा उचित ध्यान पुऱ्याइयोस् भन्नका निमित्त पनि निर्वाचनसम्बन्धी गतिविधिमा बालबालिकाको सहभागिता आवश्यक हुन्छ। यसैगरी, बालबालिकाले प्रत्यक्ष रूपमा भोगिरहेका समस्या, जोखिमका बारेमा वयस्कलाई संवेदनशील र गम्भीर बनाउन पनि बालबालिकाले आफ्ना कुरा उम्मेदवार समक्ष राख्न पाउने अवसर पाउनु पर्दछ। समग्रमा बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका निमित्त निर्वाचन महत्त्वपूर्ण अवसरका रूपमा रहेको हुन्छ।

निर्वाचन पश्चात चुनिने जनप्रतिनिधिले नीति निर्माणदेखि कार्यक्रम, योजना र बजेट विनियोजनसम्मका गतिविधिमा निर्णायक भूमिका निर्वाह गर्ने भएकाले निर्वाचन हुनु अघिदेखि नै ती प्रत्येक उम्मेदवारलाई बालबालिकाको विषयमा सचेत र संवेदनशील बनाउन जरुरी हुन्छ। यसका निमित्त स्वयम् राजनीतिक दल वा

उम्मेदवार आफै नै बालबालिकाको विषय प्रति सचेत रहनु र सोसँग सम्बन्धित सूचना तथा जानकारी सङ्कलन गर्नु उनीहरूको दायित्व हो। अर्कोतर्फ जसको सवाल उसकै आवाज प्रभावकारी हुन सक्ने भएकाले बालबालिका स्वयम् र बालबालिकाका निम्ति क्रियाशील रहने व्यक्ति वा संस्थाले निर्वाचनको अवसरमा बालबालिकाका विषयलाई प्राथमिकता दिनका निमित्त क्रियाशील हुनु पनि उत्तिकै आवश्यक हुन्छ।

बालबालिकाले कुनै उम्मेदवारलाई औपचारिक रूपमा प्रत्यक्ष मत हाल्दैनन् र कसैलाई विजयी बनाउन पनि सक्दैनन्। तर प्रत्येक हिंसाले ग्रस्त मलिन अनुहार, श्रमशोषणले गलेका हात, विद्यालय जान नपाएर टोलाइरहेका आँखा, भोकले सारङ्गी बनेका पेट, कुपोषणले ख्याउटेको शरीर, उपचारको अभावमा भएको छटपटी, बस्ने ओत, लगाउने लुगाको अभावमा जाडो होस् वा झरीमा रुझेको नाङ्गो शरीर, अभिभावकत्व खोजी रहेका बालबालिकाका निश्चल अनुहारले बालबालिकाको अवस्थामा सुधार नभएसम्म निर्वाचनका विजयी प्रत्येक उम्मेदवारलाई अविश्वासको मत भने दर्शाइरहेका हुन्छन्। त्यसैले निर्वाचनदेखि नीति निर्माण र कार्यान्वयनका तहसम्म बालबालिकाको विषय गम्भीर राजनीतिक मुद्दाका रूपमा उठिरहनु पर्दछ, यसको सम्बोधनार्थ सबै तहमा निरन्तर झक्झकाइ रहनु पर्दछ।

निर्वाचन र बालबालिकाको दुरुपयोग, बालअधिकारको उल्लङ्घन

निर्वाचन र विभिन्न राजनीतिक गतिविधि बालबालिकाका निमित्त महत्त्वपुर्ण रहँदारहँदै पनि यसमा बालअधिकारको उल्लङ्घन हुने जोखिम रहन्छ। नेपालको विगतका निर्वाचनलाई हेर्ने हो भने त्यसक्रममा भएका विभिन्न गतिविधिमा बालबालिकाको दुरुपयोग र बालअधिकार उल्लङ्घनका थुप्रै घटना भएको अभिलेख पाइन्छ। बालबालिका स्वभाविक रूपमा उत्सुक हुने, समाजमा कुनै पनि गतिविधि हुँदा सजिलै उपस्थित हुने, अगाडि बढ्न चाहने र वयस्कको निर्देशनलाई बिना प्रतिवाद र परिणामको आंकलन नगरी पालना गर्ने जस्ता बालबालिकाको प्राकृतिक स्वभावलाई निर्वाचनका अवसरमा आफ्ना कुत्सित मनसाय परिपूर्तिका निमित्त कतिपय अवस्थामा दुरूपयोग भएको देखिन्छ।

सामान्यतया: निर्वाचनका सन्दर्भमा बालअधिकार उल्लङ्घन हुने जोखिम निम्न अवस्थामा रहन सक्दछन्:

- निर्वाचनसम्बन्धी विभिन्न गतिविधि जस्तै उम्मेदवारी घोषणा, उम्मेदवारी दर्ता, निर्वाचन सम्बन्धी प्रसार प्रसार, घरदैलो कार्यक्रम लगायत जुलुस ञ्याली आदिमा बालबालिकालाई सहभागी, स्वयम्सेवक वा कुनै पनि स्वरूपमा प्रयोग गर्नु,
- राजनीतिक दल वा उम्मेदवारका सभा सम्मेलनमा, सामाजिक सञ्जालमा बालबालिकालाई कलाकार, वक्ता, श्रोता लगायत विभिन्न स्वरूपमा प्रयोग गर्नु,
- निर्वाचनसँग सम्बन्धित विभिन्न गतिविधिमा बालबालिकालाई श्रमिकका रूपमा काममा लगाउनु जस्तै पोस्टर टाँस्ने, विभिन्न सामग्रीहरू ओसार प्रसार गर्ने, खाना पकाउने वा बाँड्नु,
- बालबालिकालाई मतदान गर्न लगाउनु, मतदान केन्द्रमा परिचालन गर्नु,
- बालबालिकाको परिवार वा समुदायको राजनीतिक आस्था, साम्प्रदायिकता आदिका आधारमा बालबालिकाप्रति भेदभावजन्य व्यवहार गर्नु,
- कुनै पनि आधारमा समुदायमा हुने द्वन्द्व,

हुलहुज्जत, झैं झगडा आदिमा बालबालिकालाई प्रयोग गर्नु, बालबालिकालाई प्रभावित बनाउनु,

- निर्वाचनसँग सम्बन्धित विषयमा बालबालिकालाई जासुसी गराउनु, उनीहरू मार्फत अन्य व्यक्तिका सूचना, जानकारी सङ्कलन गर्ने लगायतका गतिविधिमा विभिन्न स्वरूपमा प्रयोग गर्नु, आदि।

निर्वाचनको सन्दर्भमा भइआएका बालअधिकार उल्लङ्घन सम्बन्धी गतिविधिका यी केही उदाहरण मात्रै हुन्।

निर्वाचनको लागि मतदान केन्द्र अधिकांशत: विद्यालयमा नै हुने गरेको छ। यसरी विद्यालयमा मतदान केन्द्र हुँदा सामान्यतया: ३ वा ४ दिनसम्म औपचारिक रूपमा निर्वाचन आयोगले नै विद्यालय बन्द गर्न अनुरोध गर्ने गरेको छ। त्यसैगरी, कतिपय स्थानमा निर्वाचन सकिएपश्चात मतपत्रको गणना पनि विद्यालयमा हुने गरेको पाइन्छ। मतपत्र गणनामा अझ बढी दिन लाग्ने भएकाले निर्वाचनको गतिविधिले प्रत्यक्ष रूपमा विद्यालय र विद्यार्थीको पढाइको निरन्तरतामा बाधा सिर्जना गरिरहेको हुन्छ। निर्वाचनमा मतदान केन्द्र राख्ने क्रममा विद्यालयको भौतिक सामग्रीको समेत प्रयोग हुने हुँदा कतिपय अवस्थामा सोमा नोक्सानी हुन गएका उदाहरण पनि विगतमा देखिएका थिए। मतदान केन्द्र राखिएका विद्यालयमा तयारीदेखि मतदान अन्त्य भएसम्म र सो पश्चात पनि पढाइ सुचारु हुनका निमित्त अरु थप ३ वा ४ दिन लाग्ने देखिएकाले सामान्यतया: निर्वाचनले गर्दा मतदान केन्द्र भएका विद्यालयमा सरदर एक हप्ता पढाइको निरन्तरतामा बाधा पुग्नसक्ने देखिन्छ। यद्यपि निर्वाचन आयोगले यसरी विद्यालयमा मतदान केन्द्र हुँदा विद्यालय बन्द गरिएको ३ वा ४ दिनको निम्ति वैकल्पिक उपायहरू अपनाउनलाई अनुरोधसम्म गरेको पाइन्छ तर प्राय: विद्यालयमा त्यस्ता वैकल्पिक उपाय अपनाइएको एकातिर पाइँदैन भने अर्कोतर्फ सोको सम्भावना पनि न्यून देखिन्छ। यस अतिरिक्त राजनीतिक दलले र उम्मेदवारले प्रचार प्रसारका निम्ति गर्ने आमसभा, भेला पनि विगतमा विद्यालयमा हुने गरेको पाइन्थ्यो, तर पछिल्लो निर्वाचनको आचारसंहितामा कडा रूपमा उल्लेख भएपश्चात् र राजनीतिक दलको केही संवेदनशीलता एवम् संघसंस्था, नागरिक तथा सञ्चारमाध्यमले गर्ने निरन्तर निगरानीका कारण आमसभामा विद्यालय प्रयोग गर्ने घटनामा भने निकै कमी आएको पाइन्छ।

निर्वाचन आचारसंहिता र बाल अधिकार

नेपालको निर्वाचनसम्बन्धी आचार संहितालाई केलाउने हो भने सर्वप्रथम बालबालिकाको विषयमा स्पष्ट रूपमा उल्लेख गरिएको आचारसंहिता संविधान सभा सदस्य निर्वाचन २०६४ का लागि जारी गरिएको आचार संहिता हो। जसको २३ नम्बर बुँदामा "कुनै पनि किसिमका जलुस, ञ्याली वा आमसभा संचालन गर्दा बालबालिकालाई सहभागी गर्न गराउन वा निर्वाचनका प्रचार प्रसार लगायत निर्वाचनसंग सम्बन्धित कुनै पनि गतिविधिमा बालबालिकालाई प्रयोग गर्न गराउन हुँदैन" भनिएको थियो। त्यसपश्चातका निर्वाचनसँग सम्बन्धित आचार संहितामा निर्वाचन र बालबालिकासँग सम्बन्धित विषय थप र स्पष्ट हुँदै आएको देखिन्छ। सबैभन्दा पछिल्लो निर्वाचनका लागि जारी निर्वाचन आचार संहिता २०७९ मा बालबालिकासँग सम्बन्धित हुन आउने धेरै कुरा समेटिएको

छ। जसका केही मुख्य अंश:

- निर्वाचन आचारसंहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागु हुने:

  दफा ३ झ, त र थ अनुसार यो आचार संहिता राजनीतिक दल तथा भातृ सङ्गठन, गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र विद्यालय, महाविद्यालय, विश्वविद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागु हुने।

- निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने:

  दफा ४ को सबैले पालना गर्नुपर्ने आचरण अन्तरगत (छ) अनुसार बालबालिकालाई निर्वाचन प्रचार प्रसारमा प्रयोग गर्न वा गराउन नहुने दफा १३ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठन तथा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने।

- निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने:

  दफा ४ ग अनुसार कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने

  दफा १० क, ग, छ, ज, अनुसार विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सो सम्बद्ध कर्मचारी प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण अन्तर्गत कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने।

- आचार संहिता उल्लङ्घनसम्बन्धी उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने:

  दफा ४५ अनुसार आचार संहिता उल्लङ्घनसम्बन्धी उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचार संहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने। उजुरीकर्ताले चाहेमा नीजको नाम नामेशी गोप्य रहने।

- आचार संहिता उल्लङ्घनमा हुने कारबाही:

  दफा ४६ अनुसार एक लाख रुपियाँसम्म जरिवाना वा उम्मेदवारी रद्ध,

  दफा ५१ अनुसार उल्लङ्घनकर्ताको नाम नामेशी सहितको विवरण सार्वजनिक गर्ने।

यी प्रावधानले निर्वाचनमा बालबालिकाको अधिकार कुनै पनि पक्षबाट हनन् हुन नदिनका निमित्त बृहत व्यवस्था गरेको देखिन्छ। यसबाट निर्वाचनसँग

सम्बन्धित राजनीतिक दल र उम्मेदवारमात्र नभई त्यस्ता दलका भातृ सङ्गठन, सङ्घसंस्था, विद्यालय, शिक्षक अभिभावक सबै नै सम्भावित बालबालिका र बालबालिकासँग सम्बन्धित विद्यालय, सवारी साधन लगायतको दुरूपयोग नहोस्, बालबालिकाको संरक्षण र अधिकारको प्रत्याभूतिका निमित्त सबै पक्ष संवेदनशील रहुन् भन्ने कुरालाई स्पष्ट रूपमा उल्लेख गरेको देखिन्छ।

निर्वाचन, बाल अधिकार उल्लङ्घन र कानुनी व्यवस्था

नेपालको संविधानले धारा ३९ मा बालबालिकाको मौलिक हक उल्लेख गरेको छ। यसैगरी धारा ५१ मा राज्यका नीति अन्तर्गत "बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने" भनिएको छ। बालबालिकासम्बन्धी ऐन २०७५को दफा ३ देखि १५ सम्ममा बालबालिकाको अधिकारका बारेमा बृहत् व्यवस्था गरिएको छ। जसको दफा ७ को संरक्षणको अधिकार अन्तर्गत उपदफा ७ मा "कुनै पनि बालबालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन" भन्ने उल्लेख भएको छ भने उपदफा ८ मा 'कसैले पनि सशस्त्र द्वन्द्व वा जस्तो सुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितको लागि प्रयोग हुने विद्यालय लगायतका स्थान सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन, एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउनु हुँदैन' भन्ने उल्लेख भएको छ। निर्वाचनसँग सम्बन्धित गतिविधिमा बालबालिका तथा विद्यालयको प्रयोग हुँदा कानुनका यी दफा पनि आकर्षित हुन सक्ने अवस्था रहन्छ। यी दफाको उल्लङ्घन गर्ने व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई ५० हजार रुपियाँसम्म जरिवाना हुन सक्दछ। यसैगरी ऐनको परिच्छेद ३ मा बालबालिका प्रतिको दायित्व अन्तर्गत दफा १६ मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको छ। जसमा 'हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ' भन्ने उल्लेख भएको पाइन्छ। यस अतिरिक्त ऐनको परिच्छेद ८ मा विस्तृत रूपमा बालबालिका विरुद्धको कसुरको बारेमा उल्लेख गरिएको छ। जसको दफा ६६ को उपदफा २ मा बालबालिका विरुद्धको हिंसा मानिने कार्यको सूची समावेश छ। जसको नम्बर (६) मा "राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने" कार्य बालबालिका विरुद्धको हिंसा मानिने उल्लेख भएको छ। निर्वाचनमा बालबालिकालाई राजनीतिक प्रयोजनको लागि प्रयोग गरेमा यो दफा पनि आकर्षित हुन आउँछ र यस दफाको उल्लङ्घन भएको अवस्थामा ७५ हजार रुपियाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरिएको छ। यसैगरी, बालबालिकालाई श्रमिकको रूपमा प्रयोग गर्न नपाइने कुरा बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा उल्लेख भएको पाइन्छ। यस अतिरिक्त विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ले पनि राजनीतिक प्रयोजनका निमित्त विद्यालय तथा बालबालिकालाई प्रयोग गर्न नहुने कुरा उल्लेख गरेको छ।

निर्वाचनमा बालअधिकार अनुगमनबाट प्राप्त जानकारीका केही उदाहरण

बिगतका केही निर्वाचनमा भएका बालअधिकार अनुगमनबाट प्राप्त जानकारीलाई नमूनाका रूपमा यहाँ प्रस्तुत गरिएको छ। उपलब्ध रहेका प्रतिवेदन अनुसार सबै अनुगमन एकै स्तरका नभएता पनि उपलब्ध जानकारीले केही प्रवृत्तिलाई भने दर्शाउँदछ।

क्र.सं	निर्वाचन	अनुगमन गरिएको क्षेत्र	अभिलेख भएका घटना	प्रभावित बालबालिका	उल्लङ्घनकर्ता राजनीतिक दल	श्रोत
१	संविधानसभा सदस्य निर्वाचन २०७०	७० जिल्लाबाट अनुगमन प्रतिवेदन प्राप्त	जम्मा घटना: ४४१ मध्ये १४६ गतिविधि विद्यालय भित्र, १५४ प्रचार चाली तथा ३२ आमसभा, ३३ विजयी जुलुस	१२,४२९ जना १ मृत्यु, १६ जना घाइते, आमसभामा प्रयोग ६७२७, प्रचार चाली ३३५४, विजयी जुलुस १९४३, बालश्रमिक १७८, कलाकार ९१,स्वयम्सेवक ६६, घरैलो ५०, हिंसात्मक घटनामा प्रयोग २, सूचनादाता २	नेका: ३६% एमाले: ३४% माओवादी:२०% राप्रपा ने: १५% मधेसी लो: १% सङ्घीय समाजवादी: १% अन्य: ७%	संविधानसभा सदस्य निर्वाचन, २०७० बाल अधिकार अनुगमन प्रतिवेदन, केन्द्रीय बालकल्याण समिति
२	स्थानीय तह निर्वाचन २०७४	जम्मा ५७ जिल्लामा अनुगमन केन्द्रबाट १३ जिल्ला र अन्य जिल्लामा स्थानीय स्तरमा	जम्मा ५७९ घटना मध्ये पहिलो चरणको निर्वाचनमा १५३, दोस्रो १३८ र तेस्रो २८८	जम्मा ६६६१ जना मध्ये सवारी साधनमा समेत चढ्दाई चाली, आमसभा, घरदैलोमा प्रयोग: ३२०६, बाजा बजाउने लगायत सांस्कृतिक अभियान: १००५, उम्मेदवार मनोनयनका क्रममा ७५३, निर्वाचनका दिन स्वयंसेवक: १३९, विजय जुलुस: १३३१, खाना पकाउने, खुवाउने: २२७	नेका: ३०% माओवादी:२७% एमाले: २६% राजपा: ६% सङ्घीय समाजवादी: ६% राप्रपा: ३% अन्य २%	स्थानीय तह निर्वाचन, २०७४का सन्दर्भमा बाल अधिकार अनुगमन संक्षिप्त प्रतिवेदन, केन्द्रीय बालकल्याण समिति
३	स्थानीय तह निर्वाचन २०७९	सञ्चार माध्यम र सामाजिक सञ्जाल	जम्मा घटना ११५ मध्ये निर्वाचन प्रचार ९९, विजयी जुलुस ११, चुनावी प्रचारमा विद्यालय शिक्षक प्रयोग २, विद्यालय बस प्रयोग २, विद्यालय परिसर प्रयोग १	उल्लेख छैन	एमाले: ३१% नेका: २६% नेकपा समाजवादी: १५ माओवादी: ११% राप्रपा: ४% जसपा: १% स्वतन्त्र उम्मेदवार: ४% संयुक्त गठबन्धन: ४% अन्य: ३%	सिंचप निर्वाचन निगरानी समूहको प्रतिवेदन

निर्वाचन र बालअधिकार संरक्षणका लागि केही सुझाव

निर्वाचनसँग सरोकार राख्ने विभिन्न पक्षका लागि बालअधिकार संरक्षणका सन्दर्भमा केही सुझाव निम्नानुसार हुन सक्दछन्:

- निर्वाचन आयोगले विद्यालयलाई मतदान केन्द्र बनाउने प्रचलनलाई निरुत्साहित गर्दै अन्य विकल्पको खोजी कार्यलाई गम्भीरतापूर्वक लिनुपर्दछ। निर्वाचनसम्बन्धी आचार संहितामा उल्लेख भए अनुसार बालबालिका, विद्यालय लगायतको प्रयोग गर्नेजस्ता आचारसंहिता विपरीतका कार्य भएको सन्दर्भमा उम्मेदवार तथा राजनीतिक दललाई कारबाही भएको खासै उदाहरण पाइँदैन। तसर्थ ,यस्ता उजुरी सहज रूपमा निर्वाचन आयोग समक्ष आइपुग्ने व्यवस्था गरिनुका साथै कतिपय अवस्थामा निर्वाचन आयोगले कुनै पनि माध्यमबाट जानकारी प्राप्त भएको अवस्थामा उजुरी नपरे पनि आफै कारबाही प्रक्रियालाई अगाडि बढाउनु पर्दछ।
- राजनीतिक दलले निर्वाचनमा बालबालिकालाई प्रयोग गर्ने नभई बालबालिकाको विषयलाई राजनीतिक मुद्दाका रूपमा उठान गर्नुपर्दछ। राजनीतिक दलले आफ्ना सबै उम्मेदवारलाई आचार संहितामा रहेका बालबालिकासँग सम्बन्धित हुन आउने बुँदा लगायत बालअधिकारका बारेमा स्पष्ट जानकारी गराउँदै सो प्रति संवेदनशील हुन र आचारसंहिताका साथै विद्यमान कानुनको पालना गर्न प्रतिबद्ध बनाउनु पर्दछ। बालबालिकासँग सम्बन्धित चासो, समस्या र सरोकारका विषयका निमित्त राजनीतिक दल र उम्मेदवारले बालमैत्री वातावरणमा बालबालिकाका विचार र भावना बुझ्ने प्रक्रियालाई पनि अबलम्बन गर्नु पर्दछ। तर, यस बहानामा बालबालिकालाई आफ्ना स्वार्थका निमित्त प्रचार प्रसार लगायतमा प्रयोग गर्नु भने हुँदैन।
- नागरिक समाज, सङ्घसंस्था तथा सञ्चार माध्यमले निर्वाचनका क्रममा बालअधिकारको दृष्टिकोणबाट अनुगमन, पर्यवेक्षण गर्ने प्रक्रियालाई निरन्तरता दिनुपर्दछ। कतै बालअधिकार उल्लङ्घनका घटना भई हालेमा तत्कालै सोसम्बन्धी सूचना निर्वाचन आयोगमा दिनुका अतिरिक्त सम्बन्धित उम्मेदवार तथा दलका माझ पनि सो कुरालाई सूचित गर्दै सुधार गर्न सुझाव र दवाव सिर्जना गर्नु पर्दछ।
- विद्यालयको व्यवस्थापन समिति तथा प्रशासनले निर्वाचनका क्रममा विद्यालय तथा विद्यालय परिसर, सवारीसाधन लगायत भौतिक सामग्री प्रयोग हुन नदिन विशेष सावधानी अपनाउनु पर्दछ। कुनै पनि राजनीतिक दललाई प्रसार प्रसार लगायतका गतिविधि विद्यालयमा गर्नका निमित्त स्वीकृति दिने, उपलब्ध गराउने गरिनु हुँदैन। जारी आचारसंहिता अनुसार निर्वाचनका गतिविधिमा, प्रसार प्रसारमा शिक्षक, कर्मचारी विद्यार्थीको प्रयोग हुन नदिनका निमित्त आवश्यक सावधानी अपनाउनु पर्दछ। मतदान तथा मत गणना केन्द्र रहेका कारण विद्यालय बन्द हुन गएको दिन बराबरको पढाइको

पूर्तिका लागि अतिरिक्त व्यवस्थापन गर्नु पर्दछ।

- बालबालिका स्वयम्ले पनि बालअधिकारका बारेमा जानकारी राख्नु पर्दछ। निर्वाचनका क्रममा बालबालिकाका सरोकारका विषय सम्बन्धित उम्मेदवार तथा राजनीतिक दलसमक्ष विभिन्न माध्यमबाट पुऱ्याउन सकिन्छ। त्यसका निमित्त बालबालिका बीचमा आपसमा सरसल्लाह गरेर आफ्ना माग तथा सरोकारका विषय टिपोट गर्न सकिन्छ। बालअधिकारसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाको साथमा बालबालिकाको विषयलाई राजनीतिक मुद्दाका रूपमा स्थापित गर्नका निमित्त क्रियाशील हुन सकिन्छ।

(धिताल, वरिष्ठ बाल अधिकारकर्मी हुनुहुन्छ)

सन्दर्भ सामग्रीः

नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, २०७३
संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४, निर्वाचन आयोग
निर्वाचन आचार संहिता २०७९, निर्वाचन आयोग
निर्वाचन पर्यवेक्षण निर्देशिका २०७९, निर्वाचन आयोग
नेपालको संविधान
बालबालिका सम्बन्धी ऐन २०७५
बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८
संविधानसभा सदस्य निर्वाचन, २०७० बालअधिकार अनुगमन प्रतिवेदन, केन्द्रीय बालकल्याण समिति
स्थानीय तह निर्वाचन, २०७४ का सन्दर्भमा बालअधिकार अनुगमन संक्षिप्त प्रतिवेदन, केन्द्रीय बालकल्याण समिति
स्थानीय तह निर्वाचन, २०७९ पर्यवेक्षण प्रतिवेदन, ईन्सेक
नेपालको स्थानीय तह निर्वाचन, २०७९ को पर्यवेक्षण प्रारम्भिक प्रतिवेदन, डीआरसीएन
स्थानीय तह सदस्य निर्वाचन, २०७९ पर्यवेक्षण प्रतिवेदन, इओसी नेपाल
स्थानीय तह निर्वाचन, २०७९ पर्यवेक्षण प्रतिवेदन, आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल
प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, पर्यवेक्षण र समीक्षा, २०७९, निर्वाचन पर्यवेक्षण समिति, नेपाल
सिजप निर्वाचन निगरानी समूहको प्रतिवेदन, २०७९

निर्वाचन, नयाँ दल र स्वतन्त्र उम्मेदवारको कारण र आधार

मिसन ८४ को चुनावी अभियानमा राजनीतिक दल जुटिसके। चुनावसँगै तपसीलमा रहेका कैयौं विषय बहसमा आउनु स्वभाविकै हुन्छ। इतिहासका चश्माले वर्तमान नियाल्दै यस लेखमा भने पार्टी, नयाँ दलको गठन र स्वतन्त्र उम्मेदवारका आधार, पार्टी फेरबदलका कारण र परिणामबारे नै केन्द्रित हुनेछ। व्यवहारिक राजनीति अभ्यासमा एउटा चुनाव सक्किने बित्तिकै अर्को चुनावको रणनीति र कार्यनीति सुरु हुने गर्छ। पार्टी भित्रका गुट पनि त्यतिकै सक्रिय हुन्छन्। उम्मेदवारी विश्वस्त नभए अन्य दलबाट आश्वस्त हुने वा स्वतन्त्र बन्ने महत्त्वकाङ्क्षी अर्को योजना बनाउन थाल्छन्। चुनावी तिथिमिति नजिकिँदा उत्तेजना र अतिउत्तेजनाका खेल बढ्दै जान्छ। चुनाव विचार, सिद्धान्तले नभई धन र जोगाडले हुन थालेपछि जोकसैमा पनि सम्भावना अन्यत्र खोजी हुनु स्वभाविकै बन्छ।

नरेन्द्रजंग पिटर

स्वतन्त्र वा नयाँ दलले विगतमा महत्त्वपूर्ण विजय हासिल गरेका नजीरले आगामी चुनावमा त्यो सङ्ख्या ह्वात्त बढ्नेछ। वेष्ट मिनिष्टर संसदीय प्रणालीमा सामान्य अङ्कले पनि सत्ता खेल बनाँउछ, बिर्गाछ।

राजनीतिको गम्भीर मोडपछि नयाँ पात्र र प्रवृत्ति सतहमा देखा पर्छन्। समाजका सोच, पक्षधरता र चिन्तनका प्रतिनिधि मैदानमा उत्रिन्छन्। ऐतिहासिक परिवर्तनका मोडले सरकारको मात्रै नभई सत्ता चरित्रको निरन्तरतामा क्रमभङ्गता गरिदिएपछि शासक वर्ग, चिन्तन, अभ्यासमात्रै फेरबदल पार्दैन नायक र खलनायकको चरित्र पनि फेरिदिन्छन्। फेरिएको अवस्थामा कतिपय पुराना खेलाडी नयाँ पार्टीमा परिचय बनाउन पुग्छन् भने कतिपयले नयाँ नामधारण गरेर नयाँपार्टी खोल्छन्। त्यसैबीचमा सत्ताका छिनाझप्टी सक्रिय हुने गर्छ।

इतिहासमा चुनाव

सभ्यताको विकासक्रममा राजनीतिको सरल तरिकाले बुझ्न व्याख्या आवश्यक हुन्छ। राज्यको अस्तित्वसँगै वैधानिकता पनि तेत्तिकै आवश्यक पर्छ। सत्ता यथास्थिति खलबलिन दिँदैन र समाज भने यथास्थितिमा रहन चाहँदैन। तब समाजमा द्वन्द्व हुन्छन्। ती विद्रोह, क्रान्ति वा आन्दोलनका आधार बन्छन्। व्यवस्थामा आउने हेरफेरसँगै समाज र सोचमै उथलपुथल हुन्छ। हरेक परिवर्तनले नयाँ आशा जगाएर सामाजिक समूहमा महत्त्वाकाङ्क्षा जगाउँछ। पात्र र प्रवृत्तिका रूपमा नयाँ भूमिकामा नयाँ स्वार्थ समूहहरू देखा पर्छन्।

व्यवस्थाको क्रमभङ्गता भने चुनावबाट नभई विद्रोह, आन्दोलन वा क्रान्तिबाट मात्रै हुन्छ। व्यवस्थासँगै शासन चरित्र नै हेरफेर आएपछि शासनका चरित्र, विचार र अभ्यास पनि फेरिने नै भयो। राणाकाल, पञ्चायत र बहुदलकाल पनि

चुनाव भए।
व्यवस्थाको आमूल परिवर्तनसँगै नयाँ खाले जागरण र महत्त्वाकाङ्क्षाका भोक जाग्छ। पहिचानको भोक र राज्यको मूलधारबाट बहिष्कृत वा अपहेलना खेपिरहेका समूहमा आत्मबल चुलिन्छ। इच्छाशक्ति उम्रन्छ, झाँगिन्छ। त्यसका असरहरू आमचुनावमा नयाँपार्टी वा स्वतन्त्र उम्मेदवारका रूपमा देखा पर्छन्।

संसारमै पहिलो चुनाव इशापूर्व ५०८ युनानमा भएको थियो। राजा, महाराजा, युद्द सरदारहरू आफूलाई दैवीशक्ति प्राप्त भनेर वंशानुगत शासनको निरन्तरता दिन्छन्। वर्चश्व कायम गर्न, बढाउन युद्द वा धर्मको साहरा लिइन्छ। समय अनुसारका दण्ड वा पुरस्कार तय गर्न सैनिक र कानुन व्यवस्था गरिन्छ। भय र प्रलोभनले मात्रै समाज हाकिँदैन, जनअनुमोदनको मानसिक अस्त्र चलाउन आवश्यक पर्ने भएकाले चुनाव र अदालत आवश्यक पर्छ।

इतिहासको नजरमा चुनाव

बितेका ७६ वर्षमा नेपालमा पनि अनेकौँ पार्टी र व्यक्तिहरू देखा पर्दै गए। चुनाव हुँदै गयो। कतिपय ती अब अस्तित्वमा छैनन्।
चुनावका रूप, हैसियत र अवस्था फरक भए पनि पद्म शमशेरको पाला २००४ काठमाण्डु नगरपालिकाको चुनाव नै नेपालको पहिलो चुनाव हो। जनकमान श्रेष्ठ पहिलो नगर प्रमुख बने। ०७, ०१७, ०४६-४७ र ०६२-६३ मा शासन पद्धतिका रूप मात्रै होइन गुणमै फेरबदल भएपछि चुनावले नयाँ सन्देश, संकेत दिँदै नयाँ भाष्य तयार गर्दै गयो।

२००७ साल पहिला राजनीतिक पार्टीहरू अवैधानिक भएकाले भूमिगत रूपमा सक्रिय थिए। जुन आदर्शकासाथ ०७ सालको क्रान्तिमा सहभागी भए, सत्तामा पुग्ने बित्तिकै जोगाउन भने सकेनन्। सत्तासँग आदर्श पचाइदिने शक्तिशाली पाचक हुन्छ। पार्टीमा टुटफुट हुँदै गए। चतुर राजा महेन्›ले खुब खेलाए। राणाशासन अन्त भएको आठ वर्षपछि अर्थात २०१५ सालको भएको पहिलो संसदीय चुनावमा क्रान्तिपूर्वको तीन पार्टी र अन्य गरी नौ पार्टीले चुनावमा भाग लिए।

०७ साल पहिला प्रजापरिषद्, नेपाली कंग्रेस, नेपाल कम्युनिष्ट पार्टी सक्रिय रहेकोमा २०१५ को चुनावमा नौ पार्टीले भाग लिए। चार पार्टी नेपाली कंग्रेस, नेपाल राष्ट्रवादी गोर्खा परिषद्, संयुक्त प्रजातान्त्रिक पार्टी नेपाल र नेकपाले सदनमा मान्यता पायो। स्वतन्त्र उम्मेदवारले १६.७ मत सुरक्षित गरेर चार सिट जिते।

३० वर्षे पञ्चायतकालमा पनि चुनाव भए। पञ्चायती चुनाव अभ्यासमा सरकारी र विरोधी उम्मेदवार पनि हुन्थे। सरकारी उम्मेदवारको व्यवस्थापन र विरोधीको तेजोबध अञ्चलाधीशले गर्थे। व्यवहारिक राजनीतिक शक्ति मन्त्री र राष्ट्रिय पञ्चायत सदस्य (रापस) भन्दा पनि दरबारी अभ्यास अञ्चलाधीश मार्फत हुन्थ्यो।

गाउँफर्ककालीन पञ्चायती चुनावमा गाउँको वार्ड सदस्यमा विजय नभई माथिल्लो कुनै तहमा पनि प्रतिस्पर्धा गर्न पाइँदैनथ्यो। पञ्चायतभित्रकै द्वन्द्व यति घमासान थियो की राजा महेन्›सँग सूर्यबहादुर थापाको परिचय गराई दिने विश्वबन्धु थापालाई प्रधानमन्त्री थापा लोथरमा स-शरीर उपस्थित भएरै चितवन भण्डाराको वार्ड सदस्यमै सुकुचासँग हराइदिएर पञ्चायती राजनीतिको विश्वबन्धुको तगारो बनिदिए। धेरैजसो कंग्रेस कम्युनिष्टहरू विभिन्न तर्क र

बहानाले पञ्चायत प्रवेश गरेता पनि २०२८ को स्नातक तर्फको चुनावमा रामराजाप्रसाद सिंह निर्वाचित हुनुले पञ्चायतमा खैलाबैला भयो। २०३८ सालको निर्वाचनमा ६५ हजार ७ सय ७७ मत पाएर कमल चित्रकार विरुद्ध विजयी भएकी नानीमैयाँ दाहाल पञ्चायत विरुद्धको व्यङ्ग्यचित्र नायिका बनिन्।

गाउँफर्क र पञ्चायत नीति तथा जाँचबुझ समिति (पनिजावस) कडा स्वीकृतिमा चुनाव हुन्थ्यो। कडा परीक्षण चुनावी गेटपास हुन्थे। मजदुर किसान पार्टी (नेमकिपा) र रूपचन्द विष्टले तोड्न सुरु गरे। नेमकिपाका कर्ण हैँजुको आस्था र प्रतिबद्धता सरकारले किन्यो र भक्तपुर दुर्घटनामा फेरियो। नेमकिपाबाट विजयी रापस कर्ण हैज्यु हत्या काण्ड (पार्टीको नीति र आचरण पालन नगरेर पञ्चायती मूलधारमा बगेको हैँजुमाथि आरोप थियो)।

कांग्रेसभित्रको बखानसिंह गुरुङको ३८ से समूहले पनि चार जना प्रतिनिधि राष्ट्रिय पञ्चायतमा पठायो तर, उनीहरूले विष्ट र पद्मरत्न तुलाधरको झैँ सदनमा भूमिका खेलेको देखिएन। ०४३ सालको चुनावमा नेकपा मालेको जनपक्षीय हस्तक्षेपले पञ्चायतभित्रकै प्रतिपक्ष स्वर अझ सशक्त भयो। रापसका स्वतन्त्र उम्मेदवारका सामाजिक छवि, वैचारिक दृढता र भूमिकाले कारण चुनावमा खडा भए। जनअपेक्षा अनुसारै भूमिका निर्वाह पनि गरे।

विचारको हस्तक्षेप

रूपचन्द विष्टको थाहा आन्दोलन र सदनमा उनको वैचारिक प्रहार र दवाव चरममा पुऱ्यायो। विष्टको सोच र भूमिकाले पञ्चायत त्रसित बन्यो। विष्टको वैचारिक आन्दोलन 'थाहा' कुनै पनि विषयप्रति धारणा बनाउनु र भूमिकामा उत्रिनु पहिला सो विषयमा गहिरो तरिकाले थाहा पाउनु पर्छ भन्ने थियो। भिड जनमत बन्न सक्दैन र भिडलाई जनतामा फेर्ने भनेकै चिन्तक, अभियन्ता वा राजनीति नेतृत्वको मुख्य भूमिका हो भन्ने 'थाहा' आन्दोलनका वैचारिक पुरोधा विष्ट पञ्चायतकालको एकात्मक सदनमा वास्तविक प्रतिपक्षी र जनप्रतिनिधि बने।

०४६/४७ सालको जनआन्दोलनले जडता र आग्रह तोडेर राजनीतिमा छोइछिटो गर्ने कंग्रेस र कम्युनिष्टलाई एकै मञ्चमा पुऱ्यायो। त्यसले राजनीतिका रूपमात्रै फेरेन चुनावका चरित्र, पार्टी र व्यक्ति पनि फेऱ्यो। ०४८ सालको आमचुनावमा १८ पार्टीले भाग लिए। ४.१७ प्रतिशत स्वतन्त्र उम्मेदवारले मत पाए। तीन जना स्वतन्त्र उम्मेदवार विजयी भए। निर्वाचित सबै नेपाली कांग्रेसमा समावेश भए। १५ सालको निर्वाचनमा सहभागी दलमध्ये ०४८ मा कांग्रेस र कम्युनिष्टले मात्रै भाग लिए। तर, २०१५ सालमा नेकपा एउटा थियो भने ०४८ सालमा भने सात पार्टी बनिसकेका थिए। तराई कंग्रेस पनि सद्भावना पार्टीमा फेरिएको थियो। ०६२/६३ सालको परिवर्तनपछि सत्ता चरित्र र निर्वाचन पद्धति नै हेरफेर भए। ०६३ साल पहिला नदेखिएका पार्टी र चरित्रहरू राजनीतिक मञ्चमा एकाएक देखा पर्दै गए। पहिचानको विषय आन्दोलनको शीर्ष स्थानमा पुगेपछि थारु, जनजाति, मधेश, महिला र दलित समूह सुषुप्त रहेको चेतना भूमिकामै देखियो। पहिलो संविधानसभा हलमा समानुपातिक सहितको चुनावी परिणामले सदनको उपस्थितिमा देशकै समग्र चित्र देखिन्थ्यो। त्यो अदभूत दृष्यले परम्परागत शक्ति सन्तुलन खजमजिएर राजनीतिमा नयाँ परिभाषा थालनी भए। नयाँ दलहरू र स्वतन्त्र

व्यक्तित्वहरू राष्ट्रिय राजनीतिमा महत्त्वपूर्ण भूमिकाको अग्रस्थानमा पुगे।

पुराना सत्ताको प्रतिनिधि

गणतन्त्रको पहिलो देश फ्रान्सको राज्यक्रान्तिको देशमा अझै एउटा सानो समूह हरेक वर्ष राजतन्त्रको पक्षमा झिनु जुलुस निकाल्छ। हरेक देशमा क्रान्ति, वि›ोह वा आन्दोलनपछि पनि पुराना व्यवस्थाका प्रतिनिधि नयाँ नाम वा पार्टीका रूपमा सक्रिय हुन्छन्। राणा शासनको अन्त्यपछि अर्थात ०७ सालपछि सत्ता गुमेका अभिजात तप्का खुकुरी दल मार्फत सक्रिय भए भने १५ सालको चुनावमा गोर्खा परिषद्को नाममा चुनावमा देखिए। भरत शमशेरको गोर्खा परिषद् प्रमुख प्रतिपक्ष दल पनि बन्यो। ०१७ सालपछि भने नेपाली कंग्रेसमा विलीन भयो।

पञ्चायत व्यवस्थाको अन्त्यपछि पूर्वपञ्चहरू राष्ट्रिय प्रजातन्त्र पार्टी सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द समूहमा एकैपटक उदय भयो। पूर्व प्रधानमन्त्री मरिचमान श्रेष्ठको सेभ द नेसन। कालान्तरमा थापालाई कंग्रेसले प्रधानमन्त्री बनायो भने चन्दलाई एमालेले। ०६४ पछि पनि राजतन्त्रवादीको राप्रपाका नाममा सक्रिय भए भने सांस्कृतिक राष्ट्रवाद भनेर कैयौं साना पार्टी पनि देखा परे।

समानुपातिक प्रणालीभित्रको कुरा

नयाँ संविधानले चुनावी प्रणालीमा समानुपातिक व्यवस्था गऱ्यो। प्रतिस्पर्धामा वर्ग, जाति, क्षेत्र, भाषा, संस्कृतिका वास्तविक समानुपातिक प्रतिनिधित्व होस् भन्ने स्पिरिट थियो। तर, पार्टीलाई राजनीतिक जिमदारी सोच्ने नेतृत्व तप्काले संविधानको मर्म र स्पिरिट पालना हुन सकेन। व्यवस्था त फेरियो तर राजनीतिक संस्कृति र अभ्यास भने फेरिएन। समानुपातिक चुनाव प्रणाली ठट्टा बन्न पुग्यो। सबैले विभत्स अभ्यास गरे। पार्टीको पद किनबेच वा नेतृत्वले मन खाएका कार्यकर्ताको भर्ती समानुपातिक चुनावी बहाना बन्न पुग्यो। कतिपय चुनावमा प्रतिस्पर्धामा उत्रिन नचाहनेहरूको सत्तामा पुग्ने शीर्षक पनि।

राष्ट्रियसभाको अवस्था पनि त्यस्तै भयो। राज्यलाई आवश्यक प्राज्ञ, विज्ञ, चिन्तक र सीमान्तकृत प्रतिनिधित्वको परिकल्पना हो तर ती अभ्यासमा देखिएनन्। एकाध व्यक्तित्व बाहेकले संसदमा जिम्मेवारी निर्वाह गर्न सकेनन्।

शासन व्यवस्था आफैं नराम्रो हुँदैन, तर प्रयोग कुन नियतका, कसले र कुन हैसियतकाले गर्छन् भन्नेमा भर पर्छ। त्यसै अनुसार पार्टी वा स्वतन्त्रको परिचय र संस्कार बन्छ। जुन उद्देश्यका लागि जे बनेको हुन्छ, त्यही उद्देश्यमा प्रयोग गरिएन भने व्यवस्थालाई दोष नभई प्रयोगकर्तालाई जान्छ। नियत परिणामले देखाँउछ। पार्टी, संघ, संस्थाका सिद्धान्त अनुसार अगुवा र कार्यकर्ताहरू चल्न सकेनन् भने ती ट्रेडमार्कमा मात्रै खुम्चिन्छन्। संविधान कस्तो बन्यो भन्दा पनि लागुकर्ताको राजनीतिक संस्कृति र प्रतिबद्धता कस्तो छ त्यसै अनुसार राजनीतिक अभ्यास हुँदोरहेछ। जुन संवैधानिक स्पिरिट समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरियो, त्यसै अनुरूपै पार्टीहरूले राजनीतिक संस्कृति देखाउन नसक्दा त्यसको मर्म थेग्न सकेनन्।

कुरा नयाँ दल र स्वतन्त्र प्रतिनिधिका

०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा सहभागी दलमध्ये सदनमा १२ पार्टीको उपस्थिति भयो। तीन नयाँ दल

राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, र नागरिक उन्मुक्ति पार्टीको सदन प्रवेशले भिन्नै अर्थ र महत्त्व राखे। निर्वाचित भएका पाँच स्वतन्त्र सांसदहरूमा अमेरशकुमार सिंह, प्रभु साह, लालवीर चौधरी, योगेन्द्र मण्डल र किरणकुमार साह छन्। चौधरीपछि नागरिक उन्मुक्ति पार्टीमा प्रवेश गरे। देशभर नगर प्रमुखका लागि कुल ३ हजार ४ सय ९९ जनाले उम्मेदवारी दिँदा १ हजार ३ सय ९३ जनाको स्वतन्त्र उम्मेदवारी थियो। गाउँपालिका अध्यक्षका २ हजार ३ सय ८७ मध्ये १ हजार ३२ जनाले स्वतन्त्र उम्मेदवारी दिएका थिए। उपमेयरमा २ हजार १ सय ५८ मध्ये ३ सय ९६ स्वतन्त्र थिए। उपाध्यक्षका लागि २ हजार ४ सय २ जनामा ३ सय ६४ स्वतन्त्र थिए। वडाध्यक्षका ३५ हजार २ सय ६५ जनामा ५ हजार ८ सय ९७ स्वतन्त्र उम्मेदवारी दिए।

नयाँ दलका आधार

अन्यत्रका नजीर पनि हेरौँ। भारतमा २७ मे सन् १९९७ मा भारतीय जनता पार्टीका प्रधानमन्त्री अटल बिहारी वाजपेयीको सरकार १३ दिनमै विश्वासको मत लिन नसक्दा ढलेपछि एचडी देवेगौडा प्रधानमन्त्री भए। ४६ सांसद मात्रै हुँदा १३ दलको समर्थनमा देवेगौडा प्रधानमन्त्री भएका थिए। बेलायतमा एडवर्ड हीथले लिबरल पार्टीका नेता जेरम थोरपसँग सत्ता साझेदारीका विषयमा सहकार्य प्रयास गरे। हिथले सन् १९७४ फेब्रुअरी २८ मा चुनाव घोषणा गरेर बलियो सरकारको अपेक्षा थियो। तर हाउस अफ कमन्समा कुनै पनि दललाई बहुमत प्राप्त भएन, त्रिशङ्कु संसद् बन्यो। ब्रिटेनलाई युरोपियन इकोनमिक्समा लैजाने कन्जरभेटिभ हीथ सन् १९७०-१९७४ सम्म प्रधानमन्त्री थिए। हङ्ग पार्लियामेन्ट हुनु नै स्वतन्त्र वा नयाँ दलहरूको भाग्य, भविष्य र अस्तित्वको आधार हो। नेपालमै पहिला देउवा सरकार गिराउन शाह र शाही प्रकरण, एमालेको समिट होटल प्रकरण होस् वा राप्रपाका सांसदहरूको बैंकक भ्रमण इतिहासका कुरूप नजीर बनेका थिए। अझ राष्ट्रिय दल नभएपछि त सांसदहरू दल परिवर्तन गर्न गराउन सहज हुँदो रहेछ।

नेतृत्वमा स्वत्व व्यक्तित्वको टकराब बनेर शत्रुतामा फेरिएपछि पार्टी फुटेर नयाँ दल बन्छन्। चुनौती दिन सक्ने कार्यकर्तालाई नेतृत्व विकास हुन नदिएर स्थानीयमै सीमित पार्न खोजिन्छ। तब मतदातामा पुराना दलप्रति मोहभङ्ग आफ्नै हैसियत देखाउन पनि स्वतन्त्र उम्मेदवार बन्न सक्छन्। आफ्नालाई विश्वास न गर्नु, आफ्नो सिद्धान्त, आचरण, आर्दश भर नपर्नु र पराईको भर परेर सत्तायात्रा गर्ने चाहना गठबन्धनका आधार बन्छन्।

पुराना दलप्रतिको जनतामा वितृष्णाको प्रतिकृया। नयाँबाट केही होलाकी भन्ने अपेक्षा हुन्छ। दलभित्र योग्य, दक्ष र लोकप्रिय व्यक्तिको उचित मूल्याङ्कन नहुनु। राजनीतिक भविष्यको असुरक्षा। सिद्धान्त अनुसारका आदर्श नभएपछि स्थापित शक्तिप्रतिका प्रतिकृया। जब पुराना वा सिद्धान्तवादी पार्टी नीति, विचार र कार्यक्रम हुँदैन, गुट सक्रिय हुन्छन् वा भ्रष्टपथ राजनीतिको मूल चरित्र बन्छ, तब नयाँसँग आशा र अपेक्षा बढछन्। त्यसलाई महत्त्वाकाङ्क्षाले उपभोग गर्छन्। जातीय र धार्मिक प्रतिनिधित्वको खोजी तुजुगको प्रदर्शन र पहिचानको खोजी गर्छन्।

प्रत्यक्ष निर्वाचित हुन नसके पनि समानुपातिक मतले सदनमा पुग्ने अपेक्षा। राजनीति व्यवसाय बनेपछि सदनमा एकाध सिट भएपनि हङ्ग पार्लियामेन्टमा सरकार बनाउन र गिराउने खेलको खेलाडी बन्न सक्ने चाहना। एकाध लोकप्रिय काम र

वि.सं. २०७४ मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अगाडि इन्सेकले प्रकाशन गरेको पोस्टर

स्थापित मुक्तिप्रतिको उग्र प्रतिकृयाले सामाजिक सञ्जाल वा मिडियाको कुशल व्यवस्थापनले नयाँ आधार तयार गर्नु।

स्वतन्त्र उम्मेदवारीको सन्दर्भ

गुट मौलाएपछि योग्य, दक्ष, सक्षम र लोकप्रिय उम्मेदवारको चयन नभई गुटियार र आफन्तले मौका पाँउछन्। त्यसको प्रतिकृया स्वतन्त्र उम्मेदवारका आधार बन्छन्। अझ कुनै दिन विचार, विवेक र सपना आन्दोलन र पार्टी बन्ने गर्थ्यो तर अहिले विवेकी, कार्यकर्ता बन्नै सक्दैनन्। प्रतिस्पर्धीसँग घृणालाई मलजल नगरी उत्तेजना पैदा हुँदैन। प्रतिकृया उत्पादन गर्ने घृणा शक्ति हो। उम्मेदवारीको चाहना, कोशिस सके पार्टीबाट टिकट लिने, नसके अन्य पार्टीबाट लिने वा स्वतन्त्र लड्ने त्यो पनि नसके जित्न नभई हराउन उम्मेदवार बन्ने हुन्छ। पार्टीहरूमा गुट, उपगुटको सक्रियता बढेपछि स्वाभिमानी र लोकप्रिय कार्यकर्ता पाखा लाग्छन्। पार्टीको उम्मेदवारी नपाएपछि विकल्प खोज्दा स्वतन्त्र उम्मेदवार बन्ने गर्छन्। सामाजिक पहिचानको भोक र इख जागेपछि 'म पनि केही हुँ' भन्ने देखाउन

उम्मेदवारी दिइन्छ। जिते राजनीतिक व्यवसाय हुन्छ नत्र सामाजिक क्षेत्रको नयाँ पहिचान बनाइन्छ। शक्तिशाली प्रतिस्पर्धीको भोट कटाउन पनि डमी उम्मेदवार खडा गरिन्छन्। निर्वाचन आयोगले व्यवस्थापनको सीमालाई कायम गर्न मुख्य प्रतिस्पर्धीले डमी उम्मेदवारको साधन र स्रोत उपयोग गर्न पनि स्वतन्त्रका नाममा खडा गरिन्छ।

मतदाताको मनोविज्ञान

नायक खलनायकमा फेरिएपछि वा राजनीतिक व्यवसायीको मैमत्तभावले मतदातामा निराशा बढाउँछ। मूलधारका राजनीतिक पार्टीमा आएको आदर्शको विघटन, मौलाएको भ्रष्टतन्त्र, परिवर्तनको प्रतिनिधित्व गर्न नसक्दा जनमत निरास हुन्छ। निराशाको प्रतिकृयामा स्वतन्त्र उम्मेदवार वा नयाँ पार्टीमा देख्न पुग्छन्। समाजमा पुरनाबाट वाक्क भएर नयाँ चाहना हुन्छ। विकल्पको खोजी हुन्छ। सामाजिक मनोभावका कारण आमूल परिवर्तनलाई पहिलो पटक एकाएक आत्मसात गर्न सक्दैन। सुरुमा बाध्यतावश गर्छन्, दोस्रोमा अभ्यस्त बन्दै जान्छन्, अन्तमा जीवन पद्धति बनाउन पुग्छन्। केही मान्छेहरू भने नयाँ कुरा सोच्नु पर्छ भन्ने सोच पनि राख्दैनन्। परम्परा भनेको यथास्थितिको सहज, सरल जीवन अभ्यास हो। मानव सभ्यताको विकास, धर्म र संस्कृति त्यसले पार्ने हाम्रो समाजिक विकास र असरबारे गम्भीर छलफल गर्न रुचाउँदैनन्। पुराना शक्तिले भने मन, वचन र कर्मले नयाँ कुरा स्वीकार्न नसकेर नयाँ राजनीतिक परिचयमा देखिन्छन्। पुराना सोच नयाँ आवरणमा सक्रिय हुन्छन्। सांस्कृतिक राष्ट्रवादको वैचारिक बन्छ। निरपेक्ष स्वतन्त्र कोही हुँदैन। तर, विवेकले धारणा बनाएर पार्टीविहीन स्वतन्त्र नागरिक हुनु औधी कठिन हुन्छ। भीड बन्न सके पनि नागरिक बन्नु अझ औधी गाह्रो हुन्छ।

व्यक्तित्वका पहिचान भोकले छटपटिएका किन यस समाजमा जन्मने भूमि पाउँछन् ? त्यो परिवेश तयार कसरी हुन्छ ? अवस्था के हो ? उपचार के हो ? त्यसका उत्तेजनाका आधार के, के हुन् ? के त्यसलाई गम्भीर तरिकाले विवेचन त्यसलाई गम्भीर विवेचन आवश्यक पर्छ ? ऐतिहासिक र आन्दोलनले बनेका पार्टीहरूले सिद्धान्तको राजनीति सुविधाको राजनीतिलाई अभ्यास गर्न थालेपछि प्रतिकृयामा नयाँ पार्टी देखिन्छन्।

अन्त्यमा

सिद्धान्त र ऐतिहासिकता नभएका पार्टीहरू खहरे झैँ हुन्छन्। खहरेको नियति या त सुक्नु हुन्छ या नदीमा मिसिनु पर्छ। तर, जतिबेलासम्म खहरे गडगडाउँछ तबसम्म छेउ किनारामा उत्पात मच्चाइ सकेको हुन्छ। सानो सङ्ख्याले पनि सरकार बन्ने र भत्कने मौका दिँदा भाग्य अर्जाप्न स्वतन्त्र उम्मेदवार बन्छन्। जनताबाट भीडमा फेरिएका मतदाताले पुराना शक्तिबाट वाक्कदिक्क भएर निराशा हुँदै नयाँ शक्तिलाई छान्ने गर्छन्। पार्टीमा योग्यता र क्षमताको कदर नहुनु वा गुट राजनीतिलाई विश्वास नगर्दा राजनीतिक भविष्य नदेखेर पनि स्वतन्त्र उम्मेदवारी दिइन्छ। डमी उम्मेदवारी पनि स्वतन्त्र उम्मेदवारी दिएर राजनीतिक व्यापार गर्न सक्छन्।

(पिटर, राजनीतिक विश्लेषक हुनुहुन्छ।)

निर्वाचन र सोसल मिडिया

आवधिक निर्वाचन र स्वतन्त्र मिडिया दुवै लोकतन्त्रका पर्याय हुन्। राजनीतिक 'पब्लिक स्पेयर'मा नागरिकलाई स्वतन्त्र र स्वायत्त हिसाबले सहभागिता जनाउन दिइँदैन भने त्यहाँ लोकतन्त्र जीवित रहन सक्दैन (मेयर,२००२)। त्यसैले निष्पक्ष निर्वाचनर निर्वाध रूपमा त्यसको प्रचारप्रसार लोकतन्त्र बलियो बनाउने आधार मान्न सकिन्छ। लोकतान्त्रिक प्रक्रियालाई अगाडि बढाउन मिडियाको स्वतन्त्रता अनिवार्य हुने गर्छ। खरेल (२०१०) का अनुसार राजनीतिक दललाई नेतृत्वमा पुऱ्याउनेदेखि तिनलाई मिल्काउनेसम्ममा मिडिया क्याम्पेनिङको भूमिका रहन्छ। मूलधारका माध्यममा निहित त्यसैखाले भूमिका अहिले सोसल मिडियातिर 'ट्रान्सफर' भएको पाइन्छ।

ऋषिकेश दाहाल

निर्वाचन प्रक्रियालाई सघाउने गरी मतदाता शिक्षादेखि उम्मेदवारलाई चिनाउने र चुनावी प्रचार अभियानलाई गति दिनेसम्मको भूमिकामा मिडिया रहन्छ। राजनीतिक दलका एजेन्डा मतादाताबिच पुऱ्याउने र योग्य उम्मेदवार पहिचान गराउने भूमिकामा यसको उपस्थिति खोजिएको हुन्छ। तर,पछिल्लो समय विकसित भएको सोसल मिडियाले परम्परागत आमसञ्चारका माध्यमलाई पुन: परिभाषित गर्नुपर्ने स्थितिमा पुऱ्याएको छ भने पब्लिक स्पेयरको दायरा फराकिलो बन्न पुगेको छ। सोसल मिडियाको पहुँच जनस्तरमा यसरी पुगेको छ कि कुनै पनि राजनीतिक दलका नेता मत माग्न घरदैलो पुग्नुभन्दा अगाडि नै सोसल मिडिया मार्फत् उनीहरू माथिको दृष्टिकोण मतदाताको मानसपटलमा स्थापित भइसकेको हुन्छ। अखबार, टेलिभिजन, रेडियो र पछिल्लो पुस्ताको अनलाइन माध्यमको प्रकृतिभन्दा नयाँ माध्यमका रूपमा उदाएको सोसल मिडियाको प्रकृतिमा केही भिन्नता छन् जसले यसलाई बहुआयामिक र अन्तरकृयामुखि बनाएको छ। परम्परागत माध्यमभन्दा फरकखाले चरित्र बोकेको सोसल मिडियाको उपस्थिति निर्वाचनका सन्दर्भमा कस्तो रह्यो र आगामी दिनमा कस्तो प्रभाव रहने छ भन्नेमा यो लेख केन्द्रित छ।

सोसल मिडियाको उदय, परम्परागतको ओरालो यात्रा

एक्काइसौं शताब्दीको थालनीसँगै सोसल मिडियाको उदय भएको हो। सूचना प्रविधिको युगमा २.० भर्सनले अन्तरकृयालाई थप उचाइमा लग्यो जसको जगमा सोसल मिडियाले प्रभाव कायम गर्न सकेको हो। सस्तो हुँदै आएको इन्टरनेट प्रविधि र कम्प्युटरमा आधारित ग्याजेटमा भएका नयाँनयाँ अन्वेषणले सूचना प्रविधि सबैको पहुँचमा पुग्न सकेको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार सन् २०१० मा नेपालको कूल जनसङ्ख्याको १०

प्रतिशतभन्दा कममा उपस्थिति जनाएको इन्टरनेट प्रविधि सन् २०२४ मा आइपुग्दा कूल जनसङ्ख्यालाई ३५ प्रतिशतभन्दा बढीले उछिनिसकेको छ (एनटीए,२०२३)। इन्टरनेटमा आएको यही उछालसँगै असङ्ख्य सोसल मिडियाहरूको पनि उदय भयो। तीमध्ये केही माध्यम यति धेरै प्रभावकारी सावित भएका छन् कि तिनको उपस्थितिबिना आर्थिक, सामाजिक वा राजनीतिक गतिविधि ठप्पजस्तै हुने स्थिति पैदा भएको छ।

नयाँ माध्यमका रूपमा सोसल मिडियाको उपस्थितिको दायरालाई फराकिलो बनाइरहँदा परम्परागत तथा लामो विरासत बोकेको अखबारको बिक्री वितरणमा कमी आइरहेको छ। प्रकाशनको सङ्ख्यामात्र होइन, अखबारको पृष्ठसङ्ख्या समेत लगातार घट्दोक्रममा छ। नेपालमा अखबारको सर्कुलेसन लगातार घटिरहेको मिडिया सञ्चालकले नै स्वीकार गरेका छन् (श्रेष्ठ, दाहाल र कार्की,२०२१)। अखबारको यात्रालाई डिजिटलमा आधारित अनलाइन र सोसल मिडियाले उछिनिसकेका छन्। सूचनाको महामार्गमा इन्टरनेट र त्यसमा आधारित ग्याजेट बिस्तारको रफ्तारले अखबारदेखि रेडियो हुँदै टेलिभिजनसमेत 'सङ्कटको' अवस्थामा पुगेका छन्। भिडियो सेयरिङ एप्लिकेसनहरूले टेलिभिजनका दर्शक खोसेको छ भने रेडियोलाई पोडकास्टले धकेलिरहेको छ। दाहाल (२०२२) का अनुसार फेसबुक, ट्विटर, युट्युब, टिकटकजस्ता सोसल मिडियाका प्रयोगकर्ता आफैँले प्रत्यक्ष प्रसारण गर्न सक्ने भएपछि सीमित व्यक्तिको नियन्त्रणमा रहेको सञ्चारका सामग्री उत्पादन क्षमता असीमित जनसमुदायको नियन्त्रणमा पुगेको छ।

परम्परागत माध्यमको उपस्थिति कमजोर हुँदा सूचना प्रवाहमा अपत्यारिलो परिवेश उत्पन्न भएको छ। सोसल मिडियाको उपस्थितिले सूचनाको प्रवाहलाई व्यापक बनाएको छ। तर, यसका प्रयोगकर्ताले उत्पादन गरेका सामग्री परम्परागत माध्यममा हुने सम्पादनको लामो प्रक्रिया पूरा नगरी सर्वसाधारणसम्म पुग्ने भएकाले जोखिम पनि उत्तिकै निम्त्याएको छ। नेपाली समाजमा यतिखेर 'भाइरल कन्टेन्ट'को जगजगी बढ्दो छ। परम्परागत माध्यमका सामग्रीसमेत सोसल मिडियाबिना जनस्तरमा पुग्न नसक्ने स्थिति बनेको छ। सञ्चारमा नयाँखालको 'इकोसिस्टम' तयार भइरहँदा सञ्चारको बजार चाहिँ लोकरिझ्याइँले 'अपहरण' गरिरहेको एकथरीको विश्लेषण छ। त्यही लोकरिझ्याइँको चपेटामा परम्परागत माध्यमको ओरालो यात्रा जारी छ। कुनै माध्यम चर्चित छ भने त्यसमा लोकरिझ्याइँका सामग्रीको मात्रा धेरै छ भन्न सकिने स्थिति पैदा भएको छ। सोसल मिडियाको उदय र परम्परागत माध्यमको प्रभाव कम हुँदा एजेन्डा सेट गर्ने भूमिकाबाट अखबार, रेडियो, टेलिभिजन र अनलाइन माध्यम टाढिँदै गरेको देखिन्छ।

सन् २०१६ को तुलनामा २०२० को अमेरिकाको राष्ट्रपतीय निर्वाचनमा सोसल मिडियाको प्रयोग ५ सय ८६ प्रतिशतले बढेको तथ्य पिउ रिसर्च सेन्टरले गरेको अनुसन्धानबाट खुलिसकेको छ। सोसल मिडिया मार्फत् प्रवाह भएका सामग्रीको सेयर र रिट्विट पनि यी दुई निर्वाचनमा २६८ प्रतिशतले बढेको देखिएको छ (पिउ, २०२१)। इन्टरनेटको विकासक्रम र सोसल मिडियाको प्रयोग निर्वाचनमा कसरी भयो भन्ने यसखाले तुलना नेपालको सन्दर्भमा भएको पाइँदैन।

निर्वाचनमा सोसल मिडिया

सन् २००८ मा सम्पन्न संविधान सभाको निर्वाचनमा व्यवस्थित रूपमा

मिडियाका सामग्रीको अनुगमन भएको थियो। निर्वाचन आयोग,(२०१३) का अनुसार त्यतिबेला अन्तर्राष्ट्रिय समाचार संस्थाका हृयान्डलबाट हृयासट्याग सहित ट्विट भएका थिए। नेपालको निर्वाचनको विषयलाई लिएर अल जजिरा, बीबीसीवर्ल्ड, फक्स न्युज, एबीसी न्युज, अल पाइस, एनपीआर न्युज, वाल स्ट्रिट जर्नल, दी न्युयोर्क टाइम्स, ब्रेकिङ न्युज आदिले हृयासट्याग सहित ट्विट गरेका थिए। यी सबै ट्विटहरू समाचार सामग्रीका रूपमा सोसल मिडियाबाट प्रवाह भएका थिए।

२०१३ मा भएको दोस्रो संविधानसभा निर्वाचनको मिडिया अनुगमनमा पहिलो पटक सोसल मिडियाले स्थान पायो। त्यतिखेर माइक्रो ब्लगिङ साइट ट्विटर (हाल एक्स)को ट्रेन्डिङ कस्तो छ भनेर अनुगमन गरिएको थियो यद्यपि,निर्वाचन आयोगले सोसल मिडिया अनुगमनको विषयलाई प्राथमिकता दिएको थिएन। राजनीतिक पार्टीका उम्मेदवार तथा मूलधारका सञ्चार माध्यमहरू आचार संहिता पालन गरी मौन अवधिमा रहँदा निर्वाचनसम्बन्धी ट्विटको सङ्ख्या भने बढ्यो (निर्वाचन आयोग ,२०१३)। उक्त निर्वाचनमा सोसल मिडियाको प्रभाव सामान्यमात्रै थियो तर, त्यसले पनि भविष्यमा यसको प्रभाव बढ्ने पर्याप्त सङ्केत गरेको थियो। संविधानसभाबाट संविधान जारी भएपछि सन् २०१७ मा भएको निर्वाचनमा भने सोसल मिडियामाथि निगरानी हुन थाल्यो। यसो हुनुमा नेपालमा इन्टरनेटको प्रयोगमा भएको बढोत्तरी र वैकल्पिक माध्यमका रूपमा सोसल मिडियाको बाक्लो उपस्थिति नै कारण रहृयो।

त्यसो त निर्वाचन आयोगले पहिलो पटक २०५६ सालको आम निर्वाचनको परिणाम आफ्नो वेबसाइटमा राखेको थियो। आयोगले त्यही वेबसाइट मार्फत् मतदाता शिक्षा लगायत अन्य सूचना प्रवाह पनि गर्दै आएको छ। पछिल्लो समय आयोगले फेसबुक, युट्युब र ट्विटरजस्ता सोसल मिडियाको प्रयोग निर्वाचनका लागि प्रयोग गर्दै आएको छ। सन् २०१७ को निर्वाचनयता आयोगले सोसल मिडियाको मोनिटरिङ पनि थालेको छ। त्यसका लागि आयोगले 'निर्वाचन व्यवस्थापनमा सोसल मिडियाको उपयोगसम्बन्धी नीति' तयार गरेको थियो जसमा निर्वाचनका गतिविधि र मतदाता शिक्षा बढाउने उद्देश्य लिइएको छ। साथै, निर्वाचनमा मिथ्या सूचनाको प्रवाह हुनसक्नेप्रति पनि सचेत रहनुपर्ने गाइडलाइनमा उल्लेख गरिएको छ।

स्थानीय तहको निर्वाचन २०२२ मा आयोगले सोसल मिडियाबाट मिथ्या सूचना,दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति पोस्ट भइरहेको र त्यस्ता सामग्री अपलोड नगर्न चेतावनी दिइएको थियो (दाहाल २०२२)। आयोगको चेतावनीले सोसल मिडिया निर्वाचनका बेलामा कसरी जटिल समस्याका रूपमा उदाइरहेको छ भन्ने पाटोलाई उजागर गरेको छ।

सोसल मिडियामा राजनीतिक दलहरू

सन् २०२४ मार्चसम्म आइपुग्दा राजनीतिक दलहरूको सोसल मिडिया उपस्थिति बढ्दो देखिन्छ। सोसल मिडियामा दलको आधिकारिक अकाउन्टभन्दा नेताको अकाउन्टमा फलोअर सङ्ख्या अधिक देखिन्छ। प्रविधि प्रयोगमा राजनीतिक नेतृत्वको सक्रियता र सोसल मिडिया परिचालन गर्ने समूह समेत परिचालन गर्ने गरेको पाइन्छ। पार्टी अथवा नेताहरूको सोसल मिडिया निर्वाचनको समयमा धेरै सक्रिय हुने गरेको देखिन्छ। यस अध्ययनमा राजनीतिक दलले आफ्नो वेबसाइटमा 'प्लग इन' गरेका सोसल मिडियाका

एप्लिकेसनहरूलाई अनुगमन गर्दा परम्परागत माध्यमबाट नयाँ माध्यमतिर दलहरूको बढ्दो झुकाव प्रष्ट देखिएको छ।

सन् २०२४ को मार्चसम्म मुलुकका प्रमुख राजनीतिक दलका आधिकारिक सोसल मिडिया हृयान्डलमा उपस्थिति र त्यसका फलोअर बढ्दै गरेको देखिन्छ। यसमा पनि पुराना राजनीतिक दलको तुलनामा नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति बलियो देखिएको छ। युट्युब र माइक्रो ब्लगिङ साइट एक्समा प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रभन्दा राष्ट्रिय स्वतन्त्र पार्टीका धेरै सब्सक्राइबर र फलोअर रहेका छन्। फेसबुक फलोअरमा नेकपा एमाले सबैभन्दा अगाडि देखिन्छ। तर, तीन प्रमुख दलको राजनीतिक विरासतका तुलनामा ज्यादै पछि स्थापित राष्ट्रिय स्वतन्त्र पार्टीको फेसबुक फलोअर तीब्र गतिमा बढेको देखिन्छ। उक्त पार्टीको इन्स्टाग्राममा पनि उपस्थिति बलियो छ। फोटो तथा भिडियो सेयरिङ एप इन्स्टामा रास्वपालाई फलो गर्ने सङ्ख्या ११ हजारभन्दा माथि छ। जबकि अन्य दलले यस एप्लिकेसनमा उपस्थित जनाएका छैनन्। हाल नेपालमा प्रतिबन्धित अवस्थामा रहेको टिकटकमा पनि रास्वपाको बलियो पकड छ। उक्त भिडियो सेयरिङ एपमा झन्डै ७० हजार जनाले रास्वपालाई फलो गरेका छन्। बाँकी दलले इन्स्टा र टिकटकलाई प्राथमिकतामा राखेका छैनन्।

कसरी बढिरहेको छ भन्ने देखिन्छ। जनसङ्ख्याको ठूलो हिस्सा सोसल मिडियामा उपलब्ध हुन थालेपछि परम्परागत माध्यमबाट राजनीतिक दलको आकर्षण सोसल मिडियातिर ढल्केको हो।

संस्थागत रूपमा राजनीतिक दलको उपस्थिति सोसल मिडियामा जसरी बढिरहेको छ राजनीतिक दलका नेतृत्व पनि आफ्ना एजेन्डालाई जनसमक्ष पुऱ्याउन व्यक्तिगत रूपमा यसको प्रयोगमा सक्रिय छन्। प्रविधि मैत्री नेतृत्वले धेरैभन्दा धेरै सामग्री सोसल मिडियामार्फत् प्रवाह गर्दै आएका छन्। त्यसैका आधारमा उनीहरूको फलोअर सङ्ख्या पनि धेरै रहेको देखिन्छ। उदाहरणका लागि पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईको एक्समा फलोअर १५ लाखभन्दा माथि छ। त्यस्तै नेपाली कांग्रेसका महामन्त्री गगन थापाको १३ लाखभन्दा धेरै फलोअर छन्। काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको फलोअर ३ लाखभन्दा धेरै छन्। शीर्ष नेतातर्फ भने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सबैभन्दा अगाडि छन्। उनलाई एक्समा पछ्याउनेको सङ्ख्या ८ लाख ५० हजारभन्दा अधिक छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई झन्डै ५ लाखले, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई करिब ४ लाख ५० हजार र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई ४ लाखले पछ्याउँछन्।

राजनीतिक दलका नेतालाई

क्र.सं.	राजनीतिक दल	फेसबुक फ्लोअर	एक्स फ्लोअर	युट्युब सब्सक्राइबर
१	नेपाली कांग्रेस	३२००००	२१०००	२९००
२	नेकपा एमाले	३८१०००	८६००	१०००
३	नेकपा माओवादी केन्द्र	५६००	७०८	२९००
४	राष्ट्रिय स्वतन्त्र पार्टी	२६४०००	२२६००	८४००

उल्लेखित तथ्याङ्कले सोसल मिडियाप्रति राजनीतिक दलहरूको आकर्षण माइक्रोब्लगिङ साइटमा जति सङ्ख्यामा मानिसले पछ्याउँछन् त्यो नेपालका कुनै पनि

अखबारको सर्कुलेसनभन्दा धेरै हो। यस्ता माध्यमबाट राजनीतिक दलका नेताले सोझै आफ्ना कार्यकर्तासँग अन्तरकृया गर्न सक्छन्। धेरैभन्दा धेरै जनसङ्ख्यामा एकैसाथ पुग्न सक्ने भएकाले निर्वाचनका अवधिमा उनीहरूका लागि समाचार कक्षले गर्ने 'विभेद' अथवा 'गेट किपिङ'लाई सहजै पन्छाउन बाटो खुलेको छ। राजनीतिक एजेन्डा, प्रचार वा प्रोपागान्डाका लागि पनि सोसल मिडियाको प्रयोग चुनावी सन्दर्भमा बलियो 'हतियार' बन्ने देखिएको छ।

नेता र दलबाहेक प्रचारकको साथ

निर्वाचनका समयमा राजनीतिक दल र तिनका नेताभन्दा तिनका कार्यकर्ताको सक्रियता अत्यधिक देखिन्छ। दलीय आबद्धता भएर वा नभईकन पनि चुनावी गतिविधिमा मानिसहरू जुटेका हुन्छन्। आफूले समर्थन गर्ने दलको पक्षमा र अरुको विरुद्धमा उनीहरूले सोसल मिडियामार्फत् नै धारणा सार्वजनिक गरिरहेका हुन्छन्। कुनै पनि राजनीतिक गतिविधि सोसल मिडियामा बहसको विषय हुने नै गर्छ। कार्यकर्ताको तहमा हेर्ने हो भने निर्वाचनमा त सोसल मिडिया प्रचारको मुख्य माध्यम बनिरहेको देखिन्छ। यही अवधिमा मिथ्या सामग्रीमार्फत् उम्मेदवारविरुद्ध अभियान पनि चलाउने गरेको पाइन्छ। विशेषगरी विभिन्न खाले 'मिम', भिडियो र अडियोको असान्दर्भिक सन्दर्भ जोडेर नियोजित रूपमा विपक्षीविरुद्ध सोसल मिडियामा परिचालन गर्न सङ्गठित रूपमा समूह परिचालन हुनेक्रम बढेको छ। मिथ्या सामग्रीको प्रवर्धन निर्वाचनमा सबैभन्दा धेरै हुन थालेको छ। आगामी दिनमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगमार्फत् प्रोपागान्डा फैलिने जोखिम भयावहपूर्ण हुनेछ भन्दा अत्युक्ति हुने छैन। यसखाले गतिविधिमा राजनीतिक नेतृत्वको भूमिकालाई लिएर प्रश्न गर्न सकिए पनि विगतका उदाहरणले भने त्यसलाई स्थापित गर्न सकेको छैन। उदाहरणका लागि सन् २०२२ मा भएको स्थानीय तहको निर्वाचनमा राजनीतिक दलले सञ्चालन गरेका सोसल मिडियाका आधिकारिक हृयान्डल र शीर्ष नेताबाट भ्रमपूर्ण सामग्रीको प्रवाह भएको पाइएन। त्यसखाले सामग्री जति प्रवाह भए ती सबै परिचय लुकाइएका सोसल मिडिया हृयान्डल मार्फत् भएको पाइएको थियो।

राजनीतिक दलका मुखपत्रका रूपमा लामो समयदेखि स्थापित भएका साप्ताहिक अखबारको ओरालो यात्रा लागिरहँदा तीनको चरित्रलाई प्रतिनिधित्व गर्ने अनलाइन स्थापित भएका छन्। ती अनलाइनले उत्पादन गर्ने सामग्रीहरू सोसल मिडियाबाट फैलाउने काममा कार्यकर्ताको पङ्ति सक्रिय देखिन्छ। यद्यपि, दर्ता भएर सञ्चालनमा आएका कुनै पनि समाचारमूलक वेबसाइट नियामक निकायको निगरानीमा पर्ने भएकाले त्यसलाई छल्ने शैलीमा सामाचार सामग्री तयार पारी सोसल मिडियाबाट सेयरिङ भएको पाइयो। सोसल मिडियाको प्रयोग गर्दा समर्थित दलको भएभन्दा बढी प्रचार र विपक्षीको गरेभन्दा खराब चित्रण हुने गरेको देखियो।

स्थानीय तहबाट स्वतन्त्र उम्मेदवारले हासिल गरेको जितमा पनि सोसल मिडियाको भूमिकालाई नजरअन्दाज गर्न सकिन्न। मुख्यगरी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको जितका पछाडि 'रुटिन अफ नेपाल बन्द' नामको सोसल मिडिया हृयान्डल सबैभन्दा प्रभावकारी सावित भएको छ। रुटिन अफ नेपाल बन्दका फरक-फरक सोसल मिडिया अकाउन्टबाट बालेनको पक्षमा ७० प्रतिशतभन्दा बढी सामग्री प्रवाह भएको थियो। बाँकी ३० प्रतिशत चाहिँ नेकपा एमाले र नेपाली कांग्रेसका उम्मेदवारले स्थान पाएका थिए उक्त हृयान्डलमार्फत्। यद्यपि,

'रुटिन अफ नेपाल बन्द'ले बालेनको पक्षमा वकालत गरिरहँदा अन्य उम्मेदवार विरुद्धका गतिविधि भने पोस्ट गरेको थिएन। मार्च २०२४ मा रुटिन अफ नेपाल बन्दको एक्समा ८ लाख ७१ हजार ५ सय फलोअर छन्। फेसबुकमा ४१ लाखभन्दा धेरै फलोअर छन् भने इन्स्टाग्राममा १३ लाखभन्दा धेरै। ठूलो संख्यामा फलोअर भएको सोसल मिडिया ह्यान्डल हुनुको अर्थ प्रचारका लागि बलियो हुनु हो। 'रुटिन अफ नेपाल बन्द' सामाजिक विषयवस्तुको उठान गर्दै स्थापित भएको वैकल्पिक माध्यम बनेको छ। यसका सञ्चालक भिक्टर पौडेलका अनुसार यसबाट प्रवाह गर्ने सामग्रीको पुन परीक्षणका लागि एउटा टिम नै खडा गरिएको छ। सोसल मिडिया आफैँमा संचारका सामग्री उत्पादनको आधार होइन, माध्यम मात्र हो। यसमा आउने सामग्री सम्पादनसहित आउने हो भने यसले थप आफ्नो क्षेत्र विस्तार गर्ने देखिन्छ।

युवा भोटरमा इन्फ्लुएन्सरको बढ्दो प्रभाव

सोसल मिडियाले पछिल्लो समय परम्परागत माध्यमलाई मात्र छायाँमा पारेको छैन, सञ्चारमा नयाँ सम्भावनाको विस्तार समेत गर्न थालेको छ। सोसल मिडियाकै प्रभावमा इन्फ्लुएन्सरहरूको उदय हुनेक्रम विश्वभर बढ्दो छ। त्यसको केही सङ्केत नेपालको निर्वाचनमा पनि देखिएको थियो। कोभिड १९ को सङ्क्रमणपछि सोसल मिडियाको प्रभावलाई उछिन्ने गरी इन्फ्लुएन्सरहरूको उदय भएको देखिन्छ। यद्यपि, युवापुस्तालाई प्रभाव पार्ने यसखाले समूह सोसल मिडियाबाट नै फैलिरहेका छन्।

भारतमा निर्वाचनको मिति नजिकिँदै गर्दा सोसल इन्फ्लुएन्सरहरूलाई भ्याइनभ्याइ हुन थालेको रिपोर्ट सार्वजनिक भइरहेको छ। युवापुस्तासम्म पुग्नका लागि राजनीतिक दलका नेताहरूले सोसल मिडियामा स्थापित भएका व्यक्तिसम्म पुग्न थालेका छन्। दी इकोनोमिक टाइम्सका अनुसार पछिल्ला केही महिनाभित्रै रणवीर अल्लाहवादियासँग अन्तर्वार्ता दिन भारतीय जनता पार्टीका नेताहरू एस जयशंकर, स्मृति इरानी, पियुस गोयल र राजीव चन्द्रशेखर जस्ता नेता पुगे। युट्युबमा ७० लाख फलोअर छन् रणवीरको। उनी युवा पुस्ताबिच निक्कै लोकप्रिय छन्। कंग्रेस नेता राहुल गान्धी पनि यात्रा र खानाबारे पोडकास्ट भिडियो उत्पादन गर्ने कामिनी जैनसँग कुराकानी गर्न पुगे। उनको उद्देश्य पनि युवापुस्तासम्म निर्वाचनका एजेन्डा लिएर पुग्नु नै हो। भारतको निर्वाचनमा गैर राजनीतिक सामग्रीबाट चर्चा बटुलेका व्यक्तिहरू मार्फत् आफ्नो प्रचारमा जानेक्रम जसरी बढेको छ त्यसले नयाँ एभेन्यू कसरी तयार भइरहेको छ भन्ने देखाउँछ। भारतको परिदृश्य अमेरिकी चुनावसँग मिल्दो छ। निर्वाचनकै मुखमा जो बाइडेन पनि इन्फ्लुएन्सर मार्फत् आफ्ना धारणा सार्वजनिक गराउन सक्रिय छन्। त्यहाँ पनि युवा मतदाताबीच कसरी पुग्ने भन्ने होडबाजी छ। नेपालमा पनि युट्युब, टिकटक, पोडकास्ट मार्फत् स्थापित भएका इन्फ्लुएन्सरहरू बढ्दो क्रममा छन्। राजनीतिक दलका नेताहरू उनीहरूसँग घन्टौँ सम्वादमा बस्नेक्रम निर्वाचन नहुँदा पनि सुरु भइसकेको छ। युवा पुस्ताबीच परम्परागत माध्यमबाट पुग्न सकिने स्थिति कमजोर हुँदै गएकाले सोसल मिडिया इन्फ्लुएन्सरहरूको माग बढ्दो छ। 'रुटिन अफ नेपाल बन्द'का सञ्चालक पौडेल पनि आगामी निर्वाचनमा युवाबीच पुग्न होडबाजी चल्ने सम्भावना औल्याउँछन्। नेपालको सन्दर्मा पौडेल आफैँ बलियो इन्फ्लुएन्सर सावित भइसकेका छन्।

अन्त्यमा : मिथ्या सूचना, चर्को चुनौती

सोसल मिडियामार्फत् राजनीतिक नेतृत्व जति सहज रूपमा मतदाताका बिचमा पुग्नसक्छ त्यसभन्दा ज्यादा रफ्तारमा यसबाट मिथ्या सामग्री फैलिने जोखिम हुन्छ। सन् २०२२ को निर्वाचनसम्म नेपालमा सोसल मिडियाको प्रभाव रहँदा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रभाव देखिएको छैन। तर, पछिल्लो समय एआई मार्फत 'डिप फेक' सामग्री उत्पादन हुनेक्रम बढेको छ। २०२४ मा पाकिस्तानमा भएको निर्वाचनमा जेलभित्र रहेका नेता इमरान खानको डिप फेक भिडियो सार्वजनिक भयो जसमा उनले उनी समर्थित दल पाकिस्तान तेहरिक इन्साफ (पीटीआई)का नेतालाई भोट दिन आह्वान गरिएको थियो। जेलभित्र रहेका नेताले भिडियो सन्देश दिनसक्ने नभएकाले एआई उत्पादित फेक भिडियो चुनावी अभियानहरूमा फैलाइयो। चुनावको मुखमा रहेको छिमेकी मुलुक भारतमा पनि डिप फेक अडियो र भिडियोमार्फत् चुनावी प्रचार अगाडि बढिरहेको छ। यसरी उत्पादन भएका झुटा सामग्री सोसल मिडियामार्फत् नै जनजनमा पुगिरहेका छन्। नेपालमा आगामी दिनमा हुने निर्वाचनमा यसखाले अभ्यास चुनौतीका रूपमा आउने निश्चित नै छ।

(दाहाल, त्रिवि पत्रकारिता तथा आम सञ्चार विभाग रत्नराज्यलक्ष्मी क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ।)

सन्दर्भ सामग्री

Election Commission Nepal (ECN), 2013. *Analytical report on media monitoring constituent assembly election 2013.* ECN.

Kharel, P. (2010). *Political communication*. Sangam Institute.

Meyer, T. (2002). *Media democracy.* Policy Press.

Nepal Telecommunication Authority (NTA), 2023. *Telecommunicationinsight.* NTA.

Pew Research Center. (2021, September 30). *Charting Congress on social media in the 2016 and 2020 Elections.* Pew Research Center. https://www.pewresearch.org/politics/2021/09/30/charting-congress-on-social-media-in-the-2016-and-2020-elections/

PTI, Mar 17, 2024. *WhatsApp, social media influencers emerge as go to campaign mediums as parties sound poll bugle,* Economictimes https://economictimes.indiatimes.com/tech/technology/whatsapp-social-media-influencers-emerge-as-go-to-campaign-mediums-as-parties-sound-poll-bugle/articleshow/108557477.cms?utm_source=contentofinterest&utm_medium=text&utm_campaign=cppst

दाहाल, ऋषिकेश। (२०२२)। *चुनावमा सोसल मिडियाको प्रयोग र एजेन्डा सेटिङ।* ह्युमिनिटिज एन्ड सोसल साइन्सेस जर्नल। आरएमसीरत्न राज्यलक्ष्मी क्याम्पस।

दाहाल, ऋषिकेश। (२०२२)। *स्थानीय निर्वाचनमा सामाजिक सञ्जाल।* सेन्टर फर मिडिया रिसर्च नेपाल

श्रेष्ठ, उमेश, दाहाल, ऋषिकेश र कार्की, विकास(२०२१)। *सञ्चालक त्रसित, पत्रकार असुरक्षित तिलक पाठक,भुवन केसी र उज्ज्वल आचार्य (सं), महामारीमा मिडिया।* सेन्टर फर रिसर्च नेपाल।

निर्वाचनमा अपाङ्गता भएका व्यक्तिको सहभागिता

राजनीतिक प्रतिनिधित्व अथवा राजनीतिक सहभागिताको अधिकारलाई नेपालको संविधान मा नै स्वीकार गरिएको छ। संविधानको संविधानको धारा ८४ देखि धारा १७६ सम्बन्धी फरक-फरक प्रावधानहरू भए पनि व्यवहारिक धरातलमा अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागिता निकै कमजोर रहँदै आएको छ।

गजेन्द्रसिंह बुढाथोकी

नेपालको संविधान २०७२ को व्यवस्था धारा ८४: प्रतिनिधिसभाको गठन धारा ८४ को उपधारा २ मा 'समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने र त्यसरी उम्मेदवारी दिँदा प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ'। उल्लेख छ।

धारा ८४ को उपधारा ३ मा भएको व्यवस्था उपधारा २ बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ।

धारा ८६: राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि: धारा ८६ को उपधारा २ मा भएको व्यवस्था राष्ट्रियसभामा देहायबमोजिमका उनान्साठी सदस्य रहनेछन्:-

(क) प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित ५६ जना।

प्रदेश व्यवस्थापिका धारा १७६ : प्रदेशसभाको गठन धारा १७६ को उपधारा ६ मा भएको व्यवस्था समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ।

धारा १७६ को उपधारा ७ मा भएको व्यवस्था उपधारा ९६० बमोजिम राजनीतिक

दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ। यस्तै, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ को दफा ११ मा

राजनीतिक सहभागिताको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्ति सरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिइ वा नलिइ मतदान गर्ने अधिकार हुनेछ।

(२) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने व्यवस्था छ।

यसैगरी दफा १२

नीति निर्माणमा सहभागिताको अधिकार : (१) अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयम् वा निजसँग सम्बन्धित सङ्घ, संस्थामार्फत सहभागी हुने अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिम नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको विचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिइनेछ।

यसरी, संविधानको धारा ८४ उपधारा (३०) धारा ८६ उपधारा २ (क) र धारा १७६ उपधारा ७ (६) मा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (६), प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ को उपदफा (९) ले राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने व्यवस्था गरेकोमा प्राय: सबै दलले यसको उपेक्षा गरेको पाइएको छ। अझ कानुनले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा

(स्रोत : बाँकेको आदर्श माध्यमिक विद्यालय स्थित मतदान केन्द्रमा घिसिएर मतदानका लागि जाँदै अपाङ्गता भएका मतदाता । फोटो साभार – अधिकारकर्मी सीता बोहोरा)

बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरेको छ। जसअनुसार निर्वाचनपूर्वका प्रक्रिया, सुविधा र सामग्रीलाई ब्रेल सङ्केतसँगै साङ्केतिक भाषामा पनि तयार पार्नुपर्ने बाध्यात्मक व्यवस्था छ। तर यस दिशामा निर्वाचन आयोगले झारा टार्दै आएको छ।

यसरी गरियो कीर्ते

सुरुमा निर्वाचन ऐन बनाउँदा अपाङ्गता भएका व्यक्तिहरूको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिएकोमा निर्वाचन आयोगले राजनीतिक दलहरूको प्रत्यक्ष निर्देशन र सहभागितामा रातारात त्यो व्यवस्था हटाउने दुस्साहस गरे। राजनीतिक दलका शीर्ष नेताहरू प्रायः सबै नै अपाङ्गताद्वैषी भएका कारण र, अथवा, वा / जस्ता वाक्यांश राखेर अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वको व्यवस्था नै हटाइयो। (हेर्नुहोस् प्रमाण, २०७४ सालको प्रदेश सभा निर्वाचनको ठिक केही दिनअघि रातारात प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका-२०७४ लाई संशोधन गरेर कसरी अपाङ्गता भएका व्यक्तिहरूको सहभागिताको अधिकार खोसियो र २०७९ को निर्वाचनमा पनि यही कायम राखियो।) यो अधिकार खोस्ने अपराधमा सबै राजनीतिक दलहरूको पूर्ण सहभागिता र सहमति देखियो नै कथित अपाङ्गता अधिकारसम्बन्धी संस्थाहरू पनि एक शब्द बोल्न अघि सरेनन्।

नेपालका केही नेताहरूले अपाङ्गता र अशक्ततालाई मजाकको विषय मान्ने गरेका छन्। एक राजनीतिक दलका नेताले आफ्नो पार्टी निकट अपाङ्गतासम्बन्धी संस्थाको भेलामा 'आफू पनि थोरैथोरै अपाङ्गता भएको व्यक्ति हुँ भन्दिए', त्यहाँ उपस्थितहरू गलल हाँसेमात्र। जबकी ती नेता प्रधानमन्त्री भएको बेला अतिअशक्त अपाङ्गता भएका व्यक्तिले लामो सङ्घर्षपछि पाउन थालेको सामाजिक सुरक्षा भत्ताको निकासा नै रोक्ने काम भयो। पछि अदालतमा मुद्दा परेपछि त्यो निर्णय उल्टियो।

राजनीतिक दलहरूले आफू निकट केही अपाङ्गता सम्बन्धी संस्थाहरू सिर्जना गरेका भए पनि ती दलहरूको भातृ सङ्गठनमात्र नभई दबिएका कार्यकर्तालाई यसो ठाउँ दिने उद्देश्यले बनाइएका संरचनाभन्दा माथि उठ्न सकेका छैनन्। अपाङ्गता अधिकारकर्मीहरू पनि दलीय राजनीतिभन्दा माथि उठ्न सकेका छैनन् जसले गर्दा संविधान र कानुनमा मा भएका प्रावधानहरू पनि कुल्चने र अपाङ्गता भएका व्यक्तिहरूलाई सकेसम्म कम राजनीतिक सहभागितामा संलग्न गराउने काम हुँदै आएको छ।

निर्वाचनको समयमा राजनीतिक दलहरूले बाध्यकारी रूपमा समानुपातिक सूचीमा अपाङ्गता भएका व्यक्तिहरूको नाम राख्ने गरेको भए पनि जब प्रतिनिधित्वको समय हुन्छ त्यसबेला र, वा, अथवाजस्ता उपमाहरू लगाइ अपाङ्गता भएका व्यक्तिहरूलाई सकेसम्म प्रतिनिधित्व नै गराइँदैन अथवा कसैलाई प्रतिनिधित्व गराइए जस्तो गरिए पनि उनीहरू प्रायः जस्तो सामान्य अपाङ्गता भएका व्यक्तिहरू हुने गर्दछन्। प्रतिनिधिसभामा शून्य बराबरकै प्रतिनिधित्व छ भने प्रदेश सभाहरूमा सातै प्रदेशको जोड्दा पनि कुल प्रतिनिधिको ०.५ प्रतिशतसमेत पुग्दैन, स्थानीय तहमा त स्थिति

अझ दुरूह छ। अर्थात् अपवादमा कोही अपाङ्गताको अवस्था देखिए पनि त्यो प्रतिनिधित्व गराउँ भनेर ल्याइएका भने होइनन्।

जसले अपाङ्गता मामिलासम्बन्धी महत्त्वपूर्ण र गम्भीर मुद्दाहरूलाई संसदमा आजसम्म उठाएको पाइएको छैन। गम्भीर प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको समस्या सामान्य अपाङ्गता भएका व्यक्तिले बुझ्न सक्ने अवस्था रहँदैन। उनीहरूको समस्या परिस्थिति र परिवेश तीनै ओटा कुरा फरक हुन्छन्।

त्यसैले अपाङ्गता भएका व्यक्तिहरूको पहिले त राजनीतिक प्रतिनिधित्वको व्यवस्थालाई सबै राजनीतिक दलहरूले ठोस प्रतिबद्धता र प्राथमिकतासाथ कार्यान्वयनमा ल्याउने प्रबन्ध नगरिकन अन्य कानुनी सैद्धान्तिक वा संवैधानिक विषयवस्तु केवल 'हात्तीको देखाउने दाँत' मात्र हुनेछ।

यहाँनेर अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व र सङ्ख्यात्मक उपस्थितिको कुरा गर्दा निर्वाचन आयोगले मतदाता नामावली सङ्कलनदेखि नै त्रुटि गरिदिनाले वास्तविक प्रतिनिधित्व नै हुन सकेको पाइँदैन। अपाङ्गता भएका व्यक्तिहरू निकै कठिन पूर्वाधार भएका नामावली सङ्कलन केन्द्रमा गएर आफ्नो नाम सूचीमा चढाउन सक्दैन। अर्थात्, निर्वाचन आयोगले तोकेका केन्द्रमा पुगेर मतदाता नामावलीमा नाम लेख्नु नै पहिलो त कठिन अवस्था छ।

दोस्रो कुरो उनीहरूको घरपायक नै मतदान नामावली सङ्कलन गर्ने विषयमा नै निर्वाचन आयोगले आजको मितिसम्म ध्यान दिएको पाइँदैन। त्यसैले अपाङ्गता भएका मतदाताहरू कहाँ कति छन् भन्ने विषयमा नै आजसम्म स्पष्ट तथ्याङ्क नै नेपाल सरकारसँग अथवा निर्वाचन आयोगसँग पनि छैन। जब अपाङ्गता भएका मतदाताको बारेमा सही तथ्याङ्क हुँदैन त्यसपछि उनीहरूको निर्वाचनमा सहभागिता र प्रतिनिधित्वको विषयमा ठोस निर्णय लिन सकेको अवस्था छैन।

यस अध्ययनका लागि नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वे २०२२ को आधार लिइ अपाङ्गता भएका व्यक्तिहरूको अनुमानित मतदाता सङ्ख्या निकाल्ने प्रयास गरिएको छ। राष्ट्रिय जनगणना २०७८ ले २.२ प्रतिशत नेपालीहरूमा अपाङ्गताको अवस्था रहेको बताएको छ, जसमा उमेरगत अपाङ्गताको अवस्था खुल्दैन तर नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वे २०२२ अनुसार पाँच वर्ष अथवा सोभन्दा माथिका घरपरिवार सदस्यमध्ये ६.३ प्रतिशतमा पूर्ण वा बहुअपाङ्गता भएको उल्लेख गरेको छ। वासिङ्टन प्रश्नावलीअनुसार निकालिएको विवरणमा हेर्ने, सुन्ने, कुराकानी गर्ने, सम्झिने वा ध्यान केन्द्रित गर्ने, हिँड्ने अथवा भऱ्याङ चढ्ने, नुहाउने वा लुगा लगाउनेमध्ये कुनै न कुनै किसिमको समस्या भएका विषयलाई अपाङ्गता गणनामा प्रयोग गरिएको थियो। यसअनुसार २२.५ प्रतिशतमा कुनै समस्या रहेको र त्यसमध्ये ६.३ प्रतिशतलाई धेरै कठिनाइ रहेको छ अथवा कम्तिमा एउटा क्षेत्रमा उनीहरूले काम गर्न सक्दैनन्।

यस सर्वेक्षणलाई आधार मानी राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कसँग समायोजन गरेर हेरौँ। नेपालको विद्यमान निर्वाचन कानुन अनुसार १८ वर्ष भन्दा माथिका व्यक्तिहरूले मतदान गर्न पाउँछन्। अब नेपाल जनसाङ्ख्यिक सर्भेको

तथ्याङ्कलाई समायोजन गरेर हेर्दा कुल १८ लाख अपाङ्गता भएका व्यक्तिमध्ये १३ लाख ९२ हजार अपाङ्गता भएका मतदाता रहेको मान्नु पर्ने हुन्छ। यसमा वृद्धावस्थाका कारण हुने अशक्ततासमेत ४४ लाख ७७ हजार मतदाताहरू निर्वाचन आयोगले विशेष ध्यान दिनुपर्ने, विशेष हेरचाह र प्रबन्ध गर्नुपर्ने मतदाता रहेको देखिन्छ। यसलाई राष्ट्रिय जनगणना २०७८ को आधार मानी कुल जनसंख्याको २.२ प्रतिशतमात्रको अनुपातमा राखेर हेर्दा पनि ५ लाख ४० हजार मतदाताहरू अपाङ्गता भएको अवस्थामा रहेको देखिन्छ। यद्यपि, अन्तर्राष्ट्रिय मानकहरूमा आधारित प्रश्नावलीलाई आधार मान्दा निर्वाचन आयोग वृद्ध अवस्थाका कारण हुने अशक्तताको अवस्थालाई बेवास्ता गर्नसक्ने अवस्थामा रहँदैन।

त्यसैले पहिले त निर्वाचन आयोगले अब हुने निर्वाचनहरू पूर्व वासिङ्टन प्रश्नावलीमा आधारित भई स्थानीय तहहरूसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरू र वृद्ध अवस्थाका कारण अशक्तताको अवस्थामा रहेका मतदाताहरूको छुट्टै डाटाबेस बनाउनु पर्छ।

आयोगले अहिलेसम्म अपाङ्गता भएका व्यक्तिहरूको सहज निर्वाचन/मतदान अधिकारका कुरा गर्दा बजेट छैन, पुग्दैन भनेर कठिन, अपायक र अपाङ्गता अमैत्री मतदान केन्द्रहरू बनाउँदै आएको छ। गत स्थानीय निर्वाचनमा त बाँकेमा अपाङ्गता भएका व्यक्तिहरूको व्हीलचेयर खोसेर घिस्रिँदै मतदान गर्न बाध्य भएका समाचार पनि आयो। त्यत्रो गम्भीर प्रकारको विभेद र अमानवीय अपराध हुँदा पनि न नेपालका राजनीतिक दलहरू चुइक्क बोले, न आफूलाई मानव अधिकारको रक्षक हो भन्ने दाबी गर्नेहरूले नै केही बोल्ने हिम्मत गरे।

सँधैभरि हुँदैछ, गरिँदैछ, सिक्दैछौं भनेर न निर्वाचन आयोगले धर पाउँछ, न त राजनीतिक दलहरू नै यदि, र, वा, अथवाको बहाना बनाएर उम्किन मिल्छ। २०१५ सालदेखि आमनिर्वाचन गर्दै आएको निर्वाचन आयोगले परिवर्तनपछि दुई पटक संविधानसभाको निर्वाचन, २०७२ को संविधानपछि दुईपटक आमनिर्वाचन, स्थानीय तहको निर्वाचनदेखि राष्ट्रिय सभाको निर्वाचनसम्म सम्पन्न गराइसकेको छ।

आयोगले नयाँ निर्वाचनसम्बन्धी ऐन संसदसमक्ष पेश गरिसकेको सन्दर्भमा नेपालको संविधान २०७२ र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन २०७४ को मर्मअनुसार अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक सहभागिता, कानुनमै सुनिश्चित गर्न, बीचमा गएर र, वा, अथवाजस्ता वैकल्पिक फुर्का र फुँदाहरू राखेर यस्तो प्रतिनिधित्वको व्यवस्था हनन् नहोस् भनेर सबै राजनीतिक दल र नागरिक समाजले दबाब दिनैपर्छ।

(अपाङ्गता भएका व्यक्तिका अधिकारका लागि क्रियाशील बुढाथोकी, टक्सार न्यूज डक कमका प्रधान सम्पादक हुनुहुन्छ।)

निर्वाचन : खर्चका आयाम, प्रवृत्ति र राजनीतिक तथा शासकीय प्रभाव

निर्वाचन एउटा लोकतान्त्रिक पद्धति हो। यसले, प्रतिस्पर्धी राजनीतिक दलहरूले प्रस्तुत गरेको उम्मेदवारलाई लोकप्रिय मतद्वारा शासकीय प्रबन्धको लागि निर्वाचित गर्छ। लोकतन्त्रको विशेषताहरू मध्ये अनिवार्य तत्व आवधिक निर्वाचन हो। आवधिक निर्वाचनको अभावमा लोकतन्त्रको संस्थागत विकास हुँदैन। जनसहभागितामा आधारित, समावेशी चरित्रको लोकसम्मत विधिद्वारा दलीय प्रतिस्पर्धामा सबैको समान पहुँच भएको, बिनाभेदभाव, निष्पक्ष, स्वतन्त्र र स्वीकार्य निर्वाचन लोकतन्त्रका लागि बलियो आधारशीला हो।

राजाराम बर्तौला

निर्वाचन अधिनायकवादी शासन व्यवस्थामा पनि गरिएको हुन्छ। यस्ता निर्वाचनमा सत्ताको बलमा शासकीय संयन्त्रहरूको व्यापक दुरूपयोग गरेर बाहिरी जनमतलाई देखाउन गरिएको प्रपञ्च बाहेक केही हुँदैन।

निर्वाचनको वैधता र सर्वस्वीकार्यताको लागि निश्चित मापदण्डहरू बनेका छन् जसलाई, निर्वाचन नैतिकता (इलोक्टरल इन्टिग्रीटि) भनिन्छ, नोरिस, फ्यान्क, र कोमाले २०१३ मा इलोक्टरल इन्टिग्रीटि तयार गरेका छन्। यसका विभिन्न तत्त्वहरू जस्तै कानुनी समानता, अवसरमा समान पहुँच, भेदभावरहित (लैङ्गिक, जातीय तथा अन्य परिचयमा आधारित), समावेशिता, सहभागितासहित निर्वाचन प्रचारका लागि आवश्यक आर्थिक स्रोतमा समान पहुँच पनि हो। निर्वाचनमा प्रतिस्पर्धा गर्ने भनेको मतदाताहरू समक्ष आफ्नो सिद्धान्त तथा कार्यक्रम लिएर जाने हो। सो क्रममा विभिन्न माध्यमद्वारा प्रचारप्रसार गर्न आवश्यक हुन्छ। आर्थिक स्रोतको प्रबन्ध बिना प्रचारप्रसार अभियान प्रभावकारी हुन सक्दैन।

निर्वाचन अभियानका लागि स्रोतको प्रबन्ध गर्नु, त्यसको सही प्रयोग गर्नु र निर्वाचन आयोगले निर्दिष्ट गरेको निर्वाचन आचारसंहिताको पालना गर्दै समष्टिगत रूपमा लोकतान्त्रिक चरित्रको प्रस्तुतिकरणको लागि गरिने खर्च निर्वाचन प्रचार खर्च (क्याम्पेन फाइनान्स) हो। यो एउटा अवसरको लागत पनि हो। यदि निर्वाचनमा हुने खर्च अरू कुनै उत्पादनशील क्षेत्रमा लागनी गर्ने हो भने त्यसले उत्पादनमा मद्दत गर्दछ। तर, लोकतन्त्रको प्रवर्द्धन र संवर्द्धनमा हुने लगानी दीर्घकालमा प्रतिफल दिने हुन्छ। अत: निर्वाचन खर्चको व्यवस्थित र सही उपयोग राष्ट्रिय उत्पादकत्व वृद्धिका लागि समपूरक (कम्पलीमेन्टरी) हुन्छ।

अत: निर्वाचन वित्त (क्याम्पेन फाइनान्स) भन्नाले निर्वाचनमा प्रतिस्पर्धा गर्नका लागि आर्थिक स्रोतहरूको परिचालन, आम्दानी, खर्च, आय-व्ययको लागत र त्यसको पारदर्शिताका लागि कानुनसम्मत जिम्मेवारीको परिशीलन भन्ने बुझ्नुपर्दछ। यसमा राजनीतिक दल, र उम्मेदवारलाई विभिन्न विधि प्रदत्त स्रोतहरूबाट प्राप्त हुने चन्दा, र सहायताको अंश, दाताहरू र तिनीहरूले प्रदान गर्न सक्ने चन्दाका

सीमितताहरूका बारेमा गरिने अध्ययन र विश्लेषण हो। निर्वाचन प्रचार अभियानमा भएका दृष्य अदृष्य खर्चहरूको समष्टिगत आँकलन गरेर लोकतन्त्र, शासकीय प्रबन्ध र मुलुकको आर्थिक सामाजिक विकासमा पार्ने प्रभावहरूको बारेमा संश्लेषण, विश्लेषण र प्रक्षेपण गरिने गरिन्छ। लोकतन्त्रको कुन दिशातर्फ अगाडि बढिरहेको छ भन्ने कुराको सुनिश्चितताको लागि र मतदाताहरूलाई सुसूचित गर्न निर्वाचन वित्तलाई निर्वाचन आयोगले आफ्नै विशिष्ट क्षेत्राधिकार भित्र समावेस गरिनुपर्ने आवश्यकता परेको हो।

निर्वाचन वित्तको हिसाबले केही लोकतान्त्रिक मुलुकहरूसँग तुलनात्मक विश्लेषण गरेर हेर्दा अर्थात सीपीआई इन्डेक्समा नेपाल ११७ स्थानमा पर्दछ भने संयुक्त अधिराज्य ११, भारत ८५ औँ स्थानमा पर्दछ। पहिलो तहमा डेनमार्क र न्यूजिल्याण्ड रहेका छन्। सीपीआई इन्डेक्स भनेको करप्स्न इन्डेक्स हो। निर्वाचन वित्तमा आर्थिक भ्रष्टाचारको प्रत्यक्ष संलग्नता रहने भएको हुँदा यसलाई गणना गरिएको हो। हामीहरूले देख्दै आएका छौँ निर्वाचनमा मेयर वा गाउँपालिका अध्यक्षहरू, निर्माण व्यवसायी वा व्यापारिक घरानाका सदस्य वा बैंकरहरू निर्वाचित समेत भएको कुरा। हो यो यही सम्बद्ध नीतिको कुरो हो, राजनीतिमा स्वार्थ समूहको पकड। यसरी राजनीतिमा स्वार्थ समूहको पकड बलियो हुँदा निर्वाचन अभियानमा गरिने खर्चमा अदृष्य स्रोतहरू हावी हुन्छन्। नजित्नुपर्ने उम्मेदवारको विजय र जित्नुपर्ने उम्मेदवारको पराजय हुन्छ। यस्तो अवस्थामा मुलुकको इलोक्टोरल इन्टेग्रिटीमा ह्रास आउँछ। २०७६ सालको निर्वाचनमा सङ्घमा ६, प्रदेशमा १७ र तथा स्थानीय तहमा १ सय ४२ मेयर र उपमेयरहरू व्यापार तथा निर्माण व्यवसायी कार्यमा संलग्न निर्वाचित भएका थिए भने २०२२ मा ४५ जना मेयर र उपमेयर निर्वाचित भएका छन्।

क्याम्पेन फिनान्स इन्डेक्स नोरिस र ग्रोमपिङले विकास गरेको निर्वाचन मर्यादा अवधारणा मापन हो। यसमा पाँच ओटा तत्त्वहरूलाई समावेश गरिएको छ। तिनीहरू हुन, सबसिडि, चन्दा, लेखा, पहुँच, र स्रोत। १ सय अङ्कको भारमा नेपालले मात्र ३७.८ पाउन सफल भएको छ। नेपाल भन्दा उत्कृष्टहरू मुलुकहरू जर्मनी ७०, फिनल्याण्ड ७३, डेनमार्कले ७७.५, नर्वे ७६ अङ्क प्राप्त गरेका छन्। यसरी हेर्दा नेपालको लोकतन्त्र कमजोर अवस्थामा रहेको प्रष्ट देखिन्छ। यसले के पनि देखाउँछ भने धनी र निर्वाचनमा बढी खर्च गर्न सक्ने उम्मेदवारले जित्ने सम्भावना बढी हुन्छ।

निर्वाचन वित्तको लागि आवश्यक स्रोतमा महिलाहरूको पहुँच कमजोर हुन जाँदा विधानले निर्दिष्ट गरेको लैङ्गिक समानता, सहभागिता र समावेशिता देखाउने कागजको खोस्टोमा परिवर्तन हुन्छ। हाम्रो नेपाल यो पक्ष धेरै नै कमजोर साबित भएको छ। त्यसैले लोकतन्त्रको सबलीकरण अभियान कमजोर हुन गएको हो।

निर्वाचन प्रणालीलाई व्यवस्थित, निष्पक्ष र लोकतान्त्रिक बनाउन कतिपय मुलुकहरूमा राजनीतिक दलहरूलाई तिनीहरूले अघिल्लो निर्वाचनमा पाएको मतको आधारमा राज्यले सरकारी अनुदान उपलब्ध गराउने गरिएको पनि छ। यहाँ बुझ्न पर्ने कुरो के हो भने क्याम्पेन फाइनान्स र पोलिटिकल फाइनान्स दुई फरक कुराहरू हुन्। नेपालका केही बौद्धिक तथा प्रभावशाली नेताहरू नेपालको निर्वाचन ज्यादै खर्चालु भएको हुँदा राजनीतिक दलहरूलाई राज्यले पोलिटिकल फाइनान्स गर्नु पर्ने आवाज उठाइरेहका छन्। बुझ्नुपर्ने कुरा के हो भने पोलिटिकल फिनान्स भनेको चुनाव प्रचारको लागि दिइने आर्थिक अनुदान होइन। यस्तो रकम राजनीतिक दलहरूको राजनीतिक दस्तावेज, पोलिटिकल एजेन्डा, आदर्श र कार्यक्रमहरूलाई जनता समक्ष

लिएर जानको लागि दिइने अनुदान हो। निर्वाचनको समयमा प्रचार प्रसारलाई सहयोग पुग्ने गरी निश्चित सर्त र आधारमा प्रदान गरिने अनुदान निर्वाचन अभियान खर्च अनुदान वा इलेक्सन क्याम्पेन फाइनान्स हो। दक्षिण एशियामा भुटानमात्र यस्तो एउटा मुलुक हो जसले निर्वाचन लड्नको लागि राज्यले अनुदान प्रदान गर्दछ।

नेपालले राजनीतिक दलहरूलाई चुनाव प्रचार प्रसारको लागि राज्यको कोषबाट अनुदान दिने गरेको छैन। राज्यको कोषबाट राजनीतिक दलहरूलाई अनुदान दिने कुरा ज्यादै जटिल छ। अहिलेसम्म नेपालका राजनीतिक दलहरू पारदर्शिता, जवाफदेहिता र कानूनी मर्यादाको विषयमा ज्यादै नै कमजोर सावित भएका छन्। निर्वाचन पर्यवेक्षण समिति नेपालले २०१७ मा गरेको एउटा अध्ययनमा राजनीतिक दलहरू मध्ये केही दलहरूले विदेशी सहायता समेत लिएर राजनीतिक कार्यक्रम सञ्चालन गरेको पाइएको थियो। व्यवसायिक घरानाहरूले प्रदान गर्ने दान, चन्दाको हरहिसाब राजनीतिक दलको वासलातामा नपरेका अनेक घटनाहरू सुनिएका छन्। पारदर्शिता र जवाफदेहिताको अभावमा लोकतान्त्रिक मर्यादा समेतको क्षयीकरण हुने हुँदा राज्यको कोषबाट राजनीतिक दलहरूलाई निर्वाचन अभियान खर्च दिन सहज अवस्था छैन।

निर्वाचन अभियानमा के कस्ता कार्यहरूको लागि रकम खर्च हुन्छ भनेर अध्ययन गर्दा विभिन्न अवस्थामा खर्चको मात्रात्मक अन्तर पर्ने रहेछ। निर्वाचन घोषणा गरेको समयदेखि दलबाट उम्मेदवार चयनको लागि दौडधुप, टिकट प्राप्ति, उम्मेदवारी दर्ता, निर्वाचन प्रचार अभियान, निर्वाचनको दिन, मतगणना, निर्वाचन परिणाम घोषणा, र विजय जुलुस जस्ता अवस्थाहरूमा उम्मेदवारको खर्च हुने गर्दछ।

नेपालमा निर्वाचन अभियानमा हुने खर्चको अध्ययन निर्वाचन पर्यवेक्षण समिति नेपालले २०७४ सालमा गरेको थियो। यो अध्ययनका निष्कर्षहरू प्राज्ञिक बहसमा समेत अलग्ग स्थान बनाउन सफल भएको छ। यसैका निष्कर्षहरू र सिफारिसहरूलाई सम्बद्ध निकायले गम्भिरतापूर्वक लिएको पाइएको छ। यो अध्ययनले के कस्ता शीर्षकहरूमा उम्म्देवारहरूको खर्च हुँदो रहेछ भनेर हेरेको छ। जसमा उम्मेदवारले गर्ने खर्चको अधिकांस हिस्सा ४३ प्रतिशत कार्यकर्ता परिचालनको लागि खर्च हुँदो रहेछ। त्यसपछि प्रवर्द्धनात्मक कार्यको लागि १४, यातायातको साधन (कारजीप) लागि आठ, मोटरसाइकलको लागि चार, माइकस्पिकरमा पाँच, र अन्यमा २१ प्रतिशत रकम खर्च हुने रहेछ।

२०७४ सालको निर्वाचनमा उम्मेदवारले ९,६९१ र सरकारले ३,४७२ गरी १३,१६३ करोड खर्च भएको पाइयो। सङ्घीय संसद र प्रान्तीय निर्वाचनमा ६,२२१ र स्थानीय निर्वाचनमा ६,९४२ करोड खर्च भएको तथ्याङ्क अध्ययनले देखाएको छ।

निर्वाचन खर्च यसरी बढेर गएको छ कि यो अनियन्त्रित जस्तै देखिन थालेको छ। २०४८ साललाई आधार वर्ष मानेर निर्वाचन आयोगले गरेको निर्वाचन खर्चको फेहरिस्त हेर्दा खर्चको अवस्था निकै फराकिलो हुँदै गएको देखिन्छ। एकातर्फ सरकारी खर्च अनियन्त्रितरूपमा बढ्दै गएको देखिन्छ भने निर्वाचन अभियानमा उम्मेदवारहरूले गर्ने खर्चको अनुपात दृष्य अदृष्यरूपमा अचाक्ली बढेर गएको देखिन्छ।

निर्वाचन वर्ष	खर्च
२०४८	८० करोड
२०५१	१ अरब
२०५६	२ अरब ७५ करोड
२०६४	७ अरब ५० करोड
२०७०	११ अरब ९ करोड
२०७४	३० अरब
२०७९	१२ अरब

स्रोत : निर्वाचन आयोग

वाशु क्षितिजले बनाउनुको भएको यो कार्टुन २०७६ फागुन १४ गते अन्नपूर्ण पोष्टमा प्रकाशित भएको थियो

कुनै एक सम्बोधनमा हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गाउँपालिका अध्यक्ष जित्न १० करोड खर्च गरेको प्रस उठाएर निर्वाचन अत्यधिक महँगो भएको तथ्यलाई स्वीकार गर्नु भएको थियो। त्यसैगरी नवलपरासीको निर्वाचन क्षेत्रबाट निर्वाचन लडेका सशांक कोइरालाले निर्वाचन अभियानमा आफ्नो ६ करोड खर्च भएको प्रसङ्ग सुनाउँदा विवाद उत्पन्न भएको थियो। विवाद किन भने निर्वाचन आयोगले तोकेको आधिकारिक रूपमा खर्च गर्न पाउने सीमा २५ लाख मात्र थियो। यसले के देखाउँदछ भने मत आकर्षण गर्न वैध अवैध तरिकाहरूको प्रयोग भएको छ। सम्भवत मत खरिदको प्रयाससमेत भएको हुनसक्ने सम्भावना दर्शाउँछ। हुन त गाउँपालिका अध्यक्ष हुन १० करोड खर्च गरेको कुरा अतिरञ्जित पनि हुन सक्दछ। यद्यपि, निर्वाचन धेरै नै महँगो हुँदै गएको कुरा अध्ययनले देखाएको तथ्यहरूबाट समेत प्रमाणित हुन्छ।

खर्चिलो चुनावले आम मतदाताहरूमा लोकतन्त्रप्रति वितृष्णा सिर्जना गर्दछ र अन्तत: लोकतान्त्रिक पद्धति प्रति नै वितृष्णा जगाउँछ। महँगो निर्वाचनले सत्ताको केन्द्रमा पुग्ने प्रकृत्ति विकास गर्दछ र शासकीय अख्तियारको दुरूपयोग र भ्रष्टाचारको सम्भावनालाई अत्यधिक बल पुऱ्याउँदछ। महँगो निर्वाचन लड्न सक्षम र सही व्यक्ति प्रेरित नहुने हुँदा असक्षम र कमजोर व्यक्तित्वको हातमा नेतृत्व पुग्ने प्रवल सम्भावना रहन्छ। यस प्रकारको निर्वाचनले संविधानले अपेक्षा गरेका आधारभूत उद्देश्यहरू पूर्ति गर्ने दिशामा बाधक रहन्छ र राष्ट्र असफलताको दिशातर्फ उन्मुख हुन्छ। सम्वद्ध पक्षले निर्वाचन पद्धतिमा सुधारका सम्भावनाहरूलाई केलाएर निर्वाचन अभियानमा हुने खर्चलाई सीमित गर्न नियन्त्रित उपायहरूको अवलम्वन गर्न आवश्यक छ।

(बर्तौला, निर्वाचन सम्बन्धी अनुसन्धानकर्ता एवम् निर्वाचन पर्यवेक्षण समितिमा आवद्ध हुनुहुन्छ ।)

नेपालको वर्तमान निर्वाचन प्रणालीमा निर्वाचन शिक्षाको प्रभावकारिता

१.परिचय

लोकतान्त्रिक राज्य व्यवस्थामा आवधिक, स्वच्छ र निष्पक्ष निर्वाचन महत्त्वपूर्ण सर्त हो। नागरिकले निर्वाचनको माध्यमबाट प्रतिनिधि छान्ने र छानिएका प्रतिनिधिले निश्चित अवधिका लागि जनताको तर्फबाट शासन गर्दछन्। त्यसैले शासनमा निरन्तरता र परिवर्तन ल्याउने तथा शासकीय प्रणालीमा जनचाहनाको प्रतिनिधित्व गराउने माध्यम नै निर्वाचन हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को भाग २१ अन्तर्गत धारा ३ ले "शासन सञ्चालनको आधार जनताको इच्छा हुनेछ। त्यस्तो इच्छा बालिग र समान मताधिकारद्वारा तथा आवधिक निर्वाचनमार्फत व्यक्त हुनेछ र गोप्य मतदान तथा सोही प्रकृतिको स्वतन्त्र मतदान विधिद्वारा प्रकट गरिने छ" भन्ने उल्लेख गरेको छ। यो प्रावधानले पनि लोकतन्त्रमा जनताहरूले स्वतन्त्रतापूर्वक आफ्नो अभिमत व्यक्त गर्न पाउनु पर्ने कुरामा विशेष जोड दिएको छ।

डा. विकल श्रेष्ठ

निर्वाचन सफल र लोकतान्त्रिक हुनको लागि, मतदाताहरूले आफ्नो अधिकार र जिम्मेवारीहरू बुझ्नुपर्छ, र मतदान प्रक्रियामा अर्थपूर्ण रूपमा भाग लिन पर्याप्त र राम्रो जानकार हुनुपर्छ। निर्वाचनलाई व्यवस्थित रूपमा सम्पन्न गर्न तथा निर्वाचनमा सबै क्षेत्र, वर्ग र समुदायका मतदाताहरूको पहुँचलाई सहज र सरल बनाइ स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय वातावरणमा सम्पन्न गराउने कार्यमा निर्वाचन शिक्षाको महत्त्वपूर्ण योगदान रहेको हुन्छ। 'चुनाव' वा 'निर्वाचन' शब्दसँग नेपालका बहुसङ्ख्यक जनता परिचित भए पनि यससँग सम्बन्धित धेरैजसो कारकहरूबारे उनीहरू अझै अनभिज्ञ छन्। तसर्थ, आम जनताको पहुँच बढाउन र स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउन निर्वाचन शिक्षाले अत्यावश्यक भूमिका खेल्छ।

निर्वाचन शिक्षा भन्नाले निर्वाचनसँग सम्बन्धित विषयको जानकारी हो। निर्वाचन शिक्षाले नागरिकलाई उनीहरूको अधिकार, जिम्मेवारी र निर्वाचन प्रक्रियाबारे जानकारी गराउन महत्त्वपूर्ण भूमिका खेल्छ।

नागरिकहरू निर्वाचनका बारेमा जति धेरै जानकार, शिक्षित हुने गर्दछन् त्यतिनै मात्रामा निर्वाचनको परिणाम स्वतन्त्र र स्वच्छ बन्ने गर्दछ। भनिन्छ सचेत मतदाताले आफ्ना सही प्रतिनिधिहरू छनौट गर्न सक्दछन्। मतदाताले मतदान पूर्व पाउनु पर्ने जानकारी, मतदान गर्दा थाहा पाउनु पर्ने विषय तथा मतदान पछि खेल्नुपर्ने भूमिकाको

बारेमा समग्र रूपरेखा नै निर्वाचन शिक्षा हो। तर, नेपालमा निर्वाचन शिक्षालाई मतदान गर्न सिकाउने तरिकाको रूपमा मात्र पनि कतिपय सन्दर्भमा बुझ्ने गरेको पाइन्छ।

२. निर्वाचन शिक्षा अन्तर्गत के के पर्दछन?

निर्वाचन शिक्षा अर्न्तगत विशेषगरी मतदाता शिक्षा, मतदाता सूचना र नागरिक शिक्षा पर्दछन्।

मतदाता शिक्षा : मतदाता शिक्षा शब्द सामान्यतया सूचना, सामग्री र कुनै विशेष चुनावको लागि मतदान प्रक्रियाको विशिष्टता र प्रविधिहरू बारे मतदाताहरूलाई जानकारी गराउन निर्धारित गरिएका कार्यक्रमहरूको प्रसारलाई वर्णन गर्न प्रयोग गरिन्छ। मतदाता शिक्षा कुनै पनि निष्पक्ष निर्वाचनको लागि अत्यन्त महत्त्वपूर्ण कार्य हो। मतदातालाई निर्वाचन प्रक्रियालगायत सम्पूर्ण निर्वाचनसम्बन्धी जानकारीलाई बढी प्रभावकारी तवरबाट बुझाउन अति आवश्यक हुन्छ। मतदाता शिक्षाले मतदाता नामावली सङ्कलनदेखि निर्वाचन परिणामको परिचक्रसम्म मतदाताहरूलाई सचेतीकरण गर्छ र मतदातासँग आफ्नो मतको शासकीय व्यवस्थासँग के, कस्तो सम्बन्ध र महत्त्व रहेको हुन्छ भन्ने समेत बुझाउँछ। यी र यस्ता जानकारीहरूले मतदाता निर्भिक, निडर, स्वतन्त्र र विवेकी भएर मतदान गर्न सक्छन। मतदाता शिक्षा अर्न्तगत दावी विरोध र संशोधन, समयसीमा, निर्वाचन आचारसंहिता, निर्वाचन कसूर र दण्डसजाय, प्रतिनिधित्व र उम्मेदवार हुन सक्ने अधिकार, मतदाता हुने उमेर, मतदान गर्ने समय र स्थान, मतदान गर्ने तरिका र अभ्यास, मत रद्ध हुने अवस्था, मतगणना गर्ने विधि र प्रक्रिया, मतदाताका आधारभूत अधिकार, निर्वाचनसम्बन्धी कसूर गर्ने उपर आम नागरिकले गर्नुपर्ने व्यवहार र निर्वाचन व्यवस्थापनमा गर्नु पर्ने सहयोग र सुरक्षाका विषय पर्दछन्।

मतदाता सूचना : मतदाता सूचनाले योग्य नागरिकहरूलाई मतदान गर्न सक्षम बनाउने आधारभूत जानकारीलाई जनाउँदछ। यसमा जनतालाई निर्वाचन प्रक्रियामा प्रभावकारी रूपमा सहभागी गराउने उद्देश्यले विभिन्न सूचनाहरू समावेश हुन्छन्। यसमा चुनावको बारेमा आधारभूत तथ्यहरू हुन्छन् र व्याख्या आवश्यक पर्दैन। प्रत्येक नयाँ चुनावको लागि सन्देशहरू विकसित गरिन्छ। मतदाता सूचनाले मतदातालाई कसरी र कहाँ मतदान गर्ने, योग्यता मापदण्ड, अनुपस्थित मतदान विकल्पहरू र मतदान केन्द्र स्थानहरू जस्ता चुनावी प्रक्रियाहरू बारे जानकारी दिन्छ भने मतदान विधि, उम्मेदवारहरूको जानकारी, मतदाता शिक्षा सामग्री, निर्वाचन परिणाम, कानूनी र नियामक जानकारी, निर्वाचन सुरक्षा आदि वारे अवगत गराउदछ। यी गतिविधिहरू सामान्यतया छिटो समयमा कार्यान्वयन गरिन्छ (यद्यपि पर्याप्त योजना आवश्यक हुन्छ)। निर्वाचन अधिकारीहरूले सामान्यतया यस प्रकारको जानकारी प्रदान गर्न आवश्यक छ, यद्यपि चुनावमा प्रतिद्वन्द्वीहरू र नागरिक समाज सङ्गठनहरूले पनि त्यसो गर्न सक्छन्। समग्रमा, मतदाता सूचनाको उद्देश्य जनतासँग उनीहरूको पृष्ठभूमि वा परिस्थिति जस्तोसुकै भए पनि निर्वाचन प्रक्रियामा निर्धक्क र प्रभावकारी रूपमा सहभागी हुन आवश्यक सबै सूचना छन् भनी सुनिश्चित गर्नु हो। यसले मतदाताको संलग्नता, पारदर्शिता र लोकतान्त्रिक प्रक्रियामा विश्वास प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

नागरिक शिक्षा : निर्वाचन सम्बन्धित नागरिक शिक्षा मूलत जनचेतनासँग जोडिएको विषय हो। शिक्षित एवम् विकसित मुलुकहरूमा यसको अधिक आवश्यकता नपर्न सक्छ तर, जनचेतनाको स्तर कम भएको नेपालजस्तो मुलुकको लागि यसको आवश्यकता अनिवार्य रूपमा रहन्छ। नागरिक शिक्षाले मतदानको मूल्य सिकाउछ र संलग्न हुन आवश्यक सीपहरू विकास र अभ्यास गर्ने अवसर प्रदान गरेर राजनीतिक प्रक्रियामा सहभागी हुन उत्प्रेरित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। नागरिकलाई आफ्नो सरकारको मामिलामा सहभागी हुने अधिकार छ र नागरिक शिक्षाले स्वशासनमा अर्थपूर्ण र जिम्मेवारीपूर्वक सहभागी हुने जनताको क्षमता र अवसरलाई बढाउँछ। नागरिक शिक्षाले विशेषगरी निम्न विषयहरूबारे जानकारी गराउँदछ: निर्वाचन के हो र किन आवश्यक छ ? मानव अधिकार र लोकतन्त्रबीचको सम्बन्ध, स्वच्छ र स्वतन्त्र निर्वाचन किन ? निर्वाचनका विधि प्रक्रिया, निर्वाचन क्षेत्र र उम्मेदवारीको प्रकृति, मतदान गर्दा ध्यान दिनुपर्ने कुरा, आदि। यसर्थ यी विषयवस्तुहरूको बारेमा नागरिकलाई सुसूचित गराउन नागरिक शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ। नागरिक शिक्षामा प्राय: सरकारी निकायहरू, नागरिक समाज सङ्गठनहरू, गैर-सरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय साझेदारहरू र अन्य सरोकारवालाहरूबीचको सहकार्य समावेश हुन्छ।

३. निर्वाचन शिक्षाको विकास र संलग्नता

नेपालमा मतदाता शिक्षासम्बन्धी निर्वाचन आयोगको नीति अनुसार प्रयोग गरिएका सामग्री विकास गर्ने काम दुई तरिकाले गरेको देखिन्छ। एकातिर निर्वाचन आयोग आफैँले सामग्री विकास तथा उत्पादन गर्ने र अर्कोतिर मतदाता शिक्षामा संलग्न हुन इच्छुक कतिपय गैरसरकारी संस्थाहरूले त्यस्तो सामग्री विकास गरी आयोगबाट स्वीकृत गराई उत्पादन गरेका पाइन्छ। निर्वाचन आयोगबाट सञ्चालन भएको मतदाता शिक्षा कार्यक्रममा निम्न विषयवस्तुलाई समावेश गरिएको पाइन्छ : निर्वाचनसम्बन्धी जानकारी, मताधिकार, निर्वाचन प्रणाली, समावेशी अवधारणा, निर्वाचन प्रक्रिया, निर्वाचन आचारसंहिता, उम्मेद्वारी, मतदान केन्द्र, मतदान प्रक्रिया, मतगणना, परिणाम घोषणा, निर्वाचन पर्यवेक्षण र अनुगमन आदि।

नागरिक समाज सङ्गठनहरूले निर्वाचन आयोग सँगसँगै मतदाता शिक्षा कार्यक्रमहरूको विकास र कार्यान्वयन गर्न काम गरिरहेका छन्। यस सहकार्यले केही हदसम्म भएपनि निर्वाचन आयोगको आधिकारिक स्रोतहरू समुदायहरूमा संस्थाहरूको अनुभवको साथ प्रयोग भएको छ। संघ संस्थाहरूले निर्वाचन शिक्षा कार्यक्रमहरूको प्रभावकारिताको पनि अनुगमन गरिरहेका छन र सुधारका लागि प्रतिक्रिया दिइरहेका छन्। तर विभिन्न संघ संस्थाहरूद्वारा उत्पादन/निर्माण गरिएका अधिकांश सामग्रीहरू अधिकारमा मात्र आधारित भएको तर कर्तव्यप्रति खासै ध्यान दिएको पाइँदैन। निर्वाचन शिक्षासम्बन्धी अधिकांश सामग्रीहरू नेपाली भाषामा मात्र उत्पादन गरिएको कारण कतिपय स्थानीयस्तरमा यसको औचित्य र सान्दर्भिकता कम रहेको देखिन्छ।

कतिपय राजनीतिक दलले आफ्ना कार्यकर्तालाई आ-आफ्नो तरिकाले राजनीतिक शिक्षा दिने प्रयास गरिरहेका छन् तर उनीहरूले आफ्ना कार्यकर्ता, समर्थक र

मतदातालाई तालिम दिएको राजनीतिक शिक्षा अपर्याप्त देखिन्छ। दलहरूले आ-आफ्नो नीति र कार्यक्रमलाई औचित्य प्रमाणित गर्न, कुनै पार्टी विशेषको महत्त्वलाई उजागर गर्ने र नागरिकताको मूल्य मान्यताको परिचय दिनको सट्टा अरूको आलोचना गर्ने पाठ्यक्रमहरू प्रदान गर्ने अर्थमा यो अपर्याप्त छ।

४. निर्वाचन शिक्षाको प्रभावकारिता

नेपाल अहिले पनि राजनीतिक असन्तुष्टिबाट बारम्बार सङ्घर्ष गरिरहेको छ र यस्तो अवस्थामा स्वतन्त्र, निष्पक्ष र जवाफदेही निर्वाचन गर्नुको विकल्प छैन। तर, कुनै पनि निर्वाचनको सफलता भनेको मतदान गर्दा मतदाताहरू कति सचेत थिए भन्ने कुरामा भर पर्छ। अनजान मतदाताको भोटले चुनावमा बाधा मात्र नभई प्रभावकारी सरकारको स्थापना गर्न असफल हुने सम्भावित गलत उम्मेदवार छनोटको परिणाम हो। धेरैजसो निर्वाचन शिक्षा कार्यक्रमहरू राम्रो नियतका साथ सञ्चालन गरिन्छन्। समस्या तिनीहरूको कार्यान्वयनमा छ, अवास्तविक उद्देश्यहरू, समय र स्रोतका सीमितताहरू र कहिलेकाहीँ कार्यमा के समावेश छ भन्ने बारे चेतनाको कमी।

विगतमा नेपालले निर्वाचन शिक्षाका कार्यक्रमहरू लागू गरेको र केही हदसम्म प्रभावकारी रहेको देखिन्छ। अध्ययनले नेपालमा निर्वाचन शिक्षाका पहल र उच्च मतदाता सहभागिताबीचको सम्बन्धको सुझाव दिन्छ। सन् २००८ देखि २०१३ को संविधानसभाको निर्वाचनमा मतदाता शिक्षाको प्रयास बढेको कारण मतदाताको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको भन्न सकिन्छ। त्यसपछिको निर्वाचनमा निर्वाचन शिक्षाको स्तर र प्रयास क्रमशः घट्दै गएको छ भने मतदान प्रक्रियालगायत निर्वाचन प्रणालीको जटिलता बढेको छ। नतिजा सन् २०१७ देखि २०२२ का चुनावमा मतदाताको सहभागितामा क्रमशः कमी आएको छ।

मतदाताको कम सहभागिता लोकतन्त्रको गहिरो सङ्कटको प्रतिबिम्ब हुन सक्छ। पछिल्लो एक दशकदेखि नेपालमा युवाहरूमा निर्वाचन प्रक्रिया र राजनीतिप्रति बढी नकारात्मक मनोवृत्ति बढेको देखिन्छ। नयाँ संविधानमा आधारित सन् २०१७ को पहिलो चुनाव पछि युवाहरू पहिलेको तुलनामा धेरै उदासीन र राजनीतिक प्रक्रियालाई कम सहयोगी भएका छन्। उनीहरूको अनुसार परिस्थितिमा धेरै परिवर्तन आएको छैन र ठूलो सङ्ख्यामा युवाहरू काम र शिक्षाको लागि विदेश जाने क्रम जारी छ। व्यक्तिको पहिलो चुनावी अनुभवले आफू मतदाता (वा गैर-मतदाता) को रूपमा रंगिन सक्छ। नेपालको लोकतन्त्रको लागि चिन्ताको विषय यो हो कि मतदाताको ठूलो भागले मतदान नगर्नेले मतदान गर्ने भन्दा धेरै फरक नतिजा निकाल्दैन भन्ने कुरा बुझेका छन्। यो पनि प्रभावहीन निर्वाचन शिक्षाको कारण हो।

निर्वाचन आयोगले पहिले भन्दा अहिले सीमान्तकृत समूहहरूलाई निर्वाचन प्रक्रियामा समावेश गर्ने काम गरेको छ, जसले थप प्रतिनिधिमूलक लोकतन्त्रको विकास गर्दछ।

युवाहरू, राजनीतिज्ञहरू र निर्वाचन प्रक्रियाबीचको दूरी घटाउन नवपरिवर्तनहरू ल्याउनुपर्छ। प्रायः यो मतदाता र निर्वाचितहरू बीचको जानकारीको अभाव होइन जुन समस्याग्रस्त हुन्छ तर त्यस्ता जानकारीको गुणस्तर हो। युवाहरूको राजनीतिसँगको सम्बन्धको प्रकृति पत्ता लगाउन थप मूल्याङ्कन आवश्यक छ।

उदाहरणका लागि, युवाहरूको मनोवृत्ति सिर्जना गर्न, परिवर्तन गर्न वा सुदृढ पार्न मिडिया र पारिवारिक संरचनाहरूको भूमिका अहिले कम मूल्याङ्कन गरिएको छ। वर्तमान निर्वाचन प्रणाली अन्तर्गत, राजनीतिक दलहरूले देशका सबै भागहरूमा युवा मतदाताहरूलाई संलग्न गराउने प्रयास गर्नु महत्त्वपूर्ण छ, सीमान्त क्षेत्रहरूमा बसोबास गर्नेहरूलाई मात्र होइन।

नागरिक शिक्षा कार्यक्रमहरू प्राय: निहित स्वार्थ समूहहरूद्वारा निर्देशित हुन्छन् र केही उदाहरणहरूमा, नागरिक समाज संङ्गठनहरूले चुनावी मोडेल वा विशेष प्रकारको प्रणालीलाई बढावा दिने जस्ता विदेशी-विकसित सामग्रीहरू प्रयोग गर्छन्। व्यापक सार्वजनिक बहस र स्वामित्वको अभावमा, त्यस्ता प्रयासहरूले प्राय: विशिष्ट सांस्कृतिक सन्दर्भहरू र देशको सामाजिक मान्यताहरूलाई बेवास्ता गर्दछ, र समस्याहरूको स्थानीय विश्लेषण र स्थानीय समाधानहरूको विचारको सीमालाई सीमित गर्दैछ। दिगो संलग्नता र लक्षित स्रोतहरूबिना सबैभन्दा पृथक भएका नागरिकहरूसँग निर्वाचन शिक्षालाई राजनीतिक, आर्थिक वा सामाजिक लाभहरूका रूपमा भागलिन समय विरलै हुन्छ। विगतमा व्यवस्थित निर्वाचन शिक्षा कार्यक्रम सञ्चालनमा थोरै मात्र संस्थाहरू संलग्न थिए। तर तिनीहरूमध्ये लगभग कुनै पनिको नागरिक वा मतदाता शिक्षा कार्यक्रमहरूमा औपचारिक पहलहरू थिएनन्। सामान्यतया, नागरिक शिक्षा कार्यक्रमहरू शहर केन्द्रित र निश्चित समुदायहरूलाई लक्षित गरिएको देखिन्छ।

५. सुझाव र सिफारिसहरू

- निर्वाचन शिक्षा नेपाली नागरिकमा लोकतान्त्रिक प्रणाली र विशेषगरी निर्वाचन प्रक्रियाप्रति चेतना, ज्ञान, समर्थन र सहभागिताको स्तर बढाउन केन्द्रित हुनुपर्छ। नागरिकहरू मध्ये, पछिल्लो निर्वाचन चक्रमा उल्लेखनीय रूपमा कम वा पटक्कै सहभागी नभएको भनी पहिचान भएका समूहहरूलाई प्राथमिकता दिनुपर्छ।
- निर्वाचन शिक्षाको बृहत् कार्यक्रम विकास र प्रचारप्रसार गर्नुपर्दछ, प्रत्येक निर्वाचन अगावै राम्रोसँग सुरु गरी निर्वाचन प्रक्रियामा निरन्तरता दिनुपर्छ र प्रयोग गरिएको सामग्री सही र राजनीतिक रूपमा तटस्थ छ भनी सुनिश्चित गर्नुपर्छ। विशेष गरी दुर्गम क्षेत्रहरूमा पहुँच सुनिश्चित गर्न र भाषा अवरोधहरू हटाउन स्थानीय भाषाहरूमा शैक्षिक सामग्री र कार्यक्रमहरू प्रदान गर्न आवश्यक छ।
- मतदाताहरूलाई विभिन्न उम्मेदवार र दलहरूको नीतिगत स्थितिहरूको विश्लेषण गर्ने सीपहरू प्रदान गर्नाले उनीहरूलाई थप जानकारीपूर्ण छनौटहरू गर्न सहज बनाउछ। आलोचनात्मक सोच कौशललाई बढावा दिने शिक्षा पाठ्यक्रमहरू विकास गर्नाले मतदाताहरूलाई सूचनाको मूल्याङ्कन गर्न, सम्भावित पूर्वाग्रहहरू पहिचान गर्न र राजनीतिक मुद्दाहरूमा आफ्नै स्वतन्त्र विचारहरू बनाउनको लागि राम्रोसँग तयार पार्छ।
- युवा जनशक्तिको मतदान र यसले के सुधार गर्न सक्छ भन्ने सन्दर्भमा भरपर्दो र आकर्षक सर्वेक्षण प्रमाणहरूको अभाव छ। युवा समूह र पुस्ताका प्रभावहरू, नागरिक कर्तव्यहरू बीचको सम्बन्ध र मतदान,

र आधुनिक समाजमा सहभागिताका विभिन्न स्तरहरू बीचको भिन्नताको मूल्याङ्कन गर्न थप अनुसन्धान आवश्यक छ।

- विगतमा जस्तो नभई, निर्वाचन आयोग र नागरिक समाज सङ्गठनहरूले मोबाइल सन्देश वा फेसबुक र ट्विटर जस्ता सामाजिक सञ्जालहरू प्रयोग गरी मतदानको दिन र समय, मतगणना र अन्य प्राविधिक पक्षहरूको महत्त्वपूर्ण सूचनाहरू पठाउन सक्छन्। चुनावी जानकारी फैलाउन र नागरिकहरूसँग संलग्न हुन सामाजिक सञ्जाल, वेबसाइटहरू, मोबाइल एपहरू र अनलाइन फोरमहरू लगायतका डिजिटल प्लेटफर्महरू प्रयोग गर्नु आवश्यक भएको छ। डिजिटल प्रविधिले विशेष गरी युवा मतदाताहरू र सहरी जनसङ्ख्यासम्म सजिलै पुग्न सक्छ, र अन्तरक्रियात्मक सञ्चार र प्रतिक्रियालाई सहज बनाउन सक्छ।
- निर्वाचन आयोगले नागरिक समाज, गैरसरकारी संस्थाहरू र अन्य सरोकारवालाहरूसँग निर्वाचन शिक्षाको प्रयासलाई विस्तार गर्न र सामुदायिक पहुँच, मतदाता परिचालन र निर्वाचन सुधारको वकालतमा उनीहरूको विशेषज्ञताको फाइदा उठाउनको लागि सहकार्य गर्नुपर्छ।

माथि उल्लिखित क्षेत्रहरूमा ध्यान केन्द्रित गरेर, नेपालले आफ्नो निर्वाचन शिक्षालाई बलियो बनाउन सक्छ, नागरिकहरूलाई सूचित मतदान गर्न सशक्त बनाउन सक्छ, र शासनको सुदृढीकरण र निर्वाचन प्रक्रियाको निष्पक्षता सुनिश्चित गर्न सक्छ, अन्ततः थप बलियो र प्रतिनिधि लोकतन्त्रमा योगदान पुऱ्याउँछ।

(श्रेष्ठ, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का कार्यकारी निर्देशक हुनुहुन्छ।)

सन्दर्भ सामग्री

http://www.un.org/en/documents/udhr/index.shtml

National Election Observation Committee (2013); *"Electoral Education in Nepal: Appraisal of Information, Education & Communication Approach"*

महिला मताधिकारका लागि बसन्तीदेवी झाको सङ्घर्ष

नेपालमा संवैधानिक विकासको चर्चा गर्दा सबैभन्दा पहिलो मूल कानुन नेपाल सरकार वैधानिक कानुन, २००४ जारी भयो। २००४ सालमै पहिलो पटक नेपालमा निर्वाचन भएको थियो। जसमा महिलाले मताधिकार पाएनन्। २००७ सालमा प्रजातन्त्र आएपछि महिलाले मतदान र उम्मेदवार बन्ने अधिकार पाएको देखिन्छ। तर, महिलालाई समेत मतदान र उम्मेदवार बन्ने कानुनी अधिकार दिएपनि महोत्तरी जिल्ला तत्कालीन गैढाभेटपुर गाविसमा महिलालाई मतदान गर्ने अधिकारबाट वञ्चित गरिएको थियो। निर्वाचनमा महिलाले मतदान गर्न पाउँदैनथे। उम्मेदवार तथा राजनीतिक दलहरूले भागभण्डा गरी महिलाको मत खसाउँथे।

तत्कालीन जिल्ला सभापति रामदयाल यादव लगायतले महिलालाई मतदान गर्नबाट वञ्चित गरेका थिए। गैँढाभेटपुर गाविस-१ हाल सम्सी गाउँपालिका-४ की बसन्ती देवी झालाई यो विषयले असाध्यै छोइरहेको थियो। २०२८ सालमा भएको गाउँपञ्चायतको निर्वाचनको मतदान केन्द्र घरनजिकैको श्री माध्यमिक विद्यालय, गैँढाभेटपुरमा थियो।

मधुकान्त झा, रघुवर झा, विलट महतो, लालबाबु यादव र कुञ्ज विहारी यादव गाउँपञ्चायत प्रमुखको चुनावी प्रतिस्पर्धामा थिए। निर्वाचनमा मतदान गर्न बसन्तीदेवीलगायतका महिला उत्साहित थिए। तर, गाउँमा महिलालाई भोट खसाल्न दिइएको थिएन। महिलाको नामको मत पनि पुरुषहरूले नै खसाल्ने परिपाटी बसालिएको

बसन्ती देवी झा

थियो। बसन्ती देवी झाले पनि मतदान केन्द्रमा गएर भोट खसाल्ने विचार गर्नुभयो। महिलाले पनि भोट हाल्न पाउनु पर्छ भनेर घरपरिवारमा उहाँले सल्लाह गर्नु भयो। उहाँका पति मधुकान्त झा, ससुरा ढोराइ झा र सासु तन्की देवी झाले मतदान गर्न पाउने कुरामा सहमति जनाउनु भयो।

बसन्ती देवी झा मतदानको दिन घरनजिकै रहेको मतदान केन्द्रमा एक्लै पुग्नु भयो। मतदान अधिकृत नजिक गएर, 'म भोट खसाल्न आएकी हुँ, मैले मतदान गर्न पाउँछु कि पाउँदिन' भनी सोध्नु भयो। मतदान अधिकृतले मतदानको अनुमति दिए। गाउँकै जिरेखन झा जो लगातार तीन पटक गाउँपञ्चायत उपाध्यक्ष भएका थिए। उनी पनि मतदान गर्न लाइनमा बसेका थिए। ...

इन्सेकदारा प्रदान गरिएको प्रकाश मानव अधिकार पुरस्कार २०५९ बाट सम्मानित हुँदै बसन्ती देवी झा

गाउँको नाम हसाइँ दियो, गाउँको इज्जत गयो' भनेर बसन्ती देवी झालाई इङ्कित गर्दै जिरेखन झाले कटाक्ष गरे। बसन्ती देवी झाले उनको भनाइ प्रतिवाद गर्दै भनिन्-"महिला घरको काम गर्न घर बाहिर जाँदा मान्छे हाँस्दैन तर महिला मतदान गर्न आउँदा हाँस्छ।" मतदान गरेर बसन्ती देवी झा घर फर्किइन्। बसन्ती देवी झा भोट खसाएर आएपछि कुन महिलाले भोट हालेको रहेछ ? भनी सोधिखोजी हुन थाल्यो। भोट खसाल्ने महिलालाई 'गोली हानी दिने' भनेर गाँउभरि हल्ला भयो। बसन्ती देवी झाका अनुसार स्थानीय रामबाबु यादवले भोट खसाल्ने महिलालाई गोली हान्ने भनेर खोजीसमेत गरेका थिए। त्यतिखेर बसन्ती देवी झाको पति, ससुरा र सासुले साथ दिएका कारण उहाँलाई निकै हौसला मिलेको थियो।

त्यसबेला मानव अधिकार र महिलाको मताधिकारको बारेमा आफूलाई केही थाहा नभएको बसन्ती देवी झा बताउनुहुन्छ। निर्वाचन हुँदा गाउँका महिलाले भोट खसाल्न पाउँदैनथे। महिलाले भारतमा मतदान गर्न पाउने तर नेपालमा किन नपाउने भन्ने उहाँको मनमा प्रश्न खेलिरहन्थ्यो। मानव अधिकारको बारेमा थाहा नभएको तर, महिलाले पनि आफ्नो मत खसाल्न पाउनु पर्ने उहाँको धारणा थियो। उहाँको माइत भारतको सितामढी हो। माइतमा महिलाले मत खसालेको देखेकोले मताधिकारबाट महिलालाई बञ्चित गरिनु

हुन्न भन्ने उहाँको मान्यता थियो।

महिलाले पनि मतदान गर्न पाउनु पर्छ र यो महिलाको हक हो भनेर बसन्ती देवी झाले यस विषलाई अभियानको रूपमा लिएर अघि बढ्नु भयो। २०३६ सालको जनमत सङ्ग्रहमा समेत उहाँ एक्लैले मात्रै मतदान गर्नु भयो।

२०४६ सालको आन्दोलन पश्चात प्रजातन्त्र आएपछि २०४९ सालमा भएको स्थानीय तह निर्वाचनमा बसन्ती देवी झा, पवित्री देवी झा, भवानी देवी झा गरी तीन जना महिलाले मात्रै मतदान गरेका थिए। सो निर्वाचनमा बसन्ती देवी झाले महिलाले मतदान गर्न पाउनु पर्ने अधिकारका लागि जारी राखेको अभियानका लागि साथ दिन काठमाडौँबाट सहाना प्रधान, सपना प्रधान मल्ल र दुर्गा घिमिरे लगायतका महिला नेतृहरू महोत्तरी पुगेका थिए। महिलाले यसरी विद्रोह गरी मतदान गरेको खबरले बसन्ती देवी झासँग उहाँहरू भेट्न आउनु भएको थियो। काठमाडौँबाट आएका महिला नेतृहरू यसरी महिलाहरूलाई उचाल्न आएको भन्दै स्थानीयले दुर्व्यवहार गर्दै उहाँहरूको गाडीको साँचो समेत तत्कालीन गाविस अध्यक्ष सीमा यादवले खोसेका थिए। बसन्ती देवी झाले प्रतिवाद गर्दै आफैले खबरदारी गरेर यादवसँग गाडीको साँचो खोसेकी थिइन्।

२०५४ सालमा भएको स्थानीय तह निर्वाचनमा बसन्ती देवी झा, पवित्री देवी झा, भवानी देवी झा, रेखा झा, दु:खनी देवी साह, रिता झा र उर्मिला देवी झा गरी सात जना महिलाले मत्रै मतदान गरेका थिए। २०६४ सालमा भएको संविधान सभा निर्वाचनमा बसन्ती देवी झा लगायत ५६ जना महिलाले मतादन गरेका थिए। मतदान गरेको भन्दै गाउँलेले रामकली साहलाई गाउँमै भात र पानी बहिष्कार गरेको थियो। त्यस्तै महिला भएर मत किन खासालेको भन्दै गाउँलेले खाने पानी र भोज भतेरमा खानबाट समेत सवरी पासवानलाई बहिष्कार गरेको थियो। सवरी पासवानको लागी बसन्ती देवी झाले आफ्नै व्यक्तिगत लगानी गरी खानेपानीको व्यवस्था गराउनु भयो। तत्कालिन गाविस गैढाभेटपुरसँगै टाँसिएको पर्सापतैलीमा पनि मुस्लिम महिलाहरूलाई मताधिकारबाट बञ्चित गरिएको अवस्था थियो। त्यस क्षेत्रमा समेत बसन्ती देवी झाको निरन्तर अभियानले २०५६ सालको निर्वाचनदेखि मुस्लिम महिलाले भोट खसाल्न पाए। महिलाले पनि भोट खसाल्न पाउनु पर्छ भन्ने हाम्रो अभियानमा राजनीतिककर्मी सुरेन्द्र यादव र पत्रकार रविन्द्र उप्रेतीले अतुलनीय सहयोग गर्नु भएको बसन्ती देवी झा बताउनु हुन्छ।

सामाजिक कार्यहरूमा बहिष्कृत गरिने, मार्ने धम्की, सामाजिक सद्भाव बिथोल्ने आरोप जस्ता विभिन्न चुनौतीको सामना र प्रतिकार गर्दै बसन्ती देवी झाको यस अभियान र राजनीतिककर्मी सुरेन्द्र यादवको साथ र सहयोगको प्रतिफल स्वरूप २०६९ सालमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सबै महिलाहरूले निर्वाचनमा मतदान गर्न पाए। उहाँको योगदानको कदर गर्दै इन्सेकले २०५९ सालमा प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मान गरेको थियो।

संविधान सभा निर्वाचनमा बसन्ती देवी झा समानुपातिक निर्वाचन प्रणालीबाट तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) बाट निर्वाचित हुनु भयो। उहाँ मानव अधिकार तथा महिला अधिकारको सवालमा अझै सक्रय हुनुहुन्छ।

(राजु पासवान र ममता विश्वकर्माले गर्नु भएको कुराकानीमा आधारित।)

तथ्याङ्कमा निर्वाचन

संविधानसभा निर्वाचन

क्र. सं.	निर्वाचनको मिति	निर्वाचन क्षेत्र	विजयी महिला	समानुपातिक सदस्य	विजयी महिला	मन्त्रिपरिषद्बाट मनोनित	मनोनित महिला	मतदाता
१	२०६४ चैत २८	२४०	३०	३३५	१६१	२६	६	१७६११८३२
२	२०७० मङ्सिर ४	२४०	१०	३३५	१५९	२६	४	१२१४७८६५

(स्रोतः निर्वाचन आयोग)

स्थानीय तह निर्वाचन

क्र.सं.	निर्वाचनको मिति	निर्वाचन गरिएका प्रदेश	स्थानीय तह	मतदाता
१.	२०७४ वैशाख ३१	बागमती, गण्डकी र कर्णाली	२८३	४९५६८२३
२.	२०७४ असार १४	कोशी, लुम्बिनी र सुदूरपश्चिम	३३४	६४५०६५१
३.	२०७४ असोज २	मधेश	१३६	२६६४९५०
४.	२०७९ वैशाख ३१	सात प्रदेश	७५३	१,७७,३३,७२३

(स्रोतः निर्वाचन आयोग)

स्थानीय तह निर्वाचन

क्र. सं.	निर्वाचनको मिति	निर्वाचन क्षेत्र	विजयी महिला	समानुपातिक सदस्य	विजयी महिला	मतदाता
१.	२०७४ मङ्सिर १०	३२ जिल्लाका ३७	६	११०	८४	३१९१९४५
२.	२०७४ मङ्सिर २१	४५ जिल्लाका १२८	३			१२२३३७७८
३.	२०७९ मङ्सिर ४	१६५	९	११०		

(स्रोतः निर्वाचन आयोग)

प्रदेशसभा निर्वाचन

क्र. सं.	निर्वाचनको मिति	निर्वाचन क्षेत्र	विजयी महिला	समानुपातिक सदस्य	विजयी महिला	मतदाता
१.	२०७४ मङ्सिर १०	३२ जिल्लाका ७४	१७	२२०	१७२	३१९१९४५
२.	२०७४ मङ्सिर २१	४५ जिल्लाका २५६				१२२३३७७८
३.	२०७९ मङ्सिर ४	३३०	१४	२२०	१८६	१७९८८५०

(स्रोतः निर्वाचन आयोग)

राजनीतिक दलको सुशासन र आन्तरिक लोकतन्त्र बलियो भएन भने मतदान बद्दैन

दिनेश थपलिया, निर्वाचन आयोगको प्रमुख आयुक्त हुनुहुन्छ। थपलियाकै नेतृत्वमा २०७५ वैशाखमा स्थानीय तहको र २०७५ मङ्सिरमा प्रतिनिधिसभा, प्रदेशसभा निर्वाचन सम्पन्न भयो। निर्वाचन, निर्वाचनमा सरकारको भूमिका र निर्वाचन आचारसंहितालगायतका विषयमा प्राचीका लागि इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीको सम्पादित अंश।

निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगलाई कति कठिनाइ हुने रहेछ ?

निर्वाचन लोकतन्त्रको आधार स्तम्भ हो। विकास, सुशासन र समृद्धिको प्रारम्भ पनि गतिलो निर्वाचनबाटै हुन्छ। एउटा किसानले ब्याडमा जति राम्रोसँग बेर्ना उमार्न सक्छ, त्यति नै राम्रो फल लाग्छ। बेर्ना कमजोर रोपेमा फल नै लाग्दैन। निर्वाचनलाई मैले किसानले तयार गर्ने ब्याड र बेर्नाको रूपमा बुझ्छु। सबैभन्दा पहिले निर्वाचन कसले गर्छ भन्ने विषयमा स्पष्ट हुनु आवश्यक छ। निर्वाचन सम्पन्न भइसकेपछि सरकारको नीति तथा कार्यक्रम सुन्न गएको थिएँ। प्रधानमन्त्रीलगायतका नेताहरूको भाषणहरू पनि सुन्छु। सरकारले निर्वाचन बडो सफलतापूर्वक सम्पन्न गऱ्यो भनेर अभिलेख गरिन्छ। संविधानले नै निर्वाचन गराउने काम निर्वाचन आयोगले गर्छ भनेको छ। त्यसैले, भन्नु के पर्थ्यो भने-'निर्वाचन आयोगले सफलतापूर्वक निर्वाचन सम्पन्न गऱ्यो। त्यसमा हामीले हाम्रातर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकेकोमा खुशी व्यक्त गर्दछौँ।' यही होइन र तथ्य ? सरकारले निर्वाचन गर्ने भन्ने दृष्टिकोण जबरजस्त रहेछ। यो भ्रम हो। निर्वाचन सरकारले होइन निर्वाचन आयोगले गर्ने हो। यो कुरालाई संविधानमा नै स्पष्ट पारिएको छ। संसारभर नै निर्वाचन निर्वाचन आयोगले गर्ने भन्ने तथ्य स्थापित छ। यहाँ पनि त्यही आँखाले हेर्नुपर्छ।

निर्वाचनको मिति तोक्छौँ। अन्य तयारी गर्छौँ। तपाईंहरूजस्तै मानव अधिकार संस्था र पत्रकारहरूले हामीलाई निगरानी गरेका हुन्छन्। कमी कमजोरी औँल्याउनुहुन्छ। सुझाव दिनुहुन्छ। सुधार गर्नुपर्ने विषयमा सहयोग गर्नुहुन्छ। त्यसलाई

हामी ग्रहण गर्छौं। तर, निर्वाचनलाई चाहिने पहिलो कुरा बजेट हो। दोस्रो सामग्रीको व्यवस्थापन हो। तेस्रो जनशक्तिको व्यवस्थापन हो। जुन हामीसँग छैन। सरकारसँग माग गर्नुपर्छ। चौथो सुरक्षाको बन्दोबस्त गर्नुपर्छ। हरेक मतदाताले 'म मतदान गर्न सुरक्षित छु' भनेर महसुस गर्नुपर्‍यो। सुरक्षाको प्रबन्ध निकै महत्त्वपूर्ण विषय हो। त्यसैले यी सबै विषयलाई निर्वाचनको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता र विश्वशनीयताप्रति अभिमुखिकरण गरेर एउटा प्रहरी जवानलाई पनि त्यत्तिकै जिम्मेवार बनाउनु पर्‍यो। अरू सरोकारवालालाई पनि उत्तिकै जिम्मेवार बनाउनुपर्ने भएको हुँदा यो निकै जटिल व्यवस्थापकीय कार्य हो भन्ने महसुस गरेको छु।

आम पर्यवेक्षण गर्ने संस्थाहरू निर्वाचन निष्पक्ष र स्वतन्त्र होस् भन्ने चाहन्छन्। आम मतदाता निर्वाचन निष्पक्ष होस् भन्ने चाहन्छन्। नागरिक समाज, आम सञ्चार माध्यमले निर्वाचनको स्वच्छता र निष्पक्षताका लागि खबरदारी गरेको गर्‍यै हुन्छ। निर्वाचन आयोगको त उद्धेश्य नै त्यही भयो। निर्वाचनको मुख्य सरोकारवाला भनेको राजनीतिक दल र उम्मेदवार हुन्। तर, राजनीतिक दल र उम्मेदवारहरूले यो वाक्यांश बिर्सन्छन्। निर्वाचन, स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र विश्वसनीय हुनुपर्छ भन्ने वाक्यांश बिर्सन्छन्। निर्वाचन जस्तोसुकै होस् 'मैले जित्नुपर्छ' भन्ने मानसिकता राख्छन्। हो, यसकाबिच तालमेल मिलाएर निर्वाचन सम्पन्न गर्नुचाँहि साँच्चै नै फलामका चिउरा चपाएसरह हुँदो रहेछ।

बेलाबेलामा यहाँहरूले उम्मेदवार र राजनीतिक दलहरूलाई सम्झाउनु भयो नि ! होइन र ?

नजान्ने, नबुझ्ने मान्छेलाई हामी बुझाउँछौं। सम्झाउँछौं। हामी प्रयत्न गर्छौं। जस्तो जनतालाई निर्वाचनमा भाग लिइदिनुस् भन्छौं। तर, के आचारसंहिता मिच्न हुँदैन भन्ने थाहा नपाएर आचारसंहिता मिचिन्छ ? के निर्वाचनलाई भड्किलो र खर्चिलो बनाउन हुँदैन, इमान र निष्ठाले निर्वाचन जित्नुपर्छ हाम्रा दलहरू थाहा पाउँदैनन् ? उम्मेदवारलाई जानकारी हुँदैन ? जतिखेर शान्ति सुरक्षालाई चुस्त दुरुस्त राख्ने विषय होस्, आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने विषय होस् र निर्वाचनसम्बन्धी कुनै पनि 'इस्यू' आउनासाथ त्यसलाई तत्काल समाधान गर्ने विषय होस्, यस्ता कुरामा राजनीतिक दल र उम्मेदवारहरूबाट चाहेजस्तो सहयोग आयोगले प्राप्त गर्न सकेन।

हामीले यो निर्वाचन सम्पन्न गर्दै गर्दा खुशी लागेको विषय हामीले एकैपटक देशभर निर्वाचन गर्नुपर्छ भनेर अडान राख्यौं। यसमा सरकारले पनि समर्थन गर्‍यो। तपाईंहरूबाट पनि साथ मिल्यो। निर्वाचनलाई खण्डखण्ड गरेर सम्पन्न गर्दा कतै न कतै प्रश्न उठ्छ है भनेर तपाईंहरूले एकैपटक निर्वाचन गर्नुपर्छ भनेर गर्नुभएको जोडबल पनि यहाँनेर म सम्झन चाहन्छु। यसमा हामीले सफलता प्राप्त गर्‍यौं। हामीले आमसञ्चार जगत र पर्यवेक्षण संस्थालगायत नागरिक समाजबाट सारै ठूलो सहयोग पायौं। मलाई लाग्छ, इतिहासमा यति ठूलो सहयोग निर्वाचन आयोगले पाएको थिएन। हरेक ठाउँमा खबरदारी, हरेक ठाउँको सूचना हामीलाई प्राप्त भयो। र, हामीले ठाउँको ठाउँ *'एक्सन'* लिन सक्यौं। ठाउँको ठाउँ कारबाही गर्ने वातावरण बन्यो। हामीले निर्वाचन सस्तो र मितव्ययी गर्न सकिन्छ भन्ने प्रमाणित गर्‍यौं। निर्वाचनलाई हाउगुजी बनाइयो। यो

त जीवनशैली हो। निर्वाचन भनेको निरन्तर प्रक्रिया हो। लोकतन्त्रका निम्ति गर्नैपर्ने एउटा कार्यका रूपमा आत्मसात गर्नुको विकल्प छैन। यो दृष्टिकोणबाट हेर्दा आयोग खुशी छ। तर, राजनीतिक दलमा निर्वाचनको संस्कार स्थापना गर्न सकिएन त्यसले अलिक कठिन बनायो।

बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीमा निर्वाचन दल लड्छ कि व्यक्ति ? यो प्रश्न बडो जटिलताका साथ हाम्रो सामु खडा भयो। यो प्रश्नको निरूपण हुन जरुरी छ। हाम्रो संविधानले राजनीतिक दलहरू नीति, सिद्धान्त, विचार र कार्यक्रमको आधारमा बन्छन् भनेको छ। र, राजनीतिक दलहरूले मत माग्दा आफ्नो प्रतिबद्धता, आफ्नो नीति, सिद्धान्त र विचार लिएर जान्छन्। मतदाताले राजनीतिक दलको नीति, सिद्धान्त, विचार, कार्यक्रम र प्रतिबद्धतालाई हेरेर मत दिने वा नदिने निर्णय गरी कार्यान्वयन गर्छन्। त्यसका आधारमा मत दिन वा नदिन पाउँछन्। मतदाता स्वतन्त्र हुन्छन्। सार्वभौम हुन्छन्। यो साश्वत सत्यलाई खण्डित गर्ने प्रयत्न हामीले २०७४ पछिका निर्वाचनबाट भोग्दै आयौँ।

गठबन्धनका नाममा भन्न खोज्नु भएको हो ?

दल निर्वाचनमा गएनन्। व्यक्ति निर्वाचनमा गए। अहिले दलीय प्रतिस्पर्धात्मक व्यवस्था कहीँ कतै ओझेलमा परेको र निर्वाचन व्यक्ति प्रधान हुन्छ भन्ने गलत भाष्य निर्माण हुन गयो कि भन्ने डर आयोगलाई छ। निर्वाचनमा निष्ठा, विचार, नीति, सिद्धान्त र कार्यक्रमले जित्नु पर्छ भन्ने हाम्रो मान्यता छ। तर, निर्वाचनमा पैसा, पहुँच, शक्ति, अरूलाई लटरपटर पार्न सक्ने खुबी र क्षमताले जित्न सक्छ भन्ने गलत मानक पो स्थापित गर्ने प्रयास पो भएको को कि ? म बडो दु:खका साथ भन्छु-स्थापित आम सञ्चार माध्यमले निर्वाचनका विषयमा के समाचार छाप्छन् भने 'राष्ट्रिय सभाको निर्वाचनमा फ्लोर क्रस गरियो'। प्रतिनिधि सभाको निर्वाचनमा 'फलानो ठाउँमा फलानोकै मान्छे झ्याप्पै थिए। तर, फलानाले जित्यो '। संसारभर मान्य विषय के हो भने मतदाता स्वतन्त्र हुन्छन्। यो मैले बनाएको मानक होइन। मानव अधिकारको विश्वव्यापी घोषणापत्र होस् वा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि नै किन नहोस् ती दस्तावेजमा मतदाताको स्वतन्त्रतालाई उल्लेख गरिएको छ। निर्वाचन गोप्य हुन्छ। मतदाताले आफूलाई मन परेको उम्मेदवार वा दललाई गोप्य रूपमा स्वतन्त्र भई मतदान गर्न पाउँछ भनी हरेक दस्तावेजमा लेखेका छौँ। राजनीतिक दलहरूलाई मतदाता भनेका हाम्रा आदेश मान्ने पात्रहरू हुन्। दास हुन् भन्ने सोचाइ रहेका कारण र आमसञ्चारले गोप्य मतदानको सिद्धान्त विपरीतका सामग्री प्रकाशन प्रशारण गर्ने गरेका केही दृष्टान्तका कारण निर्वाचनलाई स्वतन्त्रतापूर्वक सम्पन्न गर्ने चुनौती छन्।

लोकतन्त्रमा पनि राजा र रैती मानसिकता जिउँदो रह्यो ?

हो। यो मानसिकता जिउँदो रह्यो। यस्ता गलत भाष्य र मानक स्थापित गर्दै गयौँ भने निर्वाचनको औचित्यमाथि नै प्रश्न उठ्ने त्रास निर्वाचन आयोगसँग छ। यसका निम्ति सरोकारवाला सबै पक्ष गम्भीरतापूर्वक लाग्नु आवश्यक छ। मैले त यो विषय दलहरूसँग पनि उठाएको छु। हाम्रो वार्षिक प्रतिवेदनमा पनि यो विषय उल्लेख गरिएको छ। यस्ता गलत प्रवृत्तिलाई निषेध गर्नुपर्छ भनेर आयोग लागिरहेको छ।

निर्वाचन आयोगले सामाजिक सञ्जालबाट पनि आचारसंहिता पालनाका लागि निगरानी गरेको थियो। कत्तिको प्रभावकारी भयो ?

हामीले सन् २०१६ पछिका विभिन्न देशका निर्वाचनहरूको प्रतिवेदन हेर्‍यौं। विज्ञहरूबाट हामीले अध्ययन गर्‍यौं। त्यसले अबका निर्वाचन सामाजिक सञ्जालबाट प्रभावित हुन्छ भन्ने निर्दिष्ट गर्‍यो। अब सहरका भित्ता होइन फेसबुकका भित्ता निर्वाचनले रङ्गीनेछन् भन्ने त्यो अध्ययनले देखायो। निर्वाचन हुनुपूर्व हामीले मौन अवधि भनेर निर्वाचन प्रचारलाई निषेध गरेका हुन्छौं। तर, मतदानका लागि लाइनमा लागेको व्यक्तिको मोबाइलमा टिङ्ग घण्टी बज्छ । 'लाइनमा बसिरहनुभएको होला भोट त मलाई फलानो चिन्हमा नै हालिदिनुहोला' भन्ने अनुरोध आउँछ। हिजो हामीले जुलुस, आमसभालगायतलाई निर्वाचनको प्रचार भन्यौं। त्यसलाई त हामीले निरूत्साहित गर्‍यौं। आज त समयले हामीलाई घँचेटिसकेको छ। अबको निर्वाचनमा त कृत्तिम बौद्धिकता(*आर्टिफिसियल इन्टेलीजेन्स*) ले झनै प्रभावित पार्न सक्छ। आगामी दिनमा *आर्टिफिसियल इन्टेलीजेन्स* का मुद्दालाई पनि सम्बोधन गर्नुपर्छ। हामीले २०७९ को निर्वाचनमा मेटासँग सम्झौता गर्‍यौं। पहिलोपटक हामीले मेटाको सहयोगमा हाम्रा राजनीतिक दल तथा उम्मेदवारले फेसबुकका माध्यमबाट कति खर्च गरेर प्रचार गर्दा रहेछन् हामीले फेहरिस्त तयार पार्‍यौं। निर्वाचनका नाममा फेसबुकका माध्यमबाट ठूलो रकम बाहिरिँदो रहेछ। त्यसलाई पनि निर्वाचन खर्चभित्र आबद्ध गर्ने प्रक्रिया अघि बढाएका छौं। सामाजिक सञ्जालको कुरा गर्दा हामीले बिर्सन नहुने तीन कुरा *मिस इन्फर्मेशन, डिस इन्फर्मेशन र हेट स्पिच* हुन्। यी तीन कुराले मतदानलाई दुष्प्रभावित गर्ने काम हुन्छ। यस्ता विषय निर्वाचनका बेलामा मात्रै होइन अरू बेलामा पनि उत्तिकै महत्त्वका साथ हेर्नुपर्छ। आउँदो निर्वाचनमा उपयुक्त रणनीतिका साथ झन् प्रभावकारी ढङ्गले सामाजिक सञ्जालबाट हुने कुप्रचारविरुद्ध काम गर्नुपर्छ। यसपटक हामीले गरेको अभ्यासले हामीलाई उत्साहित बनाएको छ।

निर्वाचनको मुखमा विभिन्न कानुनमा भएका विषयलाई जोरजाम गरेर आचारसंहिता जारी गर्ने गरिन्छ। लागु नहुने आचारसंहिता किन जारी गर्नु पर्‍यो ?

निर्वाचनको सन्दर्भमा जारी गरिने आचारसंहितामा तीन ओटा विषय मुख्य हुन्छन्। एउटा, निर्वाचनसम्बन्धी कानुनमा भएका कुरालाई थप व्याख्या गरेर पुष्टि गर्ने विषय हुन्छ। त्यसलाई घटाउन सकिन्छ तर ऐनले नै आचारसंहिता जारी गर्नुपर्छ भनेकाले यो गर्छौं। दोस्रो, निर्वाचन कसुर तथा सजाय ऐनमा लेखिएका विषयलाई व्याख्या गर्नै पर्ने विषय पनि हुन्छन्। ऐनले मार्ग देखाउँछ। आचारसंहिताले व्याख्या गर्छ। र, तेस्रो विषय भनेको ऐन र कानुनमा नभएका तत्कालीन परिवेशलाई हेरेर सम्बोधन गर्नुपर्ने विषय हुन्छन्।

हो। आचारसंहिताको पालनामा तीन ओटा कुरा देखिए। एउटा, आचारसंहिताको उल्लङ्घन हुँदा पनि आयोगले प्रभावकारी ढङ्गबाट नियमन र कारबाही गर्न सकेन। दोस्रो, आफू आचारसंहिता उल्लङ्घन गर्ने र अर्कोले गरेको विषयमा उजुरी गर्ने प्रवृत्ति देखियो। तेस्रो, आचारसंहिता उल्लङ्घन गर्ने विषय त व्यक्तिसम्म पुग्ने हो। घर, परिवार, टोल, समुदायमा हुने विषय हो। आयोग वा अन्य निकायको आँखा छलेर आचारसंहिता

उल्लङ्घन गरेको विषयलाई बहादुरी ठान्ने गलत प्रवृत्ति हावी भयो। यस्ता विषय समेटेर तपाईंहरूले प्रतिवेदन पनि दिनुभएको छ। यो हामीले पनि मनन् गरेको विषय हो।

आचारसंहिता भनेको बढी मात्रामा नैतिक बन्धन नै हो। मान्छेले आफूलाई कसरी प्रस्तुत गर्छ ? निर्वाचनलाई कस्तो दृष्टिकोण राख्छ ? भन्ने सन्दर्भसँग आचारसंहिताको पालना जोडिन्छ। कारबाहीको प्रसङ्गमा हामीले पहिलोपटक आचारसंहिता उल्लङ्घन गर्नेलाई जरिबाना गऱ्यौं। यसअघि कहिल्यै जरिबाना गरिएको थिएन। 'म एकदम अब्बल हुँ। मलाई जरिबाना गर्न मिल्दैन' भनेर थुप्रै मुद्दा पनि परेका छन्। हामी अदालत धाइरहेकै छौं। हामी जबाफ पनि दिउँला। भोलि त्यसको छिनोफानो होला। म आचारसंहिता पालना गर्ने गराउने विषयमा अब्बल भएको दाबी त गर्दिनँ। तर, हाम्रो पहल र प्रयास सकारात्मक थियो। सकारात्मक छ। र, सकारात्मक रहनेछ।

आयोग साढे चार वर्ष सुत्छ ६ महिना उठ्छ। त्यही भएर निर्वाचन शिक्षामा आयोग कमजोर छ। भोट कसरी हाल्ने भन्ने विषयलाई हामीले निर्वाचन शिक्षा कतिञ्जेल मान्नु पर्ने हो ?

एकदमै जायज प्रश्न गर्नुभयो। इन्सेकले २०४८ सालदेखि यता गर्दै आएका निर्वाचन पर्यवेक्षण र पर्यवेक्षण प्रतिवेदनमा उठाएको यो महत्त्वपूर्ण विषय हो। विभिन्न मन्त्रालयमा हुँदा मैले इन्सेकसँग सहकार्यमा काम गर्ने अवसर पनि पाएको छु। सहकार्यको अनुभवले पनि इन्सेकले दिएका सुझाव व्यवहारिक छन् भन्न सक्छु। यहाँहरूकै प्रतिवेदन हेरेर मैले एउटा वाक्यांश लिएको छु। निर्वाचन आयोग निर्वाचनको बेलामा अस्तव्यस्त अरू बेलामा अति सुस्त हुने रोगबाट मुक्त हुन सकेन। म आफैं यो कुरामा सहमत छु। यसको कारण मुलभूत रूपमा

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियालाई बुझाउँदै इन्सेकका अध्यक्ष डा. इन्दिरा श्रेष्ठ लगायत पर्यवेक्षकहरू

निर्वाचनलाई हेर्ने सरकारको दृष्टिकोण हो।

भोट हाल्ने दिन चाहिँ एक दिन हो। तर, निर्वाचनको लागि तयारी गर्ने भनेको पाँच वर्ष हो। पाँच वर्षको तयारीलाई एक दिनमा व्यक्त गर्ने हो। कक्षा एकमा पढ्नेले पनि एक वर्ष कुरेरै परीक्षा दिने हो। कक्षा १० मा पढ्नेले पनि एक वर्ष तयारी गरेर परीक्षा दिने हो। त्यस्तै पाँच वर्ष तयारी गरेर एक दिन मतदान गर्ने हो। हामीले निर्वाचनको दिनलाई सारै हाइफाइ गऱ्यौं। स्रोत साधन नभएको सँगै उपर्युक्त रणनीति नभएकाले पनि हामी अलमलमा रुमलिएका छौं। आयोगले हालै निर्वाचन शिक्षासम्बन्धी नीति तथा कार्यविधि बनाएका छौं। यसको फोकस अबको निर्वाचन शिक्षा वर्षैभर चल्छ। र, त्यो स्थानीय तहबाट चल्छ। स्थानीय तहको साझेदारी, समन्वय र सहकार्यबाट निर्वाचन शिक्षा चलाउँछौं। निर्वाचन शिक्षा स्थानीय तहको जिम्मेवारी पनि हो। निर्वाचनको विषय भनेको भोट कसरी हाल्नुपर्छ भन्ने मात्रै होइन। हाम्रो मतदान घटेको घट्यै छ। २०७९ को निर्वाचनमा ६१ प्रतिशत मात्रै मतदान भयो। मत बदर घटेकै छैन। यो निकै चिन्ताको विषय हो। यसलाई निमिट्यान्न पार्न आयोग एक्लैको प्रयासले सम्भव हुँदैन। सरोकारवाला सबै र आम नेपाली साथमा हुनु जरुरी छ।

६१ प्रतिशत मात्रै मत खस्यो भन्नु हुन्छ। विदेश गएकालाई मताधिकार छैन। कूल मतदाताको ३०-३५ प्रतिशत त विदेशमै होलान्। यो दृष्टिकोणबाट हेर्नुपर्दैन ?

मेरो व्यक्तिगत व्याख्या र विश्लेषणमा त यहाँले भनेजस्तै गर्ने गरेको छु। यो पल्ट पनि समग्र मतदान ९२-९५ प्रतिशत भएकै हो। तर, प्रमुख निर्वाचन आयुक्तको हैसियतले बोल्दा 'को कहाँ छ' ? भन्नु भन्दा पनि कति जनाको नाम मतदाता नामावलीमा समावेश छ र कति जनाले मत खसाले भन्ने दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ। विदेशमा बस्ने नेपाली मतदातालाई कसरी मतदानमा सहभागी गराउने भन्ने विषयमा गम्भीर हुन जरुरी छ। यसमा आयोगले काम गरिरहेकै छ। अर्को महत्त्वपूर्ण विषय भनेको कामको सिलसिलामा देशभित्र रहेका तर, आफ्नो मतदाता नामावली भएको ठाउँमा नभएका मतदातालाई कसरी मतदानमा सहभागी गराउने भन्ने रहेको छ। यी दुई विषयलाई सम्बोधन गर्न सक्दा मतदान प्रतिशत बढ्छ। यसका निम्ति आयोगले अग्रीम मतदान भन्ने प्रावधान राखेर अब आउँदो निर्वाचनमा समानुपातिकमा मात्रै भए पनि जिल्ला निर्वाचन कार्यालयमा एक साता अगाडिदेखि मतपेटिका राख्ने तयारी गर्छ। यो हाम्रो प्रस्ताव छ। प्रस्तावसँगै हामीले तयारी पनि थालेका छौं। निर्वाचनमा सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको राजनीतिक दल हुन्छ। राजनीतिक दलको सुशासन र दलको आन्तरिक लोकतन्त्र बलियो भएन भनेपनि मतदान बढ्दैन।

प्राची पत्रिकामार्फत, विशेष गरेर मानव अधिकार, नागरिक स्वतन्त्रता, यो मुलुकको स्वाभिमान, सार्वभौम सत्ता, अखण्डता र नागरिक अधिकारका विषयहरूमा जुन आवाज उठाइरहनु भएको छ। र, त्यसमा सबै विषयवस्तुलाई मार्गदर्शन गर्ने आधार भनेको निर्वाचन पनि हो। निर्वाचनको स्वच्छता, निष्पक्षतासँगै मुलुकको सुशासन र समृद्धिको सम्बन्ध छ भन्ने ध्येयका साथ गर्नुभएको प्रयत्नप्रति म आभार व्यक्त गर्दछु।

इन्सेकका केही प्रकाशनहरू

जि.प्र.का. द. नं. २१/०४९/

www.inseconline.org

नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal